२८८

# भक्तपुर मासिक

Bhaktapur Monthly
कार्तिक २०७७

ISSN 2705-4454

## "हाम्रो [illegible] सम्पत्ति, हाम्रो कला र संस्कृति"

## नेपालको गौरवमय राष्ट्रिय लिपि रञ्जना लिपि

- कोभिड महामारीले देखायो पूँजीवाद र समाजवादको भिन्नता
- कोभिड १९ का बिरामीको परीक्षण र उपचार निःशुल्क गर्नुपर्ने
- 'भनपा जनताको स्वास्थ्यप्रति अत्यन्त संवेदनशील छ'
- नेमकिपाको कोभिड १९ र रेशम मार्गबारेको विचार
- भक्तपुर दरबार क्षेत्र र त्यहाँका केही सांस्कृतिक सम्पदाहरू
- नेपाल संवत् : राष्ट्रिय संवत् कि नेवार संवत् ?
- भक्तपुर तलेजुमा दीक्षा प्रथा
- भक्तपुर नपाका गतिविधिहरू



सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायतबाट भक्तपुर औद्योगिक क्षेत्रमा सञ्चालित नेपो इण्डष्ट्रिजको अनुगमन (कार्तिक १४ गते)



भक्तपुर नपामा बसेको दशैंमा तलेजुभित्र बलि नदिने र विधिपूर्वक सामान्य पूजामा सीमित गरी मनाउन आयोजित सरोकारवालाहरूको बैठक (असोज २० गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०    फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०    भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{#&⋆cÆ !@⋆g];⋕!$)⋆lj=;⋕@)&&sflt{§⋆A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com



सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू



मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## ‘भाग्यमा ती मानिसले भरोसा गर्छन् जसमा पौरुष हुँदैन ।’– प्रेमचन्द

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | कोभिड महामारीले देखायो पूँजीवाद र समाजवादको भिन्नता | नारायणमान बिजुक्छेँ | ३ |
| २) | कोभिड १९ का बिरामीको परीक्षण र उपचार नि:शुल्क गर्नुपर्ने | प्रेम सुवाल | ६ |
| ३) | ‘भनपा जनताको स्वास्थ्य प्रति अत्यन्त संवेदनशील छ’ | सुनिल प्रजापति | ८ |
| ४) | नेमकिपाको कोभिड १९ र रेशम मार्गबारेको विचार | सुरेन्द्र गोसाई | १२ |
| ५) | भक्तपुर दरबार क्षेत्र र त्यहाँका केही सांस्कृतिक सम्पदाहरू | डा. बलराम कायस्थ | १५ |
| ६) | नेपाल संवत् : राष्ट्रिय संवत् कि नेवार संवत् ? | आशिषकाजी श्रेष्ठ | १९ |
| ७) | भक्तपुर तलेजुमा दीक्षा प्रथा | ओम धौभडेल | २१ |
| ८) | नेपालको गौरवमय राष्ट्रिय लिपि : रञ्जना लिपि | दिवाकर श्रेष्ठ | २४ |
| ९) | बत्तीमुनि अँध्यारो | सुषमा सापकोटा रिसाल | ३४ |
| १०) | ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरू–१ | डा. हरिराम सुवाल | ३७ |
| ११) | ‘कोरोनालाई हेलचक्र्याइँ नगर्नु होला’ | कुमार चवाल | ४० |
| १२) | वर्तमान सन्दर्भ–सेवामुखी प्रशासनको महत्त्व | धरणीधर खतिवडा | ४२ |
| १३) | नाटक र भालु नाचबारे सङ्क्षिप्त चर्चा–१ | बिगोल | ४४ |
| १४) | महान वैज्ञानिक ग्यालिलियो ग्यालिली | राजेन्द्रबहादुर कायष्ठ | ४८ |
| १५) | Enough is Enough | दामोदर सुवाल | ५७ |
| १६) | नगदे बाली | सबिन ख्याजू | ५८ |
| १७) | भक्तपुर नगरपालिकाको स्पष्टोक्ति | – | ६० |
| १८) | ‘झूट र मनगढन्त कुराले भाइरस मर्दैन’ | हुआ चुनयिङ | ६१ |
| १९) | ‘ख्वपको पहिचान’ सन्दर्भ सामग्री सरसरती नियाल्दा | कृतिका प्रजापति | ६२ |
| २०) | भक्तपुर नपाको आइसोलेशन केन्द्रमा बिताएका दिनहरू | सृजना बासुकला | ६५ |
| २१) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णहरू | – | ६७ |
| २३) | चालीसौं नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न | – | ७४ |
| २४) | उद्योग राज्यमन्त्री दुगडद्वारा भक्तपुर औद्योगिक क्षेत्र निरीक्षण:उद्योग हटाउन नाराबाजी– | | ७८ |
| २५) | भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योग स्थानान्तरणबारे | – | ७९ |
| २६) | दशैंमा नगर प्रमुख सुनिल प्रजापतिको सन्देश | – | ८३ |
| २७) | कोरियाली मजदुर पार्टीको स्थापना दिवसमा नेमकिपाको शुभकामना | – | ८७ |
| २८) | काठमाडौं उपत्यकाको यातायात र ट्राफिक व्यवस्थापनबारे छलफल | – | ८१ |
| २९) | कोरियाली मजदुर पार्टीको स्थापना दिवसमा नेमकिपाको शुभकामना | – | ८६ |
| ३०) | ‘एक क्षेत्र – एक मार्ग’ बारे नेपाल – चीन राजनीतिक दलबीच प्रथम सम्मेलन | – | ८७ |
| ३१) | पुनः निषेधाज्ञा गर्न नेपाल सरकारसमक्ष आग्रह | – | ८९ |
| ३२) | दशैंमा तलेजुभित्र बलि नदिने र विधिपूर्वक सामान्य पूजामा सीमित गर्ने निर्णय | – | ९० |
| ३३) | कोभिड–१९ बारे अन्तर्राष्ट्रिय सम्मेलन | – | ९५ |
| ३४) | सरकारको ज्यानमारा नीति (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा** : बसिबियाँलो–१८/रङ्गीन पृष्ठ–५३/ /दशैंको शुभकामना आदानप्रदान–८२/अत्यावश्यकबाहेकका सेवा अनिश्चितकाल स्थगित–८२/पीसीआर परीक्षण नि:शुल्क गर्न सर्वोच्चको परमादेश–८४/‘कोरोना महामारी केन्द्र’ को स्थिति–८४/कोभिड १९ को ‘सहर केन्द्रित असर र रोकथाम’ विषयक अन्तरसंवाद –८५/ सूर्यविनायक वीरदल गणका प्रमुख सेनानीको स्वागत र बिदाइ–८८/१० वडामा बाजा टोलीहरूको भेला –८८/वडा सदस्य शिल्पकारको राजीनामा स्वीकृत–८९/कोरोना नियन्त्रण गर्न विभिन्न संस्थाबाट आर्थिक सहयोग–९१/दशैंलाई मध्य नजर गरी बजार अनुगमन–९३/भारतमा दैनिक सरदर २८ जना किसानद्वारा आत्महत्या–९६/ङातापोल्हँ निर्माण कथा (८)–९७/नेपालमा कोरोना सङ्क्रमण–१०२/विश्वमा कोभिड–१९ को स्थिति–१०३/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१२)–१०५/SKETCHES FROM NIPAL (54) -Henry Ambrose Oldfield-106।

# कोभिड महामारीले देखायो पूँजीवाद र समाजवादको भिन्नता

– नारायणमान बिजुक्छेँ
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी



*(नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँबाट चालीसौँ नेपालभाषा साहित्य तःमुंज्याको पहिलो दिन (कार्तिक १२ गते) व्यक्त मन्तव्यको सार–सङ्क्षेप)*

सबै साथीहरूलाई सुस्वास्थ्यको कामना ! टोलटोलमा कोभिड सङ्क्रमितहरूको सहयोगमा दिनरात लागिपर्ने साथीहरूलाई जनताको अझ सेवा गर्न सक्नुहोला भन्ने शुभकामना व्यक्त गर्छु ।

गत वर्ष हामीले तःमुंज्याको दबुमा डा.अशोकानन्द मिश्रलाई सम्मान गरेका थियौँ । हिजो उहाँसँग फोनमा कुराकानी भयो । कुराकानीमा उहाँले भन्नुभयो,'म नमरून्जेल जनताको सेवा गर्नेछु । मर्नुअघि पनि बिरामी हेरेर मर्छु ।' एकथरी यस्ता चिकित्सकहरू हुनुहुन्छ भने अर्काथरी चिकित्सकहरू सेवाबाट भागिरहेका छन् । महामारीबाट जोगिन आफू कोठामा मात्र बस्ने गरेका छन् । पैसा कमाउने मौका यही हो भन्ने विचार गर्ने चिकित्सकहरू पनि छन् । त्यस्ता खराब विचार भएका चिकित्सकहरू आफ्नै मानिस भए पनि, पार्टीलाई चन्दा दिने भए पनि उनीहरूको विरोध गर्नुपर्छ । आफ्नै गोजीभित्र शत्रु बसेको हुनसक्छ । हामी सचेत रहनुपर्छ ।

कोभिड सङ्क्रमणले आजको भयावह रूप लिनसक्ने विषयमा हामीले सरकारलाई सुरुमै भनेका थियौँ । कोभिड सङ्क्रमण बढेसँगै भारतमा काम गरिरहेका नेपालीहरूलाई नेपाल फर्काउनेमा हामी पक्का थियौँ । आफ्नो देशका नागरिकलाई देश नभित्र्याउन पनि भन्न सकिन्न । सीमामा आएका नेपालीहरूलाई सीमामा नै परीक्षण गर्ने व्यवस्था गर्न सरकारलाई भनेका थियौँ । परीक्षणमा सङ्क्रमित फेला परे उपचार गर्ने बन्दोबस्त गर्नुपर्थ्यो । चुनावमा पैसा खर्चेर चुनाव जित्नेमात्र होइन, जनताको सेवा पनि गर्नुपर्छ । त्यसको निम्ति सरकारमा गएको दलले आफ्नै कार्यकर्ता पनि परिचालन गर्नुपर्ने हामीले भनेका थियौँ । तर, सरकारले 'गरिब मर्दैमा केही हुँदैन । ज्यामीको अभाव हुँदैन । मेसिनले काम गर्छ' भन्ने सोच पालेको देखियो । अमेरिकामा पनि यस्तै भयो । अमेरिकामा औषधि उपचार निकै महँगो हुने गरेको छ । अमेरिका बसेका नेपालीहरू पनि औषधि उपचार गर्न नेपालमा आउने गरेका छन् । अमेरिकाका अफ्रिकी–अमेरिकी काला वर्णका जनता उपचार नपाएर आज मरिरहेका छन् ।

कोभिडको महामारीको क्रममा संसारका कम्युनिस्ट सरकार भएका देशमा राम्रो बन्दोबस्त भयो । तर, कट्टर पूँजीवादी शासकहरूले शासन गरेका देशका जनताले दुःख पाए । आज संसारका जनताले कम्युनिस्ट को हुन् र अरू को हुन् भन्ने कुरा बुझ्दै छन् ।

भारतको अवस्थामा पनि त्यस्तै छ । भाजपा सरकारको जनविरोधी कामले जनतामा आक्रोश बढेको छ । महामारी फैलिएपछि सरकारले सबभन्दा पहिले रेल सेवा बन्द गऱ्यो । यसले अवस्था झन् भयावह बन्यो । धेरै जनताले दुःख पाए । काम नपाएर पनि जनताले दुःख पाए । भारतका कति समाचार त बाहिर आएकै छैन । सहरी क्षेत्रको समाचारमात्र आएको छ । भारतमा भगवानले कोरोनाबाट जोगाउने प्रचार सरकारले नै गऱ्यो । प्रम आफै कोरोनाबाट जोगाउने भन्दै भगवानको आरती गरे । भारतको खास तथ्याङ्क त बाहिर आएकै छैन ।

नेपालमा यस्तै अवस्था आउन सक्ने भनी हामीले दिएको सुझाव मानेन । सरकारले भारतकै सल्लाह मानेको

देखियो। त्यसकारण यहाँको अवस्था पनि अप्ठ्यारो बन्दै छ। नेपाल मजदुर किसान पार्टीका साथीहरूले कोभिड महामारीबाट जनतालाई जोगाउन दिनरात काम गरिरहनुभएको छ। मन्दिर बन्द गर्ने, चाडबाडलाई औपचारिकतामा सीमित गर्ने, सचेतना प्रचार प्रसार गर्ने आदि गतिविधि नभएको भए महामारी अझै बढ्ने थियो।

नेपाल-भारत सीमा बन्द गर्नुपर्छ भनी हामीले धेरै अघिदेखि भन्दै आएका हौँ। खुला सीमाको कारण अपराध बढेको छ, नेपालका महिला र केटाकेटी भारतमा बेचिँदै छन्। भारतमा नरबलि दिने चलन भएकोले नेपालबाट केटाकेटी किनेर लगेर बलि दिने गरिएको छ। यो कुरा थाहा पाएर हामीले त्यसबारे सरकारलाई सचेत पार्‍यौँ। तर, नेपाल सरकारले केही गरेन।

भारतीय गुप्तचर विभागका प्रमुखले नेपालका प्रमलाई भेटेको चर्चा हामीले सुन्यौँ। भारतको गुप्तचर विभागका प्रमुखले नेपालका गुप्तचर प्रमुखलाई भेट्ने हो, नेपालको प्रधानमन्त्रीलाई भेट्ने होइन। केही दिनपछि भारतका सेनापति नेपाल आउँदै छन्। नेपाल आउने भारतका तिनै प्रधानसेनापतिले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र भारतकै भएको भनेका थिए। अझ उनले नेपालीलाई अरू देशले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भएको भन्न लगाएको समेत भने। उनले चीनले नेपाललाई यसो भन्न लगाएको भन्ने आशयमा यस्तो अभिव्यक्ति दिएका थिए। आफ्नो देशको भूभाग आफ्नो भन्न नेपाली जनतालाई अरू कुनै देशले भन्नुपर्दैन। भारत भन्ने देश नहुँदै त्यो क्षेत्र नेपालको हो।

भारतका सेना प्रमुखको भनाइको खण्डन गर्नु जरूरी छ। त्यसविरूद्ध लेख्नु र बोल्नुपर्छ। जतिसुकै ठूलो देश भए पनि गलत काम गरे नेपोलियनको अवस्था झेल्नुपर्ने अवस्था आउन सक्छ। नेपोलियन ठूला सेनाप्रमुख थिए। तर, उनले आफ्नो जीवन सेन्ट हेलानामा बिताउनुपर्‍यो। हातहतियारले मात्र युद्ध जित्ने भए हिटलरसँग हातहतियारको कमी थिएन। अमेरिका आफ्नो हतियार व्यापार गर्न युद्ध उछाल्न खोजिरहेको छ।

धेरै नेपालीहरू भारतमा सुरक्षाकर्मी, गार्ड, भरियाको काम गर्ने भएकाले भारतले नेपाललाई हेप्ने गर्छन्। उनीहरूले नेपाललाई नोकर-चाकरको देशको रूपमा हेर्छन्। नेपालमै नेपाली जनतालाई रोजगारी दिए यस्तो अवस्था आउने थिएन। भारतमा काम गर्ने नेपाली मजदुरहरूलाई दिनुपर्ने ज्यालामा पनि भारतीयहरूले शोषण गर्ने गर्छन्।

पहिले अफ्रिकाबाट पनि यसरी मानिस अमेरिका र युरोपमा लगेर काममा लगाउने चलन थियो। तिनै अफ्रिकीहरूको सङ्ख्या आज अमेरिकामा धेरै भए। पुस्तौँपुस्ताको शोषणको कारण उनीहरू अहिले सचेत भए। सबै लडाइँमा आफूलाई उपयोग गरेको, उद्योग-कलकारखानामा पनि प्रयोग गरिएको भन्ने कुरा उनीहरूले बुझे। त्यसैले आज अफ्रिकी-अमेरिकी जनता आफूमाथिको विभेद र अत्याचारविरूद्ध लडिरहेका छन्।

अमेरिकी सरकारले त ती अफ्रिकी-अमेरिकीहरू अन्यत्र भागून् भन्ने चाहिरहेका छन्। उनीहरूलाई अमेरिकाबाट भगाउने व्यवहार भइरहेको छ। अफ्रिकी-अमेरिकीहरूलाई पशुजस्तै व्यवहार भइरहेको छ। तर, ती अफ्रिकी-अमेरिकी जनता कहाँ जान्छन् ? अमेरिका उनीहरूको पनि देश हो।

अमेरिकी राष्ट्रपति ट्रम्पले अफ्रिकी-अमेरिकी जनताको विरोध प्रदर्शन बढेपछि भने, 'सरकारको विरोध गर्ने कि वामपन्थी कि आतङ्कवादी हुन्।' उसको यस्तो कुरा सुनेर अमेरिकी जनता सबै उठ्दा राष्ट्रपति बङ्करमा लुक्न बाध्य भए। जनताको प्रदर्शनमा गोली चलायो। राष्ट्रपतिले मनपरी बोल्दा आफूलाई अप्ठ्यारो परेको भन्दै सुरक्षा निकायका व्यक्तिहरू राष्ट्रपतिसँग रिसाए। ट्रम्प सरकारले पनि आफ्ना विरोधीलाई जोगाउन कोरोना रोकथाम नियन्त्रण गर्न पैसा खर्च गर्न तयार भएन। बरू त्यो भाइरस चीनबाट आएको भनी झूट बोलिरह्यो।

ट्रम्पले आफ्नै विज्ञ सल्लाहकारहरूलाई पनि आफ्नो कुरा नमानेपछि पदबाट निकालिदिएका छन्। तर, अमेरिकी बुद्धिजीवीहरूले राष्ट्रपतिको विरोध गरेका छन्। उसका कतिपय सल्लाहकारहरूले त राष्ट्रपतिलाई मानसिक रोगको उपचार गर्नुपर्ने बताएका छन्। आफूले भनेको मान्नेलाई स्वीकार्ने नत्र निकालिदिने गरेको छ। ट्रम्प झूट बोल्छन्। चीनसँग मिलेर सस्तो माल बनाउने प्रस्ताव भएकोमा ट्रम्प उल्टो चीनले शोषण गरेको झूट बोल्छन्। जान्ने-बुझ्ने सबै ट्रम्पविरोधी छन्। ट्रम्प सरकारले जनतालाई धर्मको नाममा पनि झुक्याउने काम गरिरहेको छ।

अमेरिकामा चुनाव हुँदै छ। अमेरिकी चुनावमा निकै कम प्रतिशत जनताले मात्र मतदान गर्ने गर्छन्। अमेरिकी चुनावमा गरिब जनतालाई मत नै हाल्न दिइँदैन। अमेरिकामा जस्तै अत्याचार कहीँ हुँदैन। त्यहाँ बसेर आएका विभिन्न साथीहरूका अनुभवबाट हामी यो कुरा अनुभव गर्छौं।

हामीले जनताबीच त्यहाँको वास्तविक अवस्थाबारे प्रचारलाई जारी राख्नुपर्छ । यस्तो प्रचार गर्नुको अर्थ समाजवाद र पूँजीवादको भेदबारे जनतालाई सचेत बनाउनु हो । अहिले पूँजीवादी देशका जनताले बल्ड्याङ खाएपछि स्वाद चाख्दै छन् ।

आफ्नै भाषा, जाति, धर्म र विचारबाहेक अरूलाई नमान्नु अतिराष्ट्रवाद हो । हिटलर र मुसोलिनीले पनि त्यही भनेका थिए । उनीहरूले संसारमा लडाइँ गरे । तर, कम्युनिस्ट र सबै जनता मिलेर उनीहरूलाई पराजित गरे । हिटलरको शासनमा जनतालाई ग्यास च्याम्बरमा राखेर मारिन्थ्यो । हिटलर पराजित भएपछि त्यसका दोषीहरू सबै अमेरिका भागे । उनीहरूलाई ज्यान सजाय दिइनुपर्थ्यो, तर दिइएन किनभने अमेरिकी शासकहरू त्यसपछि आफ्नो शत्रु कम्युनिस्टहरूलाई समाप्त गर्न उनीहरूलाई उपयोग गर्न चाहन्थ्यो । त्यसकारण उनीहरूलाई जोगाइयो । ब्राजिलका अहिलेका राष्ट्रपति बोल्सोनारोका बुबा पनि त्यस्तै व्यक्ति थिए । ट्रम्पले त्यस्तै व्यक्तिका सल्लाह मानिरहेका छन् ।

चीनबाट कोरोना भाइरस आएको भनी खूब प्रचार गरेर अमेरिकाले झूटलाई सत्य बनाउने कोसिस गरे । उहानमा कोरोना भाइरस देखिनेबित्तिकै चीनको राष्ट्रपतिले ट्रम्पसँग सहयोग मागे । कोरिया युद्धमा अमेरिकीहरूले जीवाणु प्रयोग गरेको हुनाले उनीहरूले नै कोरोना भाइरस बनाएको हुनसक्ने आशङ्काले चीनका राष्ट्रपतिले सहयोगको लागि आग्रह गरेको हुनुपर्छ । तर, ट्रम्पले कान थुने । महामारी फैलिएपछि चीनले आफ्ना जनताको सुरक्षा पनि गऱ्यो । रोगबारे थप अध्ययन पनि गऱ्यो । मुखमा मास्क लगाउँदा, बारम्बार हात धुन्दा, भीडभाडमा नजाँदा यो रोग नसर्ने कुरा पत्ता लगाए । सारा कार्यकर्ता र सेना परिचालन गरी रोग नियन्त्रणमा लागे । त्यस्तो काम अरू देशमा गर्न सम्भव थिएन । भारत र नेपालमा पनि चीनमा जस्तो काम हुनसकेन । अरू देशका जनता अनुशासित र गम्भीर पनि भएनन् । इटाली, फ्रान्सजस्ता देशमा फेरि सङ्क्रमणको लहर आएको छ । त्यहाँका जनतालाई हात धुनेदेखिका नियम सिकाउनुपर्ने अवस्था छ ।

भारतमा तल्लो जात, मुसलमान र गरिबलाई मान्छे नै गन्ने गर्दैन । अमेरिका, ब्राजिल र भारतका शासकहरूले जनताको पक्षमा काम गरिरहेका छैनन् । जनताको विरोधमा प्रतिक्रियावादीहरू सब मिलेर काम गरिरहेका छन् । उनीहरूको विरोधमा जनताले पनि मिलेर काम गर्न आवश्यक छ ।

पूँजीवादी देशहरू चीन र भारत मिले संसारका अरू कुनै शक्तिले नभ्याउने कुरा बुझेका छन् । त्यसकारण उनीहरू भारत र चीनबीच विभाजनको खेल खेलिरहेका छन् । बेलायती उपनिवेशवादीहरूले दुई सय वर्षअघि नै चीन र भारतबीच सीमा कोरिदियो । त्यत्तिबेला चीनमा अलमल थियो । पछि त्यही बेलायतले कोरेको सीमाको आधारमा लडाइँ भयो । भारतीयहरूलाई केही पनि थाहा नभएको भूमिमा लडाइँ हुँदा उनीहरू पराजित भए ।

साम्राज्यवादीहरू संसारका अरू देशमा मानिस आफ्नो तखतमा बस्नुपर्ने, नबसे विभाजित गर्ने जालझेल गर्छन् । संसारमा लडाइँ नभएपछि उनीहरूको हतियार बिक्री हुँदैन । उनीहरू आफू लड्नुपर्ने होइन, अरूलाई हतियार बेचेर पैसा कमाउन आपसमा जुधाउने काम गर्छन् ।

अमेरिकाले भारतलाई हातमा लिएर धेरै जनता र देशलाई तहसनहस बनाउन खोज्दै छ । जनतालाई यसबारे सचेत बनाउने काम गर्नुपर्छ । कुनै पनि ठाउँको नाम फेर्नुहुन्न । ठाउँको नाम भनेको इतिहास र परिचय हो ।

शत्रु को र मित्र को भन्ने चिन्नुपर्छ । भारतीय जनता पनि भारत सरकारबाट पीडित छन् । ट्रम्प, मोदी र बोल्सोनारो मिलेर जनतालाई दुःख दिने काम भइरहेको छ । भारतीय नागरिकलाई नेपालमा काम गर्न नेपाली युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने गरेको छ ।

मजदुर-किसानकै पक्षमा हामीले साहित्य लेख्नुपर्छ । हामीले जनताकै सेवा गर्न साहित्य लेख्ने हो ।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
**बुधबार** : **बिहान ७:३० देखि ८:३०**
**शुक्रबार** : **साँझ ६:३० देखि ७:०० सम्म**
**सोमबार** : **बिहान ७:०० देखि ७:३० सम्म**

# कोभिड १९ का बिरामीको परीक्षण र उपचार निःशुल्क गर्नुपर्ने

प्रेम सुवाल
नेमकिपा सचिव एवं सांसद



*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले चालीसौँ नेपालभाषा साहित्य तः मुंज्याको अनलाइन कार्यक्रममा कार्तिक १३ गते राख्नुभएको मन्तव्यको सार)*

कोभिड–१९ सङ्क्रमणको बेला भीडभाड गर्न नहुने भएकोले ४० औँ नेपालभाषा साहित्य तःमुंज्या अनलाइनमार्फत भइरहेको हो । कार्यक्रममा सहभागी हुने अवसरको निम्ति आयोजक समितिलाई धन्यवाद दिन चाहन्छु । यो अनलाइन कार्यक्रमको पहिलो दिन नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अहिलेको राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिबारे सविस्तार राख्नुभयो । कार्यक्रममा चिकित्सक, सीमा अध्येता, पूर्वन्यायाधीश, पत्रकार, साहित्यकारलगायत अतिथिहरूले देश र जनताको समसामयिक विषयमा महत्त्वपूर्ण भनाइ राख्नुभयो ।

कोभिड भाइरस पहिलोपटक गत वर्षको सेप्टेम्बरमा अमेरिकाको हवाई टापूमा देखापरेको हो । त्यसपछि यो भाइरस अमेरिकाको मुख्य मुख्य सहरमा फैलियो । अमेरिकाको ट्रम्प सरकारले यो भाइरस सङ्क्रमणलाई सामान्य रूघाखोकी भनी बेवास्ता गऱ्यो । गत वर्षको अक्टोबरमा चीनको उहानमा भएको सैनिक खेलकुदमा भाग लिन गएका अमेरिकीहरूले यो भाइरस चीनमा फैलाएको हो । चीनले यो भाइरसलाई अध्ययन गरी रोकथामको उपायसहित सार्वजनिक गऱ्यो । अमेरिकाले यो भाइरस सङ्क्रमणलाई लुकायो र चिनियाँ भाइरस र उहान भाइरस भनी चीनविरूद्ध आरोप लगायो । परिणामतः अमेरिकामा यो भाइरसबाट ९१ लाख २१ हजार ८०० भन्दा बढी सङ्क्रमित भए । भारतमा ८० लाख ४० हजार २०३, ब्राजिलमा ५४ लाख ६९ हजार ७५५ र नेपालमा १ लाख ६२ हजार ३०४ सङ्क्रमित भएका छन् ।

भारतसँगको खुला सीमाको कारणबाट नेपालमा कोभिड सङ्क्रमण बढेको हो । नेमकिपाले समयमै नेपाल–भारत खुला सीमा बन्द गर्न सरकारको ध्यानाकर्षण गराएको हो । आजसम्मका सरकारहरूले नेपालको भारतसँगको खुला सीमा बन्द गराउन सकेनन् । नेपाल–भारत खुला सीमा बन्द भए दुवै देशको हित हुनेछ । सीमा विवाद, अपराधी एक अर्को देशमा लुक्ने, सीमा तस्करी, चेलीबेटी बेचबिखन आदि समस्या समाधान हुनेछ ।

भारत रोजगारीमा गएका नेपालीहरू स्वदेश फर्कनु स्वाभाविक हो । यसले नेपालमा कोभिड सङ्क्रमण बढ्यो तर सरकारले राम्रो व्यवस्थापन गर्न सकेन । नेपाल मजदुर किसान पार्टीले नेपालीलाई स्वदेशमा रोजगारी दिनुपर्ने आवाज पनि उठाएको हो । सरकारले हाम्रो सुझावलाई बेवास्ता गरेको र आफ्नै मानिसलाई म्यानपावर कम्पनी खोल्न लगाएको हुँदा अहिले ७० लाखभन्दा बढी नेपाली युवाहरू विभिन्न देशका बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न बाध्य छन् । अहिले पनि नेपालीहरू रोजगारीको लागि पुनः भारत पस्दै छन् ।

जनताको स्वास्थ्य प्रथम हुनुपर्नेमा सरकारले अर्बपति र खर्बपतिको दबाबमा अर्थतन्त्र चलाउने भनी आवागमन खुकुलो पार्दा कोभिड सङ्क्रमण पनि बढ्यो । यहीबेला सरकारले सम्पन्न व्यक्ति कोभिड सङ्क्रमित भए निःशुल्क परीक्षण नगर्ने बतायो । नेपालमा ९५ प्रतिशत मानिस विपन्न छन् । के यो सरकार ५ प्रतिशतको हितको निम्ति हो र ? शुल्क तिर्नु परेकोले कतिपय सङ्क्रमितले परीक्षण नगराएकोले पनि सङ्क्रमण परिवार र समुदायमा फैलिएको हो । निजी क्षेत्रले परीक्षण शुल्क रू. २०००।– मा गर्न नसक्ने भनी सरकारलाई चुनौती दियो ।

नेमकिपाले भारतबाट अतिक्रमण गरिएको नेपालको भूमि फिर्ता लिनु पर्ने आवाज उठाउँदै आएको हो । भारत अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानी र सुस्तालगायत भूमि फिर्ताका लागि नेमकिपाले प्रमको सरकारी निवास बालुवाटार, संसद् र राज्य व्यवस्था तथा सुशासन समितिमा आवाज उठाएको हो । भारतले नेपाली भूमि लिम्पियाधुरा अतिक्रमण गरी नयाँ नक्सा बनाएको हुँदा हामीले विरोध गऱ्यौँ । हामीले नेपाल सरकारलाई लिम्पियाधुरासम्मको नेपालको नक्सा सार्वजनिक गर्न आग्रह गऱ्यौँ । नक्सा सार्वजनिक भयो तर ६ महिनासम्म पनि नयाँ नक्साअनुसार नेपालको क्षेत्रफल सार्वजनिक गरिएको छैन । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले राज्य व्यवस्था तथा सुशासन समितिमा नेपालको क्षेत्रफल ३९५ वर्गकिलोमिटर थपिने बताए । हामी यो कार्यक्रमबाट पनि

नेपालको लिम्पियाधुरासम्मको क्षेत्रफल सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराउँदछौँ ।

सुगौली सन्धिअनुसार नेपालको पश्चिममा कालीपारिमात्र भारतको भूभाग हो । यसअनुसार महाकाली नदी पूरै नेपालको हो । नेका, एमाले, राप्रपा, सद्भावना पार्टीले २०५३ सालमा भारतसँग महाकाली सन्धि गर्दा महाकाली नदी सीमा नदी कायम गरे । यो उनीहरूको देशघात हो । नेमकिपाले महाकाली सन्धिको विपक्षमा मत दिएको थियो ।

नेपाल–भारत खुला सीमामा भारतले ५०० ठाउँमा सीमा सुरक्षाकर्मी राखेको छ भने नेपालले ११२ ठाउँमा मात्र सीमा सुरक्षाकर्मी राखेको छ । नेपालको नदीलाई भारतसँगको स्थिर सीमा कायम गरिए पनि वर्षामा नदीले नेपालतर्फ भूमि कटान गरेको हुँदा नेपाली भूमि भारतबाट अतिक्रमित भइरहेको हो ।

नेपाल र भारत दुई देश मिलेर १८२ थान सीमा नक्सा बनाएको भनियो तर नेपालीको लालपुर्जा भएको भूमि भारतमा पर्ने गरी तयार गरिएको सो सीमा नक्सा खारेज गर्नु आवश्यक छ । नेपाल–भारत सीमा साविक १८८० कि.मि.मा लिम्पियाधुरासम्मको ४९ कि. मि. थपिने पनि परराष्ट्रमन्त्री ज्ञवालीको दाबी हो ।


बाक्लो जनघनत्व भएको ठाउँमा बढी कोभिड सङ्क्रमण हुने विश्व स्वास्थ्य सङ्गठनको अध्ययन हो । यसकारण काठमाडौँमा नेपालकै बढी जनसङ्ख्या भएको हुँदा कुल सङ्क्रमितमध्ये ६० प्रतिशत यही छन् । देशको सन्तुलित विकास गरिएको भए कोभिडको स्थिति यस्तो भयावह हुने थिएन ।

चाडपर्व औपचारिकतामा सीमित गर्ने सरकारी घोषणा हो । तर, मन्त्री, उच्च अधिकारीहरू नै चाडपर्वको हप्तौँअघि नै घर फिर्ता भए । अब, फेरि उनीहरू फर्किँदा कोभिड सङ्क्रमण बढ्नेछ ।

नेमकिपाका सांसदहरूले गाडी सुविधा, औषधी उपचार, जनआन्दोलन पीडित कोषबाट सहयोग आदि लिनुभएको छैन । यस वर्षको दसैँ भत्ताको चेक पनि लिनुभएको छैन । २०४८ सालदेखि नै पार्टीका सांसदहरूको संसद्बाट प्राप्त हुने रकम पार्टीमार्फत बुझ्ने काम भइरहेको हो । सरकारमा गएका पार्टीका सांसदहरूको रकम व्यक्ति व्यक्तिको खातामा जाने व्यवस्था छ । जिल्ला–जिल्लामा घर जग्गा प्रशस्त भएका सांसद, मन्त्रीहरू काठमाडौँमा पनि घर जग्गा जोड्दै छन् । त्यस्ता धनी सांसदहरूलाई संसद्को भत्ता र सुविधा आवश्यक छैन । तर, काठमाडौँमा घर भए पनि घर बहाल सुविधा लिने सरकारमा गएका पार्टीका सांसदहरूको नाम पनि सार्वजनिक भएकै हो ।

निर्दलीय पञ्चायती व्यवस्थाको विरोधमा सङ्घर्ष गरेका सरकारी दलहरू सरकारमा गएको पनि ३० वर्ष भयो । गएको तीस वर्ष यता सरकारमा गएका दल तथा तिनका नेताहरू अर्बपति, खर्बपति भए । ती सरकारहरू कर्पोरेटहरूको सञ्चालक समिति सावित भएका छन् । तीस वर्ष यताका सबै सरकारहरूले नेपाली जनताको मानव अधिकार पनि हनन गरेका छन् ।

*(श्रमिक साप्ताहिकबाट)*



# 'भनपा जनताको स्वास्थ्य प्रति अत्यन्त संवेदनशील छ'

– सुनिल प्रजापति,
प्रमुख भक्तपुर नगरपालिका



*(नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा चालीसौं नेपालभाषा साहित्य तःमुंज्याको पहिलो दिन (कार्तिक १२ गते) व्यक्त मन्तव्य ।)*

भाषा र साहित्यको माध्यमबाट जनताको सेवा गर्ने उद्देश्यले स्थापना गरेको नेपालभाषा साहित्य तःमुंज्याले चालीस वर्षदेखि निरन्तर जनताबीच कार्यक्रम गर्दै आएको छ । आगामी दिनमा पनि जनताको सेवामा अझ बढी समर्पित भएर लाग्न सकोस् हार्दिक शुभकामना !

सचेत नागरिकहरू जस्तोसुकै प्रतिकूलतालाई पनि अनुकूलतामा ढाल्ने प्रयत्न गर्छन् । तःमुंज्या व्यवस्थापन समितिका साथीहरूले प्रविधिमार्फत तःमुंज्यालाई निरन्तरता दिएर आफूलाई समयअनुसार चल्न सक्षम सावित गर्नुभयो । उहाँहरू सबैलाई धेरै धेरै धन्यवाद छ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण हामी आ–आफ्नो काम अत्यन्त सचेततापूर्वक गरिरहेका छौँ । कार्तिक ११ गतेसम्म भक्तपुर जिल्लामा ५,४७४ जना सङ्क्रमितहरू भएकोमा ३,४१४ जना निको भइसकेको र ६४ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी भक्तपुर नगरपालिका क्षेत्रभित्र कन्ट्याक्ट ट्रेसिङ २,६०२ जनामा गरिएकोमा हालसम्म सङ्क्रमितहरूको सङ्ख्या १,३६४ पुगेको र १८ जनाको मृत्यु भएको रेकर्ड छ । सङ्क्रमितहरूमध्ये ४३० जना आ–आफ्नो घरमै एकान्तबासमा बस्नुभएको छ भने भक्तपुर नपाद्वारा निर्मित ब्रम्हायणी आइसोलेसन केन्द्रमा हालसम्म ७९ जनाले सेवा प्राप्त गरिसकेको र हाल त्यहाँ १८ जना सङ्क्रमित नगरबासीहरू हुनुहुन्छ ।

विश्वभर ४ करोड ४४ लाखभन्दा बढी सङ्क्रमित भएर ११ लाख ७१ हजारभन्दा बढीको ज्यान लिइसकेको यो रोगले नेपालमा १ लाख ६३ हजारभन्दा बढी पीडित र ८८० जना बढीको ज्यान लिइसकेको छ ।

जनस्वास्थ्यप्रति अत्यन्त संवेदनशील भइ भक्तपुर नगरपालिकाले कोरोना सङ्क्रमणका सुरुवाती चरणदेखि अत्यन्तै सतर्कतासाथ कामगर्दै आएको छ । घना बस्ती भएको भक्तपुर नगरमा कोरोना प्रवेश भएमा भयावह रूप लिन सक्ने सम्भावित अवस्था प्रति चिन्तित हुँदै वडा वडामा कीटनाशक (क्लोरिन) औषधी छर्ने, जनचेतना फैलाउन माइकिङ गर्ने, टोलटोलमा साबुन पानीले हात धुने व्यवस्था, छोटो दूरीका यातायात बन्द, नगर बाहिरका नागरिकहरू नगर प्रवेशको अभिलेख राख्नेलगायतका कार्यहरू गर्‍यौं ।

भक्तपुर नगर सांस्कृतिक नगर भएकोले यहाँ समय समयमा हुने चाडपर्व, जात्राहरूमा हुने भीडभाड भएमा रोगको जोखिम बढ्न सक्ने सम्भावनालाई ध्यानमा राखी हामीले भक्तपुरको प्रसिद्ध बिस्का जात्रा, गाईजात्रा, यन्याँपुन्ही, गुँला बाजा, पन्चदानजस्ता जात्रा, पर्वहरूलाई समेत सामान्य औपचारिकतामै सीमित गर्ने निर्णय गर्नुपर्‍यो । दशैं सकिँदैछ । हाम्रो चुनौतीको एउटा विषय दशैं पनि थियो । हामीले तलेजुमा हुने पूजामा बल रोक्ने र पुजारीहरूलाई बाहेक प्रवेश नगराउने तथा टोल–टोलमा शक्ति पीठहरूमा पनि नवरातको बेला मन्दिर प्रवेश निषेध गर्ने तथा बलि रोक्ने निर्णयमा पुग्नु पर्‍यो । यी सबै कार्य हाम्रो रहर नभई जनताको स्वास्थ्यलाई ध्यानमा राखेर गर्नुपरेको बाध्यात्मक कदम थियो । भक्तपुर नगरपालिकाले जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, महानगरीय प्रहरी परिसर, जात्रासँग सरोकार राख्ने सबैसँग छलफल गरी गरेको निर्णयहरूलाई अधिकांश नगरबासीहरूले पालना गर्नुभयो । त्यसको लागि भक्तपुर नगरबासीहरू धन्यवादका पात्र हुनुहुन्छ ।

नेपाल सरकारले विभिन्न देशमा गएर रोजगारी वा शिक्षा हासिल गरिरहेका नागरिकहरूलाई स्वदेश फर्काउने निर्णय गरे पश्चात भक्तपुर नगरपालिकाले अनलाइनमार्फत नगर फर्किन चाहनेहरूको फाराम भर्न लगायो । नाम सङ्कलनपछि ती नागरिकहरूलाई होटल, घर वा नगरपालिकाको क्वारेन्टाइनमा गरी तीन थरीको क्वारेन्टाइनको व्यवस्था गर्‍यौं । होटलमा

बस्न नसक्ने र घरमा बस्न उपयुक्त नभएकाहरूलाई नगरपालिकाको क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलायौँ । विभिन्न १७ ओटा देशबाट भक्तपुर फर्किनु भएका १६५ जना भक्तपुरबासीहरूले क्वारेन्टाइन सेवा लिनु भयो । विमान स्थलमा जहाज अवतरण पछि होल्डिङ सेन्टरमा ल्याउने र त्यसपछि क्वारेन्टाइनमा राख्ने, ती सबै बन्दोबस्तको लागि हामीले ९ जना कर्मचारीको व्यवस्था गरेका थियौँ ।

काठमाडौँ उपत्यकामा कोरोना नियन्त्रणको लागि गृहमन्त्री, सङ्घीय मामिला मन्त्रीले बोलाएका बैठकहरूमा उपत्यका छिर्ने नाकाहरू पूर्ण बन्द गर्न हामी उपत्यकाका नगर प्रमुखहरूले पटक पटक आग्रह गर्‍यौँ । मन्त्रीहरूले त्यसलाई बेवास्ता गर्नुभयो । उद्योगपति, व्यापारीहरूको दबाबमा लकडाउन खोल्यो । परिणाम आज काठमाडौँ उपत्यका कोरोनाको केन्द्र बन्दैछ ।

समुदायस्तरमा कोरोना फैलिएको आभास हुनासाथ भक्तपुरको खरिपाटीमा २०० शय्याको आइसोलेसन केन्द्रको निर्माण भयो । भक्तपुर अस्पताल कोभिड अस्पतालमा रूपान्तरण गरियो । तर सङ्क्रमितहरूको बढ्दो सङ्ख्यालाई ध्यानमा राखी भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. ९ ब्रम्हायणीमा ७५ शय्याको आइसोलेसन केन्द्र निर्माण गर्‍यो ।

आइसोलेसन केन्द्रमा दैनिक ४ पटक खाना खाजाको व्यवस्था, अक्सिजनको व्यवस्था, दैनिक ५ पटक अक्सिजन, रक्तचाप नाप्ने, भिटामिन सी र सिटामोललगायतको व्यवस्था, दैनिक चिकित्सकको परामर्श तथा आर्युवेदिक औषधिको व्यवस्थासमेत गर्दै आएका छौँ । ब्रम्हायणी र घर-घरमा आइसोलेसनमा बस्नुभएका सबैको लागि अनलाइन मार्फत् चिकित्सक, मनोचिकित्सक, आर्युवेदिक चिकित्सक, नर्स, जनप्रतिनिधिहरूमार्फत नियमित परामर्श सेवाप्रदान गर्दै आएका छौँ ।

घरघरमा बस्नुभएका सङ्क्रमितहरूका लागि नियमित फोहोर सङ्कलनको व्यवस्था, आवश्यक स्वास्थ्यसम्बन्धी परामर्श सेवा तथा अन्य आवश्यक व्यवस्थाको लागि छुट्टै ५ जना कर्मचारीहरूको जिम्मेवारी दिई सोको व्यवस्थापन गर्दै आएका छौँ । ब्रम्हायणी आइसोलेसनमा चिकित्सक, नर्स र कर्मचारी गरी १३ जनाको टीमले काम गर्दै आएको छ ।

नगरपालिकाले वडा वडामा राखेका व्यायामशालाहरू कोभिडको कारण बन्द गर्नुपर्ने अवस्था आएपछि अनलाइनमार्फत शारीरिक व्यायामसम्बन्धी तालिम सुरु गर्‍यौँ । हरेक दिन बिहान ६:३० बजेदेखि अनलाइन शारीरिक व्यायाम भादगाउँ टेलिभिजनमार्फत प्रसारण भइरहेको छ । विभिन्न सङ्घ-संस्था र व्यक्तिगत रूपमा पनि धेरैले आर्थिक, भौतिक सहयोग गर्नुभएको छ । यो आर्थिक वर्ष २०७७/७८ को असोज र कार्तिक महिनामा मात्र ३३ लाख ६० हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त भएको छ । ती सबै सहयोगी संस्था र महानुभावहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । आगामी दिनहरूमा पनि यस्ता सहयोग गर्नु हुने आशा पनि व्यक्त गर्दछौँ ।

कोरोना सङ्क्रमित सङ्ख्या बढ्दै गएपछि भक्तपुरमै पीसीआर परीक्षण मेसिनको आवश्यकता महसुस भयो । हामीले पटक पटक प्रदेश सरकारसँग लिखित र मौखिक आग्रह गर्‍यौँ । भक्तपुर अस्पतालमा केही दिन अघि मेसिन आइपुग्यो तर त्यसको सम्पूर्ण पार्टपूर्जा नआएको कारण अहिले सञ्चालनमा आउन सकेको छैन । त्यसबारे प्रदेश सामाजिक विकास मन्त्रीलाई जानकारी दियौँ । उहाँले छिट्टै सञ्चालनमा आउने आश्वासन दिनुभएको छ ।

नेपाल सरकारले कार्तिक २ गतेदेखि लागू हुने गरी लक्षण देखिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, गरिबहरूबाहेक अरु सबैले आ-आफ्नै पैसाले कोरोना परीक्षण र उपचार गराउनुपर्ने निर्णय गरेपछि केही अन्यौल भयो । सरकारी र निजी सबै अस्पताल र प्रयोगशालाहरूले जथाभावी मूल्य तोकेर उपचार खर्च निर्धारण गरेको सूचना टाँस गर्‍यो । भक्तपुर नगरपालिकाले निरन्तर परीक्षण गराउँदै आएको टेकु प्रयोगशालाले समेत प्रतिव्यक्ति रु. २०००।- का दरले पैसा बुझाउन भन्यो । प्रदेशमन्त्रीले प्रदेश अन्तर्गतको प्रयोगशालामा निःशुल्क गर्ने भन्नु भएकोले धुलिखेल स्थित प्रदेश प्रयोगशालामा पनि सम्पर्क गर्‍यौँ । त्यहाँको जवाफ थियो – 'मन्त्रीले बोलेर मात्र हुन्छ । आवश्यक केमिकल पठाउनु पर्‍यो नि !' यसबारे पनि मन्त्रीजीसँग कुरा राख्यौँ । प्रदेश सरकारले पत्र पठाइसकेको र अब निःशुल्क हुने जानकारी पायौँ । भक्तपुरका जनताको स्वास्थ्यलाई प्राथमिकता दिएर हामीले कामलाई निरन्तरता दिँदै आएका छौँ ।

निजी र सरकारी अस्पतालहरूले पनि बिरामी जाँच्न बन्द गरेका जस्ता समाचार आएपछि हामी झन् बढी सचेत भएर जनस्वास्थ्य केन्द्रहरूलाई समय मिलाएर भीडभाड नहुने गरी दैनिक २/३ सय बिरामीलाई सेवा प्रदान गर्दै आएका छौँ । असोज महिनामा ८,५३५ जनाको र कार्तिक ११ गतेसम्म २,०९३ जना बिरामीलाई जनस्वास्थ्य केन्द्रमार्फत सेवा प्रदान गर्‍यौँ ।

नेपाल सरकारले कोभिड परीक्षण र उपचारको खर्च नागरिक आफैले व्यहोर्नुपर्ने निर्णय नेपालको संविधान, स्वास्थ्यसम्बन्धी कानुन र सर्वोच्च अदालतको आदेशसमेतको विपरीत छ । नेपालको संविधानको धारा १६ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रदान गरेको छ । धारा ३५ (१) ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य

सेवा निःशुल्क प्रदानगर्ने हक प्रदान गरेको छ । त्यस संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न संसदले स्वास्थ्य सम्बन्धी ऐन २०७५ पारित गऱ्यो । त्यस ऐनले सरुवा रोग सम्बन्धी स्वास्थ्य सेवा निःशुल्क हुने हक प्रदान गरेको छ । यी सबै संविधान र कानुनको व्याख्या गर्दै सर्वोच्च अदालतले कोरोना भाइरस सम्बन्धी परीक्षण र सम्पूर्ण उपचार निःशुल्क गर्न सरकारको नाउँमा परमादेश जारी गरेको छ । तर सरकारले बेवास्ता गर्दै आएको छ । अदालतको आदेश विपरीत काम गर्नु अदालतको अवहेलना हो ।

हालै प्रधानमन्त्री के.पी. ओलीले प्रदेशहरू सङ्घका एकाइ मात्रै भएको बताउनुभएको समाचार सार्वजनिक भयो । कहिले स्थानीय तहहरू सङ्घको एकाइ मात्रै भन्नुहुन्छ । यो सबै संविधानको भावनाविपरीत र आपत्तिजनक कुरा हुन् । संविधानले सङ्घ, प्रदेश र स्थानीयलाई छुट्टा छुट्टै अधिकार प्रदान गरेको छ । सङ्घलाई ३५ ओटा प्रदेशलाई २१ ओटा र स्थानीयलाई २२ ओटा अधिकार अनुसूचीमै उल्लेख गरेको छ । सङ्घ, प्रदेश र स्थानीयको साझा १५ ओटा अधिकार दिइएको छ । ती अधिकारभित्र रहेर सबै तहहरू कानुन बनाउन स्वतन्त्र छन् । कोही कसैको मातहतमा बस्नुपर्ने छैन ।

नेपालको संविधानले नेपाललाई सङ्घीय गणतन्त्र घोषणा गरे पनि संङ्घ र प्रदेशमा बसेर शासन गर्नेहरूले अझै एकात्मक भावना छाड्न सकेको छैन । सङ्घीयता कार्यान्वयनमा आएपछि अधिकांश बजेट प्रदेश र स्थानीयमा जानुपर्ने हो तर ७० प्रतिशत सङ्घमा र ३० प्रतिशत मात्रै प्रदेश र स्थानीयमा पठाउने गरेको छ । स्थानीय तहमा अधिकांश सःशर्त बजेट पठाउँछ । स्थानीयको आवश्यकता सिंहदरबारलाई थाहा हुँदैन । प्रधानमन्त्रीको अभिव्यक्ति र बजेट विनियोजनले सरकार संविधानको भावनाअनुसार चल्न नसकेको स्पष्ट भएको छ ।

अन्त्यमा, भक्तपुर नगरपालिका नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू पार्टीको नीति र निर्देशनमा जनतालाई केन्द्रबिन्दुमा राखेर काम गरिरहनु भएको छ । हामी प्रचारको लागि होइन जनताको सेवाको भावनाले काम गर्छौं । निर्वाचन घोषणापत्रलाई अक्षरसः पालना गर्ने हिसाबले काम गर्दैछौं । जनप्रतिनिधिहरू ४६ जनामध्ये ८ जना र ९ जना कर्मचारीहरू सङ्क्रमित हुनुभएको छ । उहाँहरू कोही घरमा, कोही नपाद्वारा निर्मित आइसोलेसनमा हुनुहुन्छ भने कति साथीहरू भक्तपुर अस्पताल र सशस्त्र प्रहरीको हलचोकस्थित अस्पतालमा उपचार गराइरहनु भएको छ । यस्तो अवस्थामा पनि कुनै दिन नपाले दिनुपर्ने सेवा बन्द नगरी निरन्तर जनतालाई सेवा प्रदान गर्दै आइरहेका छौं ।

**<u>अन्तरसंवाद</u>**

# 'कोरोनाको उपचार सङ्क्रमितको आफ्नै खर्चले गर्नु भन्नु समाजवादउन्मुख राज्यको अवधारणा विपरीत छ'

*– प्रमुख सुनिल प्रजापति*

देशव्यापी कोरोना महामारी फैलिरहेको बेला मानव अधिकार एलाइन्सले शहर केन्द्रित कोभिड १९ र त्यसको रोकथाम बिषयमा यो अन्तर सम्वादको आयोजना गरेकोमा आयोजक समितिलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद दिन्छु ।

व्यक्तित्व विकासमा समान अवसर, आर्थिक समानता, सामाजिक न्यायसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार नै मानव अधिकार हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ । तर हिजो स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले कार्तिक २ गतेदेखि कोभिडको क्षेत्रमा काम गर्ने चिकित्सक र सुरक्षाकर्मीहरूबाहेक अरु सबैको उपचार खर्च सरकारले नव्यहोर्ने मन्त्रालयको निर्णय जानकारी गराउनुभयो । यो संविधानप्रदत नागरिकको बाँच्न पाउने अधिकारको हनन् हो । यो समाजवादउन्मुख राज्यको अवधारणाविपरीत काम हो । कोरोनाबाट जोगाउन सम्पूर्ण शक्ति एकताबद्ध भएर लाग्नुपर्ने बेला सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्नु गैरजिम्मेवारीपन हो । मन्त्रालयको त्यस निर्णयलाई 'गरिबमारा निर्णय' भन्दै यसको चौतर्फी विरोध भइरहेको छ ।

लक्षण देखिएका गरिब बिरामीहरूले लाखौं खर्च तिरेर उपचार गराउन सक्दैनन् । तिनीहरू बिनाउपचार मर्नुपर्ने अवस्था आएको छ । सरकारको यो निर्णयले निजी अस्पतालका सञ्चालकहरू पोस्ने काम हुनेछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य उपचार निःशुल्क प्राप्त हुने हकको सुनिश्चितता गरेको छ तर निजी अस्पतालका सञ्चालकहरूले पीसीआर परीक्षणको नाउँमा गैर कानुनी तवरले हजारौं रूपैयाँ असुलिरहेका छन् । नेपाल सरकारले तोकेको रकमभन्दा बढी रकम लिएर परीक्षण गर्ने अस्पतालहरूको दर्ता खारेज गर्ने सरकारले निर्देशन दिए पनि निजी अस्पताल सञ्चालकहरूले त्यसको अवज्ञा गर्दैछन् । पछिल्लो समयमा सर्वोच्च अदालतले समेत कोरोना महामारी घोषणा भइसकेको अवस्थामा पीसीआर परीक्षण निःशुल्क गर्नुपर्ने आदेश दियो । त्यसको पनि निजी अस्पताल सञ्चालकहरूले हाकाहाकी उल्लङ्घन गरिरहेका छन् ।

सरकारको निर्देशन उल्लङ्घन गर्ने कुनैपनि अस्पतालहरूलाई सरकारले कारबाही गर्न सकेको छैन ।

सङ्घ र प्रदेशबाट स्थानीय तहको अधिकारमाथि हस्तक्षेप भइरहेको छ । स्वायत्तताको सिद्धान्तअनुसार नगरभित्रका सबै अस्पतालहरू, सडकहरू, खानेपानी, औद्योगक क्षेत्र र बिजुलीलगायत नगरपालिकाअन्तर्गत हुनुपर्छ । तर देशका जिम्मेवार पदाधिकारीहरू नै स्थानीय तहको अधिकारबारे गैरजिम्मेवार भएर प्रस्तुत हुने गरेको पाइएको छ ।

कोभिडको महामारीका बेला सबैभन्दा महत्त्वपूर्ण र अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मीहरू हुन् । सबैतिरबाट स्वास्थ्यकर्मीहरूको मनोबल बढ्ने काम गर्नु अहिलेको आवश्यकता हो तर नेपाल सरकारले घोषणा गरेको प्रोत्साहन भत्तासमेत अहिलेसम्म पनि स्वास्थ्यकर्मीहरूले नपाएका समाचारहरू आइरहेका छन् ।

त्यसैगरी भक्तपुर क्यान्सर अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीहरूले तलब खान नपाएको तीन महिना भयो । अस्पताल व्यवस्थापनमा बसेका नेपाल अर्बुद रोग निवारण संस्थाका पदाधिकारीहरूबाटै आर्थिक अनियमितता भएको गुनासोसहित त्यहाँका स्वास्थ्यकर्मी र कर्मचारीहरूबाट लिखित निवेदन भक्तपुर नगरपालिकामा पेश गरेपछि नगरपालिकाको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन भयो । अहिले विवाद अदालतमा विचाराधीन छ भने अस्पतालले संरक्षक नपाएको अवस्था छ । कुनै पनि क्षेत्रमा हुने अनियमितताका सार्वजनिक हुने बित्तिकै मानव अधिकारकर्मीहरू दमकलसरह पुग्ने जनताको अपेक्षा हो । त्यसो नभएकोमा जनताबीच चर्चा भइरहेको छ । समयमा तलब नखुवाउने सञ्चालकहरूलाई जिल्ला प्रशासन कार्यालयले कारबाही गर्नु पर्ने हो । तर अहिलेसम्म कुनै कारबाही भएन ।

आज बजारमा अखाद्य वस्तुहरू बिक्री भइरहेकोछ । व्यापारीहरूले नाफाको निम्ति नागरिकको जीवनमाथि खेलबाड गर्दैछन् । यो मानव अधिकार उल्लङ्घन हो । त्यस्ता व्यापारीहरूलाई सरकारले तत्काल कारबाही गर्नुपर्छ ।

कार्तिक २ गतेसम्म नेपालमा १ लाख ३२ हजारभन्दा बढी नागरिकहरूमा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । भक्तपुरमा मात्रै ४३०२ जनामा सङ्क्रमण र ४७ जनाको ज्यान गइसकेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासले मात्रै कोरोना सङ्क्रमणबाट समाजलाई बचाउन सकिन्छ । भक्तपुर नगरपालिकाले एकीकृत आइसोलेसन केन्द्रको साथै नगरपालिकाको छुट्टै ७५ शय्याको आइसोलेसन केन्द्र सञ्चालन गरी नगरबासीहरूको सेवा गर्दै आएको छ । घर घरमा आइसोलेसनमा बस्नेहरूको लागि आवश्यक स्वास्थ्य, सरसफाइ र अन्य बन्दोबस्तको लागि निश्चित कर्मचारीहरूको व्यवस्था गरी कुनै पनि बेला सेवा पाउन सक्ने व्यवस्था मिलाउँदै आएका छौँ ।

आइसोलेसनमा बस्नेहरूको लागि चिकित्सक, आर्युवेदिक चिकित्सक, मनोचिकित्सकमार्फत नियमित स्वास्थ्यसम्बन्धी र अन्य विषयहरूमा अनलाइनमार्फत परामर्श सेवा प्रदान गर्दै आएका छौँ । घरमा र आइसोलेसन केन्द्रहरूमा बस्नु भएका सङ्क्रमितहरू र सम्पूर्ण नगरबासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर अनलाइनमार्फत शारीरिक व्यायामको तालिम शुरु गर्दैछौँ ।

नगरपालिकाले टोल–टोलमा साबुन पानीले हात धुनको लागि ट्यांकी राख्नुका साथै नियमित रूपमा कीटनाषक औषधि छर्किने कार्य गर्दै आएको छ र जनचेतनाको लागि माइकिङ र विभिन्न सञ्चारमाध्यमहरूमार्फत सूचना प्रवाह गर्दै आएको छ ।

यो दशैंको समय हो । धेरैजना मानिसहरू चाडपर्वमा बाहिर आउन सक्ने अवस्थालाई ध्यानमा राखी सम्बन्धित सरोकारवालाहरूको बैठक राखी दशैंलाई सामान्य औपचारिकतामा मात्रै सीमित गर्ने निर्णय गरिसकेका छौँ । त्यसको लागि जिल्ला प्रशासन, गुठी संस्थान र चाडपर्वसँग सम्बन्धित सबै सरोकारवालाहरूसँग समन्वय गरी अगाडि बढ्दैछौँ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमण नेपालमा पनि भयावह रूप लिँदैछ । दैनिक हजारौँको सङ्ख्यामा वृद्धि हुनु हामी सबैको लागि चुनौती हो । प्रत्येक दिन देखिएका सङ्क्रमितमध्ये आधाभन्दा बढी उपत्यकामा सङ्क्रमितहरू देखिन थालेका छन् । यस्तो सङ्कटको बेला सरकारको परीक्षण हुन्छ । सङ्घ, प्रदेश र स्थानीय तहले के कस्तो काम गर्दैछन् ? त्यो जनताले मूल्याङ्कन गर्नेछन् ।

कोरोना नेपालमा छिर्न नदिन सरकारले खुला सीमा नाकामा कडाइ गर्नुपर्थ्यो । त्यो हुन सकेन । अहिले घना बस्ती भएको काठमाण्डौ उपत्यकामा कोरोना व्यापक रूपमा फैलिन थालेको छ । काठमाडौं उपत्यकामा सङ्क्रमण रोक्नको निमित्त सुरुका दिनहरूमा उपत्यका छिर्ने नाकाहरूमा कडाइ गर्न उपत्यकाका हामी नगर प्रमुखहरूले पटक पटक गृहमन्त्री, सङ्घीय मामिला मन्त्रीज्यूहरूलाई आग्रह गरेका थियौँ । तर उहाँहरूले त्यसलाई बेवास्ता गर्नुभयो । उद्योगी व्यवसायीहरूको दबाबमा उद्योगहरू खोल्ने निर्णय गर्नुभयो । त्यसको परिणाम अहिले काठमाण्डौ उपत्यका कोरोनाको केन्द्रको रूपमा विकास हुँदैछ । शुरुमै नगर प्रमुखहरूले दिएको सुझावलाई कार्यान्वयन गरेको भए आजको स्थिति आउने थिएन । सरकारले जनस्वास्थ्य प्रथम नीतिलाई कार्यान्वयन गर्न सकेन, अर्थतन्त्र चलाउने नाममा केही अर्बपतिलाई खर्बपति बनाउने काम गरेकोमा जनताको विरोध छ ।

*(मानव अधिकार एलायन्सको आयोजनामा कोभिड १९ को 'सहर केन्द्रित असर र रोकथाम' विषयक जुम मार्फत कार्तिक ३ गते सम्पन्न अन्तरसंवाद कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# नेमकिपाको कोभिड १९ र रेशम मार्गबारेको विचार

## 'जनतालाई प्राथमिकता' एवम् 'निःस्वार्थरूपले जनताको सेवा गर्ने भावना' को विजय



सुरेन्द्रराज गोसाई

नेपाल मजदुर किसान पार्टी र अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को तर्फबाट कोभिड-१९ को महामारीको रोकथाम र नियन्त्रणको सन्दर्भमा आयोजित 'कोभिड १९ महामारीविरुद्धको लडाइँको क्रममा समाजवादको विकासः सिद्धान्त, संस्थाहरूको निर्माण र अभ्यासबारे' को अनलाइन सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु । नेमकिपाको केन्द्रीय सदस्य र बाग्मती प्रदेशसभा सदस्यको नाताले यो महत्त्वपूर्ण अनलाइन सम्मेलनको सह-संयोजनका निम्ति चिनियाँ कम्युनिस्ट पार्टीप्रति आभार व्यक्त गर्दछु ।

कोभिड-१९ को महामारीको रोकथाम र नियन्त्रणमा चीन, क्युवा, भियतनाम, प्रजग कोरिया र भारतको केराला प्रान्तका नेतृत्वहरूले गर्नुभएको साहस, योग्यता र बुद्धिमत्ताको प्रदर्शनले निश्चय पनि नाफामा चल्ने पूँजीवादभन्दा 'जनतामा केन्द्रित', 'जनतालाई प्राथमिकता' एवम् 'निःस्वार्थरूपले जनताको सेवा गर्ने भावना' को विजय भएको स्पष्ट छ ।

सत्य के हो भने, नवनाजीवादी ट्रम्प, बोल्सोनारो र मोदीको कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रणमा देखिएको बेवास्ता (गैरजिम्मेवारी) र उल्टै जनताको दुःखको बेला नाफाको व्यापारको दृष्टिकोण र व्यवहारले पूँजीवादलाई २१ औँ शताब्दीमा झन् उदाङ्ग्याएको छ ।

चीनविरुद्ध संरा अमेरिकाले हिजो पनि शीतयुद्ध सुरु गरेको थियो भने त्यो आज पनि जारी छ । सन् १९८१ मा प्रकाशित र डीन कुन्जद्वारा लिखित 'अन्धकारका आँखाहरू' मार्फत् शीतयुद्ध सुरु गरियो । तिब्बतको उपद्रव र थेनआनमन चोकको समाजवादविरोधी प्रतिगामी उपद्रवपछि संरा अमेरिकी साम्राज्यवादले सोभियत सङ्घको ठाउँमा चीनलाई आफ्नो शत्रुमा राख्यो । 'गोर्की-४००' भाइरस भनिएको त्यस पुस्तकको नयाँ संस्करणमा सोभियत सङ्घको ठाउँमा चीन र गोर्कीको ठाउँमा 'उहान-४००' को रूपमा प्रकाशित गरियो । यसबाट थाहा हुन्छ, 'उहान भाइरस' को नाउँबाट चीनमाथि रसायनिक र जीवाणु हतियारको आरोप लगाउने योजना अमेरिकी केन्द्रीय गुप्तचर विभागको धेरै वर्ष पहिलेकै षड्यन्त्र थियो ।

सन् २०१९ को अक्टोबरमा चीनको उहानमा विश्व सैनिक खेल भएको थियो । संरा अमेरिकी सेनाको पनि त्यसमा सहभागिता थियो । डिसेम्बरको अन्त्यतिर कोभिड-१९ वा नोबेल कोरोना भाइरसको सङ्क्रमण फैलियो । सन् २०१९ को अगस्टमा फोक्सोको निमोनिया वा अज्ञात रोग संरा अमेरिकामा फैलिएको थियो । त्यो रोग फैलिनु अगाडि सुरक्षा अभाव देखाएर अमेरिकी सेनाको प्रमुख जीवशास्त्रीय प्रयोगशाला पूर्णतः बन्द गर्ने आदेश दिइएको थियो । प्रयोगशाला बन्द गरिएको केही समयपश्चात् कथित 'ई-चुरोट' को सङ्क्रमण फैलिएको थियो ।

अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) का निर्देशक रोबर्ट रेडफिल्डले संसद्को एउटा बैठकमा कोरोना भाइरस पहिले अमेरिकामै देखिएको र त्यसलाई फ्लु भनिएको बताए । साथै, अमेरिकी सैनिक प्रयोगशाला 'पूर्णतः बन्द' गराउन आदेश दिनुको कारण चुहावट हुनु नै हो । यसले थाहा हुन्छ कि अमेरिकी राष्ट्रपति ट्रम्पले 'चीनको भाइरस', 'उहान भाइरस' भन्नुको कारण चीनविरोधी अपराधबाट पीडित हुनु नै हो । चीनलाई अनेक धम्की दिँदै र निहुँ खोज्दै आफूले सुरु गरेको व्यापार युद्धमा ट्रम्प प्रशासन असफल भयो । त्यसपछि चीनलाई कोभिड-१९ फैलाएको आरोप लगाउँदै गर्दा आफ्नो पापको घैँटो फुटेपछि आफ्ना वैज्ञानिक, विशेषज्ञ र बुद्धिजीवीहरूले चीनमाथिको आरोपमा असहमति जनाउँदा पनि जिद्दी भएर राष्ट्रपति ट्रम्प आफ्नो इज्जत आफैले फाल्दै छ ।

आजको यो चुनौतीपूर्ण घडीमा चीन र चिनियाँ कम्युनिस्ट पार्टीले निर्वाह गरिरहेको सहयोगात्मक भूमिका प्रशंसनीय छ । महामारीसँग लड्दाको अनुभव चीनले विश्व समुदायसमक्ष इमानदारीपूर्वक राखेर ठूलो गुण लगाएको विश्व समुदाय अनुभव

गर्दै छ। विश्वका मानिसहरूको जीवन रक्षा गर्ने हेतुले चीनले समस्यामा परेका देश र मानिसहरूलाई उपलब्ध गराइरहेको स्वास्थ्य सामग्री एवम् उपकरण तथा स्वास्थ्य जनशक्ति सहयोग विश्वका निम्ति आशाको किरण साबित भएको छ। सङ्कटको यो बेला विश्वका जनतालाई सहयोग गर्ने र महामारीविरुद्ध लड्न विश्वलाई एकताबद्ध गर्ने चिनियाँ राष्ट्रपति सि चिङ फिङको विचार तथा चीनको नीतिप्रति हामी हार्दिक समर्थन तथा ऐक्यबद्धता व्यक्त गर्दछौँ। राष्ट्रपति सिले शीतयुद्ध या सैन्ययुद्धको पक्षमा चीन नभएको घोषणा गरेर सिङ्गो विश्व र विश्वशान्ति तथा मानव समुदायको भविष्यका लागि अत्यन्त सुखद् एवम् महत्त्वपूर्ण सन्देश दिनुभएकोमा हामी खुसी छौँ।

नेपालको सन्दर्भमा कोभिड-१९ महामारी फैलिनुअगाडि नै तत्काल नेपाल-भारत सीमामा सम्भावित नेपाल प्रवेशलाई ध्यानमा राखेर परीक्षण, क्वारेन्टिन, अस्पताल र उपचारको बन्दोबस्त गर्न, निर्वाचनमा खटाइएका शासक दलका कार्यकर्ताहरूलाई स्वयम्सेवक बनाई सेवा गराउन सके देशमा कोरोना रोकथाम र नियन्त्रण गर्न सकिने सल्लाह, सुझाव र उपाय नेमकिपाले सुझाएको थियो।

तर, प्रमुख प्रतिपक्ष दल, केही उद्योगपति र व्यापारीहरूको सल्लाहमा विदेशबाट मानिस ओसार्ने र सीमा खुला गर्ने सरकारको नीतिले आज नेपालमा कोरोनाको सङ्क्रमण बढ्दै छ र काठमाडौँ उपत्यकामा र भक्तपुर अन्य जिल्लाको तुलनामा झन् सङ्कटग्रस्त छ।

कोभिड-१९ विरुद्धको सङ्घर्षमा हासिल गरेको अनुभव र अभ्यासबारे यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्छु। भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू रात-दिन जनताको घर-घरमा पुगी कोभिड-१९ महामारीबारे सचेत पार्ने काम गर्दै छन्। आवश्यक स्वास्थ्य सामग्रीलगायत विभिन्न सामग्री उपलब्ध गराउने कार्य भइरहेको छ। यसै सिलसिलामा वडाध्यक्ष र वडासदस्य साथीहरू आफै सङ्क्रमित भई उपचार र एकान्तवासमा बसेका छन्।

महामारी रोकथामका निम्ति प्रचार कार्य, परीक्षण र ७५ शय्याको क्वारेन्टिनको बन्दोबस्त भक्तपुर नगरपालिकाले गर्नु र नियमित सरसफाइ एवम् औषधि छर्ने कामले जनतामा सकारात्मक सन्देश पनि गएको छ।

मन्दिर, भजन, भोजभतेर जात्राले पनि कोभिड-१९ को महामारी फैलिन सहयोग गरेको देखियो। यसकारण भौतिक दूरी कायम गर्ने, मास्क लगाउने, साबुन-पानीले हात धुनेबारे जनतालाई सचेत पार्दै लगेको छ। तर, व्यापारी र उद्योगपतिहरूको दबाबले बन्दाबन्दी (लकडाउन) लाई फिर्ता लिँदा सङ्क्रमण बढेको देखिन्छ।

गरीब र बेरोजगारहरूको बन्दोबस्त गर्न प्रदेश र स्थानीय निकायहरूलाई पहिले नै तयारी अवस्थामा राखेको भए गरीब जनतालाई अरूको भरमा पर्नुभन्दा 'काम गरी खाने' स्वयम् एक प्रतिष्ठाको विषय बन्ने थियो।

नेमकिपाले पुनः यसबारे देशभरि प्रचार गर्दै जाने अवगत गराउन चाहन्छु।

यसै अवसरमा केही समयअगाडि चिनियाँ कम्युनिस्ट पार्टीद्वारा पठाइएको मास्क उपहार भक्तपुर नगरपालिकामार्फत् विभिन्न अस्पताललाई वितरण गरिएको जानकारी गराउन पाउँदा हर्षित छु। अन्तमा पुनः एकपटक यस अनलाइन सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु।

*(चिनियाँ कम्युनिस्ट पार्टीको आयोजनामा कोभिड-१९ बारे असोज १४ गते अन्तर्राष्ट्रिय सम्मेलनमा नेमकिपाको तर्फबाट पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले व्यक्त गर्नुभएको मन्तव्य)*

# 'नयाँ रेशम मार्ग नयाँ युगको सेवाको लागि'

यो महत्त्वपूर्ण अनलाइन सम्मेलनमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष कामरेड नारायणमान बिजुक्छेँ (रोहित) को तर्फबाट चिनियाँ कम्युनिस्ट पार्टीका सम्पूर्ण कामरेड र उपस्थित सबै साथीहरूमा हार्दिक न्यानो अभिवादन व्यक्त गर्दछु। सङ्कटको समयमा आयोजित यो अनलाइन सम्मेलनमा नेमकिपाको तर्फबाट विचार व्यक्त गर्ने अनुमति चाहन्छु।

इतिहासको एक युगमा चिनियाँ जनताले अन्य महादेशका देशहरू र छिमेकी देशहरूसँग सम्पर्क, मित्रता, आवत-जावत र व्यापारको आदान-प्रदान गर्नमा ठूलो कष्टसाध्य कार्य गरेको एउटा नमुना हो- 'रेशम मार्ग'। त्यही रेशम मार्गकै पद-चिह्नमा आज चीन सरकार र जनताले चिनियाँ कम्युनिस्ट




(चित्र सौजन्य: श्रमिक साप्ताहिक)

पार्टीको निर्देशनमा रेल मार्ग र जहाजी (समुद्री) मार्गलाई आधुनिक परिवेशअनुसार अगाडि बढाउन मध्य–एसियाको भूपरिवेष्ठित गणतन्त्रहरू छिचोल्दै दुई–चार वर्ष अगाडि नै इरान र युरोपका देशहरूसमक्ष पुगेर 'पुरानो रेशम मार्ग' ले इतिहासको सेवा गर्‍यो । त्यसरी नै 'नयाँ रेशम मार्ग' ले नयाँ युगको सेवा गर्ने विश्वास छ । नेपाल–चीनजस्ता छिमेकी देशहरूमा मात्रै होइन अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूसम्म चीनको सडक तथा समुद्री मार्गको विस्तारले प्रस्ट पारेको छ ।

बीचमा कुनै राजनीतिक र प्राकृतिक बाधा–व्यवधान आएन भने सारा संसारका जनताको व्यापक दृष्टिकोणले कार्यान्वयन हुँदै गएमा रूसको भ्लादिभोस्तोकदेखि पूर्वी र उत्तरदेखि वेइरिङ स्ट्रीट अर्थात् अलास्का पुग्दै त्यो नयाँ रेशम मार्ग र रक्की पहाडको श्रृङ्खलाहरूबाट क्यालिफोर्निया, मेक्सिको हुँदै पानामाबाट दक्षिण अमेरिका पुग्नेछ ।

विज्ञान र प्रविधिको द्रुततर विकास, आर्थिक एवम् राजनीतिक क्षेत्रमा आपसी विश्वास र समझदारी बढ्दै गएमा 'नयाँ रेशम मार्ग' अरब देशहरू छिचोलेर मिश्र हुँदै एउटा बाटो पूर्वी अफ्रिका पुग्नेछ र अर्को बाटो स्पेन, पोर्तुगाल र जिब्राल्टर हुँदै पश्चिम अफ्रिकाको रेलमार्ग विस्तार हुने सम्भावना तड्कारो छ, खाली समय, आर्थिक र राजनीतिक दृष्टिकोणमा प्रगतिशील र विकासको भावनाले प्रवलता पाउनु आवश्यक छ ।

यसरी चीनको यो 'रेशम मार्ग' ले आधुनिकता प्राप्त गरेसँगै मानव जातिले नयाँ युगमा पदार्पण गर्नेछ जहाँ आर्थिक र व्यापारिक आदान–प्रदानको विकासको साथै कोरोना भाइरस र इबोलाजस्ता पछि आउने अनेक रोग, भोकमरी र बेरोजगारीमा विश्व एक भई कम समयमै मानव जातिमा देखापर्ने अनेक नयाँ नयाँ समस्याहरूलाई समाधान गर्नेछ ।

यो वर्षको अन्त्यतिरसम्ममा कोभिड–१९ को खोप विकास गर्न चीन प्रतिबद्ध भई अगाडि बढिरहेको छ । हामी विश्वस्त छौँ कि खोपले हामीलाई नजिक ल्याउनेछ र खुसी बनाउनेछ । ठूलो मात्रामा खोपको उत्पादनसँगसँगै चीनले पूर्ण जिम्मेवार भई अल्पविकसित देशका सर्वसाधारण जनताको समेत जीवन रक्षाका निम्ति सहयोग पुर्‍याउने तथा भूमिका निर्वाह गर्ने हाम्रो विश्वास छ । महामारी फैलिरहँदा चीनले विश्वलाई सहयोग गर्न कुनै उपाय बाँकी नराखेको दृष्टान्त हामीसामु छ । विश्वका जनता त्यो नयाँ दिनको उदयको पर्खाइमा छन् । विश्वका मानिसहरू सङ्कटपूर्ण घडीमा रुमलिरहँदा असल छिमेकीको नाताले नेपाल र नेपाली जनता 'स्वास्थ्य रेशममार्ग' प्रति गर्व गर्दै सफलताको कामनासमेत गर्दछन् । कोभिड–१९ को खोप केवल खोप नभई मानवता, सौहार्दता, सहयोग तथा एकताको त्यो एउटा प्रतीकको रूपमा प्रस्तुत हुनेछ । कोभिड–१९ को सङ्क्रमणको नियन्त्रण, निदान र त्यसक्रममा अभूतपूर्व जनपरिचालन तथा जनएकता प्रदर्शन गरी समाजवादी देशहरूले आफूलाई संरा अमेरिका, ब्राजिल,



भारतलगायतका पूँजीवादी देशभन्दा बेहत्तर भएको पुष्टि गरेझैँ नयाँ खोपको विकासपश्चात् विश्वका जनतालाई खोप उपलब्ध गराई अर्को इतिहास रच्ने हाम्रो विश्वास छ ।

यी आशा एवम् विश्वासलाई मानव जातिको 'नयाँ रेशम मार्ग' को चिन्तन र व्यवहारले जगाइदियो ।

केही मानिसहरू 'रेशम मार्ग' लाई युद्धको आँखाले हेर्ने गर्छन् । सम्भावित आक्रमण र युद्धलाई हेर्दै शान्तिका निम्ति चिनियाँ जनताले उपग्रहहरूबाट देखिने 'ठूलो पर्खाल' जस्तो एकपछि अर्को पुस्ता लाग्ने युद्धलाई पन्छाउन र शान्तिको एक सन्देश त इतिहासकै एक युगमा दिएकै हुन् ।

दक्षिण एसियाली देशहरूमा प्रचलित रामायण र महाभारतजस्ता काव्यात्मक साहित्यहरूमा पाइने युद्धहरू चिनियाँ जनताले 'अफिम युद्ध', 'ताइपिङ किसान क्रान्ति', 'चीनको सुधार आन्दोलन', 'सच्चाइ र मेलमिलाप आन्दोलन' र १९११ पछिका क्रान्तिहरूले साम्राज्यवादविरोधी सङ्घर्ष र लडाइँका महाकाव्यजस्ता समर गाथाहरू लेखेकै हुन् । अब विश्वका जनताले फेरि पहिलो र दोस्रो विश्वयुद्ध भोग्न नपरोस् र आर्थिक विकास र राजनीतिक मेलमिलाप र शान्तिपूर्ण ढङ्गको वार्तामार्फत विवादहरू समाधान होस् भन्ने शान्तिकामी जनताको भावनालाई 'रेशममार्ग' को नयाँ अध्यायले सहयोग गर्ने आशा र विश्वास छ ।

चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा जनवादी गणतन्त्र चीनका राष्ट्रपति सि चिङफिङको नेपाल भ्रमणको एक वर्षको सु–अवसरमा नेपाल र चीनको सुमधुर सम्बन्ध र 'एक क्षेत्र–एक मार्ग' सहयोगको बलियो जगमै उभेको 'स्वास्थ्य रेशम मार्ग' र 'डिजिटल रेशम मार्ग' र 'सुखद रेशममार्ग' बारे छलफल कार्यक्रममा सहभागी छौँ । नेपाल र चीनका महत्त्वपूर्ण राजनीतिक व्यक्तित्वहरू तथा जिम्मेवार पक्षहरूको सहभागितामा भइरहेको यो कार्यक्रम आफ्नो उद्देश्यमा सफल हुने विश्वास व्यक्त गर्दछौँ । यी कार्यक्रमले बीआरआईलाई अझ बढी सफलीभूत बनाउने हाम्रो विश्वास छ । साथै हाम्रो मित्रतालाई थप प्रगाढ बनाउने तथा सम्बन्धलाई गौरवान्वित तुल्याउनेमा हामी विश्वस्त छौँ ।

*(चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय सम्बन्ध विभागका आयोजनामा कार्तिक ४ गते नेपाली राजनीतिक दलहरूसँगको पहिलो सम्मेलनमा व्यक्त मन्तव्य)*

# भक्तपुर दरबार क्षेत्र र त्यहाँका केही सांस्कृतिक सम्पदाहरू



डा. बलराम कायस्थ

## विषय प्रवेश

भक्तपुर दरबार ईलाका ऐतिहासिक दृष्टिकोणले मात्र होइन धार्मिक, सांस्कृतिक तथा प्राचीन कला एवं हस्तकलाको लागि समेत अनुपम रहेको छ । इतिहासको कुनै कालखण्डमा मल्ल राजाहरू बसोबास गर्ने यो क्षेत्रमा ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण कलाकृतिहरूको विशाल एवं अनौठो भण्डार विद्यमान रहेको पाइन्छ । युनेस्कोको विश्व सम्पदा सूचीमा परेको भक्तपुर दरबार क्षेत्र वास्तवमा खुल्ला आकाशमुनिको सङ्ग्रहालय हो भन्दा फरक पर्दैन । भक्तपुरको प्रमुख आकर्षणको केन्द्रबिन्दुको रूपमा रहेको भक्तपुर दरबारक्षेत्र मल्ल राजाहरूका ईष्टदेवी वा कुलदेवता तलेजुभवानीको पनि मूल निवासस्थान हो । नेवार सांस्कृतिक जीवनमा तलेजुको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । यसैकारण भक्तपुरमा हुने प्रायः सबैजसो चाडपर्व, जात्राउत्सवहरू तलेजुमा पनि विधिविधानपूर्वक विशेषरूपले सम्पन्न गर्ने गरिन्छ ।

दरबारक्षेत्रलाई स्थानीय नेवार भाषामा 'लायकू' भनिन्छ । यो लायकू शब्द संस्कृतको राजकुल भन्ने शब्दको अपभ्रंशित रूप हो । राजकुलको अर्थ हुन्छ– राजाको निवासस्थान, राजदरबारक्षेत्र अर्थात् राज्यको प्रमुख व्यक्ति बस्ने ठाउँ । यताबाट संस्कृतको राजकुल शब्दको नेवारीकरण भएर लायकू बन्न गएको स्पष्ट रूपले थाहा हुन्छ । अर्को महत्त्वपूर्ण कुरा के देखिन्छ भने आक्रमण प्रत्याक्रमण बरोबर भइरहने तत्कालीन परिस्थितिमा सुरक्षालाई विशेष महत्त्व दिनु पर्ने भएकाले यो लायकू (दरबार क्षेत्र) प्रायशः राजधानी नगरको मध्य भागमा रहेको प्रतीत हुन्छ । प्रशासन प्रमुख बस्ने भएकोले लायकू वा दरबारक्षेत्र भक्तपुरमा मात्र नभएर काठमाडौंमा पनि छ, ललितपुरमा पनि छ । साथै थिमी, साँखु, बनेपा, पनौति, कीर्तिपुर जस्ता प्राचीन नेवारबस्तीहरूमा पनि लायकू रहेका छन्, जहाँ स्थानीय सामन्त शासकका रूपमा महापात्र, काजी, द्वारे आदि बस्दथे । तर भक्तपुर लायकू (दरबार क्षेत्र)को जुन गौरवमय इतिहास र सांस्कृतिक परम्परा छ, त्यो अन्यत्र रहेको पाइदैन । किनकि नेपालको इतिहासमा पूर्वमध्यकालमा भक्तपुरले लगभग तीन सय वर्षभन्दा अधिक समयसम्म समग्र नेपाल मण्डलकै राजधानीको रूपमा विकसित हुने अवसर पाएको थियो । भक्तपुरलाई राजनीतिका बाहेक धार्मिक, सांस्कृतिक गतिविधिको समेत केन्द्र बनाउने श्रेय विक्रमको तेह्रौं शताब्दीको शुरुका राजा आनन्ददेवलाई दिइएको पाइन्छ । उनले भक्तपुरलाई केन्द्र बनाई राम्रोसँग शासन चलाएका थिए । उनका पालामा भारतका ठूला विद्वानहरू काशी, प्रयाग छाडेर उनीकहाँ आएको अभिलेखीय वर्णनहरूका आधारमा थाहा पाइन्छ । **यसरी त्यसबेला भक्तपुर मुलुकको प्रमुख प्रशासनिक केन्द्रमात्र नभई ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृतिको समेत प्रमुख केन्द्र बनेको थियो भन्ने देखिन्छ ।**

भक्तपुरमा राजधानी कायम गरेपछि नगरको मध्यभागमा त्रिपुर राजदरबार बनाइएको बुझिन्छ । यो दरबार तीन चोक भएको र सातओटा गजूर हालेको ग्रन्थकूट शैलीमा बनेको थियो । भक्तपुरमा राजधानी नगर बसाल्दा भौतिक शक्तिका साथै तान्त्रिक रूपबाट पनि सुरक्षा प्रदान गर्न नगरलाई यन्त्राकार आकृति प्रदान गरी सो यन्त्रका सम्बद्ध घेरामा तान्त्रिक देवीदेवताहरू स्थापना गर्न लगाइएको थियो । यसरी त्यतिखेर भक्तपुर मुलुककै प्रमुख प्रशासनिक केन्द्र बन्यो । तर प्रकारान्तरले यहाँ त्रिपुरका अतिरिक्त युथुनिमम नामको दरबार पनि अस्तित्वमा आयो । यसरी पछिगएर यहाँ दुईओटा शक्ति केन्द्र देखापरे– त्रिपुर र युथनिमम । राजा आनन्ददेवद्वारा निर्मित त्रिपुर दरबार देव नामधारी पुराना वंशका शासकहरूको निवासस्थल थियो भने युथुनिमम दरबार मध्यकालको प्रारम्भदेखि नेपाली राजनीतिमा देखापरेको द्वैराज्य पद्धति (दुई जनाको संयुक्तशासन चल्ने पद्धति) को फलस्वरूप शक्तिमा आएका मल्ल वंशका शासकहरूको वासस्थान थियो । वर्तमान भक्तपुर दरबार ईलाकाको पूर्वी भेकमा त्रिपुर दरबार र पश्चिमी भेकमा युथुनिमम दरबार रहेको अनुमान हुन्छ । यहींबाट तत्कालीन नेपालको राज्यप्रशासन सञ्चालन हुने गर्थ्यो ।

राजा यक्ष मल्लको मृत्युपश्चात् नेपाल उपत्यका राजनीतिक रूपमा विभाजित भएर भक्तपुर एउटा पृथक राज्यको राजधानीमै सीमित बन्न पुगेपछि यस दरबार क्षेत्रको प्रशासनिक महत्त्व पनि खुम्चिन पुग्यो । अब भक्तपुर पहिले जस्तै सिङ्गो

नेपालमण्डलको राजधानी रहेन, एउटा सानो राज्यको राजधानीमा सीमित रहन पुग्यो । राजनीतिक महत्त्व खुम्चिए पनि सांस्कृतिक गतिविधिका दृष्टिले भने भक्तपुर त्यसबेला पनि केन्द्रकै रूपमा रहेको थियो । छिमेकी राज्यका मल्ल राजाहरू पनि तलेजुको दर्शन गर्न बेलाबखत भक्तपुर गइरहन्थे, पर्वविशेषमा पूजाभाग पठाइरहन्थे । यसरी सांस्कृतिक विकासको क्रम यसबेला पनि अघि बढ्दै थियो । तर गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरेपछि भक्तपुरको बचेखुचेको राजनीतिक महत्त्व पनि सदाका लागि समाप्त भयो । सांस्कृतिक विकासको क्रम समेत सधैँका लागि रोकियो ।

## ऐतिहासिक पृष्ठभूमि

वि.सं. १२०४ देखि १८२६ सम्मको लगभग ६२२ वर्षको आफ्नो लामो इतिहासकालमा भक्तपुर दरबार क्षेत्रले एकातर्फ धर्म, दर्शन, कला, संस्कृति, भाषा, साहित्य, सङ्गीत, रीतिस्थिति आदि विविध क्षेत्रमा अद्भूतपूर्वक रूपमा उन्नति, प्रगति हासिल गरेको थियो भने अर्कातर्फ यसले अनेक आरोह अवरोहका कथा, व्यथाहरू अनि अनेक उत्थान, पतनका घटनाहरू देख्नु भोग्नु पनि परेको थियो । पूर्वमध्यकालमा यसले कैयनपल्ट पश्चिम कर्णाली प्रदेशको खस मल्लशक्ति र दक्षिणको तिरहुत क्षेत्रको कर्णाटशक्तिको चुनौती सामना गरेको थियो । यसले सिम्रौनगढ राज्यको पतनपश्चात् त्यहाँका कर्णाटवंशी राजपरिवारलाई आश्रय दिई तिनले ल्याएको तलेजु भवानीलाई समेत आफूकहाँ प्रतिष्ठा गऱ्यो । साथै विभिन्न क्षेत्रबाट आएका विद्वान, दार्शनिक, पण्डितहरूलाई जहिले पनि सम्मानपूर्वक आश्रय दिइ रह्यो । यो त्यही दरबारक्षेत्र हो, जहाँ बाहिरबाट आएका जयस्थिति मल्लले राजा जयार्जुनदेवलाई राज्यच्यूत गरी मल्ल वंशको शासन सूत्रपात गरे । यसै दरबारका मल्ल राजकुमार दाजुभाइहरू आपसमा मिल्न नसक्नाले भक्तपुरबाट कान्तिपुर, पाटन टुक्रिएर स्वतन्त्र राज्य बन्न गए । अनि यो त्यही ठाउँ थियो, जहाँ आफ्नो अस्तित्व र पहिचानका लागि अन्तिम घडीसम्म पनि मल्ल राजा र प्रजा मिलेर आक्रमणकारी गोर्खाली फौजसँग डटेर मुकाबिला गरेको । सम्पूर्ण भक्तपुर शहर कब्जा गरिसकेपछि पनि गोर्खाली फौजलाई भक्तपुर लायकू (दरबारक्षेत्र) जित्न हम्मे-हम्मे परेको थियो । यसलाई नियन्त्रणमा लिन दुई दिनसम्म भीषण सङ्घर्ष गर्नु परेको थियो । मध्यकालीन सुरक्षित गढ वा किल्ला रूपको यस दरबारमा सहजै भित्र पस्न नसकेपछि गोर्खाली फौज छानैछानाबाट आक्रमण गरी अगि बढेका थिए । यसरी अनेक ऐतिहासिक कथा, गाथाहरूले भरिएको भक्तपुर दरबारक्षेत्रको इतिहास गौरवपूर्ण रहेको छ । समुन्नत इतिहास, कला, संस्कृति, भाषा, साहित्य, सङ्गीत, शिक्षाका दृष्टिले यो अव्वल रह्यो । यहाँ अनेक प्रख्यात राजाहरू भए, जसले आफ्नो राज्यकालमा यस क्षेत्रको सौन्दर्य र भव्यताका निम्ति यथासम्भव प्रयासहरू गरे । अनेक दरबार, मठ-मन्दिरहरू बनाए । यसमा विशेषगरेर राजा जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्लका नाम अग्रपङ्क्तिमा आउँछ । तिनले बनाएर गएका अनगिन्ति प्रस्तर मूर्तिकला, काष्ठकला, धातुकला, चित्रकला, विविध शैलीका मन्दिर, दरबार, चोक, सत्तल, पाटीपौवा, ढुङ्गेधारा, मण्डपहरूले आजसम्म पनि भक्तपुर दरबार क्षेत्रको सौन्दर्यलाई प्रस्तुत गरिरहेको छ । हाल अस्तित्वमा रहेका यी कलाकृतिहरू पछिल्लो मल्लकालमा बनेका हुन् । यसअघिका र योसँगैका अन्य कतिपय कलाकृतिहरू विविध कारणले गर्दा खासगरेर बेला-बेलामा आएका महाभूकम्पले गर्दा धर्तीको गर्भभित्र विलुप्त हुन पुगेका छन् । जस्तै- वसन्तपुर दरबार, उन्नासय चोक, थंथुदरबार, लापाङ् देग (हरिशङ्करको मन्दिर), खौमाको भवानीशङ्करको मन्दिर आदि । त्यस्तै बेलैमा उचित मर्मत सम्भार हुन नसक्नाले कतिपय भव्य दरबार, मठ-मन्दिरहरू पुरानै मौलिक स्वरूपमा खडा हुन नसकी विकृत बन्न पुगे । जस्तै- सिलु महाद्यः भनिने फसि देग पहिले शिखर शैलीको थियो, तर पछि पुनर्निर्माण गर्दा गुम्बज शैलीमा गरियो । त्यस्तै दरबार ईलाकाको पूर्वपट्टिको छेउमा रहेको थंथुदरबार नब्बे सालको भूकम्पमा परेर भत्केपछि यसलाई पनि अर्धयूरोपेली शैलीमा बनाइयो । त्यो पनि अहिले २०७२ सालको भूकम्पले भग्नावस्थामा पुऱ्याएको छ । अनि यसको छेवैमा रहेको भुइँतल्ले रातो वत्सलादेवी मन्दिर पनि आफ्नो पूर्वस्वरूपमा छैन भन्ने कुरा प्रष्ट देखिन्छ । यताबाट उचित संरक्षण, सम्बर्द्धनको अभावले गर्दा वास्तुकलाका यी सुन्दर नमूनाहरूमध्ये कति म्हासिएर लोप भइसके भने कति आफ्नो पहिलेकै मौलिक स्वरूपमा नरहेको कुरा थाहा हुन्छ । तर त्यसोभए पनि यहाँका केही प्रख्यात दरबारहरू र मुख्य-मुख्य देवीदेवताका मठ-मन्दिरहरूको भने बेलाबेलामा उचित मर्मत, सम्भार, जीर्णोद्धार भइराखेको हुँदा ती पुरानै मौलिक स्वरूपमा रहेका देखिन्छन् अर्थात् तिनको मौलिक स्वरूप विकृत हुन पाएको छैन । भक्तपुर दरबार क्षेत्रमा रहेका प्रमुख ऐतिहासिक र सांस्कृतिक सम्पदाहरू निम्नअनुसार रहेका छन् ।

१) **वत्सलादेवी मन्दिर**- मूल प्रवेशद्वारबाट भक्तपुर दरबारक्षेत्र प्रवेश गर्ने बित्तिकै सर्वप्रथम जो कोहीको पनि झ्वाट्ट आँखा पर्ने पहिलो मन्दिर नै यो वत्सलादेवी मन्दिर हो । ढुङ्गैढुङ्गाबाट बनेको शिखरशैलीको यो कलात्मक मन्दिर वास्तवमा यस दरबारक्षेत्रको मुख्य आकर्षण हो भन्दा फरक पर्दैन । किनकि २०७२ सालको महाभूकम्पले यो मन्दिर भत्किएपछि सम्पूर्ण दरबारक्षेत्र नै एकदम फिक्का-फिक्का देखिन पुगेको थियो । तर हाल पुनर्निमाण सम्पन्न भई पुनः पहिलेकै स्वरूपमा



वत्सलादेवी मन्दिर

खडा भइसकेको हुनाले त्यो फिक्कापन दूर भइसकेको छ। स्थानीय स्रोतसाधन र मौलिक प्रविधि अपनाएर ढुङ्गैढुङ्गाबाट निर्माण गरिएको यो कलात्मक मन्दिर मध्यकालीन नेपाली वास्तुकलाको एक अनुपम नमूनाको रूपमा रहेको छ। यस मन्दिरको निर्माण ने.सं. ७९२ मा भक्तपुरका तत्कालीन राजा जगतप्रकाश मल्लले गरेका थिए। यसलाई स्थानीयवासीहरू 'लोहँदेगः' भन्दछन्। तर मन्दिरभित्रको मूलदेवताको पादपीठमा उत्कीर्ण अभिलेखमा यसलाई वत्सलादेवी भनिएको पाइन्छ। साथै यसलाई अन्नपूर्ण मन्दिर पनि भन्ने गरिन्छ। यहाँ नित्यपूजा र वार्षिकपूजा गर्दा नृत्यनाथ भनेर पूजा गर्ने चलन छ। संस्कृतिविद् विनोदराज राजोपाध्यायकाअनुसार यसको वार्षिक पूजा प्रत्येक वर्ष मार्ग शुक्ल द्वितीयाका दिन पर्दछ। यो दिन तलेजु मन्दिरमा पनि यस सम्बन्धी एउटा था पूजा हुने गर्छ, जसलाई 'लोहँ देगः था पूजा' भन्ने गरिन्छ। भूतप्रेत, पिशाचजस्ता दुष्ट आत्माहरूको भय हटाउन यो मन्दिर बनाइएको भन्ने लोककथन रहेको पाइन्छ।

तीन तहको ढुङ्गाको पेटीमाथि निर्मित्त पश्चिमाभिमुख यो वत्सलादेवी मन्दिर तीन तलाको छ। पहिलो तलामा अगाडिपट्टि बरण्डा छ। त्यसको भित्र मूल देवता प्रतिस्थापित छ। त्यस वरिपरि सानो प्रदक्षिणा पथ रहेको छ। पर्वतका चुली झैँ मास्तिर चुलिँदै गएको चुचुरो आकारको यस मन्दिरको दोश्रो तलामा चार दिशा र चारकोणमा स-साना आठओटा र बीचमा ठूलो एक गरी नौ ओटा मन्दिरहरू छन्। उत्तरमा इन्द्रायणी, पश्चिममा वाराही, दक्षिणमा वैष्णवी र पूर्वमा महाकालीका आकर्षक बाह्र हातयुक्त वाहनसहितका मूर्तिहरू शोभायमान छन्। यसको माथितिर चारै कुनामा क्षेत्रपाल भैरवहरू छन्। यसको अलि माथि चार दिशामा भित्ताबाट निस्किएका चार सिंह र सिंहमाथि चारओटा ढुङ्गाका आँखी झ्यालहरू छन्। यसभन्दा माथि दिग क्षेत्रपाल, विदिग क्षेत्रपालहरू अनि सबभन्दा माथि गजूरमा चुडामणिसहित त्रिशूल स्थापना गरिएको छ। यसबाट यो मन्दिर शाक्त सम्प्रदायसँग सम्बन्धित रहेको बुझिन्छ।

मन्दिरसम्म पुग्न ढुङ्गाकै सिँढि चढ्नु पर्छ, जसको दायाँबायाँ निक्कै चित्ताकर्षक देखिने हात्ती र सिंहका प्रस्तर मूर्तिहरू छन्। साथै मन्दिर अगाडि बायाँतिर एउटा ठूलो घण्टा पनि झुण्ड्याइएको छ, जसलाई 'खिचाखो गँ' भनिन्छ। किनकि यो घण्टा बज्दा वरिपरिका कुकुरहरू घण्टा हेर्दै रुने गर्छन् भन्ने जनविश्वास रहेको छ। भूत, प्रेत, पिशाचको भय हटाउन राजा भूपतिन्द्र मल्लले ने.सं. ८२० मा यसको स्थापना गर्दा ब्राम्हणहरूद्वारा कोट्याहुति यज्ञ समेत गराएका थिए। पछिबाट ने.सं. ८४१ मा यो घण्टा बिग्रँदा राजा रणजित मल्लले यसको जीर्णोद्धार गरेका थिए।

यो मन्दिर बाहेक वत्सलादेवीका अन्य दुईओटा मन्दिरहरू पनि त्यहीं नजिकै रहेका छन्। एउटा पचपन्न झ्याले दरबारको कुनामा रहेको दुर्लभ जीवजन्तुका मूर्तिसहितको शिखर शैलीको ढुङ्गाकै मन्दिर, जसलाई राजा भूपतिन्द्र मल्लले बनाएका थिए। र अर्को भक्तपुर नगरपालिका जाने बाटोमा पर्ने एक तले रातो मन्दिर, जसलाई राजा जितामित्र मल्लले बनाएका थिए। वत्सलादेवीका यी तीनवटै मन्दिरहरूलाई क्रमशः यन्त्र वत्सला, कलश वत्सला र नृत्य वत्सलाको रूपमा त्रि-तत्त्व मानी पुज्दै आएको पाइन्छ।

**२) यक्षेश्वर महादेव मन्दिर**– वत्सलादेवी मन्दिरको छेवैमा दक्षिणतिर झिँगटी छाना हालेको र इँटाले बनेको दुई तले पेगोडा शैलीको ठूलो महादेवको मन्दिर रहेको छ। त्यस मन्दिरको भित्र माझमा ढुङ्गे जलहरी भएको चारैतिर चारमुख फर्केको महादेवको मूर्ति छ। त्यसभन्दा बाहिरको भित्तामा चारैतिर एक-एकओटा गरी चारओटा काठका ढोका छन्। बाहिरी भागमा चाहिं चारैतिर तीन-तीनओटा गरी जम्मा बाह्रओटा काठका ढोका छन्। ती मध्ये माझ-माझका ढोकामाथि काठका तोरण छन्। ती तोरणहरूमा वाहनसहितका ब्रम्हा,



यक्षेश्वर महादेव मन्दिर

विष्णु, महेश्वरका विभिन्न मूर्तिहरू कुँदिएका छन् । माथिको कार्नेस पनि काठैको छ र त्यहाँ तामाका सिंहका टाउको टाँसिएका छन् । त्यसमाथिको तलामा चारैतिर तीन-तीनओटा गरी बाह्रओटा झ्याल छन् । माथिल्लो तलामा पनि बाह्रवटै स-साना झ्याल छन् । मन्दिरको चारपाटामा पाटैपिच्छे छ-छओटा गरी चौबिसओटा एकैनासे र चार सुरमा चारओटा गरी जम्मा अठ्ठाइस ओटा टुँडाल तल्लो छानामा छन् । यी टुँडालहरूमा प्रख्यात कामकलाका विविध आसनसहितका काष्ठमूर्तिहरू कुँदिएका छन् । त्यस्तैगरेर माथिल्लो तलाको छानामा पनि चार-चार ओटा गरी सोह्र ओटा र सुरमा एक-एकओटा गरी जम्मा बीसओटा टुँडाल छन् । षोडश मातृकाका काष्ठकला युक्त यी टुँडालहरू निक्कै आकर्षक देखिन्छन् । माथिल्लो छानाको टुप्पामा सुनको जलप लाएको एउटा ठूलो गजूर छ ।

राजा यक्ष मल्लले बनाएको हुनाले यसलाई यक्षेश्वर महादेव मन्दिर भन्ने गरिन्छ । किम्बदन्ती के छ भने राजा यक्षमल्ल प्रतिदिन पशुपतिनाथको दर्शन गरेर मात्र भोजन गर्ने गर्दथे । एक दिन वर्षाको समयमा बागमतीमा ठूलो बाढी आएकोले राजा यक्ष मल्लले बागमती तर्न सकेनन् । त्यसैले त्यसदिन राजा पशुपतिनाथको दर्शन नगरी भक्तपुर राजदरबार नै फर्के । तर पशुपतिनाथको दर्शन गर्न नपाउँदा त्यसदिन राजा निराहार बसे । त्यसै राती सपनामा राजालाई पशुपतिनाथले दर्शन दिएर अबदेखि यसरी दुःख गरेर यहाँसम्म आइरहनु पर्दैन, भक्तपुरमा नै मेरो मूर्ति स्थापना गरेर दर्शन गर्ने गर, म त्यसैमा लीन हुन्छु भन्ने आज्ञा दिए । त्यसपछि पशुपतिनाथको आज्ञा बमोजिम राजा यक्षमल्लले पशुपतिनाथकै ढाँचामा मन्दिर बनाउन लगाई पशुपतिनाथ महादेव स्थापना गरिदिएकोले यक्षेस्वर महादेव नाम हुन गयो । यस मन्दिरको नित्य पूजा अर्चनाका लागि गुठीसमेत राखी ईताछैं बस्ने सदन झालाई ताडपत्रको सनद गरी पुजारी बनाएको ताडपत्र मन्दिरभित्र नै राख्न लगाएका थिए । यस मन्दिरको भित्र दक्षिण ढोकाको माथिल्लो ठेलामा दायाँबायाँ दुईओटा सुवर्णपत्र टाँसिएका छन् । एउटा राजा यक्ष मल्लकी रानी कीर्तिलक्ष्मीले मन्दिरलाई सिँगार्न र मन्दिरको देखरेख र नियमित पूजापाठका निम्ति बाह्र रोपनी जग्गा गुठी राखिदिएको बारे वर्णन गरिएको वि.सं. १५४४ को अभिलेख रहेको छ भने अर्को राजा राय मल्लहरूले राखेको वि.सं. १५५१ को अभिलेख हो, जसमा राजाहरू बीच झगडा परी हारजित जे भएपनि मन्दिरको नियमित पूजाआजामा कुनै किसिमको तलमाथि नगर्नु भन्ने कुरा उल्लेख गरिएको छ । तर यो मन्दिर कहिले स्थापना भएको थियो भन्ने जानकारी दिने अभिलेख चाहिं त्यहाँ देखिंदैन ।

## सन्दर्भग्रन्थ सूची-


१) कायस्थ, बलराम, **मध्यकालीन भक्तपुर**, काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं. २०७५ ।

२) नेपाल, ज्ञानमणि, **नेपालको पूर्वमध्यकालको इतिहास**, काठमाडौंः ने.ए. अ.केन्द्र, त्रि.वि., वि.सं. २०५४ ।

३) पेटेक, लुसियानो, **मिडियभल हिस्ट्री अफ नेपाल**, रोमः मेडिया इस्ट्रिमो ओरिन्टे, सन १९५८ ।

४) पौडेल, भोलानाथ, **भक्तपुरको राजकुलो**, काठमाडौंः आगम प्रकाशन, वि.सं. २०६५ ।

५) वज्राचार्य, धनवज्र, **गोपालराज वंशावली**, काठमाडौंः नेपाल रिसर्च सेन्टर, सन १९८५ ।

६) मुनकर्मी, लीलाभक्त, **नेपालको सांस्कृतिक र ऐतिहासिक दिग्दर्शन**, भक्तपुरः भवानी केसरी, वि.सं. २०४१ ।


७) राइट, डेनियल, **हिस्ट्रि अफ नेपाल**, न्यु दिल्लीः कस्मो पब्लिकेसन, सन १९८३ ।

८) लम्साल, देवीप्रसाद, **भाषा वंशावली**, भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३ ।

९) शर्मा, विनोदराज, **इतिहास संस्कृतिः केही पृष्ठहरू**, भक्तपुरः स्टुडेन्ट लाइब्रेरी, वि.सं. २०५७ ।

१०) श्रेष्ठ, पुरुषोत्तमलोचन, **त्रिपुर र युथुनिमम् राजकुल**, भक्तपुरः भक्तपुर नगरपालिका, वि.सं. २०५८ ।


## बासिबियाँलो



दिइएका थोप्लाहरुबाट २१ वटासम्म विभिन्न साइजका वर्गाकार बनाउन सकिन्छ, बासिबियाँलो गर्नुहोस् । (उत्तर ४१ पृष्ठमा)

# नेपाल संवत् : राष्ट्रिय संवत् कि नेवार संवत् ?

आशिषकाजी श्रेष्ठ

नेपाल संवत् फेरिने समयतिर उपरोक्त शीर्षकको चर्चा प्रायः हुने गर्छ । प्रायः इतिहासकार, बुद्धिजीवी, लेखकहरू र बहुसङ्ख्यक नेवारहरू नेपाल संवत् मौलिक भएकोले राष्ट्रिय संवत् मान्दछन् । तर केहीले अझै यो नेवार संवत् हो, राष्ट्रिय संवत् होइन भन्दछन् ।

आजभन्दा ११४० वर्ष पहिले शङ्खधर साख्वालले गरिबहरूको ऋण मोचन गरी नेपाल संवत् चलाएको तथ्य पुष्टि भइसकेको छ ।ती गरिबमा कुनै गैरनेवार नहोला ? शङ्खधर कुनै राजा थिएनन्, एक नेवार नागरिक थिए । एक नागरिकले चलाएको देशको मौलिक संवत्लाई राष्ट्रिय संवत् मान्न तिनीहरूलाई किन अप्ठ्यारो पऱ्यो ? यदि त्यो संवत् कुनै राजाले चलाएको भए अथवा क्षत्री, बाहुन, ... जातिकाले चलाएको भए स्वीकार्य हुने थियो कि ? राजा र अरु जातिकाले चलाएको भए राष्ट्रिय हुने नेवारले चलाएकोले अस्वीकार्य भएको हो भने के नेवारहरू अराष्ट्रिय हुन् ? प्रश्न गर्नेमात्र होइन जवाफ पनि खोज्नु पर्ने भएको छ ।

नेवार विरोधीहरूको विकृत, विभेदकारी र सङ्कीर्ण मानसिकताको कारण थप केही अन्य प्रश्न राख्नु पनि सान्दर्भिक हुनेछ ।

निरङ्कुश राणा शासनको अन्त्यको लागि भएको लामो सङ्घर्षमा वीरगति प्राप्त गर्ने चार अमर शहीदहरूको हामी वर्सेनी स्मरण गर्छौं । शुक्रराज जोशी, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दमा तीन जना नेवार र एकजना ठकुरी हुन् । २००७ सालको प्रजातन्त्र के नेवार प्रजातन्त्र हो ? निश्चय पनि होइन । प्रातः स्मरणीय अमर सपुतहरूले आ–आफ्ना जातको लागि शहादत प्राप्त गरेका होइनन् । नेपाल र नेपाली जनताको लागि फाँसीको फन्दामा झुलेका थिए, गोली थापेका थिए । त्यसैले उहाँहरू सम्पूर्ण नेपाल र नेपालीका अमर शहीद हुन् ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरू सबै नेवार हुन्– पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी । तर कम्युनिस्ट पार्टी नेवारहरूको लागि मात्र स्थापना भएको थिएन, होइन । सिद्धान्त, विचार, नीति कार्यक्रमलगायतका मतभिन्नताले पार्टी धेरै टुक्रामा विभाजित भए पनि नेपाल कम्युनिस्ट पार्टीलाई आजसम्म कसैले नेवार कम्युनिस्ट पार्टी भनेको छैन ।

बहुदलीय प्रजातन्त्र पुनःस्थापनाको लागि २०४६ सालमा भएको राष्ट्रिय अर्थात संयुक्त जनआन्दोलनका शीर्षस्थ र सर्वमान्य नेता गणेशमान सिंह जातले नेवार नै हुनुहुन्थ्यो । वहाँलाई जनआन्दोलनको 'कमान्डर' को सम्मान पनि दिइएको थियो । 'निर्दलीय पञ्चायतको अन्त्य' भन्ने बटमलाइनको कठोर अडान कै कारण देशमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएको यथार्थ हो । तर आज हामीले भोगिरहेको बहुदलीयता के नेवार बहुदल हो ?

त्यस्तै नेपाल र छिमेकी चीनबीचको सुमधुर ऐतिहासिक सम्बन्धमा अरनिकोको योगदानलाई दुवै देशका सरकार र जनताले उच्च मूल्याङ्कन, प्रशंसा र सम्मान गरेका छन् । अरनिको निश्चय पनि ललितपुरका नेवार थिए । के अब नेपाल–चीन सम्बन्धलाई नेवार–चीन सम्बन्धमा रूपान्तरित गर्ने ? व्याख्या गर्ने ? चीनको तिब्बतसँगको सम्बन्धमा काठमाडौंका नेवार व्यापारीहरूको योगदान पनि बिर्सन नहुने पक्ष हो । तर भृकुटी कुन जातका हुन्–पङ्क्तिकार अनविज्ञ छ । यदि तिनी पनि नेवार थिइन् भने अन्य जातकाले नेपाल–चीन सम्बन्धमा नबोले पनि हुने भयो । के यो जायज हो ?

संयुक्त राष्ट्र सङ्घमा सदस्य हुन नेपालले नेवारको भनेर होइन देशको आफ्नो मौलिक भनेर रञ्जना लिपि दर्ता गराएको यथार्थ सबैलाई ज्ञात छ । यसबाट रञ्जना लिपि आधिकारिक रूपमा स्वतः राष्ट्रिय लिपि भयो । यदि त्यो लिपिलाई नेवारको मात्र भनी कसैले दाबी गर्छ भने त्यो नेपाली हुँदैन केवल नेवार हुन्छ । त्यस्तै देशको मौलिक नेपाल संवत्लाई कसैले नेवारकोमात्र भन्छ भने त्यो नेपाली हुँदैन, जात विशेषको मात्र हुन्छ ।

शंङ्खधरले चलाएको नेपाल संवत् नेवारहरूको लागि मात्र चलाएको निश्चय पनि होइन । त्यसबेलाको नेपालको लागि, यहाँका नागरिकहरूको लागि स्थापना गरेको मौलिक संवत् भएकोले यो राष्ट्रिय संवत् हो । अराष्ट्रियहरूले मात्र यसलाई नेवार संवत्को संज्ञा दिन्छन् ।

यदि नेपाल संवत् नेवार संवत् हो भने हाम्रा पुर्खाले सिर्जना गरेका र विश्वकै अद्वितीय ठहरिएका काठमाडौं, ललितपुर र भक्तपुर दरबार क्षेत्रका सम्पदाहरू कस्का हुन् ? काष्ठमण्डप, कृष्ण मन्दिर, पाँचतले मन्दिर देखाएर गैरनेवारले पर्यटन उद्योग चलाउँदा 'बाघको छालामा श्यालको दाइँ' भएन ? टाढा

नजाऔँ, पृथ्वीनारायण शाहको 'दरबार' को कला र शैली कस्का हुन् ? नेपालमा सबैजसो चाडपर्व तिथिअनुसार मनाइन्छ, मितिअनुसार होइन, तब त्यो कस्को भयो ?

अहिले प्रचलनमा रहेको विक्रम संवत् विदेशी हो यसमा कसैको विवाद छैन । लामो समयदेखि चल्दै आएकोले यो सहज पनि भइसकेकोछ । तर नेपाल संवत् हाम्रो आफ्नो मौलिक हो यसलाई त्याग्नु र बेवास्ता गर्नु हुँदैन । नेपाल संवत् प्रचलनमा ल्याउनुको अर्थ अन्य संवत्को विरोध होइन केवल आफ्नो सभ्यता र सम्पदाप्रतिको माया र जगेर्नामात्र हो । यदि नेपाल संवत् स्थापना नभएको भए यो चर्चा र विवाद पनि हुने थिएन । आफ्नो हुँदाहुँदै विदेशी संवत् चलाउनु आमाको दूध खान छोडी बाबुको घुँडा चुस्नुजस्तै हो । त्यसैले देशको आफ्नो मौलिक संवत् चलाएर आफ्नो स्वाभिमान प्रदर्शन गरी सम्पदाको संरक्षण र सभ्यताको परिचय दिन अलमल नगरौँ भन्ने जिकीर हो ।

यहाँनिर एउटा अर्को कुराको चर्चा गर्नु पनि सान्दर्भिक छ । नेपाल संवत्को नयाँ वर्ष कौलाथ्वः प्रतिपदाको दिन शुभारम्भ हुन्छ । त्यस दिन नेवारहरू म्हःपूजा गर्छन् । पञ्चाङ्ग समितिले 'प्रतिपदा' लाई कहिले लक्ष्मी पूजा त कहिले भाइटीकाको दिनमा गाभिदिने गर्छ । यस वर्ष भाइटीकाको दिनमा गाभिदिएको छ । कुनै वर्ष त पञ्चाङ्गबाट 'प्रतिपदा' नै गायब पारिदिन्छ । तर जनैपूर्णमा, तीज, चैते दशैंलगायतका तिथि कहिल्यै हराउँदैन, अर्को तिथिमा पनि गाभिन्दैन । के यस्तो पनि हुन्छ ?

जसले जे ठानोस्–मानोस् या जालझेल गरोस्, नेपाल संवत् हाम्रो राष्ट्रिय सम्पदा हो । यदि सम्पदालाई जातमा वर्गीकरण गर्ने हो भने ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक सभ्यता कै विकासमा नेपाल कङ्गाल हुनेछ, नेवारहरू मात्र धनी हुनेछन् । के यो मान्य हुनसक्छ ? 'घरभन्दा मन्दिर, मान्छेभन्दा देवता धेरै भएको', 'आधा विश्व घुमे बराबरको भ्रमण भक्तपुर दरबार क्षेत्रको भ्रमणले हुने' जस्ता विशेषणमा कुनै गैर नेवारले गर्व गर्न पाउने छैनन् । त्यतिमात्र होइन सिंजा, बाइसे–चौबिसे, सेन राज्यको इतिहास बिउँताउन घच्घच्याउने मूर्खता हुनेछ । अनि त्यहाँकाले आफ्नो सभ्यता जगाउन थाल्दा काठमाडौं उपत्यकाका रैथानेहरू पक्कै मूक दर्शक हुनेछैनन् र परिणाम निश्चय पनि सुखद हुनेछैन । त्यसैले नेपाल र नेपालीको गौरवलाई अवमूल्यन गर्ने काम कहिं कतैबाट हुनु हुँदैन । राष्ट्रिय मौलिक नेपाल संवत् ११४१ ले सबैलाई सद्बुद्धि देओस्– शुभकामना !

पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति

**भक्तपुर नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

ब्यासी भक्तपुर

**हार्दिक धन्यवाद**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) रोग रोकथाम र नियन्त्रणको लागि यस नगरपालिकाले आह्वान गरेबमोजिम यस वर्षको विजया दशमी २०७७ मा भीडभाड हुन नदिन विजया दशमीको नवरातसँग सम्बन्धित शक्ति पीठहरूमा हुने जात्रा र पूजा, आष्टमी, नवमी र दशमीको पूजा, नवदुर्गाको मुकुन्दो प्रदर्शनी, खँ मे दौडाउने जात्रा, तलेजु भवानीको पूजा, नवदुर्गाको पूजा, एकान्तकुमारीको जात्रा, ब्रह्मायणीको जात्रालगायत सम्पूर्ण जात्रा र पूजाहरू औपचारिकतामा सीमित गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान कार्यालय भक्तपुर, टोल टोलका जात्रासँग सम्बन्धित गुठी र गुठीयारहरू, दाफा-भजन, जात्रा सहयोग समिति, टीम-क्लव, वडा समन्वय समितिका सदस्यहरू, नेपाल स्काउट, भक्तपुर स्वयम्सेवकहरू, कर्मचारीहरूलगायत विजया दशमी अवधिभर संयमतापूर्वक आ-आफ्नो घरमा बसी सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# भक्तपुर तलेजुमा दीक्षा प्रथा



ओम धौभडेल

एकताका लामो समयसम्म विशाल नेपाल मण्डलको राजधानी बन्ने सौभाग्य पाएको तत्कालीन भक्तपुरको वन्दे लायकु (वाने लायकु), ब्रम्हपुर लायकु (बलंपु), त्रिपुर लायकु पछि वर्तमान लायकु मुख्य प्रशासकीय, राजनैतिक, धार्मिक, सांस्कृतिक केन्द्र बिन्दु बनेको देखिन्छ। वर्तमान लायकुको विकास पछाडि ने.सं. ४४४ वि.सं. १३८१ मा सिम्रौन गढबाट ल्याइएको तलेजु भवानीको स्थापना प्रमुख मानिएता पनि यसको पछाडि नेपाल मण्डलका अन्तिम शासक यक्ष मल्लको ठूलो देन रहेको छ। उनले वर्तमान ५५ झ्याल दरबारको जग शिलान्यासदेखि यक्षेश्वर महादेवको मन्दिर तथा चार धामका मन्दिरहरू जस्ता सम्पदाहरू यहाँ निर्माण गरेपछि नै यो लायकु पछि गएर विशाल नेपाल मण्डलकै एक महत्त्वपुर्ण धार्मिक,सांस्कृतिक,राजनैतिक ऐतिहासिक लायकु बन्न पुग्यो। र यहाँ स्थापित तलेजु भवानी त्यस्तो एउटा महत्त्वपूर्ण इष्टदेवी बन्न पुग्यो कि मानदेव प्रथमले मान्दै आएको इष्टदेवी मन्मानेश्वरी देवी तथा नान्यदेव देखि मान्दै आएको इष्टदेवी दुमाजु देवीसमेत यही तलेजु भित्र स्थापना हुन पुग्यो र एउटा मौलिक तलेजु संस्कृतिको प्रारूप बन्यो।

यता ने.सं. ६०२ (वि.स.१५४०) मा यक्षमल्लको निधन पछि रत्न मल्लले अलग्ग कान्तिपुर राज्यमात्र स्थापना गरेनन्, राज्यसँग अलग्गै तलेजु भवानीसमेत स्थापना गर्न पुगे।[१] यसबाट तलेजु भवानीको महत्त्व कति हदसम्म थियो, अनुमान गर्न सकिन्छ। पछि गएर नेपाल मण्डल भित्रका साना ठूला राज्यहरू जस्तै कान्तिपुर, ललितपुर, मध्यपुर थिमी, बोडे, नगदेश, पनौती, बनेपा, नुवाकोट, दोलखा ,साँखु, टिष्टुङ, पालुङ, किर्तीपुर, चापागाउँ, देवपाटन आदि ठाउँहरूमा मात्र नभई तिब्बतको भाखोर भन्ने ठाउँमा समेत तलेजु भवानीसहितको लायकु बन्न पुग्यो।[२] यसरी नेपाल मण्डल भित्र तथा बाहिर जतासुकै अनि जतिसुकै ठाउँहरूमा तलेजु भवानीको स्थापना गरिएको भएतापनि सबैभन्दा प्राचीन अनि मूल तलेजु भवानी भक्तपुर लायकुकै तलेजु भवानी हो भन्ने प्रमाण यथेष्ट छ। मूल तलेजु भवानी इष्टदेवीसमेत भएको हुँदा मल्ल राजाहरूले यहाँ दीक्षा लिन पाउनुलाई बडो गर्वको विषय बनाएको देखिन्छ। अहिलेसम्मको अध्ययनअनुसार सर्वप्रथम दीक्षा लिएको घटना गोपाल राज वंशावलीमा उल्लेख छ। ने.सं. ५०० मा तत्कालीन राजा जयस्थिति मल्ल र उनकी रानी राजल्ल देवीले तलेजु भवानी भित्र दीक्षा ग्रहण गरेका थिए। तत्कालीन गुरु शिवदास उपाध्यायले दीक्षा सुनाएको थियो।[२क] त्यस्तै भाषा वंशावलीअनुसार यक्ष मल्लको निधनताका जेठा राय मल्ल छँदाछँदै छल गरी रत्न मल्लले तलेजुबाट दीक्षा लिएको घटनालाई यसरी प्रस्तुत गरिएको छ,

'कान्छा रत्न मल्लले जेठा दाज्यू रायमल्ल सीत विरोध भाव परस्पर गर्न लाग्या किन भन्या यिनका कुलमा तुलजा जगाउन मन्त्र प्राण त्याग हुन्या समय बिना अरु कालमा लिन हुन्या रीत शिक्षा रत्न मल्लले आफ्ना बाबाका प्राण त्यागका बेलामा छलफल गरी बाबुदेखि कुल दुर्गा तुलजा जगाउन्या मन्त्र पायाको थियो र जेष्ठ क्रमले हुन्या हो तैले मलाई छलिस भनी रीस गर्दा दुवै भाईको परस्पर चित्तमा विरोध भाव हुन गयाको थियो। रत्न मल्ल राजासीत तुलजा जगाउन्या मन्त्र सिद्धी हुनाले नाना देवता सुक्ष्म मन्दिर बनाई तुलजा स्थापना गऱ्या'।[३]

यता यक्ष मल्लको निधनपछि रत्न मल्लले तलेजुबाट दीक्षा पाएको घटनालाई बडो गर्वकासाथ इतिहासमा उल्लेख भएता पनि उनै यक्ष मल्लको जेठा छोरा राय मल्ल तथा उनका वंशजका भुवन मल्ल, प्राण मल्ल, विश्वमल्ल जस्ता कमजोर प्रवृत्तिका राजाहरूले तलेजुबाट दीक्षा लिएको घटना कहिंकतै लिपिबद्ध गर्न सकेको देखिदैन। यसै सन्दर्भमा भक्तपुरका राजा विश्व मल्ल जीवित छँदै उनकी रानी गंगादेवीले शासन आफ्नो हातमा लिई ने.सं. ६७९ आश्विनमा आफ्ना दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्लसहित त्रिभय शासन चलाए।[४] आफू शक्तिशाली बनेको यो समयमा गंगादेवीले ने.सं. ६८७ चैत्र कृष्ण अमावस्याको दिन तलेजुमा दीक्षा लिएको घटना इतिहासमा लिपिबद्ध गरेकोछ।[५] यक्ष मल्लको पालासम्म तत्कालीन राजाले प्राण त्याग गर्ने बेला जेठो छोरालाई दीक्षा सुनाउने परम्परा रही आएकोमा जेठो दाजु राय मल्ल छँदै रत्न मल्लले दीक्षा सुनेको घटना पछि गंगादेवीले तलेजुबाट सूर्यग्रहणको शुभ अवसरमा दीक्षा सुनेको देखिन्छ। वास्तवमा दीक्षा लिन गंगादेवीले विद्वानहरूलाई धर्मशास्त्रका पाना पल्टाउन लगाउँदा दीक्षा साइत हेराउनु पर्ने त्यसमा पनि चन्द्र ग्रहण सूर्य ग्रहणमा बिनासाइत नै दीक्षा लिनसक्ने देखियो। त्योभन्दा पनि सूर्य ग्रहणमा लिएको दीक्षा सबैभन्दा असल ठहरिने धर्मग्रन्थमा उल्लेख भएको पायो।[६]

त्यसपछि गंगादेवीले सूर्यग्रहणको अवसर पारेर उक्त दिन दीक्षा लिएको देखिन्छ। तर भक्तपुरका ज्योतिषी दैवज्ञहरूले ग्रहणको राम्ररी हिसाब निकाल्न नसक्दा ग्रहणको मुहूर्तमा गंगादेवीले दीक्षा लिन पाएन। जसलाई इतिहासमा यसरी टिपोट गरिएको छ–

'सम्वत ६८७ चैत्र कृष्ण अमावस्या अशिनी, बुधबार थ्व कुन्हु श्री २ गंगा देवी थकुरी शीस्यं, दीक्षा कास्यं बिज्याङा दिवस ग्रास खाने मदु।'(७)

अर्थात संवत् ६८७ चैत्र कृष्ण अमावस्या औंसी बुधबार यो दिन श्री २ गंगादेवी ठकुरीले दीक्षा लिएको दिन, ग्रहण देखिएन। उनले राय मल्लदेखि नै भक्तपुरका राजाहरूले तलेजुमा दीक्षा लिएको घटना लिपिबद्ध गर्न नसकको अवस्थामा गंगा महारानीले स्त्री भएर पनि इतिहासमा लिपिबद्ध गर्नसक्नु ठूलो हाँक थियो। वास्तवमा राय मल्लको पालादेखि भक्तपुरको शासक आफ्नो हक दाबी गर्दै आएको यक्षमल्लका अरु छोरा र उनका सन्तानहरू अनि तत्कालीन कान्तिपुर राज्यलाई गंगादेवीले हाँक दिन सकेकै कारणबाट दीक्षा सुन्न सकेको हो। यो घटनाबाट कान्तिपुरलगायत आफ्ना विरोधीहरू एकजुट भई भक्तपुर अन्तर्गतका साँखु, बनेपा, नाला, पनौतीजस्ता राज्यहरूमाथि आक्रमण गरी आफ्नो कब्जामा लिन पुगे।(८) पछि गंगादेवीले ती ठाँउहरू पुनः आफ्नो अधिनमा ल्याए। शक्तिशाली गंगादेवी चुप लागेन, ने.सं. ६९० माघ बदि ग्रासमा सूर्य ग्रहणको अवसर पारेर आफ्ना दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्लसहित विश्वराम जोशीलाई तलेजुमा दीक्षा लिन लगाए।(९) यहाँ त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल गंगादेवीका छोराहरू हुन् भने स्पष्ट छ। तर उनीहरूसँग दीक्षा लिने तेश्रो व्यक्ति स्पष्ट रूपमा विश्वराम जोशी भनिएको छ। अनि यी विश्वराम जोशी को हुन् स्पष्ट खुलेको छैन। यहाँनेर तलेजु भित्र दीक्षा लिने परम्परामा यस पटक फेरि एउटा नौलो प्रयोग भयो। राजाका जेठा छोराले मात्र दीक्षा लिनेमा अन्य छोराहरूले पनि सँगै लिन पाउनेमात्र भएन थर, गोत्र, रक्त फरक भएता पनि एउटै समयमा दीक्षा लिन सक्नेभयो। जस अन्तर्गत यो पटक विश्वराम जोशीले तलेजुबाट दीक्षा पायो। अनि दीक्षा लिन पाउने विश्वराम जोशी चानचुने व्यक्ति होइन भने बुझ्न सकिन्छ।

यसै क्रममा ने.सं. ७१४ वैशाख बदि ग्रास (ग्रहण) को दिन लिएको अर्को दीक्षाले अझ बढी महत्त्व राख्दछ। उक्त दिन जगज्योति मल्ल, हरिहर र काशीराम जोशीलाई दीक्षा दिएको थियो।(१०) त्यस समयमा भक्तपुरमा गंगादेवी, त्रैलोक्य मल्ल र त्रिभुवन मल्लको संयुक्त शासन चल्दै गरेको र दीक्षा लिने जगज्योती मल्ल त्रैलोक्य मल्लका छोरा हुन् भने हरिहरको परिचय खुल्न सकेको छैन। तर दीक्षा लिने तेश्रो व्यक्ति यहाँ स्पष्टसँग काशीराम जोशी भनिएको छ। र उनी पहिले दीक्षा लिएका विश्वरामका भाइ वा छोरा हुन सक्ने अनुसन्धानको विषय बनेको छ। त्यस्तै भक्तपुर तलेजुमा ने.सं. ७४१ वैशाख बदि ग्रासको दिन कमलादेवी, नरेश मल्ल र किर्तीमल्लले दीक्षा लिएको उल्लेख छ।(११) यहाँ कमलादेवी तत्कालीन राजा जगज्योति मल्लकी रानी हुन् भने उनीहरूका छोरा नरेश मल्ल र किर्ती मल्ल। तलेजु भित्र आमा र छोराहरूलाई संयुक्त रूपमा पहिलो पटक दीक्षा दिने काम भयो। यता नरेश मल्लको समयमा छोरा जगत प्रकाश मल्ललाई दीक्षा दिन तयारी गरिरहकै अवस्थामा ने.सं. ७६३ आश्विन कृष्ण पन्चमीको दिन नरेश मल्लको अकस्मात मृत्यु भएपछि जगत प्रकाश मल्लले दीक्षा लिन पाएन।(१२) त्यसपछि भक्तपुरको राजा बनेको जगत प्रकाश मल्लले त्यसको बाऱ्ह वर्षपछि अर्थात ने.सं. ७५५ आश्विन शुक्ल पक्ष द्वादशीको दिन तलेजुबाट दीक्षा लिए।(१३) यता उनको मृत्युपछि उनका दुई छोराहरू जितामित्र मल्ल र उग्र मल्लले ने.सं. ७९८ जेष्ठ कृष्ण अमावस्थाको दिन दीक्षा लिएको थियो। उक्त दीक्षामा धर्म्मजु उपाध्यायले जितामित्र मल्ल, उग्रमल्लको साथमा वंशीधर जोशीलाई पनि दीक्षा दिएको देखिन्छ।(१४) यहाँ जितामित्र मल्ल र उग्र मल्लका साथ थाछे जोशी वंशीधरलाई दीक्षा दिएको देखियो।(१५) यसबाट पहिले दीक्षा लिएका विश्वराम जोशी र काशीराम जोशीहरू पनि थाछे जोशी हुन सक्ने प्रवल सम्भावना छ। उनीहरूको सम्बन्ध यद्यपि भक्तपुर तलेजुमा कायम देखिन्छ। त्यही दिन यता कान्तिपुरमा प्रताप मल्लको तीन छोराहरू नृपेन्द्र मल्ल, प्रार्थीवेन्द्र मल्ल र महिपतिन्द्र मल्ललाई कान्तिपुरका पुरोहित मनोहर राज राजोपाध्यायले दीक्षा सुनाएको थियो।(१६) त्यसदिन लागेको सूर्यग्रहण सम्बन्धमा भक्तपुर र कान्तिपुरका दैवज्ञ जोशीहरू बीच आमने–सामुने भयो। भक्तपुरको तर्फबाट विद्वान दैवज्ञ गंगाधर जोशी थिए भने कान्तिपुरको तर्फबाट उग्रमाल जोशी। ग्रहण लाग्ने समय सम्बन्धमा ती दुई दैवज्ञहरूले फरक फरक समय गणना गरे। यता आफ्नै तरिकाले हिसाब गणना गर्ने गंगाधर जोशी थिए त उता बलभद्रले रचना गरेको भास्वतीअनुसार गणना निकाल्ने उग्रमाल जोशी बीच परीक्षा भयो र उग्रमालको कुरा साँचो ठहरियो र भक्तपुरको हार भयो।(१७) यो घटना पछि कान्तिपुरमा मात्र होइन, भक्तपुरमा समेत उग्रमाल जोशीको प्रभाव बढ्न पुग्यो। भक्तपुर दरबार र तलेजुको विभिन्न कार्यमा उग्रमाल जोशी तथा उनका छोरालाई स्थान मिल्न पुग्यो।(१८)

ने.सं. ७९८ मा जितामित्र मल्लहरूले लिएको दीक्षा सम्पन्न गर्न भक्तपुर दरबारले आफ्नो राज्य अन्तर्गतका बस्ती

तथा प्रभावशाली व्यक्तिहरूबाट नगद उठाएको थियो। यस्ता नगद तथा जिन्सी बस्ती हेरि फरक हुन्थ्यो। उदाहरणको लागि उक्त दीक्षाको लागि बनेपाबाट ८०० मोट, (मोहर टका), पनौतीबाट ७०० मोट, धुलिखेलबाट २०० मोट, साँगाबाट ३०० मोट, नालाबाट ४०० मोट, श्री खण्डपुरबाट १०० मोट, चौक्वाठबाट ३३ मोट, छेभदिलबाट ५०० मोट, धर्ब्बाबाट ७०० मोट, ठिमीबाट ९१० मोट, बोडेबाट ३२० मोट, नगदेशबाट ५० मोट, बहाक धर्बाबाट ६० मोट, कर्मी नायकबाट ६० मोट नगद उठाइएको थियो।[१९] यसबाट दीक्षा सुन्ने कार्य एउटा खर्चिलो परम्परा थियो भन्ने थाहा हुन्छ। यता ने.सं. ८०७ आश्विन कृष्ण औंशीको दिन श्री २ थाकुरजुले दीक्षा लिएको देखिन्छ।[२०] उक्त दीक्षामा पुरोहित जयमुनीलाई दीक्षाबापत ५०० मोट दाम दक्षिणा दिएको र दीक्षालाई ठाउँ ठाउँबाट नगद ३९१० मोट उठाई आवश्यक सामानहरू जुटाएको विवरण छ।[२१] त्यस्तै यहाँनेर थाकुरजु भनी कसलाई सम्बोधन गरिएको स्पष्ट छैन। ने.सं. ८०८ कार्तिक कृष्ण औंशीमा सूर्यग्रहणको अवसर पारेर भुपतिन्द्र मल्लले दीक्षा लिएको देखिन्छ।[२२] तसर्थ यहाँ ने.सं. ८०७ मा दीक्षा लिने थाकुरजु भुपतिन्द्र मल्ल होइन भन्ने स्पष्ट छ। ने.सं. ८०८ मा भुपतिन्द्र मल्लले दीक्षा लिंदा भक्तपुर दरबार र तलेजुमा प्रसिद्ध विद्वान गंगाधर जोशी नै कार्यरत रहेको देखिन्छ।[२३] ने.सं. ७९८ मा सूर्यग्रहणको गणनामा कान्तिपुरका उग्रमाल जोशीसँग हार खानुपरे पछि गंगाधर जोशीले बलभद्रले रचना गरेको भास्वती ग्रन्थको राम्ररी अध्ययन गरेर यसपटक अर्थात भुपतिन्द्र मल्लले दीक्षा लिएको ने.सं. ८०८ कार्तिक कृष्ण औंशीको सूर्यग्रहणको गणना यति स्पष्ट निकाले कि एक पला पनि तलमाथि भएन। जुन सूर्यग्रहण गंगाधर जोशीका अनुसार स्पर्शमा ८ घण्टा ६ मिनेट, मध्यकालमा ९ घण्टा १० मिनेट र मोक्षमा ११ घण्टा भएको तथा ग्रास हुँदा ३ अंगुल लागेको थियो। ग्रहणको स्पर्श पूर्वबाट ग्रास दक्षिणबाट उत्तर भएर पश्चिममा मोक्ष हुने हिसाब निस्कियो, जसअनुसार ग्रहण लागेको थियो।[२४] यस पटक गंगाधर यस कारण सफल भए की ७९८ को घटना पछि बलभद्रले रचना गरेको भास्वतीको अध्ययनमा लागेको गंगाधरको ने.सं. ८०६ मा आफैले भास्वती टीका ग्रन्थसमेत तयार गरिसकेको थियो।[२५] यसबाट भक्तपुर तलेजुमा लिइने दीक्षाबाट नेपालमा ज्योतिष शास्त्रको दीक्षा लिने प्रथाले सूर्यग्रहण सम्बन्धमा बढी जानकार हुन मदत पुऱ्यायो। गंगाधर जोशी पछि भुपतिन्द्र मल्लको समयमा अर्थात ने.सं. ८३२ मा भक्तपुरमा अर्को एक दैवज्ञ कनकराज उल्हासराजले नेपालभाषामा भास्वतीकरण ग्रन्थ सारिएको छ।[२६] त्यस्तै पछि रणजित मल्लको समयमा भास्वतीकरण ग्रन्थ लेखेको देखिन्छ।[२७] रणजित मल्लको दरबारका एकजना प्रसिद्ध विद्वान कवि तथा दैवज्ञ काशीनाथले ने.सं. ८७३ मा भास्वतीकरण ग्रन्थ बनाए।[२८] यसरी नेपालको इतिहासमा मूल तलेजु भवानी भक्तपुर लायकु भित्र रहकेकारण मल्लकालमा यहाँ दीक्षा लिएको घटनालाई इतिहासमा बडो गर्वकासाथ उल्लेख गर्ने क्रममा यसको श्रेय गंगादेवी रानीलाई जान्छ। इतिहासप्रति सचेत रहेकोकारण गंगादेवीले आफूले तलेजुबाट दीक्षा लिएको घटना टिपोट गराउन सक्नुबाट नै पछाडिका मल्ल राजाहरूले यस घटनालाई लिपिबद्ध गर्न सकेको हो।

## सन्दर्भ सूची


१) **भाषा वंशावली,** भाग २, नेपाल राष्ट्रिय पुस्तकालय पृष्ठ ५२
२) **अभिलेख**, वर्ष ११, २०५० पृष्ठ ३४
२क) **गोपालराज वंशावली,** ५९ पत्र
३) **भाषा वंशावली,** भाग २, नेपाल राट्रिष्य पुस्तकालय पृष्ठ ५२
४) **पासुका,** वर्ष ४ अङ्क ४, पृष्ठ ११ विश्व मल्लको मृत्यु ने.सं. ६७९ कार्तिकमा मात्र भएको हो।
५) **मल्लकालय छु घटनावली,** चुन्दा बज्राचार्य पृष्ठ ५
६) **जितामित्र मल्लकालीन धरपौ,** चुन्दा बज्राचार्य पृष्ठ १०
७) **मल्लकालया छुं घटनावली,** चुन्दा बज्राचार्य
८) ऐजन, पृष्ठ ३२
९) ऐजन, पृष्ठ ८
१०) ऐजन, पृष्ठ ८
११) ऐजन, पृष्ठ ८
१२) ऐजन, पृष्ठ ९
१३) ऐजन, पृष्ठ ३५
१४) **पूर्णिमा,** अंक १६ पृष्ठ ३९६
१५) **सन्ध्या टाइम्स** तंसापौ
१६) **पूर्णिमा,** अङ्क २०२३, पृष्ठ २४-२५
१७) **पूर्णिमा।** अङ्क १९ पृष्ठ २६
१८) **जितामित्र मल्लकालीन धरपौ,** चुन्दा बज्राचार्य पृष्ठ ३७५
१९) ऐजन पृष्ठ तथा **पूर्णिमा,** अङ्क १३ पृष्ठ २३-२४
२०) ऐजन, १२
२१) ऐजन, पृष्ठ ११
२२) ऐजन, पृष्ठ ११
२३) **मल्लकालीन विद्वान दैवज्ञ गंगाघर जोशी**-खोप्रिङ्, अङ्क ११
२४) **जितामित्र मल्लकालीन धरपौ,** पृष्ठ १०
२५) **पूर्णिमा,** वर्ष ९ अङ्क १ पूर्णाङ्क २९ पृष्ठ ३१-५६
२६) **पूर्णिमा,** अङ्क २९ पृष्ठ ५९
२७) **नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूची पत्र**, जनकलाल वैद्य, पृष्ठ-१४७। ने.सं.८३६ मा रणजित मल्लले दीक्षा लिएको देखिन्छ। रा.अ.


***(दीक्षाको अर्थ नेपाली बृहत् शब्दकोशमा 'गुरु वा आचार्यबाट दिइने मन्त्रोपदेश, तान्त्रिक विधिले देवी-देवताको मन्त्र ग्रहण गर्ने काम' भनी दिइएको छ।)***

# नेपालको गौरवमय राष्ट्रिय लिपि :

# रञ्जना लिपि

दिवाकर श्रेष्ठ

मानिसको उत्पत्तिपछि शुरुमा आफ्नो अभिव्यक्ति अक्षर, शब्द र वाक्यबाट कहिलेदेखि सञ्चार गरे होलान् ? निश्चित तिथि मिति अज्ञात छ । तर चित्रबाट आफ्नो अभिव्यक्ति र भावना १२ हजार वर्षअघिदेखि प्रकट गरेको मानिन्छ । संसारका विभिन्न भागका गुफामा विभिन्न आकृतिका चित्रहरू भेटिएका छन् ।

मानव सभ्यताको विकाससँगै संसारमा विशेषगरि तीन किसिमको लिपिको विकास भएको मानिन्छ ।

(१) चित्रात्मक,
(२) अक्षरात्मक र
(३) ध्वन्यात्मक ।

भाव ध्वनिमूलक लिपिको विकासपछि झण्डै तीन हजार वर्षअघि विश्वभरि नै विभिन्न ठाउँबाट शब्दाक्षर पद्धतिको विकास भएको पाइन्छ । अहिलेको इराकबाट सुरु भएको सुमेरियन लेखन नै विश्वको सबैभन्दा पुरानो शब्दाक्षर लेखन भएको मान्ने गरिएको छ । जुन ईसापूर्व ३१०० देखि इसाको ७५ सम्म चलेको विश्वास छ' भनी सुदर्शन अर्याल (अनलाइनखबर) ले लेखेका छन् ।

समय फरक फरक भए पनि अहिलेसम्म विश्वमा ७ वटा लेखन पद्धतिले विश्वलाई लेखन कला सिकाएको मान्ने गरिएको छ ।

आजको विश्वमा बोलिने भाषाहरूको सङ्ख्या मोटामोटी ७,००० भएको र झन्दै आधाको आफ्नै लेखाइपद्धति रहेको बताइन्छ । त्यसमा मातृभाषा या पहिलो भाषाको रूपमा चिनियाँ भाषा बोल्नेहरू १ अर्ब ११ करोड ७० लाख छन् भने मातृभाषा र गैर मातृभाषाको रूपमा अङ्ग्रेजी भाषा बोल्नेहरूको सङ्ख्या १ अर्ब १३ करोड २० लाख छन् । यस हिसाबले विश्वमा चिनियाँ भाषा बोल्नेहरू सबभन्दा बढी रहेको देखिन्छ ।

विश्वमा बोलिने धरै भाषाहरू लोप भएको र लोपोन्मुख रहेको भाषाविद्हरू बताउँछन् ।

नेपालमा १२९ भाषा बोल्ने नागरिकहरू छन् । बोलिने भाषाको सूचीमा अङ्ग्रेजी, चिनियाँ, रुसी, स्पेनिश, फ्रेन्च, अरबी आदि पनि रहेका छन् । ती भाषा नेपालमा बसोबास गर्नेको आधारमा सूचीकृत भएको देखिन्छ, नेपालको भाषा भएर होइन । जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा नेपाली भाषा ४४.६४, मैथिली भाषा ११.६७, भोजपुरीभाषा ५.९८, थारुभाषा ५.७७, तामाङ्भाषा ५.११ र नेवारी अर्थात नेपालभाषा ३.२० प्रतिशतले बोल्छन् । यसबाहेक अन्य बढी बोलिने भाषामा बज्जिका, मगर, उर्दू, अवधी, लिम्बु, गुरुङ् आदि छन् । यसमा नेवार जनसङ्ख्या ४.९९ प्रतिशत भए पनि नेपालभाषा बोल्नेहरू ३.२० प्रतिशत हुनुले नेवारहरूले आफ्नो भाषा बोल्न छोडेको स्पष्टै बुझिन्छ ।

देशमा सवासयभन्दा बढी भाषा भएपनि सबैका आफ्नो लिपि छैन, धेरैले देवनागरीमा लेख्छन् । देवनागरी लिपीको विकास ब्राह्मी लिपिबाट भएको मानिन्छ । ब्राह्मी लिपिबाट विकास भएर पूर्व लिच्छवि, त्यसपछि उत्तरलिच्छवि हुँदै मध्यकालदेखि नै नेवारी र उत्तरमध्यकालदेखि देवनागरी लिपिको विकास भएको पाइन्छ । जसमा विभिन्न शाखा लिपिको पनि विकास भएको पाइन्छ ।

भाषाका साथै आफ्नो लिपि हुनु त्यस भाषाको समृद्धि र विकसित सभ्यताको परिचय हो । पुर्खाले दिएको समृद्धि र सभ्यतामा वर्तमान र भविष्यपर्यन्तका पुस्ताको लागि गौरवको विषय हो ।




रञ्जना लिपिका स्वर, व्यञ्जन र अङ्क

नेपालभाषामा १२ थरीका लिपि फेला परेका छन् । हेमराज शाक्यवंशको **'नेपाल लिपि सङ्ग्रह'** मा दिइएअनुसारका लिपिहरू निम्न छन् –

(१) रञ्जना (२) भूजिंमोल (३) कुंमोल
(४) क्वेँमोल (५) गोलमोल (६) पाचुमोल
(७) हिंमोल (८) लितुमोल (९) सप्ताक्षर
(१०) कुटाक्षर (११) नेपाल या प्रचलित र
(१२) अन्य ।

उक्त पुस्तकमा सबै लिपिका नमुना लिपिहरू दिइएका छन् । एउटै भाषाका यति धेरै लिपिको विकास सम्भवत विश्वका अन्य कुनै भाषाको नहोला । त्यसैले नेपालले विश्वमा गौरव गर्ने थुप्रै कुराहरूमा यी मौलिक लिपि पनि रहेको सगर्व दाबी गर्न सकिन्छ ।



विभिन्न लिपिका अक्षरहरू

उपरोक्त लिपिहरू विभिन्न ऐतिहासिक अभिलेख, दस्तावेजहरूमा प्रयोग भएका छन् । तीमध्ये अचेल थोरैमात्र प्रचलनमा रहेको देखिन्छ । ती लिपिहरू कतिपय पूर्वप्रयोगमा आएका लिपिमा सुधारिएको, परिमार्जित वा विकसित गरिएको देखिन्छ । ती लिपिहरू विभिन्न समयका ताडपत्र, शिलालेख, ताम्रपत्र, थ्यासफू आदिमा लेखिएका छन् । हेमराज शाक्यवंश लेख्छन् 'नेपालको साहित्य, संस्कृति र सभ्यता आदिको इतिहास पर्याप्त बुझ्न प्राचीन कलाको ताडपत्र, नीलपत्र, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, आदिमा लेखिएका रञ्जना, भूजिंमोल, पाचुमोल, कुंमोल, हिंमोल, लितुमोल, कूटाक्षर, सप्ताक्षर आदि लिपिको ज्ञानबिना सम्भव छैन ।' यसरी यी लिपिको ऐतिहासिक महत्त्व प्रमाणित हुन्छ । यद्यपि यहाँ विशेषगरी रञ्जना लिपिबारे केही चर्चा गर्ने जमर्को गरिएको छ ।

नेपालमा लिच्छविकालदेखि मल्लकालसम्म विभिन्न लिपिको विकास भएको देखिन्छ । त्यसमध्ये रञ्जना लिपि नेपालको मौलिक लिपि हो । सोह्रौं–सत्रौं शताब्दीसम्म रञ्जना लिपि निक्कै प्रचलनमा रहेको थियो । यो हाम्रो संस्कृति र इतिहास हो । त्यसैले हाम्रो गौरव पनि हो । यो लिपि सुन्दर र कलात्मक रहेको छ । अन्तर्राष्ट्रिय लिपि प्रदर्शनीमा चिनियाँ लिपिपछि विश्वका सबैभन्दा राम्रो लिपिको रूपमा पनि रञ्जना लिपिलाई लिइएको छ । त्यस्तै नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य हुनको लागि रञ्जना लिपिलाई नेपालको मौलिक लिपिको रूपमा पनि प्रस्तुत गरिएको महत्त्वपूर्ण आधिकारिक लिपि हो । तेजनारायण महर्जन (नागरिक) ले काठमाडौं ठमेलस्थित भगवानवहाल (विक्रमशील महाविहार) मा रहेको **'प्रज्ञापारमिता'** ग्रन्थलाई रञ्जना लिपिमा लेखिएको सबभन्दा पुरानो भनेका छन् । सबिना श्रेष्ठ (सेतोपाटी) ले ललितपुरको हिरण्यवर्ण महाविहारको **'प्रज्ञापारमिता'** सबभन्दा पुरानो लेखेका छन् भने 'ख्वपको पहिचान' (भाग १) मा आशाकुमार चिकंबंजा र विमल ताम्राकारले संवत् २ मा रामपाल देवले लेख्न लगाएको रञ्जना लिपिको **'कारण्यव्यूह महायान सूत्र'** सबैभन्दा पुरानो ग्रन्थ भनी उल्लेख गरेका छन् ।

सविता श्रेष्ठ (हिमालखबर) ले लेखेअनुसार १२ औँ शताब्दीमा **शारदा** लिपिमा लेखिएको **'कारण्यव्यूह सूत्र'** कागजमा लेखिएको ग्रन्थमध्ये सबभन्दा पुरानो हस्तलिखित ग्रन्थ मानिन्छ ।

पाटनको हिरण्यवर्ण महाविहारमा रहेको **'प्रज्ञापारमिता'** महायानी बुद्धमार्गीहरू सर्वप्रथम महामञ्जुश्रीले आफ्नै औँलाले कुँदेको भन्ने विश्वास राख्छन् । त्यही भएकाले रञ्जनालाई देवलिपि भनेर सम्मान गरेको पाइन्छ ।

मञ्जुश्रीले नै लेखेको मान्ने भएकाले धर्मगुरुहरू पनि 'प्रज्ञापारमिता' लाई आधिकारिक मान्छन् । यसैले विश्वमा जहाँजहाँ महायानी बैद्धमार्गी र बुद्ध विहार छन्, त्यहाँ रञ्जना लिपि पनि कुँदिएका हुन्छन् ।

तेइस सय वर्ष पुरानो धेरै ओटा भाषामा अनुवाद


हिरण्यवर्ण महाविहारमा 'प्रज्ञापारमिता' का अक्षरमा सुनको जलप लगाइँदै ।



सुनको जलप लगाइएको 'प्रज्ञापारमिता'

भएको यो ग्रन्थलाई हिरण्यवर्ण महाविहारका गुठियारले जीवन्त राख्न रञ्जना लिपी सुनको अक्षरबाट लिपिबद्ध गर्न सुरु गरेका छन् ।

त्यस्तै महामञ्जुश्रीले स्थापना गरेको मानिएको ठमेलको विक्रमशील महाविहारका सदस्यसचिव रहेन्द्रप्रसाद प्रधानले भनेका छन् 'सुनले लेखिएको यो एक मात्रै **प्रज्ञापारमिता** हो, जसलाई हामीले पुस्तौँदेखि जोगाइरहेका छौँ । यो सतः सहर्षसिर्खा प्रज्ञापारिता हो । यो मञ्जुश्रीकै पालामा सुनको अक्षरले लेखिएको हो ।'

दामोदर न्यौपाने (स्वदेश नेपाल) को आलेखमा लेखिएको छ 'प्रज्ञापारिमिताको 'य' ग्रन्थमा ५ सय १७ पाना छन् । 'र' ग्रन्थमा ५ सय ६ पाना, 'ल' मा ५ सय १२ र 'व' मा ४ सय ९७ पाना छन् । 'व' ग्रन्थको केही पाना हराएका छन् । सरकारले संयुक्त राष्ट्र सङ्घको सदस्यका लागि आवेदन दिंदा यहींको केही पाना बुझाएको थियो । रञ्जना लिपिमा लेखिएको यो ग्रन्थ संस्कृत भाषामा छ । संयुक्त राष्ट्र सङ्घको सदस्यताका लागि निवेदन दिने बेलामा सुरुमा नेपालले देवनागरी लिपि बुझाएको थियो । यो लिपि भारतले बुझाइसकेको थियो । त्यही भएर नेपालले सदस्यता पाएन । 'सन् १९५५ मा रञ्जना लिपिसहित आवेदन दियो र सदस्यता पायो,' प्रधान भन्छन्, 'त्यही बेला बुझाएको पाना फिर्ता ल्याएनजस्तो छ । चौथो ग्रन्थमा ४/५ पाना पुग्दैन ।'

यसको सुरुको तीन पाना मञ्जुश्रीले कान्छी औंलाले लेखेको प्रधान बताउँछन् । यी ग्रन्थ लेखिसक्ने कामचाहिं मञ्जुश्रीका चेला श्रीमनले गरेका थिए ।

बुद्ध संवत् ३४४ मार्ग शुक्ल पक्ष प्रतिपदा तिथिबाट यो ग्रन्थ लेख्न सुरु भएको प्रधान बताउँछन् । बुद्ध संवत् विक्रम संवत्भन्दा ४८७ वर्ष पुरानो छ ।

'पुरातत्त्व विभागले चारै ग्रन्थको फिलिम बनाउने भनेको थियो,' प्रधान भन्छन्, 'हामीले दिएनौँ । यो अमूल्य निधि हो । यो गोप्य ग्रन्थ हो । हामी गोप्यै राखिराख्छौँ ।' नीलपत्रमा लेखिएको ४ ग्रन्थमध्ये दुई पाना चाँदीले लेखिएका छन्, बाँकी सुनको लेपले लेखिएका हुन् ।'

सबभन्दा पुरानो ग्रन्थबारे मतैक्यता नभएको देखिए पनि रञ्जना लिपिमा लेखिएको ग्रन्थ बौद्ध मार्गीको भएकोमा विवाद छैन । रञ्जना लिपिको संरक्षण र विकासमा नेवारहरूको योगदान अद्वि तीय रहेको र त्यसमा बौद्धमार्गीहरू अग्रपङ्क्तिमा रहेको देखिन्छ । तर यो लिपि नेवारहरूको मात्र होइन । संरा सङ्घमा सदस्य हुन नेपालको मौलिक लिपिको रूपमा रञ्जना लिपि आधिकारिक रूपमा दर्ता भए पछि यो नेपाल र नेपालीकै राष्ट्रिय लिपि भएको छ । अन्यथा नेपाललाई नै नेवारहरूको मात्र भन्नुपर्ने हुन्छ ।

नेपालमा विकास भएका यी लिपिहरू नेपालका अमूल्य सम्पत्ति हुन् । त्यसबेला रञ्जना लिपिमा धेरै शिलालेख, ताडपत्र, नीलपत्र, अभिलेख, ग्रन्थ, पुस्तकहरू लेखिएका छन्, जुन नेपालको इतिहास, धर्म, संस्कृति अध्ययनका स्रोत पनि हुन् । त्यसैले नेपालको इतिहास, संस्कृति अध्ययन गर्ने एउटा महत्त्वपूर्ण चाबी रञ्जना लिपि हो ।

रञ्जना लिपिको प्रयोग धेरैजसो बौद्ध सूत्रहरूमा भएको पाइन्छ । महायानी बौद्ध सूत्र, ग्रन्थहरू धेरैजसो रञ्जना लिपिमा लेखिएको पाइएपनि यो लिपिमा शैव ग्रन्थ र तन्त्रहरू पनि लेखिएको पाइएको छ । रञ्जना लिपिको जन्म र विकास नेपालमै भएको भएता पनि यो लिपि बढी प्रयोग भने चीनमा भयो । तिब्बतीहरूले यो लिपिलाई देवलिपिको रूपमै मान्छन् । तिब्बतीहरूले अहिले पनि यो लिपिलाई शीरको माथि राख्नुपर्छ भन्ने मान्छन्, त्यसैले कुनै गुम्बा बनाउँदा अहिले पनि यस पवित्र लिपिलाई नाघ्न नपरोस् भनी गुम्बा भित्र पस्ने ढोकाको माथि अनिवार्य रूपमा रञ्जना लिपिले लेखेकै हुन्छ । तिब्बतीहरू यो



प्रताप मल्लले हनुमानढोकामा १५ वटा लिपिमा कुँदेर राखेको 'जहं अभिलेख'

लिपिलाई लानिड्ज़ा (lanydza) या लान्त्सा (lantsa) भन्दछन्

तिब्बतीहरू आफूबाट यो लिपि कहिल्यै टाढा नहोस् भन्ने चाहन्छन् । त्यसैलै उनीहरूलै सँधै समाति हिंडने 'माने' पनि रञ्जना लिपिबाटै मन्त्र कुँदेर राख्ने गर्छन् ।

नेपालमा प्रादुर्भाव भएका लिपिहरूको प्रयोग नेपालमा हुनु स्वाभाविक छ। नेपाल संवत् ७७४ मा प्रताप मल्लले हनुमानढोकामा १५ वटा लिपिमा कुँदेर राखेको 'जहं अभिलेख'मा रञ्जना लिपिको उल्लेख गरेको पाइएको छ । उक्त अभिलेखमा नेपाल लिपिका तीन किसिमको लिपि– गोलमोल आखर, रञ्ज आखर र नेवार आखर उल्लेख गरिएको छ । यी मध्ये 'रञ्ज आखर' नै पछि गएर 'रञ्जना' भएको मानिन्छ ।

'सम्पदा रंगाउने भिल्के सोच' शीर्षकमा वसन्त महर्जन



दुल्लु पाथरनावलीको रञ्जना लिपिको शिलालेख

(हिमालखबर) ले दैलेखबाट दुल्लु पुग्नै लाग्दा पाथरनावलीमा पनि रञ्जना लिपिको शिलालेख रहेको छ। खस सम्राट पृथ्वी मल्लको राज्यकालमा महामात्य देव वर्माद्वारा सर्वसाधारणका लागि निर्मित पाथरनावलीको अभिलेखमा शाके १२७६ पौष वदि २ शुक्रवार (इ.सं. १३५४) उल्लेख छ। त्यति बेलाका अन्य शिलालेखहरूमा जस्तै यसमा पनि रञ्जना लिपिमा बौद्ध षडक्षरी मन्त्र 'ॐ मणिपद्मे हुँ' बाट शुरू गरिएको छ। योगी नरहरिनाथले भेट्टाएको यो अभिलेख संस्कृत भाषामा छ।



दैलेखको रञ्जना लिपिको शिलालेख

सर्वसाधारणको हितमा निर्मित यस नावलीको पानी आजभोलि पनि उपयोगमा छ। त्यस्तै के. आर. तुलाधर (कान्तिपुर) काअनुसार काठमाडौं उपत्यका र हिमाली भेगका बौद्ध गुम्बाहरूमा बाहेक पश्चिम नेपालमा ऐतिहासिक खस साम्राज्यको एक प्रमुख केन्द्र दैलेखमा १३ औं शताब्दीमै रञ्जना लिपिमा लेखेको शिलापत्र छ। रञ्जना लिपि नेपालको गौरव हो र राज्य स्तरबाट यसको सम्बर्द्धन हुनुपर्छ भनी लेखेका छन्।

यो लिपि प्रयोग भएका धेरै ग्रन्थ, मन्दिर, गुम्बाहरू चीनमा पाइएका छन्। त्यस्तै भारत, जापान, कम्बोडिया, रुस, मंगोलिया, कोरिया, भुटान, सिक्किम, इन्डोनेसिया आदि देशमा पाइएका छन्। लिपिविद् उपप्राध्यापक शरद कसाः का अनुसार चिनियाँ परम्परागत व्यापारिक मार्ग 'शिल्क रोड' सँगसँगै रञ्जना लिपिले अन्तर्राष्ट्रिय यात्रा गरेको हो। कुनै समय अन्तर्राष्ट्रिय रूपमै प्रचलित नेपालको मौलिक रञ्जना लिपिको महत्त्व अहिले पनि उत्तिकै रहेको छ।

लिपि विज्ञ काशीनाथ तमोटका अनुसार त्यो समयमा भारतको कान्यकुब्ज विश्वविद्यालय, बंगालको नालन्दा विश्वविद्यालय, ओदन्तपुरीलगायतका विद्यालय अध्ययनका लागि प्रसिद्ध थिए । नेपालीका साथै जापान, इन्डोनेसियालगायत अन्य देशका विद्यार्थी यी विश्वविद्यालयमा अध्ययनका लागि जान्थे । उताकाहरू पनि अध्ययनका लागि नेपाल आउँथे ।

त्यो बेला बंगलादेश छुट्टै राज्य थिएन । गौड भनिन्थ्यो । १३ औं शताब्दीतिर मुस्लिम राजाले त्यहाँका महाविहारहरू भत्काए । त्यसपछि त्यहाँका विद्यार्थीहरू नेपाः मण्डल (त्योबेला यहाँ नेपाः मण्डल राज्य थियो) आउने क्रम झनै बढ्यो । त्यही क्रममा रञ्जना लिपि विस्तार भएको तमोटले 'सेतोपाटी' लाई बताएका छन् ।

'नेपालीहरू बंगाल, भारत र तिब्बतमा अध्ययनका



रञ्जना लिपिमा संस्कृत भाषामा लेखिएको अष्टसहषसिर्खाको एक पत्राङ्क, १२ औं शताब्दी (भारत)

लागि जान्थे । उताकाहरू पनि अध्ययनका लागि यता आउँथे,' उनले भने, 'त्योसँगै उनीहरूबीच किताब आदानप्रदान र साटासाट हुने, उपहार दिने हुन थाल्यो । बिहेवारी समेत चल्थ्यो । यही क्रममा रञ्जना लिपि विभिन्न मुलुकमा फैलियो ।'

'हाम्रा पुरानो गीत एवं किताबमा पनि नेपालीसँगै बंगाली, उर्दू, मैथिलीलगायत विभिन्न भाषा जोडेर लेखिएको

पाउँछौ । त्यहाँका किताबमा पनि हाम्रो लिपि पाउनु यसैको उदाहरण हो,' उनले भने ।

सुनिता साखकर्मी (कान्तिपुर) ले नेपाल लिपि गुथिका अध्यक्ष अनिल स्थापितले सरकारी तवरबाटै बालबालिकालाई यो लिपि सिकाउने व्यवस्था गर्नुपर्नेमा जोड दिएको लेख्दै सिक्किमको उदाहरण दिइएको छ । 'सन् १९९६ तिर सिक्किमकी मीना प्रधान नेपालभाषा सिक्न काठमाडौं आइपुगिन् । सरकारले खर्च गरेर उनलाई नेपालभाषा पढ्न नेपाल पठाएको थियो । ६ महिनामा उनले सबै सिकिन् र उनी सिक्किम फर्किन् । केही महिनापछि उनले मलाई फोन गरेर सिक्किममा पनि नेपालभाषा सिकाइदिन निमन्त्रणा गरिन् । त्यसपछि मैले त्यहाँ थुप्रैलाई नेपालभाषा र लिपि सिकाएर आएँ ।'

सन् १९९७ देखि सिक्किममा कक्षा १ देखि ९ सम्म नेपालभाषा पढाउने र लेखाउने पाठ्यक्रमै बनेर अहिले निरन्तर सञ्चालनमा छ ।

त्यसो त रञ्जनाको पुरानो किताबमध्ये **'पंचरक्षा ग्रन्थ'**मा बंगालका राजाको नाम पनि उल्लेख छ । सन् १०५२ तिरको यो ग्रन्थमा रञ्जना लिपिमै बंगालका राजा महिपाल र नयपालको नाम छ ।

काश्मिरमा पनि रञ्जना लिपि कोरिएको शिला भेटिएको कुरा नेपालभाषा टाइम्समा लेखिएको छ ।

जम्मु-काश्मिर राज्यको मार्खाबाट जंस्कर (Zanskar) को ट्रेकिङ रुटमा माथि रञ्जना लिपि र तल तिब्बती लिपिमा अक्षर कुँदिएको एउटा शिला भेटिएको छ ।

विगतमा नेपालको काठमाडौ उपत्यका अर्थात नेपालमण्डल जस्तै काश्मिर पनि स्वतन्त्र राज्य थियो र दुई देशबीच व्यापारिक सम्बन्ध थियो । काश्मिरका व्यापारीहरू नेपालमा पछ्यौरा (शल) र घोडा बेच्न आउँथे ।



काश्मिरको जंस्करमा भेटिएको शिला

'दुई हजार वर्ष देखि नेपालको गौरव र सभ्यता जोगाएको रञ्जना लिपि नै राज्यको उपेक्षामा' शीर्षकमा स्वदेशनेपालडटकम लेख्छ – 'इतिहासकारहरू नेपालको यो मौलिक रञ्जना लिपिको आफ्नै इतिहास ठोस रूपमा ठोकुवा गर्न सक्दैनन्, लिपिकै इतिहास लिपिबद्ध छैन भन्छन् । तर रञ्जना लिपिसँगै काठमाडौं सभ्यताको पहिचान गाँसियो । शताब्दीयौंसम्मका इतिहास, भाषा, संस्कृति, परम्परा, विश्वास र मान्यताका प्रमाण यही लिपिले जोगायो । करिब दुई हजार वर्षको इतिहास बोकेको लिपि आफैमा मौलिक सम्पदा रह्यो । काठमाडौंबाहिर सिन्जा र डोटीजस्ता पश्चिमी किल्लाहरूसम्म पुग्यो । उत्तरमा चीन हुँदै जापानसम्म र भारतीय सहरहरूसम्म फैलियो । तर राजनीतिक परिवर्तनहरू र बाह्य प्रभावहरूको प्रवाह थेग्न सकेन ।' शाहकालयता यसलाई राज्यले बेवास्ता गर्दै, प्रतिबन्ध लगाउँदै, दुरुत्साहित पार्दै लग्यो र गौरवमय राष्ट्रिय लिपि ओझेलमा पर्दै गयो ।

मठमन्दिरमा हिन्दु, बौद्ध धर्मसम्बन्धी श्लोक, मन्त्र, तान्त्रिक विधि, स्वास्थ्य उपचार विधिलगायत हजारौं पुस्तक रञ्जना लिपिमै लेखिएका छन् । त्यसकारण यो लिपिको ज्ञानले काठमाडौ सभ्यताको ठूलो कालखण्डको इतिहास बुझ्न सघाउँछ ।

धेरै विद्वानहरू रञ्जना लिपिको विकास ११ औं शताब्दीमा भएकोमा सहमत छन् । तर तान्त्रिक विद्या सातौं शताब्दीमा शुरु भएको र त्यसको मन्त्र लेखिन थालेको मानिन्छ । त्यो विद्याको मन्त्र गोप्य राखिने भएकोले त्यसेबेलादेखि यो लिपि प्रचलनमा आएको पनि बताइन्छ ।

कुनै पनि लिपिको प्रादुर्भावको लगत्तै प्रचलनमा आउने गर्दैन । त्यसको प्रचार, विभिन्न रूपमा प्रयोग र व्यवहारमा आएपछि मात्र महत्त्वपूर्ण कार्यमा प्रयोग गरिन्छ । ११ औँ शताब्दीका महत्त्वपूर्ण ग्रन्थमा यो लिपि प्रयोग भएबाट यसको



दलिनमा रञ्जनाको कुटाक्षर र काठको पट्टिमा रञ्जना लिपिले मन्त्र लेखिएको भृकुटीले बनाउन लगाएको जोखाम मन्दिर गुम्बा

प्रादुर्भाव पक्कै त्यसभन्दा अगाडि भएको हुनुपर्छ । तर कहिले ? सातौँ शताब्दीमा तान्त्रिक विद्या शुरु भएको र त्यसका मन्त्र रञ्जना लिपिमा लेखिएका छन् भने यस लिपिको जन्म त्यस अघि नै भएको हुनुपर्छ ।

त्यसैले केही लिपिविज्ञहरूले यो लिपि सातौँ शताब्दीमै विकास भइसकेको मान्दछन् । सातौँ शताब्दीमा (सन् ६२४ अघि) राजकुमारी भृकुटी स्रोङ चङ गम्पो (सन् ५६९ या ६०५ – ६४९ या ६५०) सँग बिहा भई चीन पुगेका थिए । उनले त्यसबेला ल्हासामा एउटा गुम्बा बनाएका थिए । जोखाम गुम्बा (Jokham) भनिने उक्त गुम्बा रहेको दलिनमा रञ्जनाको कुटाक्षर लेखिएको र काठको पट्टिमा रञ्जना लिपिले मन्त्र लेखिएको पाइएको छ । 'सातौँ शताब्दीमा निर्माण भएको उक्त गुम्बामा रञ्जना लिपि पाइएकोले यो लिपिलाई सातौँ शताब्दीमै विकसित भइसकेको पनि मानिन्छ' लिपिविद् कसाःले भने 'यदि गुम्बामा लेखिएको लिपि गुम्बा बनाउँदा नै लेखिएको हो भन्ने प्रमाणित भयो भने रञ्जना लिपि सातौँ शताब्दीमै विकसित भएको मान्नु पर्ने हुन्छ ।'

यसको अध्ययन गरी तथ्य पत्ता लगाउनु भाषा र लिपिविद् तथा इतिहासकारहरूको जिम्मेवारी देखिन्छ ।

रञ्जना लिपि फेला परेको अर्को महत्त्वपूर्ण ऐतिहासिक र पुरातात्त्विक विश्व सम्पदास्थल चीनको लामो पर्खाल (Great Wall) हो ।

लामो पर्खाल मानिसले बनाएको संसारको सबैभन्दा लामो विश्वविख्यात पर्खाल हो । यसको लम्बाइ २१ हजार १ सय ९६.१८ किलोमिटर रहेको छ । यसले चीनका १५ प्रान्त र स्वायत्त प्रदेशहरू छोएको छ ।

यो पर्खाल बनाउन पाँचौदेखि १६औँ शताब्दीको लामो कालखण्डमा सयौँ वर्ष लागेको थियो । यो ६ ओटा विभिन्न वंशका राजाहरूले राज्य गर्दा निरन्तर रूपमा थप्दै र बनाउँदै लगेका थिए । यो २ हजार ३ सय वर्ष पुरानो रहेको छ । बेलाबेलामा विभिन्न ठाउँहरूमा बनाइएका पर्खालहरूलाई 'छिङ वंश' (Qin) का राजाहरूका पालामा जोडेर एउटै लामो भीमकाय पर्खालको स्वरूप दिइएको थियो । छिङ वंशको समयलाई चिनियाँ इतिहासमा सबैभन्दा महत्त्वपूर्ण समयका रूपमा लिइन्छ ।

सन् १९८७ मा युनेस्को सम्पदामा सूचीकृत ग्रेटवाल विश्व सांस्कृतिक धरोहर त हुँदै हो, चीनको महत्त्वपूर्ण पूरातात्त्विक सम्पदा पनि ।

राजधानीको एक समाचारअनुसार आफैमा आश्चर्यको रूपमा रहेको चीनको ग्रेटवालमा नेपाली रञ्जना लिपि भेटिनु नेपालीहरूका लागि अर्को आश्चर्य बनेको छ । ग्रेटवालजस्तो प्राचीन मानव निर्मित पर्खालमा यो लिपि भेटिनुले नेपालीका मनमा आश्चर्यमात्र होइन, खोज तथा अनुसन्धानको कौतुहललाई नजिक्याएको छ ।

प्राचीन समयमा निर्मित चीनको ग्रेटवालमा पाइएको नेपाली रञ्जना लिपिले नेपालीहरूलाई विश्वमा चिनाउने काम गरेको छ ।

त्यस्तै चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको नेपाली सेवामा कार्यरत लक्ष्मी लम्साल नेपाल खबरमा लेख्छन् 'नेपालीले गर्वले छाती फुलाउने एउटा ठाउँ पनि रहेछ ग्रेटवाल सम्पदा' ।

झण्डै साडे ९ मिटर उचाइ, प्रस्तरबाट निर्मित





ग्रेटवालको युन थाइ प्रवेशद्वार (माथि) र भित्तामा कुँदिएका रञ्जना लिपि

प्रवेश द्वारका भित्ताहरूमा बुद्धमूर्ति र सूत्रहरू देखिन्छन् । सूचनापाटीमा लेखिएको छ– प्राचीन संस्कृत, तिब्बती, फाग्पा, युगुर, पश्चिमी (१०३८–१२२७) स्या शासनकालको भाषा र हान भाषामा बुद्ध मन्त्रहरू कुँदिएका छन् ।

सन् १२४४ देखि १३०६ को अवधि नेपाली कलाकार अरनिकोको कलाप्रभावको युग थियो । उनले तिब्बत हुँदै चीनभरि बौद्ध धर्म, प्यागोडा शैलीका साथै रञ्जना लिपिको पनि प्रचार गरेका थिए । युनथाइमा तिब्बती बुद्धिज्म र रञ्जना लिपिको विश्लेषण गर्ने हो भने उनकै प्रतापले यस्तो लिपि कुँदिएको निष्कर्षमा पुग्न सकिन्छ ।

च्वीयुङक्वानको युनथाइमा देखिएको नेपालभाषा अर्थात् रञ्जना लिपि त नेपाली मात्रैले एकलौटी रूपमा गर्व गर्न पाउने ऐतिहासिक अवसर हो । इतिहासले कोरेको यो सुनौलो अवसरबाट नेपाल-चीन सम्बन्धमा थप आयाम पनि कोर्न सकिन्छ ।

काशीनाथ तमोटका अनुसार चीनमा अन्य देशको तुलनामा रञ्जना लिपि धेरै फेला परेका छन् । यसमा मुख्यतया अरनिको (१२४५-१३०६) र अन्य नेपाली कलाकारको प्रभाव रहेको उनी बताउँछन् । अरनिको र अरू नेपाली कलाकारले चीनमा बनाएका स्मारक तथा कलामा रञ्जना लिपि प्रयोग गरेका थिए । अरनिकोका सिर्जनाले चिनियाँ सभ्यतामा गहिरो प्रभाव पारेको छ ।

उनका अनुसार १३ औं शताब्दीतिर नै ग्रेटवालमा रञ्जना लिपि फेला परेको थियो । ग्रेटवालमा सन् १३४५ मा बनेको युन्थाई (क्लाउड टेरेस) भन्ने नगरढोकामा संस्कृत मन्त्र कुँदिएको छ । यो रञ्जना लिपिमा छ । त्यो बौद्ध सूत्र **सितातो पत्रोष्णीषधारणी** हो । यसको अर्थ शीत र घामबाट बचाउने हुन्छ ।

चीनमा फैलिएको पगोडा शैली र पगोडा शैलीमा निर्माण भएका त्यहाँको भौतिक संरचनाहरू हाल चीनका लागि पर्यटकीय आकर्षणका स्रोत बन्न पुगेका छन् । यो शैलीको विकासमा भृकुटीसँगै गएका र अरनिकोसहितका नेपाली कलाकारहरूको देन हो ।

चीनमा अन्यत्र पनि रञ्जना लिपिमा कुँदिएको सामग्री भेटिएको छ ।

यो रञ्जना लिपि चीनको शाङ्घाईको सबभन्दा





चिङआनको मन्दिरमा लेखिएको रञ्जना

पुरानो र प्रसिद्ध मन्दिरमा पनि कुँदिएको छ । चीनका लागि नेपालका तत्कालीन राजदूत लिलामणि पौडेलले ट्विट गर्दै भनेका थिए- चिङआन (Jing'an) को मन्दिरमा रञ्जना लिपि कुँदिएको देख्दा खुसी लाग्यो ।

त्यस्तै १७ औं शताब्दीमा चीनको छ्वान राज्यका राजाको मुकुटमा 'ॐ आः हूँ' मन्त्र कुँदिएको छ । यो मन्त्रसँगै बौद्धधर्मको मन्त्र 'ॐ मणिपद्मे हूँ' पनि लेखिएको छ ।

एउटा राजाले आफ्नो श्रीपेचमा रञ्जना लिपिलाई



चीनको छ्वान राज्यका राजाको मुकुटमा कुँदिएको रञ्जना लिपि

स्थान दिनु निश्चय पनि ठूलो कुरा हो ।

चीनकै मिङवशी राजा तायी मिङले नेपाःमण्डलको बनेपाका महासामन्त महामात्य (महाथ) शक्तिसिंहरामलाई तिब्बतको लामा तिङ तासि रिजिनमार्फत आदेशपत्रसमेत रञ्जनामै कुँदेर पठाएको भेटिएको छ ।

'त्यसमा नेपाल सम्वत् भनेर महाचीनाब्द ५३५ आषाद शुक्लदशमी उल्लेख छ,' काशीनाथ तमोटले भने, '१६ जुन १४१५ मा लेखिएको यो पत्र राष्ट्रिय अभिलेखालयमा संरक्षित छ ।' (यसमा मिङवंशी राजाको नाम फरक परेको हो कि ?) चीनले महत्त्वका साथ लिपिमा अध्ययन गरिरहेको छ, तर हामीले आफ्नै पनि जगेर्ना गर्न सकेको छैन ।

तर पनि मानिस अपनत्व, वैशिष्ट्य र पहिचानको खोजी गर्दै हिँड्दो रहेछ । यसै कुराले उसलाई अन्य समुदायका बीचमा उसको पहिचान र स्वत्वको स्वीकृति प्रदान गर्दो रहेछ । यसैले सरकारी पक्षबाट यस लिपिको संरक्षण र सम्बर्द्धनमा उचित चासो नदिए पनि जनस्तरबाट निरन्तर प्रयास भइरहेको छ ।

लिच्छवि र मल्लकालदेखि बहुप्रचलित नेपालभाषा र लिपिमाथि गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौ उपत्यका दखल गरेदेखि दमनको क्रम शुरु भयो । पृथ्वीनारायण शाहले उपत्यका जितेपछि उनका भाइ र भारदारले ७ दिनसम्म यहाँका पुस्तक जलाएको बताइन्छ ।

नेपाल लिपि गुथिका उपाध्यक्ष अनिल स्थापित (सेतोपाटी) भन्छन्- शाहकालीन समयमा धेरै किताब नष्ट भए । काठमाडौंका सात मुख्य पुस्तकालयका किताब शाहकालमा एकै ठाउँमा थुपारियो ।

'राणाहरूले त पछि गाडाका गाडा किताब फाले । कलकत्ताको एसियाटिक सोसाइटीमा अझै पनि ती फालिएका किताबको ६ पोका बाँकी छ भनिन्छ,' स्थापितले भने, 'त्योसँगै नेपाल आएका ब्रिटिस रेसिडेन्टल अफिसर ब्रयान हडसनले पनि धेरै किताब ब्रिटेन पुऱ्याए ।'

'ती किताब संरक्षण गरिएको भए रञ्जनाको इतिहासबारे थप अनुसन्धानमा सहयोग पुग्थ्यो,' उनले भने ।

राणाकालसम्म पुग्दा दमन बढ्दै गयो । सन् १९१२ मा चन्द्रशमशेरले गोर्खा भाषाबाहेक अन्य भाषामा लेखिएका कागजपत्र अवैध घोषणा गऱ्यो । भाषामाथिको दमन दशकौं जारी रह्यो र सन् १९४१ मा नेपालभाषाका लेखक कविलाई जेल हाल्दै सम्पत्ति जफत गऱ्यो । नेपालभाषाका पुस्तकहरू जफत गर्दै जलाइए । कतिपय नेवारहरूले आफूसँग भएका ग्रन्थ र पुस्तकहरू लुकाए ।

राजा महेन्द्रले संरा सङ्घमा सदस्यता प्राप्त गर्न मौलिक लिपिको रूपमा रञ्जना लिपि दर्ता गराए तर सन् १९६० तिर पुग्दा देवनागरी लिपिको लागि 'एक देश, एक भाषा र एक लिपि' को नीति ल्याए । यसबाट नेपाल लिपिहरू राज्यको कोपभाजनमा पर्दै गयो ।

शाह र राणा शासनबाट लुकाएर बचाइएका देशका



कुटाक्षरको एक नमुना, जनवहाल, काठमाडौं

कतिपय पुस्तक र ग्रन्थहरू डेनियल राइट, ब्रियान हडसन् आदिले ओसारे । यसरी ओसारिएका कतिपय ग्रन्थहरू भारत, फ्रान्स, जर्मनी, युरोप र संरा अमेरिकाको यात्रा गर्दै बेलायतको रोयल एसियाटिक सोसाइटीमा थुप्रियो । भारतको पटना, कलकत्ता, जर्मनीको सङ्ग्रहालय, बृटिश लाइब्रेरी लगायत विश्वका विभिन्न पुस्तकालय र सङ्ग्रहालयहरूमा थुप्रिएका छन् । नेपालमा बाँकी रहेका पुस्तक, ग्रन्थ, ताडपत्र, नीलपत्र, स्वर्णपत्र, थ्यासफू, आदि देशका विभिन्न संस्थाहरूमा छन् । रञ्जना लिपिको इतिहास दर्शाउने सामग्री यतिबेला राष्ट्रिय अभिलेखालय, राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, आशा सफू कुथि, छाउनी सङ्ग्रहालयलगायतका स्थलमा सङ्कलित र सुरक्षित छन् । कतिपय व्यक्तिको घरमा रहेको पनि बताइन्छ । हाम्रो इतिहास र सभ्यताका ती स्रोतको रूपमा रहेको सम्पदाको संरक्षण सबैले

गर्नुपर्छ र त्यसको प्रमुख दायित्व भने सरकारकै हो ।

ती स्रोतको अध्ययनको निम्ति भाषा र लिपिको ज्ञानको आवश्यकता पर्छ । तर यसको अध्ययन गर्नेहरूको सङ्ख्या घटदै गएकोले लिपिको अवस्था त सङ्कटकमै परेको देखिन्छ । यसैलाई दृष्टिगत गरी विभिन्न संस्था र व्यक्तिहरूले नेपालका लिपिहरूको संरक्षण, पुनर्जागरण, प्रशिक्षण, कार्यशाला, लिपिगफ, क्यालिजात्रा, लिपिनखः, रञ्जना लिपिको वर्णमाला प्रकाशन, रञ्जना लिपिको मोबाइल एप र युनिकोड आदि गतिविधिहरू सञ्चालन गरेका छन् ।

यसमा काठमाडौं ज्याठास्थित नेपाल लिपि गुथि अग्रणी





रञ्जना लिपिको कार्यशाला (माथि) र लिपि गफका आयोजक र सहभागीहरू

रहेकोछ । गुथिले नियमित कक्षा सञ्चालन गरेको तीन दशकभन्दा बढी भएको छ । त्यस्तै काठमाडौं, मध्यपुर, भक्तपुर, चन्द्रागिरी नगरपालिकाहरू, विभिन्न पुस्तकालय र क्लब-संस्थाहरूलगायत व्यक्तिहरूले समेत पहल गरिरहेका छन् । यसमा युवाहरूको सक्रियता सराहनीय छ ।

रञ्जना लिपि सुन्दर लिपि हो परन्तु लेख्न गाह्रो छ । त्यसैले मिहिनेती र लगनशीलहरूले स्वअभ्यासबाट लिपि लेख्न सिक्छन् । तर धेरैले प्रशिक्षण वा तालिम लिएर सिक्छन् ।

गाह्रोकै कुरा गर्ने हो भने कुनै पनि भाषाको लिपि वा अक्षर लेख्न नजानेसम्म गाह्रो नै हुन्छ । शुरुमा हामीलाई अभिभावक/शिक्षकले हात समाएर सिकाएका थिए । 'क' होस् वा 'A' लेख्न गाह्रै भएको थियो । लामो छोटो तीन धर्का ताने पुग्ने 'त्र' या 'A' लेख्न कम गाह्रो भएको थिएन । तर आज अभ्यस्त भएकोले सजिलै लागेको छ ।

विश्वका सुन्दर लिपिको कुरा हुँदा चिनियाँ, अरबी, बर्मेली, उर्दू आदिको नाम आउँछ । ती भाषाकालाई आफ्नो लिपि सरल लागे पनि हामीलाई कठिन लाग्छ । परन्तु मिहिनेतका साथ सिक्ने र अभ्यास गर्ने हो भने भोलि हामीलाई नि सरल लाग्ने छ ।

त्यस्तै रञ्जना लिपि पनि शुरुमा कठिन देखिए पनि अभ्यस्त हुँदै जाँदा देवनागरीजस्तै सरल नै हुनेछ । चरा, जन्तु वा मानिसको चित्र लेख्न हामीमध्ये जो कोही सक्छौं । आकर्षक, सुन्दर राम्रो अर्थात स्वाभाविक र दुरुस्त लेख्न बिना तालिम र अभ्यास सम्भव हुदैन । राम्रो र सुन्दर लेख्न त्यस्तै मिहिनेत र अभ्यासको आवश्यकता पर्छ भन्ने कुरा सबैलाई थाहा छ । प्रकृति मल्लको हस्तलेखाइ विश्वकै उत्कृष्ट (सन् २०१७) ठहरिएको थियो । त्यस्को निम्ति तिन्ले कति मिहिनेत र अभ्यास गरेहोलिन् ? सजिलोमात्र खोज्ने हो भने सुन्दर र राम्रो त के लेख्न पनि सिक्न सकिन्दैन भन्ने सबैले हेक्का राख्नै पर्छ ।



रञ्जना लिपिका प्रशिक्षकहरू



'लिपि सुन्दरी' सुनिता डंगोल

त्यसैले विश्वकै एक सुन्दर लिपि रञ्जना लिपि लेख्न पनि तालिम र अभ्यास आवश्यक हुनु नितान्त स्वाभाविक कुरा हो।

यसमा सन् २०११ मा 'मिस नेवा:' को ताज पहिरेकी सुनिता डंगोलको सक्रिय सलग्नता उल्लेखनीय छ। रञ्जना लिपिको प्रशिक्षण र प्रचारमा संलग्नताकै कारण तिन्लाई 'लिपि सुन्दरी' को उपनामसमेत दिइएको छ।

तिनीहरूले मौलिक लिपिको संरक्षणकोलागि प्रशिक्षण, क्यालिजात्रा देशका विभिन्न भागमा गरिरहेका छन्। त्यसमा कपाल फुलेका वृद्धदेखि विद्यार्थी र तन्नेरीहरू उत्साहपूर्वक सहभागी भइरहेका छन्। लिपि सिक्नेमा नेवारहरू मात्र नभई अन्य मातृभाषाकाका साथै विदेशीहरू पनि रहेका छन्।



रञ्जना लिपि सिक्दै नेपाली र विदेशी

देशमामात्र होइन विदेशमा पनि रञ्जना लिपिको प्रबर्द्धनका गतिविधि भएका छन्।



बेलायतको लन्डनमा भएको नेपाल लिपिको एउटा कार्यशाला

देशको, गौरवमय राष्ट्रिय मौलिक लिपि अर्थात संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धनमा यी गतिविधिले निश्चय पनि ठूलो टेवा पुगेको छ अतः तिनीहरू धन्यवादका पात्र छन्।

देशका केही संस्था र व्यक्ति देशकै प्रतिष्ठा र गौरव बनेको रञ्जना लिपिको संरक्षण, सम्बर्द्धन र प्रचारमा क्रियाशील रहँदै गर्दा रञ्जना लिपिको सुन्दरता र महत्ता बुझेका कथित केही बुद्धिजीवी भने यसको प्रयोगको विरोध गर्नेहरू पनि देखापरेका थिए। काठमाडौं महानगरपालिकालगायत अन्य नगरपालिकाले आफ्नो साइनबोर्डमा रञ्जना लिपि प्रयोग गरेकोमा विरोध गरेका थिए।


तर देशको मौलिक र राष्ट्रिय लिपिको जगेर्ना गर्न लागि परेकाहरूले 'काग कराउँदै गर्छ पीना सुक्दै गर्छ' या 'कुकुर भुक्दै गर्छ हाती लम्कँदै गर्छ' भने झैं आफ्नो कर्तव्य निर्वाह गर्दै गए। यसमा संस्कृति र सम्पदाप्रेमी सबै नेपालीले हातेमालो गर्नु आवश्यक छ। नेपाल संवत् ११४१ को नव वर्षमा कम्तिमा आफ्नो र परिवारको, देशको, प्रदेशको, जिल्ला र नगर-गाउँ टोल आदिको नाम रञ्जना लिपिमा लेखेर र त्यसमा बढीभन्दा बढीलाई सहभागी गराएर, प्रचार गरेर देशको गौरवमय राष्ट्रिय लिपिको सम्मान गर्नेछन् भन्ने आशा गर्नु समयोचित हुनेछ।

*(स्रोत-विभिन्न पत्रिका र इन्टरनेट)*

## आगामी अङ्कदेखि

विश्व कम्युनिष्ट आन्दोलनका एक शीर्षस्थ नेता **किम इल सङको संस्मरण** नवौं भागको नेपाली अनुवाद आगामी अङ्कदेखि प्रकाशित हुनेछ।

**प्रतिक्षा गर्नुहोस्।**



# बत्तीमुनि अँध्यारो

सुषमा सापकोटा रिसाल



बुद्धको विचार धर्म हो कि दर्शन भन्नेमा ठूलो विवाद छ। धर्म भए पनि दर्शन भए पनि यसको एउटा सुन्दर र प्रशंसनीय पक्ष भनेको जातीय व्यवस्थाप्रतिको अनास्था हो। तर, धेरैलाई थाहा नहुन सक्छ– बुद्धको जन्म भएको शाक्य राज्य कपिलवस्तु जातीय विभेदको कारण नै पतन हुन पुगेको थियो।

पहिले सिन्धु घाटीको नगर सभ्यता, त्यसपछि ग्रामीण वैदिक सभ्यताको पतनपछि ईशापूर्व छैटौं शताब्दीमा १६ महाजनपद अस्तित्वमा रहेकोमा सबै इतिहासकारबीच सहमति छ। यहीबेला उदय भएका बुद्ध र जैन दर्शनसँग सम्बन्धित अङ्गुत्तर निकाय तथा भगवतीसूत्रजस्ता रचनाहरूबाट १६ महाजनपदबारे जानकारी प्राप्त गर्न सकिन्छ। यी महाजनपदमा सर्वाधिक महत्त्वपूर्ण मगध महाजनपद त्यसपछि कोशल, अवन्ति र बज्जि चर्चित छन्।

महाजनपदमध्ये शक्तिशाली कोशल तथा मगधबीच दोहोरो वैवाहिक सम्बन्ध थियो। कोशल नरेश प्रसेनजीतले मगधकन्या विवाह गरेका थिए भने मगध राज्यमा हर्यक वंशका संस्थापक राजा बिम्बिसारले कोशल राजकुमारी महाकोशलादेवीसँग विवाह गरेका थिए। बिम्बिसारको हत्या गरेर उनका छोरा अजातशत्रुले राज्य हत्याएपछि अवध नरेश प्रसेनजीतको मगध राज्यसँग सम्बन्ध बिग्रनुका साथै लामो समयसम्म युद्धसमेत भएको थियो। अन्त्यमा राजा प्रसेनजीतले आफ्नी छोरी बाजिराको विवाह अजातशत्रुसँग गरिदिएर दुई राज्यबीचको सम्बन्धमा सुधार भएको थियो।

साना-साना आठ कुलहरूको सङ्घ मिलेर बनेको बज्जि महाजनपदलाई विश्वको पहिलो गणतन्त्रात्मक राज्य मानिन्छ। त्यहाँ वंशजको आधारमा स्वतः राजा बन्ने पद्धति नभएर निर्वाचित व्यक्ति राजा बन्ने प्रजातान्त्रिक व्यवस्था थियो। तर, यो प्रजातन्त्रमा सर्वसाधारण जनता सहभागी हुन पाउँदैनथे। राजा चुन्ने तथा चुनिने दुवै अधिकार जनप्रतिनिधि वा कुलीनहरूलाई मात्र थियो। राजा कार्यपालिका प्रमुख हुन्थे र सहायकहरू नियुक्त गर्थे। गम्भीर विषयमा बहुमतले नभएर सर्वसम्मतले निर्णय गर्थ्यो।

बज्जि महाजनपदका आठै सङ्घका आ-आफ्नै राजधानी थिए। तर, सम्पूर्ण सङ्घको राजधानी भने वैशाली थियो। शाक्य, कोलीय, मोरीय, बुली, लिच्छवि, विदेह, भग्ग, कालामआदि बज्जि महासङ्घका कुलवा सङ्घ थिए। शाक्यको राजधानी कपिलवस्तु थियो जुन वर्तमान तिलौराकोट भएको ऐतिहासिक प्रमाणहरूले पुष्टि गरेको छ। आजभन्दा लगभग २५ सय वर्ष अघि शाक्य राजा शुद्धोधनकी गर्भवती रानी मायादेवी चलनअनुसार बच्चा जन्माउन माइत देवदह जान लागेकी थिइन्। बाटोमा पर्ने लुम्बिनी बाटिकामा ई.पू. ५६३ मा उनले एक तेजश्वी बालकलाई जन्म दिइन्। बालकको सिद्धार्थ नाम रह्यो। चाँडै नै मायादेवीको निधन भएकोले सिद्धार्थको लालनपालन उनकी सानिमा तथा विमाता प्रजापति गौतमीबाट भयो। गौतमीले पालनपोषण गरेकोले सिद्धार्थलाई गौतम भनिएको हो। शाक्य कुलमा जन्मेका कारण उनलाई शाक्यमुनि पनि भनिन्छ।

सिद्धार्थले २९ वर्षको उमेरमा गृहत्याग गरे जसलाई बौद्ध दर्शनमा महाभिनिष्क्रमण भनिन्छ। ६ वर्ष तपस्या गरी ३५ वर्षको उमेरमा उनले ज्ञान प्राप्त गरेर बुद्ध बने। बुद्ध बनेपछि सर्वप्रथम उनले सारनाथमा प्रवचन दिएर धर्मचक्रप्रवर्तन गरे। इ.पू. ४८३ मा ८० वर्षको उमेरमा महापरिनिर्वाण प्राप्त नभएसम्म उनले निरन्तर प्रवचन दिइरहे, आफूले प्राप्त गरेको ज्ञानको अविरल प्रचार गरिरहे। उनको दर्शनबाट, प्रवचनबाट प्रभावित भएर धेरै उनका शिष्य बनेर बुद्ध सङ्घमा आबद्ध भए। लाखौं मानिस उनका अनुयायी बने। उनको कीर्ति चारैतिर फैलियो।

बुद्धको लोकप्रियता बढेसँगै जनसाधारणदेखि सम्भ्रान्तवर्गमा समेतमा शाक्यकुलप्रतिको आकर्षण झन् बढ्न गयो। कपिलवस्तुका शाक्यप्रति विशेष श्रद्धा बढ्न गयो। कुलीन वर्गले शाक्य कन्यासँग विवाह गर्ने चाहना देखाउन थाले। कोशल नरेश प्रसेनजीतलाई पनि कपिलवस्तुकी शाक्य कन्या विवाह गर्ने रहर जाग्यो र उनले सोही आशयको सन्देश

कपिलवस्तु पठाए । बहुविवाह सामान्य मानिने त्यो युगमा राजा–महाराजा, सामन्त, धनीमानीले एकभन्दा बढी विवाह गर्थे । राजा–महाराजा त कूटनीतिक हिसाबले र राजनीतिक सन्तुलन कायम राख्ने उद्देश्यले समेत एकभन्दा बढी विवाह गर्थे । तसर्थ प्रसेनजीतले शाक्य कन्या विवाह गर्ने चाहना राख्नु आश्चर्यको विषय थिएन । बरु शाक्यले प्रसेनजीतलाई आफू बराबरको नठान्नु भने समस्याको विषय बन्यो ।

प्रसेनजीतलाई हिन्दू ग्रन्थहरूमा रघुवंशी र बौद्ध ग्रन्थहरूमा इछ्वाकुवंशी क्षेत्रीय भनिएको छ र पनि शाक्यहरू उनको कुललाई आफू बराबरको ठान्दैनथे । तथापि उनको प्रस्ताव अस्वीकार गरेर कोशलजस्तो शक्तिशाली राज्यसँग शत्रुता बढाउने पक्षमा पनि कपिलवस्तु थिएन । राजा शुद्धोधन असमञ्जस्यमा परे । अन्ततः महानाम नामक शाक्यवंशी भारदारले 'सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने' उपाय अपनाए । दासी नागमुण्डाकी सुन्दरपुत्री वासभखत्तियालाई आफ्नी कन्या बताएर उनको विवाह प्रसेनजीतसँग गरिदिए । यो कुरो कपिलवस्तुमा मात्र सीमित रह्यो । यता प्रसेनजीत भने शाक्य कन्यासँग विवाह गरेर आफूलाई धन्य सम्झे । उनैबाट जन्मेकी छोरी बाजिराको विवाह अजातशत्रुसँग गरिदिए भने छोरा विडुडभलाई उत्तराधिकारी बनाए ।

राजकुमार बिडुडभलाई पुराणहरूमा क्षुद्रक भनिएको छ । सानो छँदा जब उनी मामाघर कपिलवस्तु जान्थे, उनीभन्दा जेठासँगमात्र उनको परिचय गराइन्थ्यो । आफूभन्दा ठूलालाई विडुडभले ढोग्नैपर्‍यो, ढोग्थे वा दर्शन गर्थे । उनीभन्दा साना भनेर कसैलाई परिचय गराइन्नथ्यो । त्यसैले मामाघरमा उनलाई ढोग्ने वा दर्शन गर्ने कोही निस्कँदैनथे । केटाकेटी भए पनि उनलाई यो कुरा याद भएको थियो तर कारण भने पत्ता लगाउन सकेका थिएनन् ।

एकपल्ट विडुडभ मामाघर गएको बेलामा बुद्धको पनि कपिलवस्तु आगमन हुने भएछ । स्वभावैले बुद्धले त्यहाँ प्रवचन दिने भए । तसर्थ प्रवचन दिने मण्डप वा प्रवचनस्थल तयार पारिँदै थियो । खेल्दाखेल्दै विडुडभ प्रवचनस्थलमा पुगेछन् । बुद्धले प्रवचन दिने पवित्र स्थानमा दासीपुत्रले टेकेर अपवित्र बनाइदिएको भन्दै उनलाई त्यहाँबाट अपमानपूर्वक हटाइयो र त्यो ठाउँलाई पुनःलिपपोत गरेर चोख्याइयो । यस घटनाबाट विडुडभ मर्माहत भए तर केही गर्न सकेनन्, चुपचाप अपमान पचाए । त्यस घटनापछि उनको मनमा बदलाको भावना पलायो । यस विषयमा अर्को भनाइ पनि प्रचलित छ । अलि ठूलो भएपछि एकपल्ट विडुडभ मामाघरबाट घर फर्कँदै थिए । केही वर आइपुगेपछि आफ्नो कुनै सामान छुटेको सम्झना आयो र उनले अङ्गरक्षकलाई सामान लिन मामाघर पठाए । उनको मान्छे दरबारमा पुग्दा 'दासीपुत्रले खाएको भाँडा, दासीपुत्र बसेको ठाउँ' भनेर खिसिट्यौरी गर्दै दूधले पखालेर चोख्याउने काम हुँदै रहेछ । यो देखेर विडुडभको दूत किंकर्तव्यविमूढ भए । फर्केर आएपछि उनले राजकुमारलाई सम्पूर्ण विवरण सुनाए ।

आफ्नी आमा कुलीन शाक्य कन्या नभएर दासी भएको सत्यसँग साक्षात्कार भएपछि विडुडभ अत्यन्त दुःखी भए । सानैदेखि मामाघरमा आफूमाथि हुने भेदभावपूर्ण व्यवहारको अर्थ बल्ल बुझे । आफ्ना पितामाथि शाक्यहरूले ठूलो षड्यन्त्र गरेको ठहर गरे । उनलाई पनि शाक्यकुललाई लिएर अभिमान थियो । उनको गर्व चकनाचूर भयो । क्रोधले प्रतिशोधको भावना उत्पन्न गरायो र कपिलवस्तु तथा शाक्यवंशको संहार गर्ने उनले प्रण गरे । पहिल्यैदेखि उदण्ड स्वभावका विडुडभ फर्केर राजधानी श्रावस्ती आएपछि बाबुसँग विद्रोह गरे । वास्तवमा उनका बाबु नै छलको शिकार भएका थिए । यस धोकाको लागि आमालाई जिम्मेवार ठह्र्‍याएर उनलाई धिक्कारे ।

प्रतिशोधको भावना जति बलियो भए पनि विडुडभ त्यतिखेर कमजोर थिए । परिस्थिति उनको अनुकूल बन्दै थियो भने प्रतिकूलतालाई अनुकूल बनाउने खेल पनि उनले थालिसकेका थिए । वृद्ध राजा प्रसेनजीत राजकाजबाट विमुख हुँदै बुद्धको अनुयायी बनिसकेका थिए । बुद्धले श्रावस्तीमा धेरै समय बिताएका मात्र नभएर सबैभन्दा बढी प्रवचन पनि यहीं दिएका थिए । अतः राजाको धेरै समय बुद्धको प्रवचन सुनेर विहारमै बित्न थालेपछि बिस्तारै दरबारमा विडुडभ बलिया हुँदै गएका थिए ।

यसबीच राजा प्रसेनजीतका विश्वासपात्र सेनापति बन्धुल मलको हत्या भयो । यो घटनाबाट राजा बडो दुःखी भए । अझ बन्धुलका भतिजा कारायणले आफ्ना काकाको हत्यामा राजाकै हात भएको शङ्का गरे र यसको बदला लिने उद्देश्यले विडुडभलाई बाबुविरुद्ध भड्काउन थाले । प्रिय मित्रसमेत रहेका बन्धुलको हत्याले विक्षिप्त प्रायः भएका ८० वर्ष नाघिसकेका वृद्ध राजा प्रसेनजीतमा राज्यप्रति रहेको अलिअलि मोह पनि समाप्त भयो । अनि त उनी लगभग सम्पूर्ण समय विहारमै बिताउन थाले ।

राजा कमजोर भएको बेलामा बाह्य आक्रमण र आन्तरिक षड्यन्त्र हुनु स्वाभाविकै हो । कोशल राज्यमा पनि यही भयो । विडुडभको विद्रोहको आगोमा घिउ थप्दै मन्त्री दीर्घाचरणले 'यसरी राज्य चल्दैन, अब राजालाई राज्यच्युत गरेर सही व्यक्तिलाई राजा बनाउनुपर्छ' भनेर उक्साए । बाबुलाई बन्दी बनाउने कुरा विडुडभले पहिले त आँट्न सकेनन् । तर, छिट्टै राजा बन्ने लोभले पितृमोहमाथि विजय प्राप्त गर्‍यो । फलस्वरूप बाबुलाई बन्दी बनाएर ल्याउने आदेश दिएर सैनिकलाई विहारमा पठाएर मौकाको फाइदा उठाउँदै मन्त्री दीर्घाचरणको

भरोसामा कोशलको राजासिंहासनमा विराजमान भए ।

यता राजा प्रसेनजीतलाई पक्रन आएको सैनिकले उनलाई भगाइदिने विचार गऱ्यो । उसैको सहयोगमा प्रसेनजीत ज्वाइँ अजातशत्रुको शरणमा जाने विचारले मगधको राजधानी राजगृहतिर लागे । दुर्भाग्यवश उनीपुग्दा नगर प्रवेश गर्ने द्वार बन्द भइसकेछ र द्वारपालले बिहान नभई कुनै हालतमा द्वार नखोल्ने अड्डी लिएको कारण खुला आकाशमुनि रात बिताएका राजा प्रसेनजीतको बिहान उठ्दा मृत्यु भइसक्छ ।

अब कोशल राज्य पूर्णरूपले विडुडभको हातमा आयो । यिनलाई राज्य चलाउने अनुभव थिएन, मनमा क्रोध र प्रतिशोधको भावनामात्र थियो । उत्ताउलो भएर कपिलवस्तुमाथि आक्रमण गर्ने उद्देश्यले विशाल सेना तयार गर्न थाले । यसै पनि शाक्य राज्य कमजोर भइसकेको थियो । राज्यको उत्तराधिकारी घरबार, राजपाठ त्यागेर बुद्ध भइसकेका थिए । आफ्नै गृहनगरमा त्यसैको उत्तराधिकारी चिवर धारण गरेर भिक्षाटन गर्दै हिँडेको देखेका वृद्ध राजा शुद्धोधनमा पनि राजपाठप्रति मोह हराउँदै गयो । त्यसमाथि बुद्धले पुत्र राहुललाई समेत आफ्नो अनुयायी भिक्षु बनाएपछि त उनी अत्यन्त मर्माहत भएका थिए । आफ्ना उत्तराधिकारीलाई नै राज्यको मोह नरहेको देखेपछि राजा शुद्धोधन पनि बुद्धका उपासक बने । उनको निधन भएपछि केही समय शाक्य राज्य महानामले सम्हालेका थिए ।


त्यही समयमा विडुडभ विशाल सेनासहित कपिलवस्तुमा आक्रमण गर्न भनेर हिँडे । तर, उनलाई महात्मा बुद्धले सम्झाइबुझाइ फिर्ता पठाइदिए । यो प्रक्रिया तीन पटकसम्म चल्यो । उनले बुद्धको वचन राखेर सेना फिर्ता त गराए तर उनको मनमा दन्केको प्रतिशोधको आगो भने निभेको थिएन । मामाघरमा 'दासीपुत्र' भनेर आफूलाई भेदभाव गरेको, होच्याएको, खिसी गरेको बिर्सनै सकेनन् । अन्त्यमा बुद्धको ध्यान अन्तै मोडिएको मौका छोपेर विडुडभले शाक्य गणराज्यमाथि भीषण आक्रमण गरे । छानीछानी शाक्यहरूको नरसंहार गरे । सुन्दर र समृद्ध कपिलवस्तुलाई ध्वस्त बनाइदिए ।

यसरी विडुडभले आफ्नो प्रतिशोध पूरा गरे । यसले उनलाई मानसिक सन्तुष्टि पनि दिलायो होला । तर, यसको फाइदा न उनले लिन पाए न उनको राज्य कोशलले । कपिलवस्तु विनाश र शाक्यको संहार गरेर फर्कने क्रममा अचिरावती ( राप्ती) नदीमा आएको बाढीले बगाएर उनको दुःखद अन्त्य भयो । तर, केही इतिहासकारको मतअनुसार उनको श्रावस्ती दरबारमा भएको भीषण आगलागीमा परेर मृत्यु भएको हो । यसरी उत्तराधिकारीविहीन भएको कोशल राज्य सबैभन्दा नजिकको हकवालाको नाताले मगध नरेश अजातशुत्रको कब्जामा गयो ।

यसप्रकार कपिलवस्तुको शाक्य राज्य शाक्यमुनि बुद्धको पालामा नै ध्वस्त भएको देखिन्छ । बुद्ध दर्शनले जातपात मान्दैन, जातको आधारमा भेदभाव गर्दैन । वास्तवमा त्यो बेलामा हिन्दू धर्ममा विकृति बढ्दै गएको ब्राह्मणवाद र जातीय भावनाको कारण धर्म सर्वसाधारणको पहुँचभन्दाबाहिर पुगेको थियो । धार्मिक कार्य भन्नाले उपासना, पूजापाठ नभएर यज्ञ–यज्ञादि जटिल विधि बन्न पुगेको थियो । यसै कारण समानताको सिद्धान्तमा आधारित सरल बुद्ध दर्शनप्रति सर्वसाधारणको आकर्षण बढेको थियो । तर, उनै बुद्धको जन्मथलो, उनीको पैतृक वंशको विनाश नै जातीय विभेदको कारण उत्पन्न घृणा र त्यसले उत्पन्न गराएको बदलाको भावनाले भयो भने यसलाई बत्तीमुनिको अँध्यारो नभनेर के भन्ने त !

अहिले पनि शाक्यमुनि बुद्धका अनुयायीहरू मानवताको कलङ्कको रूपमा रहेको कथित ठूलो जात र सानो जात भन्ने भावनाको घेराबाट बाहिर निस्कन सकेको देखिन्न, जुन बुद्धले जातीय व्यवस्थाको विपर्यस्त दर्शन प्रतिपादन गरेथे, उनैका धर्मावलम्बीले उनको दर्शनको मर्मविपरीत भावना राख्छन्, व्यवहार गर्छन् भने यसलाई बत्तीमुनिको अँध्यारो नै त भन्नु पर्ला नि ?

*(मजदुर दैनिकबाट)*




# ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरू-१



डा. हरिराम सुवाल
वडाध्यक्ष, भनपा ६

मानिसको जीवनमा गरिने विभिन्न चलनहरू नै संस्कार हो। यस्तो संस्कारहरू मानिस जन्मनु अघिदेखि मृत्युसम्मन् र अझ मरिसकेपछि पनि गर्नुपर्दछ। विभिन्न धर्ममा आ-आफ्नै किसिमका संस्कारहरू हुने गर्दछन्। हिन्दु धर्ममा पनि आफ्नै किसिमका चलनहरू रहेका छन्। हिन्दु धर्म मान्ने मानिसहरूको जन्मदेखि मृत्युसम्मन् पनि विभिन्न संस्कारहरू गर्ने चलन छ। अझ कतिपय हिन्दु धर्मावलम्बीहरू बच्चा आमाको पेटमा बसेदेखि मृत्यु भइसकेपछि पनि विभिन्न संस्कारहरू गर्दछन्। हिन्दुहरूमा गर्भाधान संस्कार, पुसंवन संस्कार, सिमंतोनयन संस्कार, जातकर्म संस्कार, निष्कर्म संस्कार, अन्नप्रासन संस्कार, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, वेदारम्भ संस्कार, उपनयन संस्कार, समावर्तन संस्कार, विवाह र मृत्यु संस्कारहरू पर्दछन्। नेवार ज्यापूहरू पनि हिन्दु धर्म मान्ने भएकाले उनीहरूको संस्कार पनि हिन्दु धर्मबाट प्रभावित छन्। तर कतिपय नेवार ज्यापूहरूको संस्कार हिन्दु धर्मबाट प्रभावित भएतापनि आफ्नै संस्कारहरू नभएका होइनन्। ज्यापूहरूले आफ्नो जीवनकालमा गर्ने विभिन्न संस्कारहरू यसप्रकार छन् :

**चिपंचा च्वक वनेगु (टिप्पणी लेखाउन जाने)**



चिपंचा

हिन्दु धर्मावलम्बीहरूमध्ये पनि विभिन्न जातका मानिसहरूले जातकर्म संस्कार मनाउने चलन छ। यस संस्कारलाई जन्मदिन मनाउने चलन पनि भनिन्छ। सबै मानिसहरू आफ्नो जातअनुसार घरमा बच्चा जन्म हुने बेलामा जन्म दिन मनाउने चलन छ। त्यही दिनमा बच्चाको राशिफल थाहा पाउनको लागि बच्चा जन्मेको समय कागजमा लेखेर ज्योतिषी कहाँ देखाउन जाने गरिन्छ। "In later times the moment of birth was noted with meticulous care for preparing horoscope, as it was thought to be a determining factor in the life of the child" (Pandey, 2013, p. 73) (पछिल्लो समयमा चिपं चा लेख्नको लागि भनेर बच्चा जन्मेको समय लेख्ने गर्दछ, यसबाट बच्चाको जीवनबारे निर्धारण गर्दछ भने विश्वास गरिन्छ।) नेवार ज्यापूमा जन्मदिन विशेष रुपले मनाउने चलन नभएपनि बच्चा जन्मेको दिनमा नै वा भोलिपल्ट बच्चाको चिपं च्वक वनेगु (कागजपत्र लेखाउन जाने) चलन छ। बच्चा जन्मेको घडी अर्थात् बच्चा जन्मेको समय लिएर जोशी (चिना लेख्ने व्यक्ति) कहाँ चिपं चा लेखाउन जाने गरिन्छ। यही घडी अर्थात् बच्चा जन्मेको समयको आधारमा जोशीले बच्चा कस्तो प्रकारको वाहन नरम वा कडा के हो, भविष्यमा केही खतरा छ छैन, छ भने त्यसको निवारण गर्ने उपायहरू बताउने, बच्चाको वाहन (पहिलेको जन्ममा बच्चाको कुन प्राणी भएर जन्मेको हो, त्यही प्राणीको नामलाई वाहन भनिन्छ) राशि आदिको सम्बन्धमा जानकारी लिखित र मौखिक रूपमा पनि दिने गरिन्छ। यही नेपाली कागजलाई नै चिपं चा भनिन्छ। चिपं चा बनाएपछि जात (मानिसको भूत र वर्तमानको विषयमा सम्बन्धमा लेखिएको नेपाली कागजपत्र) अरू कुनै पनि बेला फुर्सतको समयमा बनाउन जान सकिन्छ। चिपं चा र जातमा भिन्नता रहेको छ। चिपं चा बालक जन्मने वित्तिकै जोशीकहाँ गएर बनाउने गरिन्छ भने जात भनेको जोशीकहाँ नै गएर बच्चा चार पाँच बर्ष भएपछि मात्र बनाउने गरिन्छ। चिपं चा बनाउन जाँदा नै बुबाले बालकको अनुहार हेर्न हुने नहुने, अरूलाई लल्हाय् गर्नु (गोदमा दिनु) पर्ने-नपर्ने, लाख बत्ती बाल्नु पर्ने नपर्ने आदि कुरा जोशीले भनेर पठाउँछन्। यदि जोशीले कुनै काम गर्नु भनेमा उक्त बच्चालाई बचाउन वा कुनै अपशकुनबाट बचाउनको लागि जोशीले भने जस्तै गरिदिनु पर्दछ। नगरेमा कुनै समयमा नराम्रो हुन सक्दछ भने जनविश्वास अहिले पनि छ।

**ग्वयलभं कंक छ्वोयगु (सुपारी सुकुमेल पठाउने)**

हिन्दु संस्कारमा घरमा बच्चा पाएपछि माइती पट्टिकालाई बच्चा पाएको खबर पठाउने चलन रहेको छ। नेवार ज्यापूमा पनि छोरीले बच्चा पाएको उपलक्ष्यमा माइतीपट्टिका

परिवारलाई लमीमार्फत् सगुन पठाउने चलनलाई 'ग्वय् लभं कंक छ्वोयगु' (सुपारी सुकुमेल पठाउने) भनिन्छ। बच्चा पाएको सूचना पठाउन यसरी सगुन पठाउने चलन चलेको हो। बच्चा पाएको भोलिपल्ट वा मचाबु ब्यंकेगु (बच्चा जन्मेको चोख्याउने) दिन पनि यसरी पठाउने गरिन्छ। छोरीले छोरा पाएमा घ्यू अलिकति, चाकु दुई गोटा, भुई सीनं (टीका लगाउने एक प्रकारको केशरी), ग्वय् (सुपारी) दुई ओटा पठाउने चलन छ। छोरी पाएमा घ्यू अलिकति, चाकु एक गोटा र आधा, भुई सीनं, ग्वय् एक ओटा र आधा पठाउने चलन छ। यस चलनले छोरीलाई दोस्रो दर्जामा नै राखेको देखिन्छ। छोराले कुल (वंश) थाम्ने विश्वासले पहिलो प्राथमिकता पाएको देखिन्छ। यसरी बुहारीका माइती खलक जोसुकै आए पनि पाहुना सत्कार राम्ररी गरिन्छ (राजवंशी, २०६५, पृ. ११)। अतिथि सत्कारको क्रममा घरमा उपलब्ध अण्डा, रक्सी, जाँड, चिउरा, चिया वा अन्य चिज खुवाउने चलन चलिसकेको छ। तर पहिले पहिले अतिथिहरूलाई गुन्द्रुक र रोटी खुवाएर पठाउने चलन थियो। 'मचाबु ब्यंकेगु' (चोख्याउने) नगरेसम्म ज्यापू जातिमा अशुद्धि (सुतक) भएको मानिन्छ र अशुद्धि हुनुलाई 'मचाबु ब्यंकेगु' (चोख्याउने) भन्ने चलन छ। बच्चा जन्मेर नचोख्याएसम्म नेवारहरू कही पनि भोज जाँदैनन्, देवताको पूजा पनि गर्दैनन्। यसरी चोख्याउने काम नसकेसम्म नेवार समाजमा अशुद्ध मानिन्छ, यसलाई 'जयगुलि क्यंगु' भनिन्छ। यस्तो बेलामा देवता छुन नहुने र भोज बोलाउन नहुने चलन पनि छ। यस्तो चलन हुनुमा अरू मानिसमा रोग नसरोस् वा अशुद्धि नहोस् भने विश्वासले पनि हुन सक्छ।

**मचाबू ब्यंकेगु (बच्चा जन्मेको चोख्याउने)**

ज्यापू जातिमा बच्चा जन्मेपछि अशुद्धि भएको मानिन्छ। त्यसैले त्यसलाई शुद्धि गर्नको लागि मचाबू ब्यंकेगु गरिन्छ। मचाबू ब्यंकेगु भनेको बच्चा जन्मेर घर र परिवार अशुद्धि भएकाले शुद्ध पार्ने चलन हो। ज्यापू जातिमा बच्चा जन्मेर अशुद्धि हुनु भनेको घरमा मानिस मर्दाभन्दा बढी अशुद्धि भएको मानिन्छ। ज्यापू जातिमा सामान्यतया बच्चा जन्मेको चौथो दिनमा मचाबू ब्यंकेगु गर्ने चलन छ। विशेष परिस्थितिमा ज्यापू जातिमा छैटौँ दिनमा वा आठौँ दिनमा वा बाह्रौं दिनमा पनि मचाबू ब्यंकेगु गर्ने चलन छ। विशेष परिस्थिति भन्नाले वर्तमान समयमा अस्पतालमा अपरेशन गरेर बच्चा जन्माउनु परेर धेरै दिन राख्नु परेमा, आमा वा बच्चा वा दुवै बिरामी भई अस्पतालमा धेरै दिन बस्नु परेमा वा अन्य कारणले घर ल्याउन नहुने भएमा अस्पतालबाट घर ल्याएको छैटौँ वा आठौँ वा बाह्रौँ दिन पारेर वा अन्य कुनै साइत परेको दिनमा पनि मचाबू ब्यङ्के गर्ने चलन चलिसकेको छ। उक्त दिन बिहानै पूरा घर परिवार मिलेर सफा सुग्घर गरिन्छ (राजवंशी, २०६५, पृ. ११)। स्यूचा (रातो माटो) मा गोबर मिसाई घरको भुइँ लिप्ने गरिन्छ। साथै नयाँ ढलान घर भएकाहरूले पनि घरको पूरै भागमा नलिपिकन केही भागमात्र भएपनि रातो माटो र गोबरले लिप्ने गरिन्छ। त्यस दिनमा सबेरै सबैले नुहाउने र आफ्नो कुलको नौचा (आफ्नो कुलका मानिसहरूको कपाल काट्ने नाइ) मार्फत् हात, खुट्टाको नङ काट्न लगाउने र त्यसपछि नौ चाकी श्रीमतीमार्फत् खुट्टामा अलः (एक प्रकारको रातो रंग) लगाउने गरिन्छ। उक्त दिनमा अलः (एक प्रकारको रातो रंग) आईमाईहरू प्रायःले नौ चाकी श्रीमतीमार्फत लगाउने गर्दछ। त्यस दिन अजि (सुत्केरी गराउने आइमाई) राख्ने चलन छ। अजिले बच्चालाई नुहाइ दिने गर्दछिन्। वर्तमान समयमा अजि राख्ने चलन हराउँदै गएको र प्रायःले अस्पतालमा नै बच्चा जन्माउने गरेकाले घरको मूली आइमाई वा अजिले बच्चालाई नुहाई दिने, बच्चालाई र आमालाई स्वगं (सगुन) दिने चलन छ। पहिलो पटक बच्चा पाएको हो भने बुबालाई पनि स्वगं दिने गरिन्छ। यस दिन बिहानबाट नै छोरी ज्वाईंहरू आएर नातेदारहरूलाई भोज खुवाउन विभिन्न परिकारहरू बनाउँछन्। परिकारमा ला (मासु), बजि (चिउरा), आलु, कङ्घासा (भिजेको सानो केराउलाई पिसेर बनाएको अचार), गुन्द्रुक, साग, मुस्या (भटमास) पालु (अदुवा), चाकु, घ्यु, इसिचा (एक प्रकारको तरल पदार्थ) ढोका (छ्वास) मा फाल्न लाने गरिन्छ। साथै बुहारीको माइतीबाट पनि त्यसदिन कू (भोजको विभिन्न परिकारहरू बनाएर माइती पट्टिबाट खर्पनमा राखेर पठाउनेलाई कू भनिन्छ। हाल खर्पनबाट पठाउने चलन हराउँदै गएको छ र कारमा राखेर विभिन्न परिकारहरू पठाउने चलन चल्न थालेकोछ) ल्याउने भएकाले दुवैतर्फको भोज सामग्री मिसाएर दिउँसो खान दिन्छन्। माइतीबाट त्यस दिन कू ल्याउँदा प्रायः आइमाईहरूमात्र भोजमा आउँछन्। पुरूषहरू प्रायः आउँदैनन् किनकी मचाबू ब्यंकेको भोज भनेको आइमाईहरूको भोज हो भनेर मान्ने चलन छ।

दिउँसोको भोज सकिएपछि त्यस दिन बेलुका आन्ज फ्यगु (गाजल बनाउने) गरिन्छ। आन्ज फयगु भनेको गाजल बनाउने चलन हो। त्यस दिन बेलुका एक मानाको मानाचा (एक माना अटाउने भाँडो) मा भरी चामल राखेर भुइँमा खन्याउने गरिन्छ। त्यसमाथि सुकुन्दा राखेर बत्ती बालिन्छ। त्यसपछि चुपीचा (पूरानो चक्कु) को टुप्पामा तेल दलेर सुकुन्दाको बत्तीमाथि राखिन्छ। यसरी गर्ने कार्य अजिले बच्चालाई काखमा लिई गरिन्छ। बच्चाको टाउको माथि पैसा, तेल र चामल राख्ने र तीन वटा लप्ते (भोज खानलाई बनाएको पातको थाल) मा धौ (दही) चिउरा मुछेर राख्ने चलन छ। केही छिनपछि चक्कुमा कालो बन्न थाल्छ। त्यसलाई आन्ज (गाजल) भनिन्छ।

त्यही आँजलाई बच्चाको आँखामा अजिले लगाई दिन्छ। त्यसपछि घरको पिकालाखी (हरेक नेवार ज्यापूको घर अगाडि साना गोलाकार ढुङ्गा बिछ्याइएको हुन्छ। त्यही ढुङ्गालाई कुमार देवता मानिन्छ। त्यसलाई पिखालाखी भनिन्छ) मा तीन ओटा बत्ती दिने र दही चिउरा चढाउने गरिन्छ। यस बेला कसैलाई बोल्नु हुँदैन। यसरी बत्ती दिएर माथि आउँदा भुइँमा खन्याएको चामल पहिले भन्दा बढेमा बच्चा लक्षण भएको मानिन्छ। आन्जको विशेष महत्त्व रहेको हुन्छ। आन्ज बनाउने बेलामा आजकल आँखामा लगाउने औषधि पनि मिसाउने गरिन्छ। आन्ज लगाउने बेलामा आन्जसँगै औषधि पनि लगाउने भएपछि बच्चाको आँखा सुरक्षित हुने गर्दछ। साथै आन्जले बच्चाको रूप र सौन्दर्यलाई राम्रो बनाई राख्ने गर्दछ। यसबाट बच्चा सुन्दर एकातिर हुने गर्दछ भने अर्कोतिर बच्चाको आँखा पनि सुरक्षित हुने भएकोले आन्जको विशेष महत्त्व हुने गर्दछ। नेवार ज्यापूहरूमा पहिला आन्जमा औषधि मिसाउने चलन थिएन। वर्तमानमा नेवार ज्यापूहरूले बच्चाको सुरक्षाको हिसाबले यसरी आँखालाई सुरक्षित गर्ने विभिन्न औषधिहरू मिसाएर लगाउने चलन चलाएका हुन्। जुन परिवर्तन समयसापेक्ष पनि देखिन्छ।

### मचाबु ब्यंकेगु कु छ्वयेगु (भोजको परिकार पठाउने)

बच्चा जन्मेर अशुद्धि भएकालाई शुद्धि गर्न ब्यंकेगु गर्ने (सुतक चोख्याउने गर्ने) गरिन्छ। त्यस दिनमा माइतीपट्टिले आफ्नी छोरीको घरमा बच्चा पाएको खुशीयालीमा बच्चालाई पूरा जोर लुगाफाटालगायत भोज तयार गरि लग्ने गरिन्छ। यसरी लुगाफाटा र भोजको आवश्यक सामग्रीहरू लाने चलनलाई नै 'मचाबु ब्यंकेगु कु छ्वयेगु' (भोजको परिकार पठाउने) भनिन्छ। बौद्ध धर्म र परम्परानुसार नेवारहरूले विधिवत रूपमा गर्ने जातकर्म संस्कार (मचाबु ब्यंकेगु) चौथो संस्कार कर्म हो। बौद्ध समाजमा सुसम्पन्न गरिने यो जातकर्म संस्कारलाई नवताज शिशुलाई विधिवत बालदर्शन गरी आफ्नो जातमा प्रवेश गराउने प्रथम प्रवेशाधिकार संस्कार वा कर्मकाण्डका रूपमा लिइन्छ (वज्राचार्य, २०६५, पृ. ७१)। यसरी विभिन्न परिकारका साथै बच्चालाई आवश्यक सामग्रीहरू जस्तै तु फुङाचा (तोरी राखेर बनाएको सिरानी), डाखुसीचा (हातमा लगाउने जोडिएका औंठीहरू), मच्चा सुकु (बिछ्याउने सुकुल), मचाकठी (तीनवटा लठ्ठीहरूलाई धागोले बाँधेर बनाएको हुन्छ, जसमा पातलो कपडा बेरेर झिँगा बाट शिशुलाई बचाउन प्रयोग गरिन्छ), ईचा (हाकु पटासी टुक्रा टुक्रा गरी बनाएको कपडाको टुक्राहरू), पोंचा (एक प्रकारको भोटो) आदि पनि राखेर पठाउने गरिन्छ। यसरी लगेको भोजको सामग्रीमा घरका मूलीले नपुगेको थपेर पाहुना आएकालाई त्यस दिन बेलुका भोज खुवाउने चलन रहेको छ। साथै यसरी माइतीपट्टिबाट ल्याएको लुगाफाटा त्यस दिन बच्चालाई लगाउने चलन पनि रहेको छ। मचाबु ब्यंकेगु कु पठाउँदा माइतीपट्टिले आ-आफ्नो क्षमता अनुसार भोजका सामग्रीहरू र लुगाहरू ल्याउने गर्दछन्। धनी माइतीपट्टिले महँगा र सुतीका लुगाफाटाहरू ल्याउने गर्दछन् भने गरिब र विपन्न परिवारले आफूले सकेको घरबुनाका कपडाहरू (ज्यापूहरू आफ्नै घरमा तयार गरेको घरेलु कपडा जुन निकै न्यानो हुनुका साथै शरीर र स्वास्थ्यका हिसाबले राम्रो पनि हुने गर्दछन्) ल्याउने गर्दछन्। यस दिनमा ग्वय् लभँ कंक (सुपारी सुकुमेल पठाउने) आउँदा ल्याएका जे जति पनि सामग्रीहरू छन् त्यसको दोब्बर पठाउने चलन पनि छ।



ब्यंकेगु पछि भोज खाँदै

माइतीपट्टिका परिवारको आर्थिक अवस्थाअनुसार आफ्नो चेलीबेटी र बच्चाको भरणपोषण गर्न र गराउनको लागि समयक्रममा यो संस्कार चलेको हुनुपर्दछ। साथै आफ्नो चेलीबेटीले बच्चा जन्मेको उपलक्ष्यमा खुशीयाली व्यक्त गर्नको लागि पनि भेट्न जाने औपचारिकताको लागि यो संस्कार चलेको हुनुपर्दछ। औपचारिकरूपमा भेट्न जाँदा आफ्नो क्षमताअनुसारको सरसामानहरू लाने गर्दछ। यसबाट आफ्नो चेलीबेटी पनि खुशी हुने र आफ्नो सम्धीसँगको सम्बन्ध पनि राम्रो र नजिक हुने गर्दछ। त्यसैले पनि मचाबु ब्यंकेगु कु पठाउने संस्कारको महत्त्व रहेको छ।

### लाः बजि नक वानेगु (मासु चिउरा खुवाउन जाने)

मचाबू ब्यंकेगु (बच्चा जन्मेको चोख्याउने) गर्न सकेको केही दिन पछि आफ्ना नातेदार चेलीबेटीहरूको तर्फबाट बजि नक वानेगु (चिउरा खुवाउन जाने) चलन रहेको छ। बच्चा र आमा आफ्नो माइतीमा जानुअघि पालैपालो चेलीबेटीहरू चिउरा, मासु र जाँड खुवाउन जाने गर्दछन्। दिन नजुध्ने गरी एक आपसमा सल्लाह गरेर चेलीबेटीहरू पालै पालो चिउरा ➲

अन्तरवार्ता

# 'कोरोनालाई हेलचक्र्याइँ नगर्नु होला'



कुमार चवाल, ४ नं वडाध्यक्ष

***प्रश्न १ –*** *कोरोना सङ्क्रमणबाट स्वास्थ्यलाभ गरी रहनु भएको छ । अहिले तपाईँको स्वास्थ्य अवस्था कस्तो छ ?*

**उत्तर**– एकदम ठीक छ । मलाई त्यस्तो कुनै गाह्रोसाह्रो भएन । तर आफ्नो ज्यानको सुरक्षा आफैले गर्नु पर्दछ र सतर्कताको उपायहरू अपनाउनु पर्छ ।

***प्रश्न २ –*** *तपाईँमा कोरोनाको सङ्क्रमण कहाँ र कसरी भयो ? आफूलाई कोरोना भएको कसरी थाहा पाउनुभयो ?*

**उत्तर**– मलाई कहाँ र कसरी सङ्क्रमण भयो त्यो थाहा भएन । हामी जनप्रतिनिधिहरूको दिनमा सयौँ व्यक्तिहरूसँग भेटघाट भइरहन्छ । एक जना साथीलाई कोरोना पोजेटिभ भयो त्यही साथीसँग २ पटक बैठकमा बसेको कारणले म पनि कन्ट्राक्ट ट्रेसिङ्गमा परेको थिएँ । मेरो कोरोना पोजेटिभ भएछ । जनस्वास्थ केन्द्र भक्तपुरका डा.रत्नसुन्दर लासिवाले मलाई फोनमार्फत रिपोर्ट पोजेटिभ भएको जानकारी दिनुभयो ।

***प्रश्न ३***– *कोरोनाबाट संक्रमित हुँदा तपाईँमा लक्षण केही देखिएको थियो ?*

**उत्तर**– अहँ, केही थिएन । मैले किड्नी ट्रान्सप्लान्ट गरे पश्चात विहान र बेलुका सधैँ वाफ लिने गरेको छु र भ्वाइस थेरापी गरेको कारणले पनि मलाई केही नभएको हुनसक्छ ।

***प्रश्न ४***– *कोरोनाबाट संक्रमित हुँदा आफ्नो अनुभव बताई दिनुस् न ?*

**उत्तर –** कोरोना भाइरस जो कोहीलाई पनि लाग्न सक्छ, डाक्टर, नर्स, प्रहरी हामी टोल छिमेकमा प्रचार प्रसार

➲ मासु खुवाउन जाने गर्दछन् । पहिले पहिले ज्यापू जातिका नेवारहरूको आर्थिक स्थिति निकै नाजुक थियो । त्यसैले सुत्केरी आमाको शरीर बलियो पार्नका लागि नातेदारहरूबाट मासु, चिउरा र जाँड खुवाउन जाने चलन चलेको हुनुपर्दछ भन्ने भनाइ रहेको छ । हुन पनि सधैँ जसो मासु चिउरा खाने व्यवस्था गर्न पहिलेमात्र होइन, अहिले पनि गाह्रो छ । त्यसैले सुत्केरी आमा र बच्चाको स्वास्थ्य राम्रो पारी राख्न मिठो र तागतिलो खुवाउनु पर्दछ र त्यसको लागि समाजका सबै नातेदारहरूले बेहोर्नु पर्दछ भन्ने सामाजिक मान्यताले यो चलन चलेको हुनुपर्दछ भनेर हामी अनुमान गर्न सक्दछौँ । सुत्केरी छोरीको शरीर बलियो पार्नका लागि माइतीबाट सबभन्दा पहिला बजि नके गर्न (चिउरा खुवाउन जाने) आउने गरिन्छ (राजवंशी, २०६५, पृ. १३) । मासु, चिउरा र जाँड खुवाउन जाँदा बच्चाको पहिलो पटक अनुहार हेर्ने बेलामा आफूले सकेको पैसा चढाएर अर्थात् दक्षिणा बच्चालाई चढाएपछि मात्र बच्चाको अनुहार हेर्ने गरिन्छ । पहिला पहिला भए यसरी अनुहार हेर्दा दश पैसा, पच्चीस पैसा राख्ने गरिन्थ्यो भने आजकल पचास, सय राखेर अनुहार हेर्ने चलन छ । माइतीकाहरूले बच्चालाई पहिलोपल्ट देख्दा बच्चाको निधारमा दक्षिणास्वरूप पैसा चढाउँछन् (राजवंशी, २०६५, पृ. १३) ।

## सन्दर्भ सामग्री सूची


बज्राचार्य, र., (२०६५). **नेवार बौद्ध संस्कार**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुरः नागार्जुन पब्लिकेशन प्रा. लि. ।

Pandey, R. (2013). **Hindu samskaras**, Varanasi: Motilal Banarsidass Publishers Pvt. Ltd.


स्रोत व्यक्तिहरू

१. तुल्सीनारायण सुवाल
२. पुण्यश्वरी सुवाल
३. सुलोचना सुवाल
४. डा. सत्यनारायण सुवाल
५. राज्यलक्ष्मी सुवाल
६. सुनमाया सुवाल
७. राज्यलक्ष्मी कुम्पाख

गर्ने जनप्रतिनिधि भएको कारणले गर्दा मलाई त्यस्तो कुनै ठुलो कुरा जस्तो लागेन । मैले भाद्र १४ गते स्वाव टेस्ट गर्दा नै घर परिवारमा म धेरै बाहिर जानुपर्ने र औषधी खानुपर्ने व्यक्ति भएकोले मलाई पनि पोजेटिभ हुन सक्छ भनेर जानकारी दिइ राखेको थिएँ ।

***प्रश्न ५–*** *तपाईँ घरमै अलग क्वारेन्टाइनमा बसेर स्वास्थ्य लाभ गर्नु भएको रहेछ । होम क्वारेन्टाइनको अनुभव कस्तो रह्यो ?*

**उत्तर–** १, २ दिन त दिन कटाउन गाह्रो भयो । एक्लै बस्नु पर्ने भएर । ३/४ दिनसम्म २ वटा मोवाइलमा फोन आएको आयै, फोन उठाउन मात्रै ठीक भयो । यो सबै मलाई माया गरेर फोन आएको ठाने । सबैले भन्छन् पिर नगर, झोलीलो चिज धेरै पिउनु, केही पनि हुँदैन, आत्मबल बढाउनु पर्छ भनेर सबैको सुझाव पाएँ । सोच्दै नसोचेका व्यक्तिहरूलेसमेत फोन गरेर माया गरेको अनुभव गरेको छु । क्वारेन्टाइन अवधिभर परिवारलाई चाहीं धेरै दु:ख हुने रहेछ । विहान चियादेखि तातो पानी, वैद्य औषधी, दाल, सुप, खाजा खाना आदि पकाएर खुवाउनु पर्दा परिवारलाई गाह्रो हुने रहेछ । त्यही बेलामा अन्डरग्राउण्ड पानी ट्यांकीमा पानी सकियो । 'अरुलाई पर्दा कुरा आउँछ आफूलाई पर्दा ज्वरो आउँछ' भनेको उखान मलाई परेको महसुस गरेँ । म सु.न.पा.को आदर्श चोकमा आफ्नै घरमा क्वारेन्टाइन बसेको भएर मलाई छिमेकीहरूले आवश्यक सामानहरू, औषधि, पानी खानेकुराहरू सहयोग गरेकोमा सम्पूर्ण साथीहरूलाई धन्यवाद पनि दिन चाहन्छु । यस्तो अवस्थाको सम्भावनालाई ध्यानमा राखेर साथीहरूले आफ्नो घर भाडामा राख्न सचेत हुन पनि आग्रह गर्दछु किनकी कोरोना पोजेटिभ भएमा होम क्वारेन्टाइन बस्न आफैलाई चाहिने सल्लाह दिन चाहन्छु । होम क्वारेन्टाइन बस्नु जेल बस्नुभन्दा गाह्रो भएको मैले महसुस गरेँ ।

***प्रश्न ६–*** *होम क्वारेन्टाइनमा बस्दा तपाईँलाई कुनै किसिमको असहजता महसुस भयो ?*

**उत्तर–** होम *क्वारेन्टाइन* बस्दा मलाई खासै असहज भएन । घर परिवारलाई कन्ट्राक्ट ट्रेसिङ्गमा सबैको रिपोर्ट नेगेटिभ भयो तर छोरी र ज्वाइँको पोजेटिभ भयो जस्ले गर्दा मैले १४ दिन भन्दा बढी होम क्वारेन्टाइन बस्नु पऱ्यो । त्यही समयमा काकी बित्नु भयो । मलाई पोजेटिभ भएको कारणले मलामी जान र चोख्याउनसम्म पनि जान पाइएन ।

***प्रश्न ७ –*** *महामारीको रूपमा फैलिरहेको कोरोनालाई बेवास्ता गर्दै सुरक्षा विधि नअपनाउने र जथाभावी हिँड्नेलाई तपाईँ के भन्नुहुन्छ ?*

**उत्तर–** कोरोना रोगलाई सामान्य रोग नठान्नु होला । कोरोना रोगबाट आफूपनि बचौँ र अरुलाई पनि बचाऔँ । यसको रोकथामकोलागि भिडभाडमा नजाऔँ, सकेसम्म २ मिटरको फरकमा बसौँ । खाना खानु अघि र पछि सावुन पानीले २० सेकेन्डसम्म मिचिमिचि हात धोऔँ । कुनै पनि सामान र पैसा छुँदा स्यानिटाइजर प्रयोग गरौँ । बाहिर जाँदा माक्सको प्रयोग गर्न कहील्यै नबिसौँ । आफूलाई रुघाखोकी तथा ज्वरो आएमा नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौँ । रोगलाई नलुकाऔं यसैमा हामी सबैको भलाई छ ।


***प्रश्न ८–*** *कोरोनाबाट बच्न के कस्ता उपायहरू अबलम्वन गर्न सकिन्छ ?*

**उत्तर–** कोरोनाबाट बच्न तातोपानी धेरै खाने, दाल, सुपहरू खाने, नेपाली वैद्य पसलबाट ल्वाङ, मरिच, दाल्चीनी, गुर्जो आदि मिसाएको औषधि खानाले प्रतिरोधात्मक क्षमता बढ्ने हुँदा विहान बेलुका पानीमा तताएर खाने, सर–सफाइमा ध्यान दिने, भिडभाडमा नजाने यतिकुरा ख्याल राख्नुपर्छ ।

***प्रश्न ९–*** *अन्त्यमा केही भन्नु छ कि ?*

**उत्तर–** कोरोना भाइरस दिन दिनै बढ्दै छ । यसलाई हेलचक्राइँ नगर्नु होला । कोरोना भाइरस रोग जो कोहीलाई लाग्न सक्छ । रोग लागेका व्यक्तिहरूलाई हेला होइन, माया गर्नुपर्छ । आफूले सकेको जति सहयोग गरेको खण्डमा आफूले पनि सहयोग पाउनेछ । धन्यवाद !

**बसिबियाँलोको उत्तर**



# वर्तमान सन्दर्भ – सेवामुखी प्रशासनको महत्व

धरणीधर खतिवडा

**विषय प्रवेश :**

२०७२ सालमा आएको संविधानले गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गरिसकेपछि राज्य प्रणालीमा गरिएको पुनर्संरचना पश्चात ७६१ ओटा सरकारमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूले ती सरकारलाई राजनीतिक नेतृत्व प्रदान गरेको अवस्था छ। यसको अर्थ राजनीतिक सङ्घीयताको अभ्यास शुरू भइसकेको छ। सङ्घीयताका अन्य दुई महत्त्वपूर्ण आयामहरू मध्ये वित्तीय र प्रशासनिक आयाम सङ्घीयताको सफल कार्यान्वयनका लागि उत्तिकै महत्त्वपूर्ण छ। यद्यपी वित्तीय सङ्घीयताका लागि गठन गरिएको वित्त आयोग संविधानको मर्म अनुरूप पूर्ण रूपमा क्रियाशिल हुन नसकेता पनि सरकारले प्रस्तुत गरेको बजेटको फराकिलो घेरा, यसका सिद्धान्त र सरकारी स्तरबाट वित्तीय हस्तान्तरण, राजस्वको बाँडफाँड, राजस्वको हिस्सा प्राप्ति र राजस्व परिचालनको अधिकारको प्रयोग तहगत रूपमा भएको अवस्था छ। केही अस्पष्टता, सामनजस्यको अभाव, सङ्घ र प्रदेश, प्रदेश अनि स्थानीय तह वा तीनै तहबीच समय समयमा देखा पर्ने कतिपय अन्तरविरोध र करदायित्वको दोहोरोपन समेतले उद्योग व्यवसाय प्रबर्द्धन मैत्री वातावरणमा अपेक्षित सुधार आउन नसकेको गुनासो सरोकारवाला पक्षबाट व्यक्त भइरहेकै अवस्था पनि छ। बजेटरी इतिहासको यो कालखण्डलाई विगतसँगै दाँजेर हेर्दा स्थानीय र प्रादेशिक तहमा निकै धेरै स्रोत पुगेको अवस्था छ। तर त्यसरी ७ वटै सरकार र ७५३ ओटा स्थानीय सरकारमा पुगेको स्रोतलाई जनताको सर्वोत्तम हितको पक्षमा आर्थिक एवं वित्तीय अनुशासनको लक्ष्मण रेखाभित्र रहेर सर्वोत्तम ढङ्गबाट जवाफदेहीपूर्ण ढङ्गमा परिचालन गर्ने सम्बन्धमा जिम्मेवारी बहन गराइनु पर्ने सङ्घीयताको तेस्रो महत्त्वपूर्ण आयाम 'प्रशासनिक सङ्घीयता' को व्यवस्थापनलाई उच्च प्राथमिकता दिएर हिजोसम्म एकात्मक शासन व्यवस्थामा अभ्यस्त प्रशासनलाई सुशासनतर्फ अघि बढाउने शासकीय तत्परता अपेक्षित रूपमा शासनको जिम्मेवार र उपल्लो तहमा मुखरित नभएको अवस्था छ। कार्य सम्पादनकर्ताको रूपमा रहने प्रशासकीय जनशक्ति र त्यसको सम्पूर्ण सङ्गठनलाई संविधानको मर्म र भावनातर्फ दिशानिर्देश गर्ने देशभक्तिपूर्ण राजनीतिक नेतृत्वको कार्यकुशलताले मात्र गणतन्त्रात्मक शासन व्यवस्थाको फल जनताले घरदैलोमा प्राप्त गर्दछन्। सामाजिक न्याय र समानतासहितको समृद्धि प्राप्त गर्न विधिको शासनमा टेकेर कार्य सम्पादन गर्ने मर्यादित प्रशासनिक कार्य संस्कार भएको प्रशासन सरकारका तीनवटै तहमा क्रियाशील हुन सक्नु पर्दछ। नेपालको राजनीतिक र संवैधानिक इतिहासमा सङ्घीयताको अभ्यास नयाँ भएकाले केही जटिलता, समस्या र चुनौतीहरू देखापर्नु स्वभाविक भए पनि त्यस्ता समस्या र जटिलतालाई सम्बोधन गर्दै सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको माध्यमबाट हल गर्न अत्यावश्यक हुन्छ। राज्यको प्रमुख दायित्व नागरिकहरूलाई सबै प्रकारका भयबाट उन्मुक्ति दिएर (freedom from Fear) आधारभूत आवश्कताको परिपूर्ति गर्दै वर्तमान अवस्थामा गुणात्मक परिवर्तन ल्याएर राष्ट्रिय खुशीयालीको स्तर उकास्नु हो। यसका लागि राजनीतिक नेतृत्वले देशभक्तिपूर्ण, इमानदार, उच्च नैतिक सोचबाट मुलुकका तीनै तहका प्रशासकीय सङ्गठनहरूलाई व्यवस्थापन गर्नु पर्दछ। त्यसै कारण सार्वजनिक प्रशासनको सङ्घीयकरण गरेर प्रशासनलाई शासन प्रणालीको लाभांश वितरण गर्न सक्ने विकासको सम्वाहक शक्ति (Development Agent / Change Agent) वा परिवर्तनको संवाहक शक्तिको रूपमा उच्च प्राथमिकताका साथ सङ्घीय शासन प्रणाली अपनाएका विश्वका करिव ३० ओटा देश (अमेरिका, अष्ट्रेलिया, वेल्जियम, क्यानाडा, जर्मनी, भारत, पाकिस्तान, रूस, दक्षिण अफ्रिका, स्पेन, स्वीटजरल्याण्ड, नाइजेरिया, मलेशिया आदि) लगायत अन्य मुलुकको राजनीतिक नेतृत्वले नीतिगत मार्गनिर्देशन दिएका छन्। यसैले सङ्घीय प्रणाली अपनाएका सफल मुलुकले लिएका प्रशासनिक नीति, (राष्ट्रिय कर्मचारी नीति) कानून, रणनीतिक योजनालगायत असल अभ्यासलाई नेपालको सङ्घीयताको परिवेश अनुकूल पूनर्संरचना गर्दै सेवामुखी प्रशासनको विकास अहिलेको आवश्यकता हो।

**संविधान कार्यान्वयन र प्रशासकीय व्यवस्थापन :**

नेपालको संविधानमा तीनै तहका सरकारहरूको अधिकार संविधानको विभिन्न अनुसूचीमा समावेश मात्र गरेको छैन साझा र एकल अधिकार भित्र नपरेको अर्थात संविधानमा उल्लेख भएका विषय वाहेकका अवशिष्ट अधिकार सङ्घमा राखेर सङ्घीयताको सफल कार्यान्वयनमा तीनवटै तहका सरकारको क्रियाशीलता खोजिएको छ। संविधानको मर्म र भावनालाई मन, वचन र कर्मले व्यवहारमा रूपान्तरण गर्न निर्वाचित जनप्रतिनिधि र प्रशासनको उत्तिकै महत्त्वपूर्ण जिम्मेवारी हुन्छ। यस सन्दर्भमा मुलुकको निजामती प्रशासनको सर्वोच्चता (Supremacy of Civil Administration) लाई बुझेर प्रशासकीय पुनर्संरचना एवं जनशक्तिको व्यवस्थापन गर्न सार्वजनिक प्रशासनको सङ्घीयकरण एउटा अनिवार्य शर्त हो। यो ज्यादै विवेकशील, विधिसम्मत एवं जवाफदेही ढङ्गमा अघि बढाउन

सकियो भने संविधानको कार्यान्वयन सहज हुन्छ । सार्वजनिक प्रशासनका सङ्घीयकरणका महत्त्वपूर्ण आयामहरू (राजनीतिक तथा शासकीय आयाम, सामाजिक तथा सांस्कृतिक आयाम, आर्थिक आयाम, र प्रशासनिक आयाम) पर्दछन् । यो सैद्धान्तिक प्रस्थापनाको आधारमा हालसम्म भएका प्रयासहरूको विवेचना गरेर सार्वजनिक प्रशासनमा देखिएका महत्त्वपूर्ण सवालको संक्षिप्त रूपरेखा प्रस्तुत गर्नु पर्ने हुन्छ । यस प्रकारको वस्तुपरक विश्लेषणबाट बलियो उत्तरदायित्व प्रणालीका माध्यमबाट राज्यको आधारभूत कार्यको रूपमा रहेको सार्वजनिक सेवा सरल, सहज, निष्पक्ष किफायती बनाउँदै सामाजिक न्याय र समानतामा आधारित समृद्ध नेपाल बनाउने दायित्व निर्वाह गर्न सक्ने एउटा स्वचालित प्रशासकीय प्रणाली स्थापित गर्ने दिगो आधारशिला फेला पर्न सक्दछ ।

**प्रशासकीय पुनर्संरचनाका प्रयासहरू :**

२०७२ सालमा संविधान जारी भएपछि संविधानले परिकल्पना गरेअनुसार समग्र निजामती सेवालाई एकात्मक प्रणालीबाट सङ्घीयतामा रूपान्तरण गरी सङ्घीय, प्रादेशिक एवं स्थानीय प्रशासनिक संरचनाहरूको निर्माण गरी प्रशासनिक कार्य प्रणाली निर्धारण गर्दै तीनै तहबीच समन्वयात्मक, साझेदारी एवं सहयोगात्मक प्रशासनिक अन्तरसम्बन्ध विकास गर्न, कर्मचारीतन्त्र नै सक्रिय भई **'संक्रमणकालीन प्रशासनिक व्यवस्थापन कार्य योजना'** तर्जुमा गरिए पनि उक्त कार्ययोजना राजनीतिक नेतृत्वको इच्छाशक्तिको अभावको कारण लागू हुन सकेन ।

पुनः नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका तीनै तहका एकल र साझा सूचीको कार्य विस्तृतीकरण योजना २०७२ चैत्र १६ गतेको मन्त्रिपरिषदको निर्णयद्वारा गठित नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा समितिले प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनसमेतको आधारमा कतिपय कामहरूको विवरण समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ पनि आएको छ । यसको साथै तत्कालीन सामान्य प्रशासन सचिवको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनसमेतलाई हेरेर २०७५ मंसीरमा सङ्घमा रहने मन्त्रालय, प्रदेशमा रहने मन्त्रालयको कार्यविभाजन गरिएको देखिन्छ । तर २०७४ को ऐनलाई प्रतिस्थापन गर्दै कर्मचारी समायोजन ऐन २०७५ लागू गरेर कर्मचारी समायोजन प्रक्रिया अघि बढाइयो । यसरी हेर्दा संविधानमा व्यवस्था भए अनुरूप नै प्रशासकीय स्वरूपको हकमा केही कामहरू भएको देखिएता पनि प्रशासकीय संयन्त्रको सङ्घीयकरण, सङ्गठन संरचना, कर्मचारी आपूर्ति र व्यवस्थापन, कानून निर्माण, प्रदेश लोकसेवा आयोग गठन एवं अन्तरसरकारी प्रशासकीय सम्बन्धहरू राम्ररी व्यवस्थित हुन सकेका छैनन् । स्थानीय तह र अन्य तह बीच कांचुली अस्पष्टता, बहुलता, क्षेत्राधिकार बारेका अन्तरविरोध एवं असन्तुष्टि हुँदाहुँदै पनि लामो समयदेखि सङ्घीय निजामती सेवा विधेयक छलफलमा मात्र रहेको छ । यो विधेयक सङ्घीयताको सफल कार्यान्वयनमा एउटा सक्षम, निष्पक्ष, पेशाप्रति निष्ठावान, उच्च नैतिक धरातल समातेको व्यवसायिक एवं जनउत्तरदायी प्रशासनिक प्रणाली एउटा अनिवार्य आवश्यकता हो भन्ने विषयमा उच्चस्तरको प्राथमिकता दिएर जति सक्दो चाँडो निर्णय गर्नु पर्दछ भन्ने विषय अन्य राजनीतिक विषयहरू भन्दा ओझेलमा पारिएको आभाष भइरहेको अवस्था छ । सृजनात्मक सोच, रचनात्मक दृष्टिकोणसहित स्थानीय सरकारलाई बलियो पारेर सङ्घीयताको जग बलियो बनाउन आफ्नो सेवा, शर्त, सुविधा एवं वृत्ति विकासका यावत विषयमा निश्चिन्त भएको क्षमता एवं सीपयुक्त उत्प्रेरित सेवा आवश्यक पर्ने भएकोले सोही अनुसार सङ्घीय निजामती सेवा ऐनलाई मुलुक र मुलुकवासीलाई दीर्घकालीन रूपमा सेवा प्रदान गर्न सक्ने उपयुक्त औजारको रूपमा नलिएको वर्तमान अवस्थाले गर्दा प्रादेशिक र स्थानीय स्तरमा जनशक्तिको माग र आपूर्ति बीच संयोजन हुन नसकेको देखिन्छ । संसदमा विचाराधिन विधेयक माथिका छलफल सम्बन्धमा बाहिर आएका विचारहरूलाई हेर्दा योग्यता, क्षमता, जाँगर, इमानदारी, नैतिकता जस्ता निजामती सेवाका आधारभूत मूल्यहरूको (Foundational values) जगेर्ना गर्दै सुशासन प्रत्याभूत गराउनु पर्ने निर्विकल्प गृहकार्य पूरा गर्न अपेक्षित सफलता प्राप्त नहुने समेत देखिन थालेका छन् । यो सङ्क्षिप्त विवेचनाले सम्बोधन गर्न पर्ने केही पेचिला प्रश्नहरूबारे ध्यान दिन पर्ने देखिन्छ ।

सङ्घीयताको सफल कार्यान्वयनका लागि प्रशासकीय सङ्घीयकरणको आयाममा देखापरेका मूल प्रश्नहरू र त्यसको सम्बोधन :

**(क)** सङ्घीय निजामती सेवा ऐनलाई संविधानको मर्म, भावना, त्यसमा उल्लेखित तीनै तहका सरकारको अधिकारको सूचीका आधारमा कुशलतापूर्वक सङ्गठन संरचनाको निर्माण गरेर केन्द्रिकृत, अमर्यादित कार्य संस्कृतिको सट्टा नतिजामूलक र समावेशी चरित्रको प्रणाली स्थापना गर्ने बलियो कानूनी आधारको रूपमा लिएर एउटा स्वचालित संयन्त्रको रूपमा निजामती सेवालाई चलाएमान बनाउने । आत्म केन्द्रित सोचाइका आधारमा राजनीतिक हस्तक्षेपलाई बढावा दिने प्रकारले होइन उत्कृष्ट व्यक्तिले मात्र 'उत्कृष्ठ सेवा दिन सक्छ' भन्ने आधारमा एउटा जनउत्तरदायी प्रशासनिक सङ्गठन निर्माणतर्फ सरोकारवाला शासकीय र प्रशासकीय नेतृत्व इमानदार भएर लाग्नु पर्दछ ।

**(ख)** तीनै तहका सरकारलाई निजामती र अन्य सरकारी सेवा गठन गर्ने अधिकार संविधानले दिए पनि सङ्गठन पुनर्संरचना र व्यवस्थापन ठीक ढङ्गले (Right Sizing) हुन सकेन भने सार्वजनिक सेवा बोझिलो, खर्चिलो हुन गई उपलब्ध स्रोत साधनको बढी अंश साधारण खर्चतर्फ जाने र विकास कार्यका लागि स्रोत नपुग हुन जान्छ । बोझिलो सेवाले लागत – लाभलाई बेवास्ता गर्दछ । सहज र नतिजामूलक सेवालाई प्रक्रियागत झन्झटले प्रभावित बनाएपछि जनता निराश हुन्छन् । यसतर्फ बेलैमा ध्यान जान आवश्यक छ । ➲

# नाटक र भालु नाचबारे सङ्क्षिप्त चर्चा-१

विगोल

साहित्यका विविध विधा कविता, कथा, निबन्ध, उपन्यास, खण्डकाव्य, महाकाव्यझैँ नाटक पनि एक महत्त्वपूर्ण विधा हो । यो कान्छो विधा भए पनि समृद्ध विधा हो । नाटक, नृत्य या नाचगान अभिनयात्मक कला हो । यो दृश्यकाव्य र श्रव्यकाव्य हुन्छ । नाटक पद्यात्मक होस् या गद्यात्मक या समिश्रण यसमा कविता तत्त्व र नाट्यतत्त्वको संयोजन हुन्छ । यो नाटककार, रङ्गकर्मी र प्रेक्षक अर्थात् तीन पक्षसँग सम्बन्धित त्रिआयामिक विधा हो । नाटकले जीवन जगत्को प्रतिनिधित्व गर्ने हुँदा यो सबैलाई प्रिय र रुचिकर हुन्छ । यसमा कुनै बेलाको परिवेश, घटना, चरित्रचित्रण, वातावरण, दृश्य तथा अन्य उपकरण या सामग्रीहरूको प्रयोग हुन्छ । नाटक कुनै रङ्गमञ्चमा या कुनै स्थानमा हुन्छ । तर, सबै नाटक रङ्गमञ्चमा प्रयोग हुनैपर्छ भन्ने मान्यता छैन । आजभोलिका अधिकांश नाटक रङ्गमञ्चमा प्रस्तुत हुने भन्दा पनि श्रव्यकृतिको रूपमा लेखिएका छन् । श्रव्यकृतिको रूपमा लेखे पनि आफू अनुकूल रङ्गमञ्चमा प्रस्तुत गर्न सकिन्छ । बिना संवाद लेखिएको नाटक मूक नाटक हो । यस्तो नाटकमा चरित्रहरूको संवाद नगरी भाव या कार्यको मात्र अनुकरण हुन्छ । पहिले पहिले रचित नाटक पद्यात्मक भए पनि पछिल्लो चरणमा लेखिएका नाटक गद्यात्मक छन् ।

पूर्वमा संस्कृतमा र पच्छिममा ग्रिसेली प्राचीन नाटकहरू रचिएका थिए । नेपाली नाटक संस्कृत, उर्दू, हिन्दी, अङ्ग्रेजी हुँदै आधुनिक शैलीमा आफ्नो मौलिकता कायम भएको देखिन्छ । मध्यकालीन समयमा संस्कृत, मैथली र नेवारी नाटकहरू रचिएका थिए । प्राथमिक कालका पृथ्वीनारायण शाहका दरबारिया पण्डित शक्ति बल्लभ अर्यालद्वारा संस्कृतमा रचित **'हास्यकदम्ब'** नाटक नाममात्रको नाटक हो । श्री ५ सुरेन्द्र शाहको पालामा **'लाल-हीरा'** नाटकको मञ्चन भए पनि नेपालीमा नाटकको पुनरुत्थान वीर शमशेरको शासन कालमा दरबारिया नाचघरहरूको निर्माणसँगै नेपाली नाटकले गति लिएको थियो । 'हास्यकदम्ब' (१८५५), **मुद्रा राक्षस** (१८९२) नाटक नाट्यात्मक भन्दा पाठ्यकृतिको रूपमा देखिन्छ । मोतीराम भट्टद्वारा अनुदित **'प्रियदर्शिका'** (१९४८–४९) अनुवादको हिसाबले पहिलो नाट्यकृति हो । **'शकुन्तला'** मोतीराम भट्टको पहिलो नाटक हो ।

नेपालमा नाट्यकृति र नाटकको प्रारम्भ गर्नुभन्दा पहिले लोकगीत, लोकगाथा र लोक नाटकहरू देखिए । जनजीवन,

---

**भावी दिशा** :

प्रत्येक राजनीतिक परिवर्तनले ल्याउने परिवर्तनसँगै नेपालमा पनि प्रशासन सुधारका प्रयास नभएका होइनन् । 'Administrative system is the subsystem of political system' लाई स्वीकार गर्दै २००७ को बुच कमिशन, २०१३ को प्रशासन सुधार आयोग, २०२५ र २०३२ मा गठन भएका प्रशासन सुधार आयोगलगायत प्रजातन्त्रको पुनर्स्थापनापश्चात २०४८ मा पनि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन भयो ।

दोस्रो जनआन्दोलनपछि ल्याइएको अन्तरिम संविधानपश्चात वि.सं. २०७० मा बनेको प्रशासन सुधार आयोगले पनि प्रशस्तै सुझावहरू दिएको थियो ।

अहिले संविधान बनेको चौथो वर्ष पार गरेर पाँचौँ वर्षमा प्रवेश गर्न लागेको अवस्था छ । प्रशासन सुधार निरन्तर चलिरहने प्रक्रिया भएता पनि एकात्मक राज्य व्यवस्थामा हुर्केको प्रशासनलाई नतिजामूलक बनाउन सेवाको प्रभावकारिता बढाउने र संस्थागत हुन थालेको अमर्यादित कार्य संस्कारलाई उखेलेर फ्याँक्न सक्ने संकल्पलाई मन, वचन र व्यवहारमा रूपान्तरण गरिनु पर्दछ । समृद्धि प्राप्ति लोकप्रिय देखिने, सुनिने राजनीतिक नाराको संकथनबाट मात्र पूरा हुँदैन । नेपाली नागरिकलाई देखाइएको सपना ज्यूँदो राखिएन भने समाजमा देखिएको मौनता वा निराशाले समाज विस्तारै असहिष्णुमात्र होइन अनुशासनहीन भएर अराजकता उत्पन्न हुन्छ । शासकीय इतिहासको अहिलेको कालखण्डको सरकार, अनुकूल अवस्थामा रहँदा पनि प्रवृत्तिगत सोचाइमा परिवर्तन अनिवार्य छ । नीतिमात्र राम्रो भएर पुग्दैन । नियतमा प्रश्न उठाउन नसकिने असल राजनीतिक कार्य संस्कृतिले मात्र विकासको संवाहक शक्तिको रूपमा रहने हाम्रो निजामती सेवालाई इमानदार र परिणाममुखी बनाउन सक्दछ । यो तीनै तहको राजनीतिक नेतृत्व र प्रशासनका लागि उत्तिकै जरुरी हुन्छ । त्यसका लागि विधिको शासनप्रतिको साँचो प्रतिबद्धता, मर्यादित शासकीय र प्रशासकीय कार्यव्यवहार अनि संस्थागत प्रणाली कमजोर बनाएर निहित स्वार्थ पूरा गर्ने आत्मकेन्द्रित सोचाइमा आमूल परिवर्तन आउनै पर्दछ । यसो गर्न सकियो भने मात्रै सङ्घीयता कार्यान्वयनको सन्दर्भमा देखापरिरहेका जटिलता खुकुलो पार्दै सम्पूर्ण प्रशासकीय संयन्त्रलाई मुलुक र मुलुकबासीको बृहत्तर हितमा परिचालन गर्न सकिन्छ ।

संस्कृति, कृषि, धर्मकर्म आदिसँग सम्बन्धित नाचगान, नृत्य, लोकनाटक देखिए । देवीनाच, भैरवनाच, नवदुर्गा नाच, लाखेनाच, बाघनाच, भालुनाच यसका दृष्टान्त हुन् ।

नृत्यका साथ कथानक भएको गीत नै लोकगाथा हो । 'गाथा' को अर्थ गायन हो । लोकगाथाहरू गीतबद्ध हुन्छन् । विभिन्न जाति, धर्म, भाषा र संस्कृतिको समिश्रण समाजको विशेषता भएको हुँदा नेपाली लोकगाथाको भण्डार अनेक विशेषता र विविधतायुक्त छ । विभिन्न युगका अनुभव र अनुभूति लोकगाथामा पाइन्छ । लोकगाथा आख्यानात्मक र गेयात्मक विधा हो । लोकगाथा नेपाली लोकजीवनको सेरोफेरोमा रहेर आफूले जानेका र देखेका विषयवस्तु समेटिएर लेखिएको हुन्छ । यसका निश्चित सर्जक हुँदैनन् या भए पनि अज्ञात हुन्छन् ।

लोकगाथा कुनै पौराणिक, कुनै ऐतिहासिक त कुनै सामाजिक हुन्छ । कुनै सीमान्त गाथा हुन्छ । कुनै लोकगाथामात्र गाइन्छ त कुनै गीत र वाद्यवादनसँग गाँसिएको हुन्छ । लोकगाथामा वीर, श्रृङ्गार, करुण, भक्तिरस, वीररस जे भए पनि लोकगाथा कौटुम्बिक अर्थात् परिवारका सदस्यहरूबीच केन्द्रित हुन्छ । शोकपूर्ण र अलौकिक गाथाहरू मृत्युगीत, अन्धविश्वास तथा जादूसँग सम्बन्धित हुन्छन् । लोकगाथा मनोरञ्जनात्मक, रोमाञ्चक, व्यङ्ग्यात्मक त कति अश्लील ढङ्गको हुन्छ ।

कुनै जनजीवनको परम्परा, रहनसहन, व्यवहार र आस्थाको प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक हो । यो नाटक लोक परम्परा र रुढिमा आधारित हुन्छ । नेपाली समाजमा लोकनाटक प्रदर्शन गर्ने गुरु परम्परा हुन्छ । यो नाटकको सञ्चालन कुनै विशेष व्यक्ति या गायनले संयोजन गरेको हुन्छ । नाटकमा पात्रको चयन, पहिरन, आभूषण र अभिनयको निश्चित प्रक्रिया या पद्धति हुन्छ । कथानक लामा वा छोटा पनि हुनसक्छ । नाटक कुनै मञ्चमा प्रस्तुत गरिएको हुन्छ । काठमाडौं उपत्यकामा पनि नाटक मञ्चनको निम्ति छुट्टै मञ्च या दबुको निर्माण गरिएको छ । मञ्च नभएको स्थानमा कुनै घर आँगन, चौतारा, मन्दिर प्राङ्गण, चौर, चोक या त्यस्तै उपयुक्त स्थानमा नाटक प्रदर्शन गरिएको हुन्छ । भक्तपुरमा पनि साना ठूला दबूहरू छन् । सूर्यमढी, दत्तात्रय, लायकु, नासमनाका दबूहरू यसका दृष्टान्त हुन् ।

नाटकको कथानकअनुसार उपयुक्त पात्रको चयन गरिन्छ । पहिले पहिले पुरुष पात्र नै स्त्रीको भूमिकामा रहेको हुन्छ । लोकनाटकमा नाच र नाटकको सम्बन्ध रहेको हुन्छ । गीति नाटक तथा नृत्य नाटिका नाटककै रूप हुन् । लोकनाटकमा संवाद, पात्रअनुसारका भेषभूषा, पहिरन, गहना आदि हुन्छ । बाँदर नाच, बाघ नाच, हनुमान नाच, लाखे नाच र भालु नाचको पहिरन आ-आफ्नै हुन्छ । त्यसो भएन भने पात्रलाई सुहाउँदैन, पात्र आकर्षित हुँदैन । लोकनाटकमा पात्रले लोकजीवनका विचार, व्यवहार र परिवेशको प्रतिनिधित्व गरेको हुन्छ । लोकनाटक पनि त्यतिकै रोमाञ्चक, मनोरञ्जनात्मक, उपदेशात्मक, व्यङ्ग्यात्मक र उद्देश्यमूलक हुन्छ । यसरी विभिन्न लोककथा, लोककविता, लोकगाथा, लोकनाटक आदिको विकासकै सिलसिलामा भक्तपुरमा पनि लोकनाटक, नाटक या परम्परागत नाचगानको प्रारम्भ र विकास भएको देखिन्छ ।

नाटक कुनै एकाङ्की हुन्छ त कुनै पूर्णाङ्की हुन्छ । कुनै नाटक एकै दृश्यमा, कुनै नाटक तीन चार दृश्य त कुनै नाटक धेरै दृश्यमा, अङ्कमा बनाइएको हुन्छ । एकाङ्कीको आकार सानो र नाटकको आकार ठूलो हुन्छ । एकाङ्कीमा जीवनको एक विशिष्ट पक्षको चित्रण गरिएको हुन्छ भने नाटकमा जीवनको विविध पक्ष रहेको हुन्छ । नाटक बृहत् आयामको हुन्छ भने एकाङ्की लघु आयामको हुन्छ । नाटकमा पात्रको सङ्ख्या बढी र एकाङ्कीमा थोरै सङ्ख्या हुन्छ । नाटकको चरित्र चित्रणमा विविधता पाइन्छ भने एकाङ्कीको चरित्र चित्रणमा सङ्क्षिप्तता या एकोन्मुखता हुन्छ । एकाङ्कीको कथानक एउटै मूलको हुन्छ भने नाटकको बृहत् जीवन जगत्को हुन्छ । नाटकमा घटनाको विस्तार हुन्छ भने एकाङ्कीमा घटनाको चरण न्यूनता हुन्छ । एकाङ्कीले स्वाभाविकरूपमा कम समय र नाटकले बढी समय लिएको हुन्छ ।



भालु नाचको एक दृश्य

नाटक एकाङ्की होस् या पूर्णाङ्की भक्तपुरमा देखाइने हरेक नाचगानको आफ्नै पृष्ठभूमि, ऐतिहासिक, सांस्कृतिक, सामाजिक तथा धार्मिक महत्त्वको देखिन्छ । यहाँ रहेका नाटक नृत्यजस्ता विधाहरू अक्सर

गाईजात्राको बेलामा प्रदर्शन गरिए पनि ती नाचगानहरू एकै समयमा आरम्भ भएको देखिँदैन। हरेक समयमा परिवेश, घटनाक्रमअनुसार आरम्भ र विकास भएको देखिन्छ। कुनै समयमा बढी नाचगानहरूको आरम्भ भएको हुनसक्छ। तर, यहाँका अधिकांश नाचगान गाईजात्रामा देखाइने चलन छ।

नेपालमा बरोबर बाघको गणना हुन्छ, बाघको सङ्ख्या निर्धारण हुन्छ। अनि बाघको संरक्षण गर्ने प्रसङ्ग हुन्छ या बाघबारे चर्चा परिचर्चा हुन्छ। तर, सिंह र भालुको खासै चर्चा हुँदैन। सिंह र भालुको गणना पनि हुँदैन। बाघको झैँ सिंह र भालुको सङ्ख्या बढाउने, संरक्षण गर्ने, सुरक्षित गर्ने बहस, अन्तरक्रिया या चर्चा परिचर्चा हुँदैन। यसकारण नेपालमा सिंह कति छन्, भालु कति छन्, खासै गुन्जायस हुँदैन। यदाकदा भालुको चर्चा हुन्छ। भालुले मान्छेलाई झम्ट्यो, झम्टेर घाइते पाऱ्यो, भालुको चटक देखायो भन्ने खबर सुन्छौँ, देख्छौँ। यसले नेपालमा भालु पनि छन् भन्ने थाहा हुन्छ। हो, हामी चिडियाखानामा बाघ, भालु, सिंह देख्छौँ। नेपालमा रहेका जीवजन्तु र पन्छीहरूको संरक्षण गर्न र प्रत्यक्षरूपमा हेर्न चिडियाखानाको बन्दोबस्त ठिक्कै हो, त्यो आवश्यक छ। नेपालमा रहेका सबै जीवजन्तु तथा पन्छीहरूको प्रतिनिधित्वको रूपमा राख्न सके अझ सुनमा सुगन्ध हुन्छ।

हामीले प्रत्यक्षतः बाघ, भालु, सिंह नदेखे पनि प्रत्येक वर्ष गाईजात्रामा सिंह, बाघ र भालुको नाच हेर्छौं। गाईजात्राको अवसरमा देखाइने कति परम्परागत नाच लोप भए, कति लोपको क्रममा छन्। बाघ नाच र भालु नाच पनि लोप भइसकेको थियो। गाईजात्राको बेला भक्तपुर नगरभित्र प्रत्येक नाच देखाउनुपर्थ्यो भन्ने मान्यता छ। भालु नाच नै एक समय लोप भइसकेको थियो। तर, भालु नाच कहिलेदेखि कहाँबाट सुरु भयो सोको तिथिमिति भेटिएको पाइँदैन। सिंह नाच, भैरव (भैल) नाच र देवी नाचमा नचाइने हुँदा भैरव र देवी नाचसँगै विकास (थालनी) भएको अनुमान गर्न सकिन्छ।

भालु नाच गाईजात्राको थालनीसँगै भएको हो या त्यसभन्दा पहिले नै सुरु भइसकेको छ, अध्ययन, अनुसन्धान र बहसको विषय छ। सम्भवतः कति गाईजात्राको थालनीसँगै त कति यसअघि नै सुरु भएको अनुमान गर्न सकिन्छ। यहाँका परम्परागत नाचगान गाईजात्रासँग सम्बन्धित छैनन्। गाईजात्रा त नाचगान देखाउने एउटा अवसर हो। गाईजात्रा आफैमा मनोरञ्जनात्मक प्रदर्शनी हो। गाईजात्रामा व्यङ्ग्य गरिन्छ, घोचपेच गरिन्छ। अरु बेला भन्न नसकिने, बोल्न नसकिने प्रस्तुति गाईजात्रामा हुन्छ। गाईजात्रालाई थप मनोरञ्जनात्मक, रोचक, आकर्षक बनाउन यहाँका परम्परागत नाचगानहरू देखाइएको हो कि भन्ने अनुमान गर्न सकिन्छ।

भक्तपुरको बाक्लो जङ्गल सूर्यविनायक जङ्गल हो। अन्य अग्ला होचा पहाड, डाँडाकाँडा बनपाखा, खोलानाला, लेक बेँसी भए पनि खासै जङ्गल छैन। जङ्गल भए पनि यहाँ सिंह, भालु, हात्ती आएको देखेको खासै सुनिँदैन, पाइँदैन। तर बाघ बेलाबखत आएको हामी सुन्छौँ देख्छौँ। यहाँ बाघ, भालु र सिंह नभए पनि गाईजात्रामा बाघ, सिंह र भालु नाच नचाइन्छ। सिंह नाच देवी र भैरव नाचसँगै नचाइने भएको हुँदा गाईजात्रा बाहेक अरु बेला पनि आवश्यकता र मागअनुसार नचाइन्छ। तर भालु नाच अरु बेला नचाइएको पाइँदैन। यो वर्ष



गाईजात्रामा प्रदर्शित नाचहरूको भक्तपुर नपाको मूल्याङ्कन स्थल

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारण विगतमा झैँ गाईजात्रा सञ्चालन भएन। कोरोना भाइरस जनसमुदायमा फैलिसकेको र फेरि फैलेर रोग व्यापकरूपमा फैलिने हुनाले पनि गाईजात्रा औपचारिकरूपमा सीमित भएको हो। यो वर्षको गाईजात्रामा लानैपर्ने 'ताहामचा' र 'साँचा' वा गाई, मृतकको प्रतिमा जस्ताबाहेक कुनै पनि घिन्ताङघिसी र परम्परागत नाचगान प्रस्तुत भएन। गत वर्ष देखाइएका विभिन्न नाचगानमध्ये भालु नाच पनि एक हो।

भालु छैंदै नभएको भक्तपुरमा भालु नाच कसरी भयो भन्ने प्रश्न पनि उठेको छ। यो जिज्ञासा राख्नु स्वाभाविक हो। त्यसको अध्ययन गर्ने पाटो छुट्टै छ। तर यहाँ भालु भएपछि मात्र भालु नचाइनुपर्छ या देखाइनुपर्छ भन्ने होइन। त्यसो त यहाँ डाँफे पनि देखिँदैन। तर, डाँफे नाच पाइन्छ। सिंह छैन तर सिंह नाच पाइन्छ। लाखे नाच लाखे भएको ठाउँमा, बाघ नाच बाघ भएको ठाउँमा मात्र नाच हुन्छ, नचाइन्छ भन्ने होइन। हो, कति यहाँका नाचगान स्थानीय जनजीवन र गाथासित सम्बन्धित छन्। यहाँका जनजीवनका कथा र व्यथा या घटनाको आधारमा गीत गाइएका र नाचहरू नचाइएको पाइन्छ। नाचगान गाईजात्राको बेलामा मात्र होइन अन्य उत्सव, मेला, पर्व-चाडमा पनि हुन्छ। निश्चित समयमा निश्चित नचाइने नाच पनि छ।

कहिलेकाहीं हामी चटकेहरूले भालु ल्याएको देख्छौँ, भालुलाई नचाएर आयआर्जन गरेको देख्छौँ। त्यसरी नै चटके या अन्य व्यक्तिहरूले सर्प, बाँदर नचाएर आम्दानी गरेको देख्छौँ। तर चटकमा देखाइने भालु नाच र गाईजात्रामा देखाइने भालु नाचमा धेरै भिन्नता देख्छौँ। कुनै भालु नाच सोंख र आय आर्जनको हिसाबले देखाइन्छ भने गाईजात्राको भालु नाच जनजीवनसित सम्बन्धित हुन्छ। त्यस भालु नाचको आफ्नै कथानक हुन्छ, संवाद हुन्छ, भेषभूषा या पहिरन हुन्छ। गीत हुन्छ, वाद्यवादन हुन्छ। गीत गाइन्छ, शिकार खेलिन्छ, भालु मार्छ, भालुले खाएको मकैको क्षतिपूर्तिको बखान हुन्छ। त्यही बखानमा रमाइला, हँसिला बातचित हुन्छ। एकले अर्कोलाई ठट्टा गर्छ, घोचपेच गर्छ।

गएको गाईजात्रामा हाल भनपा १ (साविक १७) स्थित भार्वाचो र भनपा वडा नं. १० (साविक ४) स्थित नगांचाबाट भालु नाच देखाइएको थियो। भालु नाचको उद्देश्य र कथानक एउटै एउटै जस्तो देखिए पनि भालु नाचको प्रस्तुति, घटनाक्रम फरक देखिन्छ। भालुनाचमा भाग लिने कलाकारमा पनि अन्तर पाइन्छ। भालु नाचसम्बन्धी गीत दाफा भजनमा पनि पाइन्छ। दाफा भजनमा रहेको गीत र हाल प्रस्तुत भएको भालु नाचको गीतमा अन्तर छ। भनपा वडा नं १ भार्वाचोस्थित मनिसुन्दर गणेश दाफाभजनबाट प्राप्त भालुसम्बन्धी गीत यहाँ प्रस्तुत छ–

*संवत् दोलछि व न्हैदाया मितिस*
*घर घरै सिपाही जोङा वने लोक दुनियाँ सोल वई रे*
*सैन्य दको मुनकाव अ हलवान रे।*
*पशुपन्छी भालुयात स्याङा व वानेनुयो हरखन म्हेत रे*
*सिंह, ब्याघ्र अजिङ्गर अनेन दव रे*
*धनुषवान हतियार जोङा व वानेनुयो हरखन दको रे*
*शिकारी खिचा सिपाही छम्हा न्हपालाक छोव रे*
*भालु जुवा जुँगे लामा सो वई झिपि सकले वङा व जोनेनु*
*लामाजुन मन्त्र याना भालु म्वाका काई रे*
*सिपाहीनं मन्त्र स्याङा विइगु स्वस्व घेरा विया च्वनेनु*
*हनुमानघाते गंगास मोल ल्हुल वानेनु*
*दको पाप चुयकाव छोये वानेनु हरखन थव छस रे*
*लोक पञ्च मुनकाव भजन याये रे*
*राम नाप जप तप याङाव वानेनुयो वैकुण्ठ वास रे।*

भालुसम्बन्धी नाच मकैबारी र तोरी बारीसित सम्बन्धित छ। तर यो गीतमा भालु मकैबारीमा पसेको प्रसङ्ग छैन। मकैबारीमा भालु पसेको प्रसङ्ग नभए पनि प्रजागण मिलेर भालुको शिकार गर्नुपर्ने वर्णन गीतमा पाइन्छ। सिंह, बाघ, अजिङ्गर पनि हुने भएकोले शिकारी कुकुर, सिपाहीसमेतले धनुषवान लिएर जानुपर्ने आवश्यकता बोध गरिएको छ। भालु पालक जुँगे लामा पनि आउने र मारिएको भालुलाई लामाले मन्त्र गरेर बचाउनेतर्फ पनि सतर्कता अपनाउनुपर्ने प्रसङ्ग गीतमा पाइन्छ। भालुको सिकारीपछि पापमोचन गर्न पवित्रस्थल हनुमानघाटमा स्नान गरी लोकपञ्च भेला भई उत्सव मनाउनुपर्ने कुरा पनि गीतमा उल्लेख गरिएको छ।

भालुसम्बन्धी गीतको भावानुवाद
संवत् १०७० को मिति हो।
घरघरबाटै सिपाही ल्याएर लोक दुनियाँ हेर्न आए रे।
सैन्यहरू सबै जम्मा गरेर त्यहाँ पुगे रे।
पशुपन्छी भालुलाई मार्न जाऔँ न हर्षका साथ खेलेर रे
सिंह, बाघ, अजिङ्गर त्यहाँ छ रे।
धनुषवाण हतियार लिएर जाऔँ न हर्षका साथ सबै रे।
शिकारी कुकुर र सिपाही एक जना पहिले पठाउ रे।
भालु मालिक जुँगे लामा हेर्न आउँछ सबै गएर समातौँ रे।
लामाले मन्त्र गरेर भालु बचाउन सक्छ रे
सिपाहीले मन्त्र मार्ने विधि हेर, घेरा दिएर बसौँ न।
हनुमानघाटको गंगामा स्नान गर्न जाऔँ।
सबै पाप पखाल्न जाऔँ न हर्षका साथ आफ्नो घर रे।
लोकपञ्च जम्मा गरेर भजन गरौँला रे।
राम नाम जप तपको ध्यान गरेर आजौँ न वैकुण्ठ वास रे।


**महान वैज्ञानिक**

# ग्यालिलियो ग्यालिली



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** विज्ञानले हामीहरूलाई धेरै वैज्ञानिकहरू दिएको छ। अर्को भाषामा विभिन्न वैज्ञानिकहरूले हामीलाई विज्ञान वा विज्ञानका आविष्कारहरू दिएका छन्। त्यही आविष्कारहरूले गर्दा मानव जीवन धेरै सहज र आनन्ददायक भएको छ। हामी घरमा बसी संसारभरिका मानिसहरूसँग कुरा गर्न सक्ने, त्यहाँका दृष्यहरू सजिलै हेर्न सक्ने, विश्वभरिका सामान उपभोग गर्न सक्ने भएका छौं। यन्त्रहरूको आविष्कारले गर्दा जुनसुकै काम सजिलै र छिटो गर्न सक्ने भएका छौं। हामीलाई थाहा छ कुनै नयाँ सीप वा ज्ञान सिक्न कति गाह्रो हुन्छ। अझ नयाँ वस्तु पत्ता लगाउन त झन गाह्रो हुन्छ। तर पनि वैज्ञानिकहरू रातदिन समाज, देश र विश्वको लागि मानव कल्याणको लागि भनेर विभिन्न नयाँ प्रविधिहरू र यन्त्रहरू बनाउनमा र परिमार्जन गर्नमा लागिरहेका छन्। विज्ञानमा काम गर्ने विभिन्न वैज्ञानिकहरू मध्ये थोरै वैज्ञानकिहरूमात्र आफ्नो आविष्कारमा सफल हुन्छन्।



आधुनिक विज्ञानका पिता ग्यालिलियो

तर केही वैज्ञानिकहरूले आफ्नो आविष्कारको कारणले दुख पाएको, जेल जानु परेको र धेरै पीडा भोग्नु परेको छ। त्यसमध्ये धर्मका कारण आफ्नो जीवन नजरबन्दमा बिताउनु पर्ने एक वैज्ञानकि ग्यालिलियो ग्यालिली हुन्। धर्मले विज्ञानले आविष्कार गरेको तथ्यलाई स्वीकार नगरी परम्परागत मूल्यमान्यतालाई नै निरन्तरता दिने कार्य गर्दछ। धर्मले बताएका कुराहरू प्राय: प्रमाणित हुँदैन र त्यसका कतिपय कुराहरूमाथि प्रश्न पनि उठाउन पाईंदैन। यो एउटा पुस्ताबाट अर्को पुस्तामा वा एक व्यक्तिबाट अर्को व्यक्तिमा स्थानान्तरण हुँदै गएको हुन्छ। ग्यलिलियोले आफ्नो वैज्ञानिक आविष्कार र नयाँ मान्यता, धारणा, सिद्धान्तका कारण धर्मगुरु वा चर्चबाट अति नै समस्या भोग्नु परेको र दुख भोगेका थिए । उनले धार्मिक पुस्तक बाइबलमा रहेका केही कुराहरूसँग नमिल्ने गरी सिद्धान्त प्रचार गरे वापत आजीवन आफ्नो घरमा नजरबन्दमा बस्नु पऱ्यो र उनको नजरबन्दमा नै मृत्यु भयो।

ग्यलिलियोले आधुनिक विज्ञानमा विभिन्न आविष्कारहरू गरेर धेरै योगदान गरेको हुनाले उनलाई आधुनिक विज्ञानका पिता भनिन्छ। भनिन्छ जुन दिन ग्यालिलियोको जन्म भयो त्यही दिन आधुनिक विज्ञानको जन्म भयो। उनी एक दार्शनिक, गणितज्ञ, भौतिकशास्त्री, खगोलशास्त्री र इन्जिनियर थिए। उनको आविष्कारहरूलाई अझ विकास र परिमार्जन सर आइज्याक न्युटनले गरेका थिए। यसकारण न्युटनलाई ग्यालिलियोको पुन:जन्म पनि भनिन्छ। ग्यालिलियोको मृत्यु भएको ११ महिनापछि न्युटनको जन्म भएको थियो।

**बाल्यकाल :** ग्यालिलियो ग्यालिलीको जन्म इटालीको पिसा भन्ने ठाउँमा १५ फ्रेवुअरी १५६४ मा भएको थियो। उनका बुबाको नाम Vincenzo Galilei र आमाको नाम Giulia Ammannati थियो। उनका बुबा सङ्गीतकार थिए। ६ सन्तानहरू मध्ये जेठो ग्यालिलियोले बाल्यवस्थामा नै बुबाबाट सङ्गीत पनि सिकेका थिए। उनी सानै उमेरदेखि मिहिनेती, जिज्ञासु, सृजनात्मक सोच भएका र बुद्धिमान थिए। उनको प्रारम्भिक शिक्षा बाल्लोम्ब्रोसास्थित एउटा धार्मिक पाठशालाबाट शुरु भएको थियो। घरमा भाइ बहिनीहरू धेरै भएकोले १० वर्षसम्म उनको लालनपालन आफ्नो नातेदारहरूको घरमा भएको थियो। उनी सानै उमेरदेखि गणितमा रुचि राख्ने र पढन रुचाउँथे तर उनका बुबालाई गणितमा रुचि राखेको विलकुलै मन पर्दैनथ्यो। उनको बुबा उनलाई चिकित्सा क्षेत्रमा लैजान चाहन्थे। चिकित्सा विषय पढेर घरको लागि केही आम्दानी गरेर परिवार सम्हाल्नमा सहयोग होस् भन्ने चाहन्थे। उनी ११ वर्षको हुँदा बुबाले उनलाई फ्लोरेन्सबाट ३५ किलो मिटर टाढा एउटा धार्मिक विद्यालयमा पढनको लागि पठाए। विद्यालयको

भौतिक अवस्था, वातावरण र त्यहाँका साथीहरूको कारण ग्यालिलियो एकदम मन्त्रमुग्ध भए । अब उनको मनमा सन्यासी बन्ने चाहना जाग्यो तर आफ्नो बुबालाई भन्न गाह्रो थियो । एकदिन बुबा उनलाई भेट्न आउँदा आफ्नो मनको कुरा बुबालाई बताए । उनको कुरा सुनेर बुबा छाँगाबाट खसेजस्तो भयो । तुरुन्त उनलाई उक्त धार्मिक विद्यालयबाट झिकेर पिसामा ल्याए । उनलाई पिसा विश्वविद्यालयमा भर्ना गरिदिए । यसबेलासम्म उनी युवावस्थामा प्रवेश गरिसकेका थिए ।



युवावस्थामा ग्यालिलियो

**नाम :** ग्यालिलिको परिवारको वास्तविक थर थिएन । १४ औं शताब्दीमा उनको एकजना पुर्खा Galileo Bonaluti थियो । उनी खगोलविद्, विश्व विद्यालयका शिक्षक र राजनीतिकर्मी थिए । उनको सम्मानमा १४ औं शताब्दीको अन्ततिर उनको परिवारले आफ्नो थर Bonaluti बाट Galilei राखेका थिए । ग्यालिलियोको अगाडिको नाम उनीहरूको परिवारको परम्पराअनुसार जेठो छोरा भएकोले आफ्नो थरबाट राख्ने चलन थियो । यस परम्पराअनुसार ग्यालिलियोको नाम, थरको आधारमा ग्यालिलीबाट ग्यालिलियो राखिएको थियो ।

**शिक्षा :** उनले १७ वर्षको उमेरमा पिसा विश्वविद्यालयबाट म्याट्रिक पास गरे । अब ग्यालिलियो गणित विषय लिएर पढन चाहन्थे । तर बुबाको इच्छा चिकित्सा शास्त्र पढाउने थियो । उनले आफ्नो इच्छा मारेर बुबाको चाहनाअनुसार चिकित्सा शास्त्र अध्ययन गर्न थाले । तर त्यहाँ उनी पढाइमा रमाउन सकेन । उनी आफ्नो इच्छाअनुसार भौतिक विज्ञान र गणितमा रमाउन थाले । यसै कारण उनले डाक्टरी पढाइ छाडे । त्यही बेला उनलाई मनपराउने एकजना गणितका शिक्षकले उनको बुबालाई भेटेर छोरालाई गणित पढाउन सम्झाए । बुबा पनि छोराको इच्छामा आफ्नो विचार परिवर्तन गरी गणित र भौतिक विज्ञान पढन अनुमति दिए । तर सन् १५८५ मा यो अध्ययन पनि उनले बीचमै छोडी दिए । उनी आफ्नै तरिकाले गणित र भौतिक विज्ञानको अध्ययन अनुसन्धान गर्न थाले ।

**आविष्कार र सफलता :** उनी १८ वर्षको हुँदा एकदिन पिसाको गिर्जाघरमा प्रार्थना गर्न गएका थिए । त्यसबेला उनी गिर्जाघरको दलिनमा एउटा लाल्टिन लामो तारमा झुण्ड्याइराखेको देखे । त्यसबेला हुरीको कारण उक्त लाल्टिन दायाँ बायाँ हल्लिरहेको थियो । त्यसलाई उनले एकटकले हेरिरहे । हल्लिरहेको लाल्टिन एकछेउबाट अर्को छेउमा जान्थ्यो र यो प्रक्रिया निरन्तर दोहोरी रहेको देखे । अवलोकन कै क्रममा धेरे पटक दोहोरिंदा लाल्टिनको वेग घट्दै गएको उनले पाए । लाल्टिन एक छेउबाट अर्को छेउमा पुग्दा र फर्कंदाको समय बराबर हुन्छ भनेर नाडीको चालबाट पत्ता लगाए किनभने त्यसबेला समय नाप्ने घडीको आविष्कार भएको थिएन । पछि यही सिद्धान्तको आधारमा उनका छोरा Vincenzo ले भित्ते घडीको मोडल बनाए । पछि यही सिद्धान्तबाट क्रिस्चियन ह्युगेन्सले पहिलो पेण्डुलम घडी बनाएका थिए । सन् १५८६ मा २२ वर्षको उमेरमा ग्यालिलियोले कम तौलका वस्तुहरू जोख्नको लागि हाइड्रोस्टाटिक तराजुको डिजाइन गरे । जसलाई पछि सानो तराजु भनेर नामाकरण गरे । रोजगारीको सिलसिलामा उनले सन १५८८ मा बोलोग्ना विश्वविद्यालयमा गणित विभागको अध्यक्षमा नियुक्ति पाउन दर्खास्त हाले तर उनी असफल भए । यसपछि आयआर्जनको लागि उनले केही समय फ्लोरेन्समा गणितको ट्युसन पढाउन थाले । उनी अब झन मिहिनेत गरेर गणित र भौतिक विज्ञान अध्ययन गर्न थाले । यसै समय उनले सापेक्षिक घनत्व र चाल सम्बन्धी नियमहरू बारे केही कुरा पत्ता लगाए । एकचोटि उनलाई फ्लोरेन्टिन एकेडेमीले गणित सम्बन्धी एउटा प्रवचन दिन बोलायो । उनले उक्त संस्थामा गरेको गणित सम्बन्धी व्याख्याले सहभागीहरूमा ठूलो सकारात्मक प्रभाव पार्‍यो । परिणाम स्वरूप उनलाई सन् १५८९ मा पिसा विश्वविद्यालयले प्रोफेसरको रूपमा गणित विभागको अध्यक्षमा नियुक्त गरे । त्यसबेला उनको उमेर २५ वर्ष थियो ।

उनले दार्शनिक अरस्तुले यदि एउटै स्थानबाट अलग अलग भारका दुइवटा वस्तुहरू एकै साथ खसाल्यो भने धेरै भार भएको वस्तु छिटो र कम भार भएको वस्तु ढिलो भुइँमा आइपुग्छ भनेका थिए । तर ग्यालिलियोले पिसाको निहुरिएको टावरबाट एउटा हलुका र अर्को गह्रौं दुइटा वस्तुहरू एकैसाथ खसालेर तिनीहरू एकै समयमा भुइँमा आएको घटना देखाएर **अरस्तुको विचार गलत भएको सावित गरे** । उनले विजगणितीय कम्पास बनाए । यसबाट धेरै आम्दानी पनि गरे । उनले लेखेको पुस्तक सानो सन्तुलनमा चाल सम्बन्धी तीनवटा नियमहरू पनि निकाले । उनले पोल्याण्ड निवासी एकजना लेन्स बनाउने मानिसले लेन्सहरू मिलाएर टाढाको वस्तु सफा र स्पष्ट पारेर हेर्न मिल्ने टेलिस्कोप बनाएको कुरा सुने । उक्त व्यक्तिको नाम Hans Lippershey थियो । उनले पहिलो पटक सन् १६०८ मा आविष्कार गरेका थिए । ग्यालिलियोले सोचे यसप्रकारको यन्त्रहरू सेनाहरूको लागि टाढाको वस्तुहरू र विदेशी सेनाहरू हेर्नको लागि उपयुक्त हुन्छ । उनले सन् १६०९ मा लेन्सहरूको संयोजनबाट पहिलो पटक बनाएको टेलिस्कोपको विस्तृति क्षमता १० थियो भने पछि परिमार्जन गरी बनाएको विस्तृति क्षमता ३० थियो । (विस्तृति (Magnification) - लेन्सले वस्तुको आकृति ठूलो अथवा सानो बनाउने क्रियालाई विस्तृति भनिन्छ ।) त्यसपछि उनलाई भेनिसका राजा सिग्नोरियाले बोलाउन पठाए । उनले दरबारमा रहेका प्रतिष्ठित व्यक्तिहरूलाई भेनिसको गिर्जाघरको सबैभन्दा




भेनिसको अधिकारीलाई गिर्जाघरबाट आफूले बनाएको टेलिस्कोप प्रदर्शन गर्दै

माथिल्लो भागबाट आफूले बनाएको टेलिस्कोपको सहायताबाट समुद्रमा आइरहेको पालदार जहाजलाई अवलोकन गराउँदा ठूलो, सफा र स्पष्ट रूपमा देखिएको थियो ।

यसबाट उनको ख्याति एकदम बढ्यो । यो आविष्कारबाट उनलाई आजीवन प्रोफेसर पदवी दिइयो ।

टेलिस्कोपको सहायताबाट उनलाई आकाशीय पिण्डहरूको बारेमा अध्ययन गर्न सजिलो भयो । टेलिस्कोपबाट चन्द्रमाको अध्ययन गरी चन्द्र सतह पहिले चल्दै आएको मान्यताअनुसार समथर छैन भनी पत्ता लगाए । उनले चन्द्रमाको अध्ययनबाट चन्द्रमाको सतहमा धेरै खाल्डाखुल्डीहरू र पहाडहरू भएको पत्ता लगाए । टेलिस्कोपको सहायताबाट देखिएको चन्द्र सतहलाई चित्रमा कोरेर प्रस्तुत गरे ।



ग्यालिलियोले टेलिस्कोपबाट हेरेर कोरेको चन्द्रमाको दुई सतह

त्यस्तै उनले शुक्र ग्रहको अध्ययन गरी शुक्र ग्रहको कलाको स्पष्ट व्याख्या गर्न सफल भए । वृहस्पतिका चारवटा उपग्रहहरू पनि पत्ता लगाए । यसपछि उनले ब्रम्हाण्ड सम्बन्धी **अरस्तु र टोलमीको अवधारणालाई खण्डन गर्दै कोपर्निकसको सिद्धान्तलाई प्रमाणित** गर्ने तर्क पेश गरे । त्यसबेला अरस्तु र टोलमीको पृथ्वी केन्द्रित वा भूकेन्द्रित अवधारणा प्रचलनमा थियो । यस अवधारणाअनुसार ब्रम्हाण्डको केन्द्रबिन्दु पृथ्वी हो र सूर्यलगायत सम्पूर्ण ग्रहहरूले पृथ्वीलाई केन्द्र बनाएर परिक्रमा गर्दछन् । तर पोल्याण्ड निवासी कोपर्निकसले सूर्य केन्द्रित नयाँ अवधारणा ल्याएका थिए । यस

अवधारणाअनुसार सम्पूर्ण ग्रहहरूको केन्द्रबिन्दु सूर्य हो वा ग्रहहरूले सूर्यलाई परिक्रमा गरिरहेका हुन्छन् । यसरी नै ग्यालिलियोले सूर्यको सतहमा रहेको कालो धब्बाहरू अर्थात सौर्य कलङ्क (sun spots) पनि पत्ता लगाए । अध्ययनको क्रममा ती धब्बाहरू एकछेउमा त कहिले अर्को छेउमा देखिने र कहिले गायव हुने फेला पारे । यसबाट उनले सूर्य आफू पनि घुमिरहेको हुन सक्ने तर्क प्रस्तुत गरे ।

**पुस्तक लेखन :** उनले आफ्नो जीवनकालमा विभिन्न पुस्तकहरू लेखे । उनले आफ्नो पुस्तकमा पत्ता लगाएका विभिन्न धारणाहरूलाई थप स्पष्ट पारेका थिए । उनले लेखेका प्रसिद्ध पुस्तकहरू

- Sidereus Nunsius or Starry Messenger (1610),
- Letter to The Grand Duchess Christina(1615),
- The Assayer (1623),
- Dialogue Concerning the Two Chief World Systems(1632),
- Two New Sciences (1638 ) आदि थिए ।

उनले Sidereus Nunsius or Starry Messenger मा टेलिस्कोपबाट पत्ता लगाएका कुराहरू लेखेका थिए । यस पुस्तकमा मुख्यतया चन्द्रमाको अवलोकन, शुक्र ग्रहको कला, वृहस्पति ग्रहको अवलोकन, वृहस्पति ग्रहको ४ वटा उपग्रहहरू सम्बन्धमा लेखेका थिए । Letter to The Grand Duchess Christina निम्बन्धमा कोपर्निकसको सिद्धान्तलाई बेवास्ता गर्न नमिल्ने र सो सिद्धान्त सही भएको लेखेका थिए । उक्त निबन्धको उद्देश्य चर्च, पादरी र धर्मगुरुहरूलाई कोपर्निकसको सूर्य केन्द्रित अवधारणा सही भएको सम्झाउनु बुझाउनु थियो । The Assayer पुस्तक उनको उत्तम कृति हो । यस पुस्तकमा विश्व ब्रम्हाण्ड सम्बन्धी धारणा प्रस्तुत गरेका थिए । Dialogue Concerning the Two Chief World Systems लेखमा उनले कोपर्निकसको सूर्य केन्द्रित र अरस्तु र टोलमीको पृथ्वी केन्द्रित अवधारणाबारे विवेचना गरेका थिए । Two New Sciences मा वस्तुको गति सम्बन्धी प्राकृतिक नियम, प्रक्षेपणको गति, प्राकृतिक गुरुत्वप्रवेग, वस्तुको स्वतन्त्र खसाइको नियम, सापेक्षिक गति आदि बारे लेखेका थिए ।

**चर्चसँगको विवाद :** ग्यालिलियोले टेलिस्कोप बनाए पछि उनले विभिन्न आकाशीय पिण्डहरू चन्द्रमा, शुक्र, वृहस्पति यसका चारवटा चन्द्रमा, सूर्यमा रहेका धब्बाहरू आदि अवलोकन र अध्ययन गरे । यसबाट उनलाई कोपर्निकसको सूर्य केन्द्रित अवधारणा सही लाग्यो । उनले यस अवधारणालाई पुस्तक र विभिन्न माध्यमहरूबाट प्रचार प्रसार गरे । यसरी नै उनको आविष्कार र विचारले दिनदिनै ख्याती कमाउँदै गयो । उनको प्रसिद्धी सबै ठाउँमा फैलिँदै गयो । सेनाको लागि उपयोगी मिलिटरी कम्पासको आविष्कारले उनको आर्थिक अवस्था पनि सबल हुँदै गएको थियो । सन् १६१४ मा विश्वविद्यालयका एकजना प्राज्ञ क्यास्टेलीले फ्लोरेन्सका अधिकारीहरू समक्ष ग्यालिलियोको सूर्यको वरिपरि पृथ्वीलगायत अन्य ग्रहहरू घुम्छ भन्ने कुरा इसाई धर्म विपरीत भएको भनी उजुरी गरे । ग्यालिलियोलाई उनको अवधारणा बाइबलसँग मेल खाने गरी सुधारिनु पर्ने भन्ने आदेश आयो । तैपनि उनी निडर भएर आफ्नो सिद्धान्त प्रचार गर्दै गए ।



ग्यालिलियोविरुद्ध धार्मिक अदालतमा मुद्दा चलाइँदै

कोपर्निकसले पत्ता लगाएको सूर्य केन्द्रित सिद्धान्त ठीक भएको भनेर समर्थन गर्दा त्यसबेलाका खगोलविद्हरूले ग्यालिलियोको विरोध गरे । यस विवादबारे सन् १६१५ मा रोमन क्याथोलिक चर्चले कोपर्निकसको सिद्धान्तको जाँच गरे र उक्त सिद्धान्तलाई धर्म विरोधी भनी घोषणा गरे । किनभने यो सिद्धान्त बाइबलमा रहेका केही कुराहरूलाई खण्डन गर्दछ । सन् १६१६ मा रोमको धार्मिक परिषद्ले कोपर्निकसको पुस्तक पढ्न र पढाउन प्रतिबन्ध लगायो । सन् १६३२ मा ग्यालिलियोले आफ्नो लेख Dialogue Concerning the Two Chief World Systems लेखेका थिए । त्यस लेखमा उनले सूर्य केन्द्रित सिद्धान्तलाई विभिन्न प्रमाणहरू सहित समर्थन गरी लेखेका थिए । यसले इसाई चर्चमा ठूलो हलचल मच्चियो । यसबाट धेरै मानिसहरू ग्यालिलियोको विचारबाट प्रभावित भयो । तर त्यसबेला समाजमा चर्च दबदबा थियो । सन् १६३३ मा उनीविरुद्ध धार्मिक अदालतमा मुद्दा दायर भयो र उनले धर्मविरुद्ध कार्य गरेको भनी दोषी ठहराइयो । दोषी बनाइएपछि आफ्नो धारणा सूर्यको वरिपरि ग्रहहरू घुम्छ भन्ने गलत भएको कबुल गर्न वाध्य पारियो । तर ग्यालिलियोले भुइँमा हेरेर विस्तारै बोले- And Yet it Moves (यो अझै घुमिरहेको

छ) । शुरुमा उनलाई आजीवन कारावासको सजाय सुनाइएकोथियो तर उनी प्रतिष्ठित व्यक्ति भएको र उनको उमेर र कमजोर स्वास्थ्य अवस्थाको कारण आजीवन घरमा नजरबन्दको सजाय दिइयो । उनलाई वैज्ञानिक खोज अनुसन्धान गर्न पनि प्रतिबन्ध लगाइयो । उनले बाँकी जीवन आफ्नै घरमा नजरबन्दमा बिताए । नजरबन्दमा उनले पुस्तक Two new Sciences लेखे । उनलाई लगाएको प्रतिबन्धका कारण इटालीमा प्रकाशित भएन  तर सन् १६३८ मा उक्त पुस्तक नेदरल्याण्डमा प्रकाशित भयो । सन् १६३८ मा उनी पूर्ण रूपले अन्धो भइसकेका थिए । उनी घरमा नजरबन्द अवस्थामा रहँदा उनलाई मनपराउने युरोपका प्रतिष्ठित व्यक्तिहरू जस्तै दार्शनिक थोमस होब्स र प्रसिद्ध कवि जोन मिल्टन भेट्न आएका थिए ।



नजरबन्दमा रहेका ग्यालिलियोलाई भेट्दै प्रसिद्ध कवि जोन मिल्टन

**पारिवारीक जीवन** : औपचारिक रूपमा उनले जीवनभर विवाह गरेनन । तर भेनिस शहरमा बस्ने एक सुन्दर युवती मरिना गाम्बा (Marina Gamba) लाई धेरै मन पराउँथे ।  उनको तर्फबाट दुई छोरी Virginia (सन् १६००-१६३४), Livia (सन् १६०१-१६५९) र एक छोरा Vincenzo (सन् १६०६-१६४९) जन्मेका थिए ।

उनी एक धार्मिक व्यक्ति, क्याथोलिक इशाइ थिए । तैपनि उनले बिनाविवाह गरेर तीन सन्तान जन्माए । यो धर्म विरुद्ध थियो । पछि मरिना गाम्बाले अर्कै पुरुषसँग विहे गरेका थिए । उनीहरू एक आपसमा खुबै मन पराउँथे । तैपनि ग्यालिलियोले विवाह नगर्नुको कारण अमेरिकी लेखिका Dava Sobel ले आफ्नो पुस्तक Galileo's daughter मा लेखेअनुसार त्यो युरोपको परम्परा थियो । त्यसबेला एउटा उच्च शिक्षा प्राप्त र राम्रो अध्ययनशील विद्यार्थीले विहे गर्ने चलन थिएन जस्तै मेकियान्जलो, निकोलास कोपर्निकस, लियो नार्डो द भिन्चि आदिले पनि विवाह गरेका थिएनन् । ग्यालिलियो सोच्थे उनको छोरीहरू बिना विवाह जन्मेको हुनाले उनीहरूको विवाह गर्न गाह्रो हुन्छ । यदि विवाह नै भए पनि धेरै दाइजो दिनुपर्ने हुन्छ जुन उनीसँग छैन । विगतमा उनले आपनो दुई बहिनीहरूको विहेमा पनि दाइजोकै समस्या भोगेका थिए । यही कारण उनले छोरीहरूलाई धार्मिक जीवन बिताउनु नै ठिक ठानी धार्मिक केन्द्रमा पठाइदिए । जहाँ दुवै छोरीहरूले आफ्नो सम्पूर्ण जीवन बिताए ।

**मृत्यु** : ग्यालिलियोको जीवनको अन्तिम वर्ष सन् १६४२ सम्म उनका समर्थकहरू नजरबन्दमा भेट्न निरन्तर आइरहन्थे । ८ जनवरी १६४२ मा उच्च ज्वरो र मुटुको समस्याले महान वैज्ञानिक ग्यालिलियोले यो संसारबाट सदाका लागि विदा लिए । उनको मृत्युपछि उनको शवलाई The Grand Duke of Tuscany, Ferdinando II ले उनकै बुबाको समाधिस्थल Bassilica santa Croce church भित्र समाधिस्थ गर्ने र त्यहाँ ग्यालिलियोको सम्मानमा मार्वलको समाधिस्थल बनाउने प्रस्ताव राखेका थिए । तर चर्चका पुजारी Pope Urban VIII र उनका भान्जा Cardinal Francesco Barberini ले यसको विरोध गरे । उनीहरूको विचारमा ग्यालिलियोले क्याथोलिक चर्चको अपमान गरेको र बाइबलमा रहेका केही कुराहरू खण्डन गर्ने सूर्य केन्द्रित सिद्धान्तको समर्थनमा पुस्तकहरू लेखेको र प्रचार गरेको थियो । त्यसपछि उक्त चर्चको छेउमा उनको शव समाधिस्थ गरियो ।



ग्यालिलियोलाई समाधिस्थ गरिएको चर्च

**सम्मान** : उनको मृत्यु भएको लगभग १०० वर्ष पछि वा सन् १७३७ मा ग्यालिलियोको सम्मानमा चर्च भित्र उनको एउटा स्मारक बनाइयो । पहिले समाधिस्थ गरिएको स्थानबाट उनको शव झिकेर Bassilica Santa Croce Church चर्च भित्र फेरि समाधिस्थ गरियो । पुनः समाधिस्थ गरिनु अघि उनको शवबाट ३ ओटा औंला र एउटा दाँत झिकियो ।

भक्तपुर नपाबाट गरिएको बजार अनुगमनका केही दृश्य









## भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषलाई आर्थिक सहयोग गर्ने संस्थाहरु



सिद्धिगणेश साकोसद्वारा रू. २० लाख सहयोग



भक्तपुर साकोसद्वारा रू. १० लाख सहयोग



बाराही साकोसद्वारा रू. २ लाख ५१ हजार सहयोग



संगम साकोसद्वारा रू. १ लाख सहयोग



उद्योग राज्यमन्त्री मोतीलाल दुगडसँग जनप्रतिनिधिहरू सांसद प्रेम सुवाल, भनपाका प्रमुख सुनिल प्रजापतिलगायत भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फैलाउने उद्योगहरू स्थानान्तरण गर्नेबारे छलफल (कार्तिक १६ गते )



महेश्वरी स्थान

## दशैंमा भीड हुननदिन गरिएका प्रयासहरू

शक्ति पीठहरूमा प्रवेश निषेध गर्नुका साथै सबैजसो जात्राहरू औपचारिकतामा सीमित गरियो ।




इन्द्रायणी स्थान




भगवती स्थान



कुमारी स्थान


खँम्ये जात्रा एकाबिहानै सम्पन्न गरियो


ब्रह्मायणीमा यसपालिको घटस्थापनाको दिन


घटस्थापनाकोलागि आवश्यक पाचा (माटो)पहिल्यै पोकोपारी राखिएका

त्यसमध्ये एउटा औंला फ्लोरेन्सको म्युजियममा राखिएको छ। उक्त औंलालाई रोमतिर देखाउने गरी राखिएको छ। रोममा उनलाई मुद्दा चलाएर सजाय दिइएको थियो।

- सन् १९८९ मा जर्मनी र नासाले वृहस्पति ग्रहको अनुसन्धानको लागि एउटा यान पठाएको थियो। ग्यालिलियोको सम्मानमा उक्त यानको नाम ग्यालिलियो राखिएको थियो।
- सन् १९९२ मा अर्थात ग्यालिलियोको मृत्यु भएको ३५० वर्ष पछि क्याथोलिक चर्चका पोप जोन पोल द्वितीयले ग्यालिलियो सही भएको र चर्चले ग्यालिलियोलाइ ठिक काम नगरेको बताए।
- इटालीको फ्लोरेन्समा Museo Di Storia Dell Scienza भन्ने एउटा म्युजियम छ। ग्यालिलियोको सम्मानमा १० जुन २०१० मा उक्त म्युजियमको नाम Museo Galileo राखियो।
- ग्यालिलियोलाई Father of modern physics, father of observational astronomy, father of scientific method, father of modern science आदिले सम्बोधन गरिन्छ।
- स्टिफन हकिन्सले भनेको थिए आधुनिक विज्ञानको विकासमा सबैभन्दा बढी योगदान ग्यालिलियोको थियो।
- अर्ल्बट आइन्स्टाइनले पहिलो पटक ग्यालिलियोलाई आधुनिक विज्ञानका पिता भनी सम्बोधन गरेका थिए।
- ग्यालिलियोको मृत्यु भएको ४०० वर्ष पछि उनले बनाएको दुइटा टेलिस्कोप Museo Galileo मा हालसम्म बाँकी छ।
- इटालीका महान हस्तीहरू निकोलो मेकियावली (सन् १४६९–१५२७), मिकेलान्जेलो (१४७५–१५६४), जियोचिनो रोसिनी (सन् १७९२–१८६८), ग्यालिलियोलाइ समाधिस्थ गरिएको चर्चलाई Temple of Italian Glories पनि भनिन्छ।
- ग्यालिलियोले पत्ता लगाएका वृहस्पतिका चारवटा चन्द्रमालाई ग्यालिलियोको चन्द्रमा वा Galilean moons (or Galilean satellites) भनिन्छ।
- ग्यालिलियोको सम्मानमा हुलाक टिकट, मेडल र प्रतिमा बनाइएका छन्।

**सन्दर्भ सामग्रीहरू :**


१) **शताब्दी पुरुषहरू** : टाइम्स पत्रिका
२) **महान वैज्ञानिकहरू** : लर्नर प्रेस
३) **जुनियर साइन्स डाइजेष्ट**
४) **प्रसिद्ध वैज्ञानिकहरू** : भेषराज मैनाली
५) **विज्ञान प्रगति**
६) गुगल


## Enough is Enough

– दामोदर सुवाल

तिमी,
buffalo wings खाऊ,
(भैंसीको पखेटा हुन्छ ?)
That's your freedom!
पिज्जा, बर्गर या स्याण्ड्विच खाऊ।
तर,
मेरो बेसार र अदुवालाई
बीच सडकमा
लछार पछार गरेर
बलात्कार गर्नु ,
That I can't burden!

चोट लाग्दा
Handy plast तिमी लगाऊ,
म
कबड्डी खेल्दा
घुँडाभरि लागेका चोटहरूमा
आमाले बनाएका स्नेही,
बेसार र तेलको paste लगाउँछु।

मर्नै लागेको
कुखुरालाई
बेसार तेलको
घोल खुवाएर
बचाएको,
मेरी आमाको जादूलाई
म ignore गर्न सक्तिनँ।

फुकालेर सबै आफ्नोपन
Smart हुनु हो भने
Long live your smartness!

तर थाहा छ,
जीवनमा
कठ्याङ्ग्रिने पौषका
दिनहरू पनि छन्।
त्यसबेला,
दोलाई, सांगा, राडी पनि त,
चाहिन्छ होला नि !
तिमी हुँदै नभएको,
buffalo wings खाऊ,
(भैंसीको पखेटा हुन्छ ?)

तर
मेरो बेसार र अदुवालाई
बीच सडकमा,
लछार पछार गरेर,
बलात्कार गर्नु,
That's not fair !

# नगदे बाली



सबिन ख्याजू

दिगो अर्थतन्त्र कुनै पनि देश विकासको महत्त्वपूर्ण सूचक मानिन्छ। पर्यटन, कृषि, विद्युत, उद्योग, व्यापार आदि क्षेत्रबाट देशको अर्थतन्त्र सुधारमा महत्त्वपूर्ण भूमिका खेल्दछ। अविकसित देशहरूको कृषि प्रणाली परम्परागत हुने गर्दछ भने विकसित देशहरूमा व्यवसायिक र वैज्ञानिक प्रणालीबाट खेतीपाती गरिन्छ। निर्वाहमुखी खेती गर्ने कृषकहरू आफूलाई खान पुग्ने मात्र उत्पादन गर्छन् तर उनीहरूसँग बजारमा बिक्री गर्नको लागि अन्नपात रहँदैन। कम विकसित देशहरूले निर्यात गर्ने खाद्यान्नमा औद्योगिक उत्पादनभन्दा नगदे बाली जस्तै धान, गहुँ, मकै, जौ आदि पर्दछन्।

थोरै आयतन तर बढी मूल्य भएका कृषि उपजलाई नगदे बाली भनिन्छ। यसबाट भएका उत्पादनलाई बजारमा बिक्री गर्ने र नाफा कमाउने प्रमुख उद्देश्य रहन्छ। नगदे बालीको उत्पादन औद्योगिक प्रयोजनमा प्रयोग गर्ने यसको मुख्य उद्देश्य हो। यसको लागि बढी उत्पादन गर्ने वा उत्पादकत्व बढाउन अत्यावश्यक हुन्छ। उत्पादन वृद्धि गर्न व्यवस्थित योजना र सीपको महत्त्व हुन्छ। कम विकसित देशहरूमा नगदे बाली विस्तारको लागि धान, गहुँ र मकै बालीलाई विस्थापित गरेको पाइन्छ। एक अध्ययनअनुसार ग्वाटेमाला देशमा केरा र सुन्तला जातका फलफूलको अत्यधिक खेती हुने गरेको छ जसमा ९७ प्रतिशत सुन्तला जातका फलफूल उत्पादन विदेश निर्यात गर्ने गरेको पाइयो।



कफी खेती

व्यवसायिक खेतीको लागि नगदे बाली मुख्य रहन्छ। नेपालमा खेती हुने मुख्य नगदे बालीहरूमा तेलहन, आलु, सुर्ती, उखु, जुट, कपास र रबर हुन् भने कफी, अदुवा, जडिबुटी, अलैंची, बदाम, भटमास र चियाको उत्पादन पनि ठूलो छ। आ. व. २०७४/७५ मा तेलहन बाली २,२४,५९५ हेक्टरमा २,४५,८६७ मेट्रिक टन उत्पादन भएको छ। त्यसैगरी, १,९५,१७३ हे. मा २८,८१,८२९ मे. टन आलु, ७८,६०९ हे. मा ३५,५८,१८२ मे. टन उखु, ७,५०७ हे. मा ११,१५९ मे. टन जुट र १२० हे. मा १२५ मे. टन कपास उत्पादन भएको छ (कृषि डायरी, २०७६)। नेपाली चिया विश्वमै निकै राम्रो मानिन्छ, युरोप र अमेरिकामा यसको बजार ठूलो छ। कफीको निर्यातमा पनि वृद्धि भएको छ। तर, नगदे बालीमा पशुपंछी पर्दैन।

**फाइदाहरू**

**कृषिमा निर्भर उद्योग विस्तार :** उपभोक्ता खानामा विविधीकरणको खोजीमा हुन्छन्। यसको आपूर्ति गर्ने उपाय भनेको प्रशोधन हो। प्रशोधन उद्योगहरूलाई कच्चा पदार्थको आवश्यकता धेरै रहन्छ। नगदे बालीको प्रशोधनले यसमा मूल्य अभिवृद्धि हुन जान्छ। कच्चा पदार्थको उपलब्धता हुँदा लगानीकर्ताहरू उद्योग स्थापनामा अग्रसर हुन्छन्। नेपालको भूगोल हिमाली, पहाडी र तराई गरी बाँडिएको कारण भिन्दाभिन्दै वस्तुका कारखानाहरू स्थापना वा सञ्चालन गर्ने राम्रो अवसर दिएको छ।

**रोजगारीको सृजना :** धेरै उत्पादनको लागि धेरै जनशक्तिको आवश्यकता रहन्छ। प्राविधिक र गैर-प्राविधिक जनशक्तिको सही परिचालन गर्ने मार्ग प्रशस्त हुन्छ। नगदे बाली, यसका प्रशोधन उद्योग र बजारीकरणको लागि कृषि, खाद्य, बजारलगायत त्यस सम्बन्धी प्राविधिक र विशेषज्ञहरूको आवश्यकता रहन्छ। रोजगारी सृजना हुन थालेपछि तालिमहरूमा वृद्धि हुन्छ। साथै, कृषि निर्भर प्रशोधन उद्योगहरूलाई ग्रामिण क्षेत्रहरूमा विस्तार गर्न सके स्थानीय जनता विदेशिनबाट रोकिन्छ।



कपास खेती

**विदेशी मुद्रामा वृद्धि :** उत्पादनलाई कच्चा वा प्रशोधन गरी विदेश निर्यात गरेपछि विदेशी मुद्रा देशभित्र आयात हुन्छ । यसरी देशको आर्थिक सम्वृद्धिमा टेवा पुऱ्याउँछ । नेपालले विभिन्न वस्तुहरूको मौलिक उत्पादन गर्न सकेमा विदेशमा बजार पाउन सक्नेछ । र बजारको आवश्कताअनुसार नियमित उत्पादन भएमा नाफा बढ्ने र विदेशी मुद्रा देश भित्रिनेछ । साथै, उत्पादनका वस्तुहरूमा विविधीकरण ल्याउन सके ग्राहक बढ्ने र बजारमा स्थायी रहन सक्ने बाटो प्रशस्त हुन्छ ।

**गरिबी निवारण :** व्यवसायिक खेतीले कामदार धेरै माग्छ । अझ विषयगत तालिम सीप र ज्ञान भएका जनशक्तिको आवश्यकता रहन्छ । रोजगारी सृजनाले जनताको क्रयशक्तिमा वृद्धि हुन्छ । गरिबी निवारणको एक सङ्केतको रूपमा क्रयशक्तिलाई पनि लिइन्छ । परम्परागत शैलीका कुटिर उद्योगमा प्रविधि जडान गर्न सकेमा प्रभावकारिता बढ्ने र आम्दानी बढाउन सकिने हुन्छ ।

**आत्मनिर्भरतामा सहयोग :** एक सबल देशको अर्थ आफ्ना देशको लागि चाहिने आधारभूत आवश्यकताहरू जस्तै खाद्य वस्तु, कपडा, औषधि, शिक्षा, आवास आदिको आफ्नै देशमा पुग्दो उत्पादन गर्नु हो । व्यवसायिकताले आम्दानी बढाउँछ र लगानीको क्षेत्र बढाउन मद्दत गर्छ । आफ्नो देशको माग पूर्ति गरेपछि विदेश निर्यात गर्ने चरणमा विकास हुन सकिन्छ ।

**विज्ञान प्रविधिको प्रयोग :** विज्ञान र प्रविधिको सहायतामा नगदे बालीको खेतीको क्षेत्रफल र उत्पादकत्वमा प्रगति गर्न सकिन्छ । नयाँ बीउबीजन उत्पादन, रोगकीरा नियन्त्रण, आधुनिक औजारको प्रयोग, बाली टिपाई, भण्डारण आदिको सही बन्दोवस्त गर्न अध्ययन अनुसन्धानको आवश्यकता रहन्छ । नेपालका अनुसन्धान केन्द्रहरूलाई स्रोतसाधनयुक्त बनाउने र जनशक्तिलाई सबल बनाउन सके परिणाममुखी अनुसन्धान कार्यहरू प्राप्त हुन्छन् । विकसित देशका अनुसन्धान कार्यहरूको परीक्षण प्रयोगहरू गर्ने र सफल भएमा कार्यक्रममा समायोजन गर्नु राम्रो हुन्छ ।



उखु खेती

साथै, देशभित्रका परम्परागत एवं रैथाने ज्ञान र सीपलाई वैज्ञानिक प्रविधिसँग दाँजेर हेर्ने र उपयुक्त ज्ञान र सीपलाई प्रयोगमा ल्याउने नीति लागू गर्न सकिन्छ । यी अनुसन्धान कार्यको दौरानमा बौद्धिक अधिकार पनि प्राप्त गर्न सकिन्छ । यसलाई सम्पत्तिको रूपमा स्थापित गर्न सकिन्छ । कृषिसम्बन्धी कलेज र विश्वविद्यालयहरूको शिक्षालाई व्यवहारिक र देश सुहाउँदो बनाउन सक्नुपर्दछ ।

नगदे बालीको अन्तर्राष्ट्रिय व्यापारमा केही कठिनाइहरू पनि नभएका होइनन् । अन्य वस्तुभन्दा यस वस्तुमा हुने समस्याहरू निम्नानुसार छन्:

- कृषि बाली उपज अन्य औद्योगिक उत्पादनभन्दा भण्डारणमा कम टिक्ने हुन्छ । यसकारण अन्य वस्तुभन्दा यसमा जोखिम बढी हुन्छ ।
- अन्य वस्तुभन्दा यसमा रोगकीराको समस्या रहन्छ । सामान प्याकिङ, ढुवानी, भण्डारणलगायतमा विशेष सावधानी अपनाउनु पर्दछ ।
- प्रशोधन गर्ने कारखाना बन्द भएमा यो बालीको व्यवस्थापनमा झन्झट बढी हुन्छ ।
- नगदे बालीको मूल्य निर्धारण अन्य वस्तुको जस्तै माग र आपूर्तिको सन्तुलनमा निर्भर रहन्छ । भण्डारण गर्न समस्या हुने भएका कारण अन्य वस्तुजस्तै बन्दोवस्त गर्न गाह्रो हुन्छ ।
- नगदे बाली उत्पादनमा विकसित देशहरूमा दिइने ठूलो अनुदानको दाँजोमा थोरै अनुदान दिइने भएकोले कम विकसित देशहरूले नगदे बालीको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न असमर्थ हुन्छन् । यसकारण घाटामा व्यापार चलाउनु पर्ने वा छोटो दौरानमै बजारबाट बाहिरिनुपर्ने अवस्था सिर्जना हुन्छ । यसरी कृषि फार्महरू बन्द हुन थाल्दछन् ।

**निष्कर्ष**

बद्लिँदो समयसँगै कृषि कर्मलाई निर्वाहमुखीबाट व्यवसायिक खेतीतर्फ जोड दिनु आवश्यक छ । विज्ञान र प्रविधिको क्षेत्रमा भएका नवीनत्तम ज्ञान र सीपको प्रयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नेतर्फ नीति–निर्माताहरूले प्राथमिकता दिनु उचित हुन्छ । खेतीयोग्य जग्गा–जमिनलाई चक्लाबन्दी गर्ने र व्यवस्थित सिँचाइ, बीउबिजन, मलखाद, रोग–कीरा नियन्त्रणका उपायहरूबारे कृषकहरूलाई आवश्यक सुविधा र व्यवस्थापनमा जोडदिनु राम्रो हुनेछ । दिगो र सघन खेतीको सुनिश्चित गराउने आधुनिक प्रविधिको आवश्यकता छ । व्यवसायिक खेती प्रकृतिमैत्री हुनु आवश्यक छ । नेपाली उत्पादनलाई प्रशोधन र बजारीकरणमा नेतृत्वदायी भूमिका निभाएमा निर्यातमा पनि स्वतः वृद्धि हुँदै जानेमा दुईमत नहोला ।

(khyajusabin@gmail.com)

# भक्तपुर नगरपालिकाको स्पष्टोक्ति

मिति २०७७ असोज २९ गतेको 'नयाँ पत्रिका' दैनिकको भक्तपुरका स्थानीय तहमा बेथिति शीर्षकको समाचारमा यस भक्तपुर नगरपालिकाको गम्भीर ध्यान आकृष्ट भएको छ । सो समाचारमा महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको २२ करोड ५२ लाख बेरुजु भनी उल्लेख गरिएको छ । यस समाचारले समाजमा केही भ्रम श्रृजना गरेको देखिएको हुँदा यसबारे यहाँ प्रष्ट पार्न चाहन्छौँ ।

सर्वप्रथम भक्तपुर नगरपालिकामा हुने अधिकांश विकास निर्माणको कार्य उपभोक्ता समितिमार्फत हुँदै आएको स्पष्ट पार्न चाहन्छौँ । महालेखाले लेखा परीक्षण गर्दा प्रत्येक वर्षको आर्थिक मसान्तसम्म सबै पेश्की खर्च फछ्र्यौट भइसकेको हुनुपर्ने कानूनी व्यवस्था छ । चालु रहेका धेरै योजनाहरूको पेश्की खर्चहरू फछ्र्यौट बाँकी नै हुने, चौमासिक सामाजिक सुरक्षा भत्ता समयमा प्राप्त नहुने हुँदा कतिपय रकम असार मसान्तसम्ममा फछ्र्यौट हुन नसकेका जस्ता कारणले बेरुजु रकम केही बढी देखिएको हो । यी सबै रकमहरू कार्य सम्पन्नसँगै फछ्र्यौट हुँदै जाने हुँदा सैद्धान्तिक बेरुजु मात्रै हुन् भन्ने प्रष्ट पार्न चाहन्छौँ ।

असुल उपर गर्नुपर्ने भनी उल्लेख गरेको रु. ३७,९५,०००।– मध्ये रु. १८,७४,५००।– को बैठक भत्ता प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश सभा, हेटौंडाले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐनको दफा २ को ३ मा निर्वाचित भइसकेपछि पहिलो पटकको हकमा शपथ ग्रहण भएपछि अनुसूची १(क), १(ख), १(ग) बमोजिम सुविधा प्राप्त हुनेछ भनी व्यवस्था भएअनुसार कानून बमोजिम खर्च गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौँ । असुल उपर गर्नुपर्ने बाँकी रु. १७,२०,५००।– मध्ये विभिन्न व्यक्ति तथा सङ्घ–संस्थाहरूबाट रु. ५६,३२४।– असुल उपर भइसकेको र अरु बाँकी असुल उपरको प्रकृयामा रहेको जानकारी गराउन चाहन्छौँ ।

त्यस्तै सोही बेरुजुमध्ये नियमित गर्नुपर्ने भनी उल्लेख भएको रु. ६ करोड ५५ लाख कानुनसम्मत नियमित गर्न भ.न.पा.को लेखा समितिमा छलफल भई आगामी नगरसभामा पेश गरी कानून बमोजिम बेरुजु फछ्र्यौट गर्ने प्रकृयामा रहेको छ ।

प्रमाण कागजात पेश गर्नुपर्ने भनी उल्लेख भएको रु. ३ करोड ३८ लाखको सम्बन्धमा आवश्यक सहायक कागजात विभिन्न व्यक्ति तथा सङ्घ संस्थासँग माग गरी प्रमाण सङ्कलन गरिसकेको र सोको लेखा समितिमा छलफल समेत भई बेरुजु फछ्र्यौटका लागि नगरसभामा प्रस्तुत गर्ने प्रकृयामा रहेको छ ।

पेश्की फछ्र्यौट हुन बाँकी रु. १२ करोड २१ लाखमध्ये कार्य सम्पन्न भई पेश भएको बिल तथा भरपाईको आधारमा आ.व ०७६।७७ मा रु. ५ करोड ६१ लाख फछ्र्यौट भइसकेको छ र अन्य बाँकी रकम पनि फछ्र्यौट हुने क्रममा रहेको छ ।

नगरपालिकाका कर्मचारीको पोशाक भत्ता रु. ३५,४४,०००।– सम्बन्धमा नेपाल सरकारले निजामती कर्मचारीहरूलाई पोशाक भत्ताको व्यवस्था नै नगरेको अवस्थामा वि.सं. २०५२ सालदेखि नै यस न.पा.का कर्मचारीहरूलाई पोशाक उपलब्ध गराउँदै आएको थियो । मिति २०६३।६।६ गते शुक्रबार बसेको भ.न.पा.को बैठकबाट कर्मचारीहरूलाई एक महिनाको शुरु तलब बराबरको रकम पोशाक भत्ता उपलब्ध गराउने निर्णयअनुसार पोशाक भत्ता उपलब्ध गराउँदै आएको हो । सोही सम्बन्धमा वर्तमान कोभिड १९ रोगको महामारीका कारण सिर्जित विषम् परिस्थिति कारण उत्पन्न आर्थिक अवस्थालाई ध्यानमा राखी भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनले यस वर्षको लागि यस न.पा.का सम्पूर्ण कर्मचारीहरूले मासिक खाजा खर्च र वार्षिक पोशाक भत्ता नलिने निर्णय गरेको समेत जानकारी गराउन चाहन्छौँ ।

चाडपर्वसम्बन्धमा नगरसभाबाट पारित निर्णय अनुसार गत वर्ष कर्मचारी र जनप्रतिनिधिहरूलाई उक्त चाडपर्व खर्च उपलब्ध गराइएको थियो । आ.व २०७७।७८ मा जन प्रतिनिधिहरूको हकमा चाडपर्व खर्चको व्यवस्था नगरिएको समेत स्पष्ट पार्न चाहन्छौँ ।

साथै भक्तपुर नगरपालिकाले आफ्नो आगामी खर्चको विवरण कार्यपालिका बैठकमा छलफल गरी अनुमोदन गर्ने गरेको, उक्त विवरण 'भक्तपुर मासिक' पत्रिका, भक्तपुर खबर डट कम अनलाइन र वेभसाइटमा नियमित रूपमा सार्वजनिक गरी आफ्नो आर्थिक क्रियाकलापलाई जनसमुदायसमक्ष पारदर्शिता तुल्याएको स्पष्ट गर्दछौँ ।

*(कार्तिक ५ गते, २०७७)*

# ‘झूट र मनगढन्त कुराले भाइरस मर्दैन’

– हुआ चुनयिङ, प्रवक्ता, चीनको विदेश मन्त्रालय

कोरोना भाइरसबारे संरा अमेरिकाले चीनमाथि मनगढन्त आक्षेप लगाउन छोडेको छैन । गएको अक्टोबर ६ मा जापानमा भएको एक बैठकमा अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले चीनको कम्युनिस्ट पार्टीमाथि भाइरससम्बन्धी जानकारी लुकाएको आरोप लगाएको थियो । उक्त बैठकमा अमेरिका, भारत, अस्ट्रेलिया र जापानको सहभागिता थियो ।

चीनको विदेश मन्त्रालयकी प्रवक्ता हुआ चुनयिङले नियमित मिडिया ब्रिफिङ (अक्टोबर ९ मा) एक पत्रकारको प्रश्नमा उक्त आरोपको खण्डन गर्दै भनिन् –

कोरोनाभाइरस चीनबाट सुरु भएको नभई गत वर्ष विश्वका विभिन्न भागहरूमा एकैपटक सुरु भएको बरु यसको समयमै पहिचान गरेर कोरोनाभाइरसबारे चीनले सबैभन्दा पहिले विश्वलाई जानकारी दिएको हो । कोरोनाभाइरस चीनको उहानमा सुरु भएको र त्यसपछि महामारीको रूपमा फैलिएको मनगढन्त आरोपलाई पूरै अस्वीकार गर्दै भनिन् – ‘कोरोनाभाइरस नयाँ किसिमको भाइरस हो र यसको पहिचान भएपछि धेरै तथ्यहरू खुल्दै गएका छन् । हामी सबैलाई थाहा छ गत वर्ष विश्वका विभिन्न ठाउँहरूमा यो महामारी फैलिन सुरु भयो । चीनले यसको सङ्क्रमण फैलिन लागेको सबैभन्दा पहिले रिपोर्टिङ गरेको थियो । चीनले यसको प्याथोजेनको पहिचान गरेर यसको जीनोम सिक्वेन्स विश्वसँग साझा गरेको थियो ।’

‘चिनियाँ कम्युनिस्ट पार्टीले सूचना लुकाउँदा यसले कोरोनाभाइरसको सङ्कटलाई झनै गम्भीर बनायो’ पोम्पियोले जापानको टोक्योमा भएको क्याडको विदेश मन्त्री स्तरीय बैठकमा भनेका थिए ।

हुआले पोम्पियोको आरोपलाई खारेज गर्दै भनिन् चिनियाँ नव वर्षको दिन चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय राजनीतिक ब्युरोको बैठक बसेर रोकथाम र नियन्त्रणको लागि आवश्यक ठोस कदम चालेको थियो ।

चीनका उच्च तहका वैज्ञानिकले जनवरी १९ मा यो भाइरस मानिसबाट मानिसमा सर्ने पत्ता लगाएको र चीनले सबैभन्दा पहिले उहान शहर र हुबेइ प्रान्तलाई बन्द गर्ने निर्णय गरेको बताउँदै हुआले भनिन् ‘जनवरी २३ मा चीनले उहानमा लकडाउन लागू गऱ्यो । त्यतिबेला चीनबाहिर केवल ९ ओटा पुष्टि भएका केस थिए र अमेरिकामा एउटामात्र थियो । जब अमेरिकाले फेब्रुअरी २ मा चिनियाँ नागरिकको लागि सीमा बन्द गऱ्यो त्यतिबेला अमेरिकाले एक दर्जन केसमात्र पुष्टि गरेको थियो । अहिले अमेरिकामा पुष्टि भएका केस ७६ लाख छन् र २ लाख १० हजारको मृत्यु भइसकेको छ ।’



अमेरिकी सञ्चार माध्यमले अमेरिकामा गएको अक्टोबर (२०१९) मै कोरोना केस देखिएको बताएका छन् । त्यसबेला अमेरिकी सरकारले किन केही गरेन ? विश्वलाई किन कुनै जानकारी दिएन ?

हुआले अगाडि भनिन् ‘विश्वको सबैभन्दा शक्तिशाली र विश्वकै सबैभन्दा राम्रो मेडिकल सुविधा भएको देशले टेस्टलाई यति नराम्रोसँग कसरी सञ्चालन गर्न सक्छ ? किन अमेरिकाले यो भाइरस चाँडै पहिचान गर्न सकेन र किन सकेसम्म धेरै मानिसको परीक्षण गर्ने र भाइरस प्रसारमा नियन्त्रण गर्ने उपाय अपनाउन सकेन ?’

विशेषज्ञ डाक्टर र वैज्ञानिकहरूले कोरोनासँगको युद्धमा महत्त्वपूर्ण योगदान दिएका छन् त्यसैले चीन सकारले प्राज्ञ चोङ नान्शानलाई राष्ट्रिय पुरस्कारले सम्मानित गरेको छ । तर सरा अमेरिकाले डा. एन्थोनी फाउसी, डा. हेलेन, क्याप्टेन ब्रेट क्रोजिएरलाई के गऱ्यो ? सरकारले विज्ञानलाई राजनीतिकरण गरेकोले बायोकेमिकल एड्भान्स अनुसन्धान तथा विकास प्राधिकरणका निर्देशक डा. रिक ब्राइटले ‘ट्रम्पको सन्तुष्टि र राजनीतिकरणबाट जनता मरिरहेको टुलुटुलु हेर्न नसकेर’ राजीनामा दिए ।

विश्वव्यापी महामारीको नियन्त्रण ‘सानो समूह’ को प्रयासले हुन सक्दैन, सबैको सामुहिक प्रयास आवश्यक छ । यो तथ्यलाई सम्बन्धित मुलुकहरूले सबै देश र मानवजातिको निम्ति हृदयंगम गर्ने आशा छ ।

प्रवक्ता हुआले भनिन्– २ लाख १० हजारको मृत्युले अमेरिकी राजनीतिज्ञहरूको चेतना नजाग्नु त्रासदीपूर्ण र निर्मम छ । झूट र मनगढन्त कुराले भाइरस मर्दैन र कुनै रोगी बचाउन पनि सकिन्दैन ।


**पुस्तक परिचयः**

# ‘ख्वपको पहिचान’ सन्दर्भ सामग्री सरसरती नियाल्दा



कृतिका प्रजापति

भक्तपुर नगरपालिकाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार प्रयोग गरी भर्खरै स्थानीय पाठ्यक्रम **‘ख्वपको पहिचान’** नामक सन्दर्भ सामग्री पुस्तक प्रकाशनमा ल्याएको छ । यसअघि भक्तपुर नपाले नेपालमा नै पहिलोपटक स्थानीय तहबाट स्थानीय पाठ्यक्रम निर्माण गरी नगरभित्र सञ्चालित विद्यालयहरूमा कक्षा १ र ६, २ र ७ मा पठनपाठन सुरु गरिसकेको छ । शिक्षालाई पाठ्यपुस्तक र कक्षाकोठाभित्र सीमित नगरी पाठ्यक्रमकै आधारमा विद्यार्थीहरूलाई यहाँका रैथाने ज्ञान, सीप र परम्पराको संरक्षण र सम्बर्द्धन गरी नयाँ पुस्ताका विद्यार्थीहरूलाई हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले पाठ्यक्रमको विकास गरेको हो । यस वर्ष कक्षा ३ र ८ को स्थानीय पाठ्यक्रम प्रकाशनको तयारीमा जुटिरहेको नगरपालिका स्रोतले बताएको छ । भक्तपुर नगरपालिकाभित्र सञ्चालित ९२ वटै विद्यालयहरूमा नगरपालिकाले बनाएको स्थानीय पाठ्यक्रमको अध्यापन भइरहेको छ । विदेशी संस्कृति र पर्वप्रति आकर्षित हुँदै गइरहेको नयाँ पुस्तालाई आफ्नै देशको चाडपर्व, कला–संस्कृति र सम्पदाको विषयमा अध्ययन अध्यापन गराउने नगरपालिकाको प्रयास सराहनीय छ ।




**‘ख्वपको पहिचान’** स्थानीय पाठ्यक्रम–सन्दर्भ सामाग्री ख्वपको संस्कृति, सम्पदा, संस्कार, इतिहास, जीवनशैली, रैथाने व्यवसाय, सीप तथा प्रविधि, परम्परागत खेलहरू, भेषभूषा, भाषा र लिपि, पर्यटन तथा भक्तपुरका विभिन्न व्यक्तित्वहरूको परिचय, विशेषता र तथ्य तथ्याङ्क समावेश भएको महत्त्वपूर्ण पुस्तक हो । १५ जना प्राज्ञिक लेखकद्वारा तयार पारिएका २१ वटा लेख तथा जीवनी र केही सङ्कलित जीवन परिचय गरी २८ वटा विषयवस्तु पुस्तकमा समावेश गरिएका छन् । पुस्तकका हरेक विषयवस्तुले भक्तपुरको सांस्कृतिक र ऐतिहासिक रूपले महत्त्वपूर्ण चाडहरू, स्थानीय खेलहरू, स्थानीय संस्कृतिहरू र इतिहास खोतलखातल गर्ने प्रयास गरेको छ ।

**‘ख्वपको पहिचान’** पुस्तकमा भक्तपुरका विशिष्ट व्यक्तित्वहरू नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित), मा. जगतसुन्दर मल्ल, प्रा. पृथुचरण वैद्य, संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग, हास्यव्यङ्ग्यकार रामशेखर नकर्मी, राजनीतिज्ञ ज्ञानबहादुर न्याइच्याइ, आशाकाजी बासुकला, उस्ताद विवेकदास सचीन र विष्णुभक्त भुजु, सङ्गीतकार नगेन्द्र हाडा गरी १० जना व्यक्तित्वहरूको जीवन परिचय र उहाँहरूको योगदानलाई प्राथमिकताका साथ छापेको छ ।

पुस्तकमा नेपालका वरिष्ठ राजनीतिज्ञ एवम् नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपालको कम्युनिष्ट आन्दोलनमा पुऱ्याउनुभएको योगदान र भूमिकाबारे चर्चा गरिएको छ । विद्यार्थीकालदेखि नै राजनीतिक क्षेत्रमा होमिनुभएका बिजुक्छेँ राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिका ज्ञाता पनि हुनुहुन्छ । उहाँको जीवनीमा उहाँ इमानदार, सैद्धान्तिक दृढता, पद र सुविधाको लोभलालचमा नफस्ने र विचारका धनी व्यक्तित्वको रूपमा चित्रण गरिएको छ र वास्तविक जीवनमा पनि उहाँ सबैको निम्ति नैतिकता र इमानदारिताको प्रतिक बन्नुभएको छ ।

मास्टर जगत सुन्दर मल्लले शिक्षा प्रचारमा सबभन्दा भरपर्दो माध्यम मातृभाषालाई मान्नुभएको र नेपालभाषामा पठनपाठन र पुस्तकहरू अनुवाद र लेखन कार्यले गर्दा आज उहाँ हामीमाझ परिचित हुनुभएको कुरा उहाँको जीवनीबाट थाहा हुन्छ ।

प्राध्यापक पृथुचरण वैद्यले शिक्षा क्षेत्रमा गर्नुभएको योगदान र यसबाट अरुले पनि सिक्न जरुरी रहेको सन्देश पुस्तकमा उल्लेख छ । न्हुछेभक्त कवांद्वारा लिखित प्राध्यापक वैद्यको जीवनीमा त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र अध्ययन संस्थानमा डीन हुँदा विद्यालय तहमा स्वास्थ्य विषयको पाठ्यक्रम बनाउन गरेको योगदान, भक्तपुरमा सामाजिक सङ्घ–संस्था स्थापना गर्न उहाँले खेल्नुभएको भूमिकाका कारण उहाँ आज सबैको निम्ति प्रेरणाको स्रोत बन्नुभएको छ । लेखक कवांद्वारा लिखित तेजेश्वरबाबु ग्वंगको जीवन परिचय पनि पुस्तकमा समाविष्ट छ । तेजेश्वरबाबु

ग्वंग नेपालकै चर्चित संस्कृतिविद् हुनुहुन्छ। पुस्तकमा ग्वंगको बाल्यकाल, शैक्षिक आरोह अवरोह र साहित्यिक विधामा उहाँको चाख र विभिन्न सङ्घ संस्थाबाट पाउनुभएको पुरस्कार र सम्मानबारे व्याख्या गरिएको छ। ग्वंगसँग नेपालमा मनाइने चाडपर्व, संस्कार र संस्कृतिबारे गहिरो अध्ययन भएकै कारण संस्कृति संरक्षण क्षेत्रमा उहाँको नाम चर्चित छ।

हास्य व्यङ्ग्यकार रामशेखर नकर्मी आफू रोई अरुलाई हसाउने व्यक्तित्व हुनुहुन्छ। गीत, कथा, कहानी, उपन्यास र व्यङ्ग्य लेखेर हास्यकला क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याई सबैमाझ चर्चित व्यक्ति बन्नुभएका नकर्मीको जीवन सङ्घर्ष निकै मार्मिक रूपमा पुस्तकमा समावेश गरिएको छ। क्यान्सरबाट बित्नुभएका नकर्मीको पार्थिक शरीरले यो संसार छोडेर गए पनि हास्यव्यङ्ग्य क्षेत्रमा उहाँको नाम र काम सँधै चम्किरहनेछ।

भक्तपुरका किसान नेता ज्ञानबहादुर न्याईच्याई नेमकिपाको तर्फबाट पञ्चायतकालमा २०३९ मा प्रधानपञ्च, २०४४ मा भक्तपुर नगरपालिका वडा १७ का वडाध्यक्ष, २०४९ मा भक्तपुर नगरपालिकाको मेयर, २०५४ मा भक्तपुर नपा वडा १७ का निर्वाचित वडाध्यक्ष हुनुहुन्छ। उहाँ भक्तपुरका जनताले रुचाइएका व्यक्तित्वमध्ये पर्नुहुन्छ। प्रतिक्रियावादी सङ्घ संस्था भित्र पसेर पनि देश र जनताको सेवा गर्नुपर्ने लेनिनवादी नीतिअनुरूप उहाँले काम गर्नुभयो। मोहियानी हक स्थापित गर्न र भक्तपुरको शैक्षिक क्षेत्रको विकासमा उहाँले गर्नुभएको योगदान आज पनि चर्चाको विषय बन्ने गरेको छ। जीवनभर गरिब र काम गरिखाने जनताको सेवामा तल्लीन उहाँको सरल जीवनबाट सबैले सिक्न जरुरी छ भन्ने सन्देश उहाँको जीवनीको सन्देश रहेको छ।

आशाकाजी बासुकला प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नेमकिपाको नीति अनुरूप २०४३ सालको स्थानीय निर्वाचनमा भक्तपुर नगर पञ्चायतको प्रधानपञ्च पदमा निर्वाचित हुनुभएको थियो। बहुदल व्यवस्था पुनःस्थापनापछि भएको दास्रो आम निर्वाचनमा भक्तपुर क्षेत्र नं. २ बाट नेमकिपाको तर्फबाट उहाँ सांसद पदमा निर्वाचित हुनुभयो। उहाँ नेमकिपाको एक असल कार्यकर्ताको भूमिका निभाई २०२५ सालको सुस्तामा भारतीय अतिक्रमणविरोधी सङ्घर्ष, २०३६ सालको बहुदलको पक्षमा अभियान, मोहियानी हक स्थापित गर्न सङ्घर्ष, २०४५ सालको भक्तपुर काण्डलगायतमा सङ्घर्षरत रहनुभयो। एउटा साधारण किसान परिवारमा जन्मेर पनि कसरी देश र जनताको हितमा काम गर्न सकिन्छ भन्ने उदाहरणको रूपमा उहाँको जीवनी अध्ययनबाट प्रष्ट हुन्छ।

साथै पुस्तकमा उस्ताद विवेकदास सचीन, विष्णुभक्त भुजू र नगेन्द्र हाडालगायतको जीवनीहरू समावेश गरिएको छ। विविध व्यक्तित्वहरूको जीवनी अध्ययनबाट उहाँहरूको स्वभाव, योगदानबारे जानकार हुन मद्दत पुऱ्याउँछ।

पुस्तकमा स्थानीय खेलहरूमा हाय्लुयाँ माय्लुयां कासा, आमु छ्या ध्वाका, हिगुली वला कासा, पाँय्कासा र कसिमला पाँय् खेलहरूको बारे व्याख्या गरिएको छ। यी सबै खेलहरू भक्तपुरको स्थानीय र धेरै लामो समयदेखि स्थापित भएका हुन्। कुनै तालिम, पठनपाठनमा समावेश नभई अग्रजबाट नयाँ पुस्तामा हस्तान्तरण भएको हो। स्थानीय ऐतिहासिक खेलहरू संस्कृतिको एक द्योतक मानिन्छ। खेलहरू मनोरञ्जनका स्रोत हुने। खेलको ऐतिहासिकता, नियमहरू र महत्त्वबारे आवश्यक सबै जानकारी प्रदान गरिएको छ। जसकारण कुनै व्यक्तिले स्वअध्ययनबाट पनि यी खेलहरू खेल्न सक्ने बनाइएको छ। यसर्थ, भक्तपुर नपाले स्थानीय खेलहरूलाई पुस्तकमा सङ्ग्रहित गर्ने अनुकरणीय कार्य गरिरहेको छ।

स्थानीय संस्कृतिहरूअन्तर्गत हाकुपटासी, बुरांज्या, गुँला बाजा, जुजुधौ संस्कृति, विज्ञान र प्रविधि, यः मऱ्ही पुन्ही, सम्यक महादान, पञ्चदां नखः, र सकिमन्हा पुन्हीसम्बन्धी गहकिला लेखहरू पनि पुस्तकमा समावेश गरिएको छ। भक्तपुर कला र संस्कृतिमा सम्पन्न नगर हो। हजारौँ वर्षदेखिको सीप, कला र संस्कृतिलाई भक्तपुरबासीले संरक्षण गर्दै आएका छन्। बढ्दो आधुनिकीकरणका कारण यी परम्पराहरू लोप हुने क्रम पनि बढ्दो छ। यसरी समाजमा प्रचलित संस्कृतिलाई लोप हुन नदिन र यसको महत्त्व दर्साउन पनि नगरपालिकाले प्रकाशनमा ल्याएको पुस्तकमा यसको ऐतिहासिकता, विधि विधान, तरिकाहरूबारे उल्लेख गरिंदा नयाँ पुस्तामाझ कला संस्कृति र परम्परा हस्तान्तरणमा सहयोग मिल्ने देखिन्छ।

विद्यालय तहका विद्यार्थीहरूलाई लक्षित गर्दै प्रकाशित यी पुस्तकका विषयवस्तुले उनीहरूमा आफ्नो मौलिक परम्परा र सीपको महत्त्वबारे जानकार हुन मद्दत पुऱ्याउनेछ। आफूले अध्ययन गरेका ज्ञान र सीप विद्यार्थीहरूले आफ्ना साथीभाइ, परिवार र समुदायमा सजिलै ज्ञान प्रचार गर्न सक्दछन्। साथै, यो प्रयासले परम्परागत ज्ञान र सीपमा अध्ययन, अनुसन्धानमा थप विकास गर्न मद्दत पुग्ने देखिन्छ। पुस्तक अध्ययनपश्चात समाजमा व्यवहारिक प्रयोगमा भएका अन्य सीप र कलाबारे पनि गहिरो अध्ययन र अनुसन्धान आवश्यक भएको महसुस हुन्छ।

यस पुस्तकको **'ख्वपको इतिहास र संस्कृति'** नामक लेख महत्त्वपूर्ण लाग्यो। लेखक प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले यस लेखलाई नेपालको इतिहाससँग जोड्ने प्रयास गर्नुभएको छ। पुस्तकमा नेपालमण्डलको प्राचिनता, प्राक्इतिहासकालीन नेपालमण्डल, ख्वपको नामाकरण एवं विकासक्रमः ख्वपृङदेखि भादगाउँसम्म, राजनैतिक इतिहास, पूर्वमध्यकालीन नेपालमण्डल, जयस्थिति मल्ल, यक्ष मल्ल, राय मल्ल, भुवन मल्ल, प्राण मल्ल, विश्व मल्ल, गंगारानी+त्रैलोक्य मल्ल +त्रिभुवन मल्ल,

जगज्योति मल्ल, नरेश मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल र अन्तिममा भक्तपुरको वर्तमान अवस्थाकोबारे वर्णन गरिएको छ ।

यसका साथै, मुनि विहार, भक्तपुरको स्थानीय पर्यटन, ख्वप नगरपालिकामा प्रयोग भएका भाषा र लिपि र भान्छामा प्रयोग हुने जडिबुटीहरूबारे पनि पुस्तकले महत्त्वपूर्ण स्थान दिएको छ । पुस्तकका लेख तथा रचनाहरू भक्तपुरका प्राज्ञिक व्यक्तिहरूले लेख्नुभएको हो । उहाँहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । भक्तपुर जिल्लाको अध्ययन अनुसन्धान गर्ने अनुसन्धाता, विद्यार्थी, शिक्षक तथा पत्रकारहरूको निम्ति यो सङ्ग्रहनीय र पठनीय सामग्रीको रूपमा प्रस्तुत हुनेमा दुईमत नहोला ।

भक्तपुरको पहिचान बोकेको विषयहरू समाविष्ट पुस्तकको मूल्य रु. ३००/- समयसापेक्ष मान्नुपर्छ । विषयवस्तुसँग मेल खाने रंगीन तस्बिरहरू जीवन्त छन् र पुस्तकलाई आकर्षक पनि बनाएको छ । रंगिन गातामा सजिएको यस पुस्तकको मूल गातामा राखिएको सुनढोकाले ख्वपको गरिमालाई प्रस्तुत गरेको छ । २७० पृष्ठको यस पुस्तक पढ्ने क्रममा भाषागत शुद्धाशुद्धी अझ सुधारिएको खण्डमा पुस्तकको वजन अझ बढ्ने थियो । पुस्तकको अर्को अध्याय निस्कनेमा पाठक आशावादी छ । भक्तपुर नपाद्वारा गठित स्थानीय पाठ्यक्रम कार्यदल तथा यस पुस्तक प्रकाशन र सम्पादनमा आबद्ध तथा लेखकहरू धन्यवादका पात्र बन्नुभएको छ ।

## हार्दिक समवेदना



**स्व. न्हुछेमाया राजलवट**

**जन्म : १९९१ भाद्र २५ | निधन : २०७७ कार्तिक ०९**

भक्तपुर नगरपालिका, वडा नं. १ का महिला सदस्य गंगालक्ष्मी बमनुका ममतामयी माता **न्हुछेमाया राजलवट**को दुखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. कुलबहादुर कवां**

**जन्म : १९९६ भाद्र १८ | निधन : २०७७ असोज २५**

भक्तपुर नगरपालिकाको वडा नं. ५ (साविक ८) का पूर्व वडासदस्य (वि.सं. २०३९, २०४४, २०४९ र २०५४) **कुलबहादुर कवां**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. श्रीप्रसाद प्रजापति**

**जन्म : २००३ चैत्र १९ | निधन : २०७७ कार्तिक ०४**

भक्तपुर नगरपालिकाको साविक वडा नं. १४ का पूर्व वडासदस्य (विसं. २०५४) **श्रीप्रसाद प्रजापति**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

# भक्तपुर नपाको आइसोलेसन केन्द्रमा बिताएका दिनहरू



सुजना बासुकला

*(भक्तपुर नपगरपालिकाले गएको असोज १० गतेदेखि ब्रह्मायणीस्थित बहुउद्देश्यीय भवनमा सञ्चालन गरेको आइसोलेशन केन्द्रमा बसी घर गएकाहरूको संस्मरण पाठकहरूको लागि लाभप्रद हुने विश्वासले यहाँ 'मजदुर' दैनिकबाट साभार दिइएको छ ।)*

## आइसोलेसनका चौध दिन

कोरोना भाइरस (कोभिड-१९) लाई विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले विश्वव्यापी महामारी (प्यान्डामिक) घोषणा गरिसकेको छ । कोभिडबाट सङ्क्रमित वा आशङ्का गरिएका मानिसलाई अरू मानिसबाट अलग राख्न संसारका सबै देश र क्षेत्रका सरकारले कडा कदम चालेका छन् । अलग राखिएका बिरामीलाई कोही आफन्त वा परिवारलाई भेट्न दिइँदैन । उनीहरूले आपसमा मोबाइलबाट मात्र कुराकानी गर्नसक्छन् ।

अध्ययन-अनुसन्धानले अलग बसेका (आइसोलेसन) सङ्क्रमितले मानसिक तनाव अनुभव गरेको देखाएको छ । जसले सङ्क्रमित व्यक्तिमा व्यवहारिक र मनोवैज्ञानिक प्रभाव पर्ने गर्छ । अलग बस्नु अर्थात् आइसोलेसनमा बस्नु भनेको सामान्य दिनचर्याबाट अलग हुनु हो । जसले मानिसलाई भयग्रस्त, निराश, उकुसमुकुस, तुरुन्तै मुड परिवर्तन हुने अवस्थामा पुर्‍याउँछ ।

जब तपाईं बिरामी पर्नुहुन्छ, तपाईँको परिवार वा नजिकको मानिसबाट हेरविचार होस् भन्ने तपाईँको स्वाभाविक चाहना हुन्छ । तर, निर्दयी कोभिड-१९ ले तपाईँलाई अनिश्चयको भयको मुठीमा कैद गरी एकान्तिकतातर्फ धकेल्ने गर्छ । रोग निको हुने हो कि होइन, म मर्छु कि बाँच्छु होला जस्ता अनेकन प्रश्नले दिमागलाई एकछिन शान्ति दिँदैन ।

मेरो स्वास्थ्यसम्बन्धी जानकारी मेरो लागि बरदान र श्राप दुवै भयो । स्वास्थ्यसम्बन्धी जानकारीकै कारण म आफ्नो शरीरमा आउने हरेक परिवर्तनका कारण खोज्ने गर्छु, त्यसको विश्लेषण गर्ने प्रयास गर्छु । कोभिडका बिरामीहरूलाई रोगको लक्षण देखापरेको १० वा १४ दिनभित्र सिटोकिन भनिने अवस्थामा फोक्सोमा थप भार गर्न गई अवस्था बिग्रने सम्भावना भएको मैले थाहा पाएँ ।

म भक्तपुरको च्याम्हासिंहस्थित जनस्वास्थ्य सेवा केन्द्रको आकस्मिक कक्षमा काम गर्ने स्टाफ नर्स हुँ । सुरुमा मलाई ढाड दुख्ने समस्या भयो । त्यो कोभिडको दुर्लभ लक्षण हो । पछि मलाई निकै थकान महसुस भयो । बाह्र घण्टाभित्र मलाई ज्वरो र टाउको दुख्न थाल्यो । पछि मलाई रुघा लाग्यो, खोकी लाग्यो । साथै श्वास फेर्न केही कठिनाइ पनि अनुभव भयो । यी सबै रोगका लक्षण देखिएपछि मैले चिकित्सकसँग परामर्श लिने निर्णय गरेँ ।

चिकित्सकले मलाई मेरो मुख्य समस्या र लक्षणबारे सोधपुछ गर्नुभयो । विगतको मेरो स्वास्थ्य अवस्थाबारे पनि उहाँले सोध्नुभयो । सोधपुछपछि उहाँले कोभिड-१९ परीक्षण गराउन भन्नुभयो । परीक्षण (स्वाब दिए) पछि मलाई घरमा क्वारेन्टिनमा बस्न सल्लाह दिनुभयो ।

घरमै क्वारेन्टिन बस्ने क्रममा फोक्सोको कार्यक्षमता बढाउन शरीरको विभिन्न पोजिसन मिलाएर सुतेँ । मैले मेरो तापक्रम, पल्स रेट, अक्सिजन स्याचुरेसन आदिको नियमित



रेकर्ड राखें। साथै बान्ता आउला जस्तो असजिलो अवस्था, शरीरको दुखाइ र टाउको दुखाइका सबै असजिला अवस्थामा ध्यान दिएँ। चिकित्सकसँग नियमितरूपमा सम्पर्कमा बसेँ।

घरमा क्वारेन्टिन बसेको केही दिनपछि मैले कोभिड–१९ भएको खबर पाएँ। मेरो रिपोर्ट पोजिटिभ आयो। त्यसपछि मेरो मोबाइलमा लगातार विभिन्न व्यक्तिको फोन आयो। पहिलो कल म काम गर्ने जनस्वास्थ्य सेवा केन्द्रबाट आयो। त्यसपछि टेकु अस्पताल, भक्तपुरको जिल्ला स्वास्थ्य कार्यालय, चाँगुनारायण नपा र मेरै वडाका जनप्रतिनिधिको फोन आयो। लगातारको कलले म झन् आत्तिएँजस्तो अनुभव भयो। केही समयमै मलाई ब्रहमायणीस्थित भक्तपुर नपाद्वारा सञ्चालित आइसोलेसन सेन्टरमा लान एम्बुलेन्स आइपुग्यो। म जान एक दिनअघि मात्र भक्तपुर नपाले त्यो आइसोलेसन केन्द्र सञ्चालनमा ल्याएको थियो।

आइसोलेसन केन्द्रमा तीन ओटा अलग अलग वार्ड थिए– ज्येष्ठ नागरिक वार्ड, महिला वार्ड र पुरुष वार्ड। आइसोलेसन केन्द्रमा म २१ औं नम्बरको सङ्क्रमित थिएँ। त्यहाँका नर्सिङ स्टाफहरूले मलाई हार्दिक स्वागत गरे। केन्द्रमा कार्यरत स्टाफहरूले साथीजस्तै व्यवहार गरे। सबैजनाको राम्रो हेरविचार गरे। तर, खाँचो पर्दा उनीहरूले कडाइ पनि गरे। मलाई नियमित खान केही औषधि उपलब्ध गराइयो। जस्तैः ज्वरोको औषधि (एन्टीपाइरेटिक), भिटामिन सी आदि। त्यो सबै सङ्क्रमितको लागि दिइने औषधि हो। मलाई आइसोलेसनका नियम, समय तालिका र आइसोलेसनमा गर्नुपर्ने नियमित गतिविधिबारे जानकारी दिइयो। अनि एक थान स्यानिटाइजर, एउटा रुमाल र दैनिक रूपमा खाँचो पर्ने केही भाँडाकुँडा उपलब्ध गराइयो। ती सामानसहित मलाई महिला वार्डमा लगियो।

कोठामा एक्लै हुँदा मनमा एक्लोपना र अल्छीपना अनुभव भयो। बाँकी संसारबाट अलग भएजस्तो अनुभव भयो। वार्डमा अरू पनि बिरामीहरू थिए। उनीहरू आफ्नो अल्छीपना चलचित्र हेरेर हटाउँदै थिए। केन्द्रमा वाईफाईको व्यवस्था भए पनि वाईफाई नटिप्दा हामीलाई गीत सुनाएर मनोरञ्जन गराउने व्यवस्था गरिएको थियो।

हरेक दिनको कार्यतालिका फरक–फरक हुन्थ्यो। कोठामा बारम्बार ओहोरदोहोर गर्न नपरोस् भनी आइसोलेसन केन्द्रमा कार्यरत नर्सहरूले विभिन्न हेरचाहका काम सकेसम्म समन्वयात्मक रूपमा थोरै पटक गरेकोमा मलाई आश्चर्य लागेन। यसो गर्नुको मूल अभिप्राय भनेको बिरामीसँग सकेसम्म सम्पर्क कम गर्नु थियो। त्यसले सङ्क्रमितबाट कुनै पनि किसिमको लसपस हुन कम गर्नुको साथै व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) लगाउने र फुकाल्ने झन्झट पनि कम गर्थ्यो।

अलग बसेको व्यक्ति भएकोले उनीहरूले मैले चाहेजस्तो सबै चाहना पूरा गर्न नसक्नु स्वाभाविक थियो। उदाहरणको लागि मैले चाहेका केही खाजा र स्वास्थ्यबर्द्धक पेय पदार्थ त्यहाँ उपलब्ध थिएन। यसले मनमा एक प्रकारको हतासभावना जाग्थ्यो। तर, आइसोलेसन केन्द्रका आफ्नै नियमहरू छन्। आइसोलेसन बस्दा पालना गर्नुपर्ने निश्चित दायित्व पनि हुन्छ। यसरी आफूले चाहेको कुरा पाउन नसक्दा आइपर्ने असजिलो भावनालाई जित्न त्यहाँ सङ्गीत, ध्यान र चिकित्सकहरूको परामर्श सेवा उपलब्ध थियो।

आइसोलेसनका अधिकांश दिनहरू उकुसमुकुसमै बिते। कतिबेला त आफूलाई सम्हाल्नै सक्दिनथेँ। त्यसले मलाई निकै अत्याउँथ्यो। आइसोलेसन केन्द्रका चिकित्सक र स्वाथ्यकर्मीहरूको परामर्शमा मनमनै प्रार्थना गरेर, नकारात्मक सोच धपाएर, केही हल्का शारीरिक व्यायाम गरेर म आफूलाई सकेसम्म सकारात्मक बनाउने प्रयास गर्थें। मैले कोभिडसँग सम्बन्धित अनुसन्धानपत्र र समाचारहरूका साथै केही उपन्यासहरू पनि पढेँ।

चौध दिनपछि क्रमशः रोगका लक्षणहरू हराउन थाले। म मानसिकरूपमा बलियो हुँदै गएँ। अन्ततः आइसोलेसन केन्द्रबाट बिदा भएर घर जाने दिन आयो।

भक्तपुर नगरपालिकाले जे जति व्यवस्था र बन्दोबस्त गरेको छ, त्यो निकै राम्रो लाग्यो। आइसोलेसन केन्द्र भनेको बिरामीलाई जोगाउनमात्र होइन, उनीहरूका घर परिवार र आफन्तलाई पनि सङ्क्रमणबाट जोगाउन बनाइएको हुन्छ। आइसोलेसन केन्द्रका नियमहरू जो कोहीले पनि पालना गर्न जरुरी छ।

यो समयमा मैले आफूलाई बलियो बनाउन प्रयास गरेँ। मैले मेरो इच्छाशक्तिलाई कमजोर बनाएर आफूलाई अझ कमजोर बनाइनँ। अहिले पनि मैले नियमितरूपमा तातो पानी र झोल पदार्थ खाने गरेको छु। पसिना नछुटुन्जेल शारीरिक व्यायाम गर्ने गर्छु। साथै केही श्वासप्रश्वासका अभ्यास पनि नियमित गर्ने गरेको छु।

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं। शारीरिक दूरी कायम गरौं।**

# भक्तपुर नगरपालिका कार्यापालिकाको बैठक निर्णयहरू

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ असोज ६ गते, मंगलबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना ग्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### एकान्तवास केन्द्र सञ्चालन

कोभिड १९ को विश्वव्यापी महामारीको सन्दर्भमा, भक्तपुर नगरमा पनि बढ्दै गइरहेको सङ्क्रमित भक्तपुर नगरवासीहरूको स्वास्थ्य सुरक्षा, सुविधाका साथै रोकथामका लागि भक्तपुर नगरपालिकाले ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवनमा निर्माण गरिरहेको एकान्तवास (आइसोलेशन) केन्द्रको तयारी व्यवस्थापनमा भएको कार्य प्रगतिको बारेमा एकान्तवास (आइसोलेशन) निर्माण तथा व्यवस्थापन उप–समितिका संयोजक एवं वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वबाट जानकारी प्राप्त भयो र एकान्तवास (आइसोलेशन) केन्द्र सञ्चालन सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

क) उक्त एकान्तवास (आइसोलेशन) केन्द्र मिति २०७७।६।१० गते शनिबारदेखि सञ्चालनमा ल्याउने ।

ख) एकान्तवास (आइसोलेशन) केन्द्रमा रहने सङ्क्रमितहरूको लागि दैनिक चार छाक खाना/खाजा (शाकाहारी र मांसाहारी वर्गीकरण गरी) को लागि उप–समितिले बजारबाट कोटेशनका माध्यमबाट प्रतिस्पर्धा गराउँदा D Icon Restaurant च्याम्हासिंह भक्तपुरबाट सबैभन्दा कम मूल्य शाकाहारी दैनिक ४ छाक खाना/खाजाको जनही रु २५०/– र मांसाहारी रु. ३००/– मा उपलब्ध गराउने भनी प्राप्त कोटेशन स्वीकृत गर्ने र मिति २०७७।६।१० गतेदेखि नै उक्त एकान्तवास (आइसोलेशन) केन्द्रका कोभिड सङ्क्रमितहरूका साथै आइसोलेशनमा खटिनु हुने स्वास्थ्यकर्मीहरू, प्रशासनिक कर्मचारीहरू, सफाइ मजदुरलगायतलाई पनि सोही बमोजिम खाना/खाजा उपलब्ध गराउने ।

ग) एकान्तवास (आइसोलेशन) केन्द्रमा रहने जनशक्ति व्यवस्थापन (प्रशासनिक, स्वास्थ्य, सुरक्षा, सफाइ कर्मचारीहरू) र सूचना सम्प्रेषणका लागि उपसमितिको सिफारिस बमोजिम कार्यालयले व्यवस्थापन गरिदिने ।

घ) एकान्तवास (आइसोलेशन) केन्द्रको लागि आवश्यक सामग्रीहरू उपसमितिको सिफारिसमा कार्यालयद्वारा व्यवस्थापन गरिदिने ।

### एम्बुलेन्स र शववाहन खरिद

भक्तपुर नगरपालिका कार्यालयको लागि चालु आ.व. ०७७/७८ मा आवश्यक एम्बुलेन्स थान १ र शववाहन थान १ गरी २ वटा सवारी साधनहरू क्याटलग शपिङको विधिबाट खरिद गर्न मिति २०७७।२।२७ र ३।११ गते २ पटकसम्म सिलबन्दी प्रस्तावहरू आव्हानको लागि सूचना प्रकाशन गरी पर्न आएका प्रस्तावहरू प्रस्तावदाता अग्नि इन्कर्पोरेट प्रा.लि.को MAHINDRA BOLERO AMBULACCE 4WD र प्रस्तावदाता युनाइटेड सिण्डीकेट प्रा.लि.को VDJ200R-GNMAZ-TOYOTA Land Cruiser Ambulance नगरपालिकाबाट तोकिएको प्राविधिक स्पेसिफिकेशनअनुसार नभएको र नेपाल सरकारको आर्थिक ऐन, २०७७ को अनुसूची १ दफा (२) को उपदफा १ सँग सम्बन्धित र दफा १५ उपदफा (२) (अ) मा भएको व्यवस्थाअनुसार रु. १६ लाखसम्मको मात्र सवारी साधन खरिदमा भन्सार छुटको व्यवस्था भएको हुँदा उक्त प्रस्तावहरू मिति २०७७।४।१८ को निर्णयानुसार रद्द भई पुनः सूचना प्रकाशनको लागि प्रकृया भैरहेकोमा हाल विश्वव्यापी महामारी कोरोना भाइरसको सङ्क्रमणले विश्व नै आक्रान्त भइरहेको र आफ्ना नगरवासीहरूलाई स्वयं स्थानीय तह आफैले

नै सो रोगको रोकथाम र नियन्त्रण गर्नुपर्ने आवश्यकता श्रृजना भएकोले नगरपालिका आफैले वडा नं. ९ ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवनमा एकान्तवास (आइसोलेशन) केन्द्र निर्माण गरी सञ्चालनमा ल्याउन थालेको र उक्त केन्द्रको लागि एक थान एम्बुलेन्स Covid 19 Dedicated Ambulance तत्कालै आवश्यक पर्न आएकोले तपसिल अनुसारको पुनः तयार भएको प्राविधिक स्पेशिफिकेशनको आधारमा एम्बुलेन्स खरिद गर्ने प्रकृया अगाडि बढाउन पुनः ७ दिनको सिलबन्दी प्रस्ताव आव्हानको लागि सूचना प्रकाशित गर्ने र शववाहन सम्बन्धमा हाललाई स्थगन गर्ने निर्णय गरियो ।

**एम्बुलेन्स प्राविधिक स्पेसिफिकेशन**

| S.N. | Particular | Requirement |
|---|---|---|
| 1 | Engine | |
| | Location | Front |
| | Displacement | Minimum 2200cc |
| | Power | Minimum 60KW at governed speed |
| | Torque | Minimum 180Nm at governed speed |
| 2 | Transmission | 5-speed+1 reverse manual |
| 3 | Tyre width | Minimum 180mm |
| 4 | Wheelbase | Minimum 2700mm |
| 5 | Ground Clearance | Minimum 170mm |
| 6 | Steering | Power Steering |
| 7 | Front Brakes | Drum Brake |
| 8 | Rear Brakes | Drum Brake |
| 9 | Batter | 12V 60 Ah |

**समितिका निर्णय अनुमोदन**

विभिन्न समितिको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**लेखा समिति**

**मिति २०७७।५।२३**

क) मिति २०७६।०७।२० गतेको 'मजदुर' दैनिकमा आ.व. २०७६।७७ को भ.न.पा. क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको लेखा परीक्षण गर्न लेखा परिक्षकहरूबाट आशय पत्र माग भएको सूचनाअनुसार पर्न आएका तपसिलमा उल्लेखित २७ जना लेखापरीक्षकहरूको आशय पत्रहरू मध्ये सूचनामा आ.व. २०७५।७६ को कर चुक्ता माग गरिएकोमा आ.व. २०७४।७५ को कर चुक्ता पेश गर्ने ३ वटा ( क्र.सं. ४, ८, १८) र आ.व. २०७६।०९।२९ गतेसम्मको कर चुक्ता गर्न म्याद थपको प्रमाण पेश गर्ने ४ वटा (क्र.सं. १६, १७, १९, २१) गरी जम्मा ७ वटा कैफियत भएको आशय पत्रहरू बाहेक अन्य नियमसम्मत भएका २० वटा आशय पत्रहरू स्वीकृत गर्ने निर्णय गरियो ।

ख) स्वीकृत २० जना लेखा परीक्षकहरूलाई तपसिल बमोजिमका सामुदायिक, गुठी तथा सहकारी अन्तर्गत दर्ता गरी सञ्चालनमा रहेका विद्यालयहरूको लेखापरीक्षण गर्न तोकी पठाउने निर्णय गरियो ।

ग) कोभिड १९ को महामारीको कारणले विद्यालयहरू सुचारु रूपले सञ्चालन नभएको हुँदा विद्यालयको वित्तीय अवस्थामा नकारात्मक प्रभाव परेकोले लेखा परीक्षकको पारिश्रमिक गत आ.व. को लेखा परीक्षकको पारिश्रमिक भन्दा नबढ्ने गरी तोकी पठाउने निर्णय गरियो ।

घ) निजी संस्थागत विद्यालयहरूको हकमा विद्यालयबाट नियुक्त लेखा परीक्षकबाटै लेखा परीक्षण गराउने निर्णय गरियो ।

ङ) लेखा परीक्षण विषय लिई इन्टर्नशिप गर्न आएका विद्यार्थी सृजना खुजुको म्याद २०७७ श्रावण २८ गतेबाट सकिएकोले पुनः ६ महिना (२०७७ माघ २७ गतेसम्म) म्याद थप गर्ने निर्णय गरियो ।

च) अर्को इन्टर्नशिप गर्न आएका विद्यार्थी ललिता खोंजुको म्याद सकिएकोले सो ठाउँमा आएका नयाँ विद्यार्थी सुनीता त्वानाबासुलाई मासिक रु.१०,०००/– (दश हजार) खाजा खर्च दिनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७७।६।६**

| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | कानुन शाखा भवन पुनः निर्माण (फेज I) | ३ | नपा | ९,९८९,६४९।५२ | | | | | | | | |
| २ | वर्खे जाने बाटो पश्चिम पट्टिको ढल जाम हटाउने कार्य | २ | नपा | ९६,५९५।२७ | | | | | | | | |
| ३ | सडक बत्ती Expert Team को लागि प्रतिनिधि मनोनयन सम्बन्धमा | | रा.यो. आ विशेष बजेट | १३,४५१,८१४।४२ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. २ कार्यालय हुँदै पुरानो नपासम्म ढुङ्गा छपाइ कार्य | २ | नपा | ४,०१४,३६८।१७ | | २,६५०,०००।०० | ७९,१९२।७० | ३,६८२,३२५।०० | ४,०६१,८२८।५० | | | आंशिक पे.फ मा नपुग भुक्तानी रू. ९,५३,१३२। भइसकेको |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ब्यासी स्थित निर्माणाधिन पर्यटक सेवा केन्द्र भवनमा फिनिसिङ कार्य | २ | नपा | ल.ई.रकम ९,८८२,९०१।२३ | | | २,८५८,०२६।८६ | ५,३९९,५२८।३३ | ६,१७६,३११।६१ | फिनिसिङ कार्य सम्पन्न | सहारा कन्स्ट्रक्सन प्रा.लि. हेटौंडा | अन्तिम रनिङ बिल रू. ३१,०८,००५।०५ मा ५ प्रतिशत रू. २,४९,९७८।१९ जरिवाना कट्टी गरी रू. २८,५८,०२६।८६ भुक्तानी दिने । |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | पञ्चमुखेश्वर महादेव निर्माण कार्य | ५ | बागमती प्रदेश सशर्त | ५,२५८,१९७।९५ | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |
| २ | कुमारी पाटी (भोय:छें) पुन:निर्माण कार्य | ५ | बागमती प्रदेश सशर्त | ५,०१२,८८९।१३ | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |
| | **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, तपाके सडक निर्माण कार्य | ७ | बागमती प्रदेश शसर्त बजेट | ४,६९६,६१५।७५ | उ.स.अ. : ध्रुव ढुंगेल | | | उ.अ.स. : सूर्यप्रसाद श्रेष्ठ | | | | |

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क) भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी, नःपुखु तथा अन्य क्षेत्रमा व्यवस्थित पार्किङको व्यवस्था मिलाउन अति आवश्यक भएकोले पार्किङ शुल्क वापत भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७७ अनुसूची १० मा व्यवस्था गरिएको पार्किङ दर बमोजिम हुने गरी मिति २०७७।६।१ गतेदेखि नै कार्यालयले आफ्नो कर्मचारीमार्फत **पार्किङ व्यवस्था मिलाउने निर्णय** गरियो ।

ख) भक्तपुर नगरपालिकाको चालु आ.व २०७७।७८ को दर विश्लेषण नर्म्स (Rate Analysis Norms) लाई **अनुमोदन** गरियो ।

ग) भक्तपुर नगरपालिकाको आ.व २०७७।७८ को, २०७७ भाद्र मसान्तसम्मको **यथार्थ आय–व्यय विवरण** बारे जानकारी गराइयो ।

घ) भक्तपुर नगरपालिकाद्वारा निर्माणाधिन एकान्तवास (आइसोलेशन) केन्द्र सञ्चालनका लागि आवश्यक १०० (एक सय) बेडसहित सम्पूर्ण सामग्री तथा हाइजिनिक सेटहरू उपलब्धताको लागि जिल्ला प्रशासन कार्यालयद्वारा श्री शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरिएको र श्री गृह मन्त्रालयद्वारा उक्त विभागलाई अनुरोध गरिएका पत्रहरूबारे जानकारी गराइयो र त्यस्तै भक्तपुर नगरपालिकाद्वारा श्री बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई पि.सि.आर. टेष्ट गर्ने उपकरण र परीक्षण विधिको लागि आवश्यक सामग्री बन्दोबस्तको लागि अनुरोध गरिएको **पत्रको बारेमा जानकारी** गराइयो ।

ङ) भक्तपुर नगरपालिकाले चालु आ.व २०७७।७८ मा पञ्चवर्षीय **आवधिक योजना निर्माण गर्नका लागि स्वीकृति** प्रदान गर्ने निर्णय गरियो । उक्त योजना निर्माणको लागि आवश्यक थप साधन श्रोतको व्यवस्थापनको लागि नेपाल सरकार र बागमती प्रदेश सरकार समेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

च) कोभिड १९ रोगको रोकथाम र नियन्त्रणको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **एम्बुलेन्स सेवा निःशुल्क** प्रदान गर्ने निर्णय गरियो ।

छ) भक्तपुर नगरपालिकाको बा १ भ ८७४९ को गाडी मर्मत गर्दाको रु. ८४,५८०।५० र बा.१ भ गाडी ८७५० मर्मत गर्दाको रु ४९,७०३।०५ गरी कुल रु. १,३४,२८३।५५ अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज) भक्तपुर नगरपालिकाको फोहोर सङ्कलन गर्ने को १ च १६७१ को तीनपाङ्ग्रे मोटर साइकल मर्मत गर्दाको रु. ७०००।– र को १ च १६७८ को तीनपाङ्ग्रे मोटर साइकल मर्मत गर्दाको रु.१३,६००।– गरी कुल रु. २०,६००।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

## मिति २०७७ असोज २३ गते, शुक्रबार

## निर्णयहरू

### कर्मचारीहरूको बिदा सम्बन्धमा

मिति २०७७ भाद्र महिनामा नेपाल सरकार, काठमाडौं उपत्यकाका जिल्ला प्रशासन कार्यालयहरूबाट संयुक्त निर्णय गरी सट्डाउन र निषेधाज्ञा घोषणा गरेको समय अवधिमा यस नगरपालिका कार्यालयमा उपस्थित भई कार्य गर्ने स्थायी/अस्थायी/करार कर्मचारीहरूको बिदा सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो –

क) कार्यालयको निर्देशनअनुसार आलोपालो कार्यालयमा उपस्थित भई कार्य गर्ने कर्मचारीहरूको हकमा हाजिर नभएको दिनलाई आलोपालो जनाई सार्वजनिक बिदा दिने ।

ख) कार्यालयको निर्देशनअनुसार आलोपालो कार्यालयमा उपस्थित नहुने कर्मचारीहरूको हकमा हाजिर भएको र सार्वजनिक बिदाको दिन बाहेकका बाँकी दिनहरूमा सम्बन्धित कर्मचारीले पाउने बिदा सुविधा कट्टी हुने गरी आवश्यक बिदा लिन लगाउने ।

ग) कोभिड १९ रोग सङ्क्रमित भएका कर्मचारीको हकमा आवश्यक निवेदन र प्रमाण पेश गर्न लगाई सार्वजनिक बिदा दिने ।

घ) कोभिड १९ रोग सङ्क्रमित भएका बिरामीको सम्पर्कमा आएका कर्मचारीको हकमा निजको सङ्क्रमण परीक्षणको रिपोर्ट नेगेटिभ आएमा सो अवधिसम्म र पोजिटिभ आएमा निर्धारित आइसोलेशनको समय अवधि वा उपचार हुन्जेलसम्म सार्वजनिक बिदा दिने ।

### जग्गा एकीकरण आयोजना

यस नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको मिति २०७७ असार मसान्तदेखि म्याद समाप्त भएता पनि आयोजना अन्तर्गतका केही प्राविधिक तथा जग्गा प्रशासनसँग सम्बन्धित कार्य अगाडि बढाउन आवश्यक भएकोले सो कार्यको लागि मिति २०७७।५।२९ गतेको कार्यपालिका बैठकले उक्त आयोजनाका पूर्व कर्मचारीहरू ई. ओमहरि था र ओ.सी दयाप्रसाद न्याईच्याईलाई प्रशासनिक र प्राविधिक जिम्मेवारी प्रदान गरिएको र हस्तान्तरण भै आएको उक्त आयोजनाका बाँकी कार्यहरूको आर्थिक व्यवस्थापन सम्बन्धी कार्य नियमित प्रकृयाबाट प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट गराउने निर्णय गरियो ।

## समिति निर्णय अनुमोदन

विभिन्न समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**निर्माण समिति**

**मिति २०७७।६।१४ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सडक बोर्ड नेपाल बजेटका योजनाहरू | | | | | | | | | | | हाललाई नपा कोषबाट व्यहोर्ने र पछि सडक बोर्डबाट प्राप्त भएपछि व्यहोर्ने गरी सोधभर्ना गर्ने निर्णय गरियो । |
| १.१ | मिनिबस पार्क ढलान बाटो मर्मत कार्य | १ | सडक बोर्ड | १,०६६,७९३।६४ | | | | | | | | |
| १.२ | खौमादेखि इन्द्रायणी पीठ परिसरसम्मको बाटो मर्मत कार्य | २ | सडक बोर्ड | १,०६९,६८३।१५ | | | | | | | | |
| १.३ | हनुमानघ्यो:देखि घलाटेसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड | १,०५३,२२४।२२ | | | | | | | | |
| १.४ | गपलि कुवादेखि अरनिको राजमार्गसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ४ | सडक बोर्ड | १,०२७,३७२।६१ | | | | | | | | |
| १.५ | क्वाछेँदेखि गणेश पाटीसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड | १,०४१,९५९।२८ | | | | | | | | |
| १.६ | बासी त:देखि लालाछेँसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड | १,०२३,९०५।६९ | | | | | | | | |
| १.७ | पाटिङ्गदेखि खँचा हनुमानघाटसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड | १,०८८,४१६।३९ | | | | | | | | |
| १.८ | मचो भैरव लोहलादेखि मे तंसम्मको इँटा तथा ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ८ | सडक बोर्ड | १,०५७,६५५।७३ | | | | | | | | |
| १.९ | याताछेँदेखि थालाछेँ चोक हुँदै बसिकुल इँटा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड | १,०९२,५३४।४० | | | | | | | | |
| १.१० | क्वाठण्डौं इँटा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड | १,०९४,४९८।६८ | | | | | | | | |
| | **जम्मा** | | | **१०,६१६,०४३।७९** | | | | | | | | |
| २ | मुदीपको खानेपानी ट्याङ्की हटाई नुहाउने ठाउँ बनाउने कार्य | ५ | मर्मत कोष | ४३,७८७।१२ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | छिपा तां (पुल) निर्माण कार्य (दोस्रो चरण) | ७ | नपा | ९,९४१,७९७।९१ | | ३,२००,०००।०० | ३,२७७,१८८।५८ | ६,४७७,१८८।५८ | ६,७१८,३२०।२८ | आंशिक सम्पन्न | रामेश्वर प्रजापति | रू. २० लाख थप पेश्की दिने |
| | **अन्य** | | | | | | | | | | | |
| १ | आ.व. २०७७/०७८ का लागि बाग्मती प्रदेश सरकारको समपुरक अनुदान बजेट र भ.न.पा. कार्यालयको संयुक्त लगानीमा वडा नं. ३ स्थित बाराही पुल पुन:निर्माण (दोस्रो चरण) कार्यका लागि रू. १,९९,४६,०००। बजेट विनियोजित भएकोमा यही आ.व. २०७७/०७८ मा स्वीकृत ल.ई. रू. ३,८१,१५,४९९।०८ को कार्य कारबाही समेत सम्पन्न गरी बाँकी रू. १,८१५९,४९९।10 बराबरको खर्च आगामी आ.व. २०७८/०७९ को न.पा. बजेटबाट व्यहोर्ने गरी बहुवर्षीय (२ वर्षको) ठेक्का बन्दोबस्तको सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| मिति २०७७/०६/२० गते | | | | | | | | | | | | |
| **क्र.सं.** | **योजनाका विवरण** | **वडा नं.** | **बजेट** | **ल.ई.रकम** | **रि ल.ई. रकम** | **पेश्की** | **भुक्तानी रकम** | **खर्च रकम** | **मूल्याङ्कन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ३ कार्यालयको बाँकी निर्माण कार्य | ३ | नपा | ९,८८७,५८०।५० | | | | | | | | |
| २ | दरबार स्क्वायरस्थित श्री पद्म माध्यमिक विद्यालयमा पूर्वाधार विकास निर्माण कार्य | २ | बाग्मती प्रदेश सरकार सर्शत बजेट | इन्टरलकिङ्ग ब्लक २५४१६०७।३६ | ढुङ्गा छपाइ २५६१०३३।६३ | | | | | | | विश्व सम्पदा क्षेत्रमा पर्ने भएकोले |
| ३ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ्ग कार्य | ८ | वातावरण | १,६०४,७७१।१७ | | | | | | | | |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | दूधपाटी टोलमा पशु सेवा चिकित्सालय | १ | नपा | ४०७,५७२।८७ | | १३५,०००।०० | ७३,३६८।४५ | २०८,३६८।४५ | ४०२,७१४।०७ | सम्पन्न | पीयुस दुमरू | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | खानेपानी ट्याङ्की निर्माण कार्य | ७ | | | मिति २०७७ पुष मसान्तसम्म म्याद थप गर्ने | | | | | | | |
| | **नक्सा स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयबाट मिति २०७७ असोज १८ गते ख्वप माविको भवन (ब्लक सी) निर्माण कार्य स्वीकृतिका लागि पेश भएको नक्सा स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७ असोज २२ गते**

१) स्थानीय पाठ्यक्रमको लागि सहयोगी पुस्तक 'ख्वपको पहिचान स्थानीय पाठ्यक्रम–सन्दर्भ सामग्री भाग १' को मूल्य रु. ३००।– (तीन सय) रहेकोमा बिक्री गर्न बिक्रेताहरूलाई ३० प्रतिशत छुटमा भ.न.पा.ले उपलब्ध गराउने निर्णय गरियो ।

२) भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'भक्तपुर नगरपालिका सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार फोटो पुस्तक' बिक्री मूल्य रु. १०००।– (एक हजार) निर्धारण गरियो । सो पुस्तक बिक्री गर्न बिक्रेताहरूलाई बिक्री मूल्यको ४० प्रतिशत छुटमा भक्तपुर नगरपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

३) 'भक्तपुर नगरपालिका पुनःनिर्माण तथा जीर्णोद्धार फोटो पुस्तक' सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्मानीय प्रधानमन्त्रीज्यू, सङ्घीय संसद, प्रदेश सभा, स्थानीय तह, संवैधानिक निकाय, मन्त्रालय, विभागलगायतका मुख्य मुख्य पुस्तकालय, कलेज, प्रवुद्ध वर्ग र बुद्धिजीविहरूलाई उपहार स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७७।६।१४ गते**

१) भक्तपुर नगरपालिका भित्रका नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी नगरपालिकाले अनलाईन मार्फत् शारीरिक अभ्यास तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क) श्री शिक्षा विकास निर्देशनालय, वागमती प्रदेशको नमुना विद्यालय विकास कार्यक्रम अर्न्तगत यस नगरपालिकाको वडा नं. ९ स्थित वागेश्वरी मा.वि. मा गुरुयोजना कार्यान्वयनका सन्दर्भमा दोश्रो वर्ष (आ.व ०७७।७८ को नमुना विद्यालय विकास सुधार योजना अर्न्तगत रु. १,१५,००,०००।–(एक करोड पन्ध्र लाख) को **कार्यक्रम स्वीकृत** गर्ने निर्णय गरियो ।

ख) भक्तपुर नगरपालिका वडा नं. १ का निर्वाचित वडा सदस्य श्री विश्वराज शिल्पकारले विशेष कारण देखाई मिति २०७७।६।१५ गते पेश गरेको राजीनामा नेपालको संविधानको धारा २१६ उपधारा ८ बमोजिम सोही मितिदेखि लागू हुने गरी **राजीनामा स्वीकृत** गरिएको बैठकलाई जानकारी गराइयो ।

ग) विजया दशमी, २०७७ को पर्वलाई विश्वव्यापी महामारी कोभिड १९ का कारण औपचारिकतामा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै सामाजिक दूरी कायम राखी सामान्य पूजाआजामा सीमित राख्न सरोकारवालाहरूसँग विभिन्न मितिमा भएका छलफलका आधारमा भएका निर्णयहरूको **अनुमोदन** गरियो ।

घ) एम्बुलेन्सको लागि **राजस्व छुटको** सिफारिसको लागि जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

ङ) भक्तपुर नगरपालिकाको बा १ ग २२६५ को गाडी मर्मत गरे वापत रु. ५०२८५।– र बा २ च ९८०८ को जिप्सी गाडी मर्मत वापत रु. ३४७४७।– गरी कुल रु. ८५०३२।५० भक्तपुर अटो पार्टस्लाइ **भुक्तानी** दिने निर्णय गरियो ।

च) नपाको फोहोर सङ्कलन गर्ने गाडी बा ३ च ८७७ को मर्मत वापत रु. ९५३१५।५०, गाडी नं बा ५ च २५२८ को मर्मत वापत रु.१५९३३।–, गाडी नं बा २ च ६०४९ को मर्मत वापत रु. ५०४६५।४० र बा ३ च ८७८ को फोहोर सङ्कलन गर्ने गाडी मर्मत वापत रु. ३५२२७।७५ गरी कुल रु.१९६९४१।६५ अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ) नपाको जेट मेशिन गाडी बा १ क ४५५४ को विभिन्न सामानहरू फेरी मर्मत गरेवापत रु. ३९६६३।– र बा १ ग २२६२ को पानी ट्याङ्कर गाडी मर्मत गर्दाको रु. १८०२३।५० गरी कुल रु. ५७६८६।५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज) नपाको को १ स १६८२ को ट्राइसाइकल मर्मत गरेवापत रु. ५९२५।– र को १ स १६७५ को ट्राइसाइकल मर्मत गरेवापत रु. ७२५०।– गरी कुल रु.१३१७५।– लक्ष्मी अटोवर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ) नपाको बा ३४ प ८८२४ को मोटरसाइकलमा विभिन्न सामान फेरी मर्मत गरेवापत रु. ४०००।– कृष्णगोविन्द सुवाललाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ) नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु. ३६,९९५।– ब्रदर्श क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट) नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु.१,०००।– झछैँ खाजाघरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ठ) वडा नं ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाद्वारा ब्रम्हायणी बहुउद्देशीय भवनमा सञ्चालित आइसोलेशन केन्द्र व्यवस्थापनका लागि रु. ७०००००।– (सात लाख मात्र) पेश्की लिई रु. ८,३९,५४१।– खर्च गरी नपुग रकम रु. १,३९,५४१।– माग गरीएकोमा निजको नाउँका पे.फ. गरी नपुग रकम **भुक्तानी** दिने निर्णय गरियो । साथै मिति २०७७।०६।१५ गते आइसोलेशन व्यवस्थापन गर्न थप रु. १५,००,०००। (पन्ध्र लाख मात्र) पेश्की दिइएको **अनुमोदन** गरियो ।

# चालीसौं नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न

'जनता म्वासा भाषा म्वाई' (जनता बाँचे भाषा बाँच्छ) भन्ने मूल नाराका साथ हरेक वर्षको कार्तिक शुक्ल द्वादशी र त्रयोदशीका दिन हुने नेपालभाषा साहित्य तःमुंज्याको चालीसौँ सम्मेलन कार्तिक १३ र १४ गते सम्पन्न भयो ।

कोभिड-१९ महामारीलाई ध्यानमा राखी अनलाइनमार्फत् भएको सम्मेलनमा सहभागी सबै वक्ता, लेखक-साहित्यकार र सहभागीहरूले घर-घरमै बसेर सहभागिता जनाएका थिए ।

सम्मेलनको दुवै दिन प्रत्यक्ष प्रसारण भादगाउँ टीभी, रेडियो जनसञ्चार, अनलाइन मजदुर, भक्तपुर रेडियो, भक्तपुर नगरपालिका, नेपालभाषा साहित्य तःमुँज्याका फेसबुक पेजबाट गरिएको थियो ।

## पहिलो दिन

### कार्तिक शुक्ल द्वादशी (२०७७ कार्तिक १२ गते)

पहिलो दिनको सम्मेलनमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित) ले कोभिडको महामारीको क्रममा संसारका कम्युनिस्ट सरकार भएका देशमा राम्रो बन्दोबस्त भएको तर, कट्टर पूँजीवादी शासकहरूले शासन गरेका देशका जनताले दुःख पाएको बताउनुभयो । उहाँले कोभिड महामारीको अवस्थामा संसारका जनताले कम्युनिस्ट को हुन् र अरू को हुन् भन्ने कुरा बुझ्दै गएको बताउनुभयो । *(अध्यक्ष बिजुक्छेंको मन्तव्यको सारसङ्क्षेप ३पृष्ठमा दिइएको छ)*

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल सरकारले कोभिडको पीसीआर परीक्षण गर्न पैसा लिने निर्णय गर्नु नेपालको संविधान, जनस्वास्थ्य सेवा ऐन र सर्वोच्च अदालतको परमादेशविपरीत भएको बताउनुभयो । जनप्रतिनिधि र सरकारी अधिकारीहरूको पहलमा भक्तपुर अस्पतालमा पीसीआर मेसिन आइसकेको तर मेसिन ल्याउने ठेकेदारले मेसिनका सबै पार्टपूर्जा नल्याइदिँदा अझै सेवा सुरू गर्न नसकेको जानकारी दिनुहुँदै उहाँले आयुर्वेदिक औषधि उपचारलाई पनि प्राथमिकता दिइएको बताउनुभयो । *(प्रमुख प्रजापतिको मन्तव्यको सारसङ्क्षेप ६ पृष्ठमा दिइएको छ)*

'शहीद' साप्ताहिकका सम्पादक **नारायण महर्जन**ले कोभिड केही पनि होइन भन्ने पूँजीवादी देशहरू यसबाट अझ बढी प्रभावित भएको बताउनुहुँदै समाजवादी देशमा जनमुखी स्वास्थ्य नीतिको कारण कोभिड नियन्त्रणमा प्रभावकारी काम भएको चर्चा गर्नुभयो ।



संविधानमा स्वास्थ्य मौलिक हक उल्लेख गरिए पनि नेपाल सरकारले झाराटार्ने काममात्र गरिरहेको प्रकाश पार्नुहुँदै उहाँले सरकारले व्यापारी र पूँजीपति वर्गको इसारा र दबाबमा काम गरिरहेको छ भन्नुभयो ।

काठमाडौँ उपत्यकामा सरकारले विकासको नाममा मौलिक सम्पदा र प्राकृतिक स्रोतको विनाश गरिरहेको बताउनुहुँदै उहाँले सम्पदा, संस्कृति र जनताका जग्गा जमिन विनाश गर्नेको विरोधमा जनताको सङ्घर्षमा ऐक्यबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भारतीय गुप्तचर विभाग प्रमुखले प्रधानमन्त्री भेटघाटपछि जनभावनाविपरीत बनाउन खोजिएको फास्ट ट्र्याक बनाउनेबारे जोड दिएकोले जनता अझ सजग हुनुपर्ने बताउनुभयो ।

सीमा अध्येता **रतन भण्डारी**ले चीनले नेपालको सीमा मिचेको मिडियाबाजी झूटो भइरहेको विभिन्न प्रमाणसहित प्रस्ट पार्नुभयो ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारतले सीमा मिचेको कुरालाई विषयान्तर गर्न चीनले नेपालको सीमा अतिक्रमण गरेको नेपालमा प्रचार हुने गरेको चर्चा गनुहुँदै गोरखाको रूई र टेगा गाउँ विसं २०१९ मा नेपालसँगको सीमा साटफेर गर्ने क्रममा चीनतिर परेको प्रस्ट पार्नुभयो ।

भारतको कारण नेपाल र भारतबीच सम्बन्धमा केही समस्या आउँदा चीनलाई मुछ्ने काम हुन नहुने उहाँको भनाइ थियो ।

सीमामा केही समस्या भए आपसी सहमतिमा समाधान गर्ने चिनियाँ राजदूतले वक्तव्य दिँदा पनि लगातार चीनले सीमा मिचेको असत्य प्रचार गर्न पूँजीवादी सञ्चारमाध्यम सक्रिय रहेको बताउनुभयो ।

सीमा अध्येता भण्डारीले नेपाल र भारत दुई देशबीचको विषय एकजना गुप्तचर निकायका व्यक्तिबाट गर्न खोज्नु राष्ट्रिय लज्जाको विषय भएको प्रस्ट पार्नुभयो ।

सम्मेलनमा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. **सुमित्रा गौतम**ले विगतमा भक्तपुर अस्पताल काठमाडौँमा बिरामी पठाउने रिफर सेन्टरमात्र हुने गरेकोमा अब अस्पतालको स्तरोन्नतिको लागि सबैको सहयोग आवश्यक भएको बताउनुभयो ।

उहाँले भक्तपुर जिल्लामा कोभिडका बिरामीको उपचार र महामारी नियन्त्रणमा भक्तपुर अस्पतालले खेलिरहेको भूमिकाबारे प्रस्ट पार्नुभयो ।

काठमाडौँ विश्वविद्यालय चिकित्साशास्त्र विभागका डीन डा. **राजेन्द्र कोजू**ले मुटु रोगबारे जानकारी दिनुहुँदै शारीरिक श्रम र व्यायाम कमी हुँदा मुटु रोग बढेको बताउनुभयो । उहाँले मुटुलाई स्वस्थ राख्न शारीरिक व्यायाम गर्ने, मधुमेह र उच्च रक्तचापको उपचार गर्नुपर्ने, चुरोट र रक्सी सेवन कम गर्नुपर्ने सल्लाह दिनुभयो ।

शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. **प्रेमराज ज्ञवाली**ले रगत र पिसाबको जाँच तथा भिडियो एक्स–रेबाट मिर्गौलासम्बन्धी रोग पहिचान गर्न सकिने बताउनुहुँदै मानव अङ्ग प्रत्यारोपण केन्द्रमा उपलब्ध स्वास्थ्य सेवाबारे प्रकाश पार्नुभयो ।

उहाँले नेपालमा जस्तो मिर्गौला दानसम्बन्धी उदार कानुन संसारमा कहीं नभएको तर नक्कली कागजात बनाएर सोझो मानिसको मिर्गौला लिने माफियाबाट सचेत हुनुपर्ने बताउनुहुँदै 'मिर्गौला प्रत्यारोपण गरेका व्यक्तिहरूले पनि जीवनलाई सफलरूपमा काम अघि बढाइरहेको छ' भन्नुभयो ।

स्त्रीरोग विशेषज्ञ डा. **सानुमैँया श्रेष्ठ**ले महिलामा बाँझोपन हुने बित्तिकै टेस्टट्युब प्रविधि प्रयोगबारे सोच्नु ठीक नभएको बताउनुभयो । बाँझोपनको अन्तिम विकल्पमात्र टेस्टट्युब प्रविधि भएको उहाँको भनाइ थियो ।

कोभिड–१९ को महामारीले संसारको चिकित्साशास्त्र र विज्ञानलाई चुनौती दिइरहेको चर्चा गनुहुँदै उहाँले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार अनुशासनमा बस्न र अरूलाई पनि बसाउन आग्रह गर्नुभयो ।

ज्योतिषशास्त्री डा. **वीरेन्द्र कायस्थ**ले पञ्चाङ्गबारे जानकारी दिनुभयो ।

तःमुंज्याको पहिलो दिनको सभापतिको आसनबाट पूर्वशिक्षक **ज्ञानसागर प्रजापति**ले 'जनता रहेमात्र भाषा रहन्छ' भन्ने नारालाई आत्मसाथ गरी अघि बढिरहेको तःमुंज्याले नेपालभाषाका साथै यसको सांस्कृतिक पक्षको पनि उत्थान गर्दै आएको बताउनुभयो । उहाँले जनता नै विश्व इतिहासका निर्माणकर्ता भएको चर्चा गर्नुहुँदै जनता भएमात्र उसको भाषा, साहित्य र संस्कृति रहने प्रस्ट पार्नुभयो ।

'जनता नै नभए न भाषा, न साहित्य, न संस्कृति नै रहनेछ', प्रजापतिले भन्नुभयो ।

पहिलो दिनको कार्यक्रममा जनकवि **चन्द्रबहादुर उलक**, कवि **दामोदर सुवाल**, नेपालभाषा साहित्य तःमुंज्याका पूर्वअध्यक्ष **कान्छा बासुकला**, **शिवप्रसाद श्रेष्ठ**, निबन्धकार **ओम धौभारी**, कथाकार **प्रेम के. निडर**, **मदन श्रेष्ठ, केशव तमखू, सुरेन्द्र महर्जन, पदमा खयरगोली, रामगोपाल बमनु**लगायतले आ–आफ्ना साहित्य वाचन गर्नुभयो । **बुद्ध लामा**ले तामाङ भाषाको गीत गाउनुभएको थियो ।

## दोस्रो दिन

### कार्तिक शुक्ल त्रयोदशी (२०७७ कार्तिक १३ गते)

चालीसौँ नेपालभाषा साहित्य तःमुंज्याको दोस्रो दिन अनलाइनबाट सञ्चालन भई सम्पन्न भयो ।

दोस्रो दिनको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छैं** (रोहित) ले कोरोना भाइरस संसारबाट तुरुन्तै हट्ने अवस्था नभएकोले स्वास्थ्यप्रति सावधान र सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सङ्क्रमण भइसकेका व्यक्तिहरू पनि जथाभावी हिंड्न नहुने भन्नुहुँदै शरीर कमजोर हुनेबित्तिकै फेरि पनि स्वास्थ्य समस्या देखिन सक्ने बताउनुभयो ।
नेपाली समाजमा विगतमा प्रयोगमा रहेका कतिपय चलन वैज्ञानिक र उपयोगी भएको हुँदा त्यस्ता चलनलाई ब्युँताउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छैँले भविष्यमा आउनसक्ने यस्ता महामारी नियन्त्रणमा सहज बनाउन एउटा जिल्लाको स्थायी बासिन्दालाई अर्को जिल्लामा घर बनाउन नदिने व्यवस्था लागु गर्नुपर्ने विचार राख्नुभयो । 'त्यसो गर्नसके एक जिल्लाबाट अर्को जिल्लामा गर्ने अपराधमा पनि कमी आउनेछ', उहाँले भन्नुभयो ।

उहाँले भ्रष्टाचारी र अपराधी गिरफ्तार गर्दा प्रहरीले उनीहरूआबद्ध वा निकट रहेको राजनीतिक दलको पनि अभिलेख राख्नुपर्ने बताउनुभयो ।

नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले नेपालमा कोभिड सङ्क्रमण फैलिनुमा भारतसँगको खुला सीमा पनि प्रमुख कारण भएको चर्चा गर्नुहुँदै नेपाल–भारत सीमा बन्द गर्नु दुवै देशका जनताको हितमा रहेको बताउनुभयो । उहाँले जनस्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने सरकारले अर्बपति–खर्बपतिको दबाबमा लकडाउन खुकुलो गर्दा जनतामा सङ्क्रमण अझ तीव्र भइरहेको बताउनुभयो ।

उहाँले सरकारले सम्पन्न व्यक्तिलाई मात्र कोभिडको परीक्षण गर्न पैसा उठाउने भनेको तर नेपालका ९५ प्रतिशत जनता विपन्न भएकोले सरकारको निर्णय व्यवहारिक छैन भन्नुभयो ।

सांसद सुवालले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नेपालको नक्सा सार्वजनिक गरे पनि अझै देशको कूल क्षेत्रफल सार्वजनिक गर्न नसकेको उल्लेख गर्नुभयो । सुगौली सन्धिविपरीत महाकाली सन्धिमा शासक दलहरूले महाकाली नदीलाई साझा नदी बनाएको प्रकाश पार्नुहुँदै उहाँले महाकाली सन्धिमा शासक दलहरूले राष्ट्रघात गरेको बताउनुभयो ।

उहाँले नेमकिपाले २०४८ सालदेखि नै सांसदहरूले पाउने कुनै पनि सहुलियत नलिएको प्रस्ट पार्नुहुँदै दसैँ भत्ता पनि नेमकिपाका सांसदहरूले नलिएको स्पष्ट पार्नुभयो ।

शासक दलका एकाध सांसदहरूले भत्ता फिर्ता गरे पनि अधिकांश सांसदहरूले लिएको चर्चा गर्नुहुँदै भन्नुभयो, 'उनीहरू बदमासी गर्ने मौका नपाएर इमानदार बनिरहेका छन् ।'

नेमकिपाका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेश सभा सदस्य **सृजना सैंजू**ले देशको सर्वोच्च पदमा महिला भए पनि नेपालका महिलाका समस्या अझै समाधान नभएको बरू महिलामाथिको अत्याचार अझ बढ्दै गएको धारणा राख्नुभयो । उहाँले पूँजीपति वर्गले श्रमिक महिलालाई कहिल्यै पनि माथि उठ्न नदिने भन्नुहुँदै महिलामाथिको शोषणको मुख्य कारण पूँजीवादी व्यवस्था भएको बताउनुभयो ।

'महिलालाई राजनीतिक र वर्गीयरूपमा सचेत नबनाउँदासम्म महिला अधिकार नारामा मात्र सीमित हुनेछ', उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **कृष्णकुमार वैद्य**ले कोभिड–१९ सङ्क्रमण नियन्त्रणमा सरकार जिम्मेवारीबाट पन्छिँदा निजी स्वास्थ्य संस्थाहरूले जनतालाई लुट्ने मौका पाएको बताउनुभयो ।

वरिष्ठ पत्रकार **भैरव रिसाल**ले मानिसले पृथ्वीका अन्य प्राणीलाई निषेध गरी आफ्नो एकलौटी गर्न खोज्दा संसारमा अनेक विपत्ति आएको बताउनुभयो । मानिसलाई जस्तै सबै प्राणीलाई पृथ्वीमा बाँच्ने अधिकार भएको चर्चा गर्नुहुँदै उहाँले सहअस्तित्व र सहजीवनलाई जोड दिनुपर्ने बताउनुभयो । समसामयिक राजनीतिक परिस्थितिबारे टिप्पणी गर्नुहुँदै रिसालले कूटनीति र राजनीतिको सट्टा नेपालले गुप्तचरी र सैनिक बाटो खोज्नु विडम्बना भएको उल्लेख गर्नुभयो ।

सीमाविद् **बुद्धिनारायण श्रेष्ठ**ले भारतसँग नेपालको मिचिएको भूमि फिर्ता गर्न सरकारले विज्ञहरूको सुझाव र सल्लाह मान्न तयार नभएको बताउनुभयो । उहाँले देशको सिमाना नक्साङ्कन गर्दा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र स्थानीय जनतालाई पनि जानकारी दिनुपर्ने बताउनुभयो । चीन र नेपालको सीमा निर्धारणको क्रममा भूमि साटफेर हुँदा चीनतिर परेका भूमिमा 'बाबुबाजेदेखि चौरी चराउँदै आएको ठाउँ' भनी नेपालले सीमा मिचेको भन्न नहुने सीमाविद् श्रेष्ठको भनाइ थियो ।

'लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूमि भएको विषयमा नेपालसँग जति बलियो प्रमाण छन्, भारतसँग त्यत्ति प्रमाण नभएको हुँदा वार्ताको लागि भारत पछि हटिरहेको हुनसक्छ', उहाँले भन्नुभयो ।

पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले ऋण तथा वित्तीय क्षेत्रमा काम गर्ने सहकारी संस्थाहरूले घर–जग्गामा लगानी गर्दा जनताले मिहिनेत गरेर कमाएको पैसा डुब्ने गरेको बताउनुभयो। उहाँले ओरेन्टल कोपरेटिभ लिमिटेडलगायत केही सहकारी संस्था डुब्दा थोरै थोरै पैसा सङ्कलन गरेका धेरै जनताको पैसा डुब्दा मर्कामा परेको बताउनुभयो।

ओरेन्टल सहकारीसँग पैसा असुली गर्ने नाममा उसका सबै सम्पत्ति लिलाम गर्दा बैङ्कहरूले अर्को ठगीको काम गरेको उहाँको भनाइ थियो।

कार्कीले भ्रष्टाचार निवारण गर्ने संस्थामा शासक दलहरूबीचको भागबन्डाको कारण भ्रष्टाचारमा कमी नआएको बताउनुभयो।

'अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स–साना कर्मचारीलाई भ्रष्टाचारको दोषी देखाउने र ठूला भ्रष्टाचारलाई जोगाउने काम गरिरहेको छ', उहाँले भन्नुभयो।

संविधानविद् डा. **भीमार्जुन आचार्य**ले नेपालको राष्ट्रियता नेपालको इतिहासमा अहिलेजस्तो कमजोर कहिल्यै नभएको र आर्थिक समृद्धिको कुरा पनि झूट साबित भएको बताउनुभयो। भारतको गुप्तचर विभाग प्रमुखलाई नेपालको प्रधानमन्त्रीले भेट्नु जस्तो दुर्भाग्य र लज्जा कहिल्यै पनि नभएको उहाँले बताउनुभयो। 'राजनीतिक तहको कुरा राजनीतिक रूपमै हुनुपर्छ। कुनै गुप्तचरमार्फत गर्नुहुन्न', आचार्यले भन्नुभयो।

नेकपाभित्रको गुटगत झगडाको कारण प्रचण्ड र माधव नेपालभन्दा आफू भारतसँग नजिक भएको देखाउन पनि प्रधानमन्त्रीले भारतको गुप्तचर प्रमुखलाई भेटेको हुनसक्ने आशङ्का उहाँले गर्नुभयो।

संस्कृतिविद् प्रा.डा. **पुरूषोत्तमलोचन श्रेष्ठ**ले नेपालको इतिहासमा जनताले पटक पटक भोगेका विभिन्न प्राकृतिक विपत्ति र महामारीबारे प्रकाश पार्नुभयो।

चिकित्सक डा. **सरोज धिताल**ले कोभिडबाट सुरक्षित रहन सबैलाई शुभकामना दिनुभयो।

भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. **ऋषिनारायण श्रेष्ठ**ले जनचेतना फैलाउन सके ३३ प्रतिशत क्यान्सर निको पार्न सकिने बताउनुभयो। कोभिडको प्रतिकूल परिस्थितिमा पनि भक्तपुर क्यान्सर अस्पतालले बिरामीको नियमित सेवा गरिरहेको चर्चा गर्नुहुँदै क्यान्सर रोगले नेपालमा पारिरहेको प्रभावबारे प्रकाश पार्नुभयो।

चिकित्सक डा. **सत्यनारायण सुवाल**ले मानिसमा लाग्ने नसर्ने विभिन्न रोगबारे जानकारी दिनुभयो।

त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागका प्रमुख **ओमकारेश्वर श्रेष्ठ**ले नेपालभाषाको अध्यापन अब बीएडअन्तर्गत पनि हुनुपर्ने बताउनुभयो।

तःमुंज्याको दोस्रो दिनको सभापतिको आसनबाट कीर्तिपुर पाँगास्थित जनसेवा माविका पूर्वप्रधानाध्यापक **नन्दकुमारी महर्जन**ले तःमुंज्या एउटा विद्यालय भएको बताउनुहुँदै प्रगतिशील साहित्य यथार्थवादीमात्र भएर नपुग्ने बरू परिवर्तन र क्रान्तिको बाटो पनि देखाउन सक्नुपर्ने बताउनुभयो।

उहाँले आफ्नो शिक्षण अनुभवको प्रसङ्ग जोड्दै विद्यार्थीलाई पिटेर र गाली गरेर नभई माया र हौसलाले सिकाउनुपर्ने बताउनुभयो।

डा. **राजदास श्रेष्ठ**ले नेपालको आर्थिक विकासको आधार कृषि र जलस्रोत हुनसक्ने बताउनुभयो।

साहित्यकार **अभय श्रेष्ठ**ले रूसी साहित्यकार एन्टोन चेखभ र प्रा.डा. **जट्टाधर झा**ले साहित्यकार मेक्सिम गोर्कीका साहित्यबारे चर्चा गर्नुभयो। झाले गोर्कीको सम्मानमा रूसी भाषाको कविता वाचन गर्नुभयो।

तःमुंज्यामा कवयित्री **सुलोचना मानन्धर, बेबी झा** (संरा अमेरिकाबाट सहभागी), **सुस्मा सापकोटा, आशाकुमार चिकंबंजार, लक्ष्मीनारायण दुवाल, डा. कोमल फुयाल, सुन्दरराम श्रेष्ठ, रूपकेशरी उलक, विकल प्रजापति, इन्द्रमान महर्जन, पुण्यराम कवां, रामकृष्ण प्रजापति, कृष्णप्रसाद दुमरु**लगायतले आ–आफ्ना साहित्यिक रचना वाचन गर्नुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रे जिल्ला समितिका कलाकारहरूले तामाङ गीत प्रस्तुत गर्नुभएको थियो।

**भक्तपुर जिल्लामा कोरोना सङ्क्रमितको विवरण (कार्तिक ११ गतेसम्म)**

| क्र.सं. | नगरपालिका | कूल सङ्क्रमित | | | निकोभएका | | | सक्रिय सङ्क्रमित | | | मृत्यु | | | एकान्तबास | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | अस्पतालमा | | | घरमा | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | भक्तपुर | ७०१ | ६३६ | १३३७ | ४८२ | ४२३ | ९०५ | २०१ | २०२ | ४०३ | १८ | ११ | २९ | ४९ | ५३ | १०२ | १५२ | १४९ | ३०१ |
| २ | चाँगुनारायण | ३२१ | १९० | ५११ | २१३ | ११६ | ३२९ | १०५ | ७४ | १७९ | ३ | ० | ३ | २१ | १५ | ३६ | ८४ | ५९ | १४३ |
| ३ | मध्यपुर थिमि | १०८१ | ८२७ | १९०८ | ६७२ | ५४१ | १२१३ | ३९३ | २८० | ६७३ | १६ | ६ | २२ | ८९ | ४७ | १३६ | ३०४ | २३३ | ५३७ |
| ४ | सूर्यविनायक | ९२७ | ६६० | १५८७ | ५०३ | ३५८ | ८६१ | ४१७ | २९९ | ७१६ | ७ | ३ | १० | ७९ | ३६ | ११५ | ३३८ | २६३ | ६०१ |
| ५ | अन्य | ८० | ५३ | १३३ | २ | ४ | ६ | ७८ | ४९ | १२७ | | | | ० | ० | ० | ७८ | ४९ | १२७ |
| | जम्मा | ३११० | २३६६ | ५४७६ | १८७२ | १४४२ | ३३१४ | ११९४ | ९०४ | २०९८ | ४४ | २० | ६४ | २३८ | १५१ | ३८९ | ९५६ | ७५३ | १७०९ |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर/मजदुर दैनिक

# उद्योग राज्यमन्त्री दुगडद्वारा भक्तपुर औद्योगिक क्षेत्र निरीक्षण : उद्योग हटाउन नाराबाजी

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडद्वारा भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र रहेका मानव स्वास्थ्यमा हानि हुने गरी ध्वनि र धुँवा प्रदूषण गर्ने उद्योगहरूको कार्तिक १८ गतेस्थलगत निरीक्षण गर्नुभयो ।



मन्त्री दुगड निरीक्षणमा

उद्योग राज्यमन्त्री दुगड, सांसद प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रजिअ हुमकला पाण्डे, औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रतिनिधि र स्थानीय पीडित जनतालगायत सम्मिलित टोलीले भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित नेपो इण्डष्टिज प्रा.लि.लगायत भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योगको स्थलगत निरीक्षण गर्नुभयो ।

निरीक्षणका क्रममा राज्यमन्त्री दुगडले औद्योगिक क्षेत्र स्थानान्तरणको विषयमा सम्बन्धित सरोकारवालाहरू समेत रहने गरी समिति बनाई समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूबाट निस्केको धुँवा र धूलोबाट वरपरका स्थानीय जनता, शैक्षिक संस्था, कार्यालयहरूमा नकारात्मक असर परिरहेकोप्रति दुःख व्यक्त गर्नुहुँदै औद्योगिक क्षेत्र व्यवस्थापन र स्थानान्तरणको लागि मन्त्रालयले न्यायोचित पहल गर्ने बताउनुभयो ।

निरीक्षणपश्चात स्थानीय जनतालाई सम्बोधन गर्नुहुँदै नेमकिपाका सांसद प्रेम सुवालले औद्योगिक क्षेत्रभित्र रहेका मानव स्वास्थ्यमा हानि हुने गरी ध्वनि र धुँवा प्रदूषण फैलाउने उद्योगहरू स्थानान्तरण गर्नेबारे मन्त्री दुगडसँग कार्तिक १६ गते छलफल भएको र सोही सिलसिलामा मन्त्री दुगडले यहाँका उद्योगहरू स्थलगत निरीक्षण गर्नुभएको बताउनुभयो । निरीक्षणपश्चात मन्त्रालयले जनताको पक्षमा उद्योग व्यवस्थापन तथा स्थानान्तरणबारे पहल गर्ने आश्वासन मन्त्री दुगडले दिनुभएको बताउनुहुँदै सांसद सुवालले भक्तपुर औद्योगिक क्षेत्रलाई नेपाल सरकारको निर्णयअनुसार काठमाडौं उपत्यका बाहिर स्थानान्तरणको लागि सरकारसमक्ष आग्रह गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले उद्योग क्षेत्रमा स्थापित कतिपय उद्योगपतिहरूले भक्तपुर नगरपालिकाको निर्देशन पालना नगरेको र नपालाई तिर्नुपर्ने करसमेत नतिरी जबरजस्ति उद्योगहरू सञ्चालन गरिरहेको प्रष्ट पार्नुहुँदै जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने उद्योगहरुको स्थानातरणको लागि नगरपालिकाले



प्रदूषण फैलाउने उद्योग हटाउन माग गर्दै स्थानीय जनता

पहल गरिरहेको बताउनुभयो ।

राज्यमन्त्रीबाट निरीक्षण भएकै क्रममा भक्तपुर औद्योगिक क्षेत्रमा ध्वनि र धुँवा प्रदूषण फाल्ने उद्योगहरूबाट पीडित स्थानीय जनताले ती उद्योगहरू हटाउन र प्रदूषण फाल्ने उद्योगीहरूविरुद्ध नाराबाजी समेत गरेका थिए । स्थानीयहरुले धूलो, धुवाँ र ध्वनि प्रदूषण फाल्ने उद्योगहरूलाई स्थानान्तरणको माग गर्दै पटक पटक नगरपालिका र औद्योगिक क्षेत्र व्यवस्थापन समितिमा निवेदन दिइसकेका थिए । यस अघि सांसद सुवाल, नगर प्रमुख प्रजापतिको नेतृत्वमा उद्योग मन्त्रालयमा प्रतिनिधि मण्डल गएर मन्त्रीको ध्यानाकर्षण गराएको थियो ।

# भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योग स्थानान्तरणबारे राज्यमन्त्री दुगडसँग छलफल

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडको सरकारी कार्यकक्ष सिंहदरबारमा जनप्रतिनिधिहरू सांसद प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, वडाध्यक्ष हरिप्रसाद बासुकला, ध्वनि र धुँवा पीडित जनता, औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालयका प्रतिनिधि, उद्योगीहरूका प्रतिनिधिबीच भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र रहेका मानव स्वास्थ्यमा हानि हुने गरी ध्वनि र धुँवा प्रदूषण फैलाउने उद्योगहरू स्थानान्तरण गर्नेबारे कार्तिक १६ गते छलफल भयो ।



सरोकारवालाहरूले नेपो इन्डष्ट्रिजमा स्वेटर बुन्ने नाममा ध्वनि र धुँवा प्रदूषण फैलाउने स्वचालित टेक्सटाइल मेसिन सञ्चालन गरिएको, गएको भदौ २० र २१ गते विनास्वीकृति थप टेक्सटाइल मेसिन ल्याई सञ्चालन गरी सरकारको राजस्वसमेत चुहावट भएको हुँदा तत्काल ध्वनि र धुँवा प्रदूषण फैलाउने उद्योग स्थानान्तरण गर्न राज्यमन्त्री दुगडसँग आग्रह गर्नुभयो ।

सरोकारवालाहरूले नेपाल सरकारको आ.व. २०७३/७४ को प्रतिबद्धताअनुसार भक्तपुर औद्योगिक क्षेत्र काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्न राज्यमन्त्री दुगडको ध्यानाकर्षण गराउनुभयो ।

पीडित जनताका प्रतिनिधिहरूले साना औद्योगिक क्षेत्रबाट टेक्सटाइल र डाइङ्गजस्ता ध्वनि र धुँवा प्रदूषण फाल्ने ठूला उद्योगहरू हटाउनुपर्ने सिफारिस भक्तपुर नगरपालिकाबाट समेत भइसकेको हुँदा त्यसलाई कार्यान्वयन गर्न मन्त्री दुगडसँग आग्रह गर्नुभयो ।

छलफलमा उद्योग राज्यमन्त्री दुगडले भक्तपुर औद्योगिक क्षेत्रभित्रका ध्वनि र धुँवा प्रदूषण फैलाउने उद्योग स्थानान्तरण गर्ने विषयमा सम्बन्धित सरोकारवालाहरू समावेश एउटा समिति बनाई समस्या समाधान गर्ने र आफूले पनि सो उद्योग निरीक्षण गर्ने बताउनुभयो ।

उहाँले औद्योगिक क्षेत्रका ध्वनि र धुँवा प्रदूषण फैलाउने उद्योगको कारण सांस्कृतिक र ऐतिहासिक महत्त्वका भक्तपुरको कला र सम्पदामाथि आँच आउने कुनै पनि गतिविधि हुन नदिनेमा जोड दिनुभयो ।

जनताको शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चितताको लागि मन्त्रालयले सकारात्मक कदम चाल्नेतर्फ आश्वस्त पार्दै मन्त्री दुगडले जनताको साथ र सहयोगले देश समृद्ध बनाउन सम्भव हुने बताउनुभयो ।

छलफलमा नेमकिपाका सांसद प्रेम सुवालले सरकारका अधिकारी र उद्योगी व्यापारीले जनताको पीडा आफ्नो पीडा ठानेर समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले साना औद्योगिक क्षेत्र भनी स्थापना भएको, मानव बस्तीबीचमा परेको क्षेत्रमा जस्तापाता मोडेको टहरामा ध्वनि र धुँवा प्रदूषण हुने टेक्सटाइल र डाइङ्ग उद्योग सञ्चालन गराउनु सम्बन्धित अधिकारीहरूको गल्ति भएको हुँदा अब सच्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राज्यमन्त्री दुगडलाई भक्तपुर औद्योगिक क्षेत्रको ध्वनि र धुँवा प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरण गर्नेबारे पत्र हस्तान्तरण गर्दै यहाँका उद्योगी-व्यापारीले स्थानीय सरकार भक्तपुर नगरपालिकाको निर्देशन पालना गर्नुपर्ने र तोकिएबमोजिमको कर नगरपालिकालाई तिर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले केही उद्योगहरूबाट निस्कने धुँवा, धूलो, ध्वनि तथा रसायन प्रदूषणले वरपर बसोबास गर्ने पीडित नागरिकहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको र विश्व सम्पदा क्षेत्रमा सूचिकृत भक्तपुर दरबार क्षेत्रसँग जोडिएको सो उद्योग क्षेत्र स्थानान्तरण गर्न आवश्यक पहल गरिदिन र सरकारले साना र हस्तकलामा आधारित उद्योग क्षेत्र विकास गर्ने उद्देश्य राखी अधिग्रहण गरेको सो क्षेत्रको उद्योग सोहीबमोजिम उपयोग गर्न भक्तपुर नगरपालिकालाई जिम्मेवारी दिन राज्यमन्त्री दुगडसँग आग्रह गर्नुभयो ।

छलफलमा भक्तपुर औद्योगिक क्षेत्रका व्यवस्थापक

बलराम बोगटीले केही उद्योगबाट निस्केको ध्वनि र धुँवा प्रदूषणबारे स्थानीय जनताको विरोध भएको तर नेपो इन्डष्ट्रिजले निजी संस्थाबाट प्रदूषण नभएको अध्ययन गरेको कागज पेश गरेको बताउनुभयो ।

नेपोका प्रशासक प्रमोद काफ्लेले प्रमुख बोगटीबाट सत्य कुरा सार्वजनिक नभएको, अहिले आधीमात्र टेक्सटाइल मेसिन चलेको र पूरा चलेपछि झन् आवाज बढ्ने बताउनुभयो ।

वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले जनताको स्वास्थ्यलाई ध्यान दिई भक्तपुर औद्योगिक क्षेत्रबाट ध्वनि र धुँवा प्रदूषण फाल्ने उद्योगहरू अविलम्ब स्थानान्तरण गर्नुपर्ने र लकडाउनको बेला बाहिरका मानिस औद्योगिक क्षेत्रमा प्रवेश गराइँदा कोभिड सङ्क्रमण फैलिएको बताउनुभयो ।

ध्वनि र धुँवा पीडित विनोदचरण रायले सरकारी प्रतिबद्धताअनुसार सो औद्योगिक क्षेत्र उपत्यकाबाहिर स्थानान्तरण गर्नु नै उत्तम विकल्प भएको बताउनुभयो ।

प्रिन्टिङ्ग प्रेस उद्योगी शङ्करकुमार खड्काले स्थापनाको बेला साना औद्योगिक क्षेत्र नै भएको हुँदा उचित क्षतिपूर्ति भए स्थानान्तर हुन सजिलो हुने बताउनुभयो ।

उद्योगीका सल्लाहकार पाठक भन्नेले श्रीपद्म विद्यालयभन्दा अगाडि औद्योगिक क्षेत्र स्थापना भएको र उद्योगले नपालाई कर तिर्न नपर्ने बताएपछि छलफलमा निजसँग विवाद नै भएको थियो ।

## जनप्रतिनिधिद्वारा नेपो इण्डष्ट्रिजको अनुगमन

नेपाल मजदुर किसान पार्टीका सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी र औद्योगिक क्षेत्र व्यवस्थापन लि. केन्द्रीय कार्यालयका प्रतिनिधि, औद्योगिक क्षेत्रका सहायक प्रहरी निरीक्षकसहितको टोलीले कार्तिक १४ गते भक्तपुर नपा वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित नेपो इण्डष्ट्रिज प्रा.लि. अन्तर्गत सञ्चालनमा रहेका विभिन्न उद्योगहरूबाट भएको ध्वनि र धुँवा प्रदूषणबारे अनुगमन गऱ्यो ।

भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूले फालेको ध्वनि र धुँवा प्रदूषणले स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेकोबारे व्यापक जनगुनासो देखिएपछि सोको दीर्घकालीन समाधानको लागि सांसद सुवालसहितको टोलीले उक्त क्षेत्रको अनुगमन गरेको हो ।

अनुगमनका क्रममा कपडा बुन्ने अधिकांश मेसिनहरू बन्द अवस्थामा रहेको थियो भने उद्योगको संरचना अस्तव्यस्त रहेको, ध्वनि र धुँवा प्रदूषण नियन्त्रण हुने कुनै पनि प्रविधि नअपनाएको पाइयो ।

सोही क्रममा स्थानीय पीडित जनताले औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालय काठमाडौंबाट आएका प्रतिनिधि टोलीलाई भक्तपुर औद्योगिक क्षेत्रबाट भएको ध्वनि र धुँवा फाल्ने नेपो इण्डष्ट्रिज उद्योगबारे संयुक्त निवेदन हस्तान्तरण गऱ्यो ।

निवेदनमा भक्तपुर नपाको इताछेँ, खौमा, ब्यासी, भक्तपुर नगरपालिका कार्यालय, वरपरका जनतासमेत घरमा बस्न नहुने गरी सञ्चालित उद्योगहरूले ध्वनि र धुँवा प्रदूषण फाल्ने नेपो इन्डस्ट्रिज स्वचालित टेक्सटाइल मेसिन अगाडितर्फ २८ थान र पछाडितर्फ १४ थान गरी ४२ थान र डाइङ मेसिन गैरकानुनी ढङ्गले सञ्चालन गरिरहेको हुँदा नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित नभएसम्म नेपो इन्डष्ट्रिज बन्द गर्नुपर्ने उल्लेख छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले नेपाल सरकारको आ.व. २०७३/७४ को बजेट वक्तव्यको प्रतिबद्धताअनुसार भक्तपुर औद्योगिक क्षेत्रबाट ध्वनि र धुँवा प्रदूषण फाल्ने नेपो इण्डष्ट्रिजलगायतलाई काठमाडौंउपत्यका बाहिर स्थानान्तरण गर्नुपर्नेमा त्यसो नगरी हालसम्म चुप बसेका अधिकारीहरूसँग स्पष्टीकरण लिनुपर्ने र जग्गा अधिग्रहणको उद्देश्यअनुसार काम नभएको हुँदा सो जग्गा सम्बन्धित जग्गावालालाई नै फिर्ता गर्नुपर्ने माग राखेको छ ।



औद्योगिक व्यवस्थापन कार्यालयले स्थानीय सरकारबाट अनुमति प्राप्त उद्योगहरूमात्र भक्तपुर औद्योगिक क्षेत्रमा सञ्चालन गर्न अनुमति दिनुपर्ने र अनुमति प्राप्त उद्योगले भक्तपुर नगरपालिकालाई तोकिएबमोजिम कर तिर्नुपर्नेलगायतका बुँदा उक्त निवेदनमा उल्लेख गरिएको छ ।

# काठमाडौं उपत्यकाको यातायात र ट्राफिक व्यवस्थापनबारे छलफल

गृहमन्त्री रामबहादुर थापा 'बादल' को अध्यक्षतामा काठमाडौं उपत्यकाको यातायात र ट्राफिक व्यवस्थापनसम्बन्धी तयार गरिएको प्रस्तावित एकीकृत कार्ययोजनाबारे कार्तिक १८ गते भर्चुअल छलफल सम्पन्न भयो ।



गृहमन्त्री रामबह्दुर थापा

छलफलमा गृहमन्त्री थापाले काठमाडौं उपत्यकामा यातायात र ट्राफिक व्यवस्थापनलाई प्रविधियुक्त बनाउनुपर्नेमा जोड दिनुहुँदै उपत्यकाको यातायातलाई सहज र व्यवस्थित बनाउन मेट्रो सिटीको सञ्जाल विकास आवश्यक भएको बताउनुभयो ।

सार्वजनिक यातायात प्रणालीको विकास र मोटर बाइकहरूलाई बिस्तारै प्रतिबन्ध गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुहुँदै मन्त्री थापाले उपत्यकाको ट्राफिक जाम हटाउन वैकल्पिक सडकहरूको विस्तार खाँचो रहेको बताउनुभयो । काठमाडौं उपत्यकाको विकास सँगसँगै थुप्रै चुनौतीहरू पैदा भइरहेको बताउनुहुँदै मन्त्री थापाले सवारीसाधन र यात्रुहरूको आवागमन सहज र सुरक्षित बनाउन प्रविधियुक्त सडक पूर्वाधारहरूको विकास गर्दै लगिने प्रतिबद्धता जनाउनुभयो ।

छलफलमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यकामा बढ्दो जनघनत्वसँगै सडक दुर्घटना, अपराधका घटना, खानेपानी अभाव र सांस्कृतिक सम्पदाहरूमा ऱ्हासलगायतका समस्याहरू दिनानुदिन बढिरहेको बताउनुहुँदै उपत्यकाभन्दा बाहिर नयाँ सहरहरू विकास गर्नु आवश्यक रहेको बताउनुभयो ।

युवा पुस्तामा ट्राफिक नियमबारे चेतना कमीका कारण दुर्घटनाहरू बढिरहेको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले सडकको क्षमताभन्दा सवारीसाधनको चाप बढेकै कारण ट्राफिक जाम र सडक दुर्घटनाहरू बढिरहेको बताउनुभयो । नीतिगत निर्णय गर्दा स्थानीय जनता र जनप्रतिनिधि तथा सरोकारवालाहरूको बैठक बोलाएर ऐन नियम बनाए कार्यान्वयन पक्ष बलियो



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति

हुनेछ ।

उहाँले असीमित रूपमा गाडी भित्र्याउने क्रम नरोकेसम्म सडक फराकिलो पार्दैमा ट्राफिक जाम र सडक दुर्घटनाको समस्या समाधान नहुने बताउनुभयो ।

सडक मापदण्डको नाममा उपत्यकाका सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरू म्हासिँदै गइरहेको बताउनुहुँदै उहाँले आवास योजनाभित्र ठूलठूला सवारीसाधनहरूको प्रवेशमा रोक लगाउने बन्दोबस्त गरिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल सरकारले आ.व. २०७३/७४ को आर्थिक बजेटमा प्रदूषण फाल्ने उद्योग क्षेत्र काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्ने रहे तापनि सोको कार्यान्वयन हुन नसकेकोतर्फ ध्यानाकर्षण गर्नुहुँदै उहाँले मानव बस्तीको बीचमा सञ्चालित उद्योग क्षेत्रहरू अन्य उपयुक्त ठाउँमा स्थानान्तरण गर्नुपर्ने जनताको माग रहेको बताउनुभयो ।

छलफलमा अधिकार सम्पन्न बागमती सभ्यता एवम् विकास समिति, खानेपानी तथा ढल व्यवस्थापन विभाग, नेपाल आयल निगम, महानगरीय प्रहरी कार्यालयकाका प्रतिनिधिहरूले काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउने विषयमा आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । साथै कार्यक्रममा ट्राफिक व्यवस्थापन सम्बन्धी एकीकृत कार्ययोजना २०७७ बारे प्रस्तुतीकरण पनि देखाइएको थियो ।

# दशैंको शुभकामना आदानप्रदान



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा कलेजमा आबद्ध शिक्षक–कर्मचारीबीच दशैंको शुभकामना आदानप्रदान कार्यक्रम जुममार्फत कार्तिक ५ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि कलेज व्यवस्थापन समिति अध्यक्ष एवम् नगर प्रमुख प्रजापतिले दशैं बिदामा रचनात्मक कार्यहरू गरी मनाउन सबै प्राध्यापकहरूलाई शुभकामना दिनुभयो ।

उहाँले महामारीको रूपमा फैलिएको कोरोना भाइरस सरुवा रोगको उपचारको जिम्मेवारीबाट सरकार पन्छिन नहुने बताउनुभयो । उहाँले उपत्यकामा सङ्क्रमितहरू बढिरहेको अवस्थामा विगतमा दिँदै आएको स्वास्थ्यसम्बन्धी सबै सुविधा काटिँदै गरिबहरू उपचार नपाएर मर्ने सम्भावना बढ्यो भन्नुभयो ।

सरकारले निजी अस्पताल र नर्सिङ होमहरूको दबाब र प्रभावमा परी जनताले पाइरहेको पीसीआर परीक्षणलगायतको सुविधा कटौती गर्दै लगेको हुनसक्ने उहाँले बताउनुभयो ।

कोभिड १९ बारे सामाजिक सञ्जालको भ्रमको पछाडि नलाग्न आग्रह गर्नुहुँदै नगर प्रमुख प्रजापतिले विश्वव्यापी रूपमा महामारी बनिरहेको कोरोना भाइरस सामान्य रोग नभएको र दशैंलाई सामान्य औपचारिकतामा सीमित गरी मनाउन भक्तपुर नगरपालिकाले नगरबासीहरूमा अनुरोध गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले देशभरिका जनताको बीचमा छुट्टै पहिचान स्थापित गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुरमा कोरोना नियन्त्रण तथा रोकथामको लागि भक्तपुरका विभिन्न सङ्घ–संस्था तथा सहकारी संस्थाहरूले आर्थिक र भौतिक सहयोग गरिरहेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले ख्वप इन्जिनियरिङ कलेजले टाइम बाउण्ड अनलाइन परीक्षा सञ्चालन गरिरहेको बताउनुहुँदै महामारीबीच पनि कलेजका शिक्षक–कर्मचारी कलेजका विविध गतिविधिहरूमा सक्रिय रूपमा लागिरहेको बताउनुभयो । कलेजले गरिरहेको उपलब्धीहरूबारे अवगत गराउनुहुँदै उहाँले दशैंलाई रचनात्मक ढङ्गले मनाउन जोड दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले चीनमा कोरोना भाइरसको सङ्क्रमण बढिरहेको समयमा रोग फैलिनसक्ने खतराका कारण चीनले सबै चाडवाड र सांस्कृतिक कार्यक्रमहरूलाई बन्द गरेको स्मरण गर्नुहुँदै उहाँले समाजवादी देशहरूले मान्छेको जीवनलाई बढी प्राथमिकता दिएकै कारण कोरोना महामारीबाट जोगिन सफल भएको बताउनुभयो । उहाँले दशैंलाई औपचारिकतामा सीमित राखी रोग प्रतिरोधात्मक क्षमता बढाउने ढङ्गले खानपिनमा जोड दिनुहुँदै परिवारभित्रै सुरक्षित मनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य ई. रबिन्द्र फाँजु, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य ई.रत्नशोभा प्रजापति, कलेजका विभागीय प्रमुखहरूले दशैंको शुभकामना मन्तव्य राख्नुहुँदै कोभिडसँग सतर्क रहनुपर्ने र दशैंको समयमा कोभिड सङ्क्रमण फैलिने खतरा भएको हुँदा सिर्जनात्मक र सुरक्षित ढङ्गले मनाउनुपर्नेमा जोड दिनुभयो ।

# अत्यावश्यकबाहेकका सेवा अनिश्चितकाल स्थगित

जिल्ला प्रशासन कार्यालय भक्तपुरले कार्तिक २ गते आइतबारबाट जिल्लाभित्र अत्यावश्यकबाहेकका सेवा प्रवाह अर्को सूचना नआएसम्म स्थगित गर्ने सूचना जारी गरेको छ ।

काठमाडौं उपत्यकामा कोभीड–१९ को सङ्क्रमणको दर अत्यधिक बढिरहेको अवस्थामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूमा सेवाग्राहीहरूको भीडभाड अत्यधिक भई सङ्क्रमण सेवाग्राहीहरूमा समेत फैलिनसक्ने उच्च जोखिम रहेको कारण कोभीड–१९ सङ्क्रमणले भयावह रूप लिनसक्ने अवस्थालाई मध्यनजर गरी सो निर्णय गरेको सूचनामा उल्लेख छ ।

जिल्लाका कोभीड–१९ सङ्कट व्यवस्थापन केन्द्र, सबै सरोकारवाला निकाय, स्वास्थ्यविज्ञ, सुरक्षा निकायसँगको छलफल, परामर्श र एवम् निष्कर्षका आधारमा कार्तिक २ गतेबाट अर्को सूचना जारी नभएसम्मको लागि अत्यावश्यक सेवाबाहेक अन्य सेवा प्रवाह स्थगित गरिएको सूचनामा बताइएको छ ।

यस्तै सूचना ललितपुर जिल्लामा पनि जारी गरिएको छ । तर उपत्यकामा सबभन्दा बढी सङ्क्रमित भएको काठमाडौंमा त्यस्तो कुनै सूचना जारी गरिएको छैन ।

# दशैंमा नगर प्रमुख सुनिल प्रजापतिको सन्देश



आदरणीय नगरवासी दिदीबहिनी दाजुभाइहरू,

दिनदिनै कोरोना सङ्क्रमणको सङ्ख्या वृद्धि भइरहेकोबारे हामी सबै जानकार नै छौँ। देशभर दैनिक कोरोना सङ्क्रमित हुनेहरूमध्ये काठमाडौं उपत्यकामा मात्रै ५० प्रतिशत भन्दा बढी मानिसहरू सङ्क्रमित भएको पाइएको छ। घना बस्ती भएको उपत्यकामा यो रूपमा कोरोना सङ्क्रमण फैलिनु तपाईं हामी कोही पनि सुरक्षित नभएको सङ्केत हो।

विश्वमा हालसम्म औषधी पत्ता नलागेको यो रोगबाट बच्न कुनै पनि काम गर्दा अर्को व्यक्तिबाट टाढा रहनु नै हो। भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी जनतालाई रोगबारे सचेत पार्न दैनिक माइकिङ तथा विभिन्न सञ्चार माध्यमबाट सूचना प्रवाह गरिरहेको छ।

नगरवासीहरूमा सङ्क्रमितहरूको सङ्ख्यामा वृद्धि हुन थालेपछि घर घरमै एकान्तवास बस्नेहरूका लागि स्वास्थ्य, सरसफाइ र अन्य विषयमा जानकारी लिन नगरपालिकाले चिकित्सक र कर्मचारीहरूको नाम र सम्पर्क नम्बर सार्वजनिक गर्दै आएको छ। त्यसबाट धेरै नगरवासीहरूको सेवा भइरहेको छ।

भक्तपुर नगरपालिकाले लक्षण नदेखिएका तर घरमा बस्न सम्भव नभएका नगरवासीहरूलाई ब्रम्हायणीमा छुट्टै एकान्तबास (आइसोलेसन) को व्यवस्था गरेको छ। सरकारी मापदण्डअनुसार निर्मित उक्त ७५ शय्या क्षमताको आइसोलेसनमा अहिले ५६ जना नगरवासीले सुविधा पाइरहेका छन्। त्यसको लागि नगरपालिकाले छुट्टै समिति गठन गरेर आवश्यक व्यवस्था गर्दै आएको छ।

आइसोलेसनमा बसी स्वास्थ्यलाभ गरिरहनुभएका सङ्क्रमितहरूलाई समय–समयमा चिकित्सक, आर्युवेदिक चिकित्सक, फिजियोथेरापिष्ट, मनोपरामर्शदाता एवम् जनप्रतिनिधिहरूबाट स्वास्थ्य परामर्श दिइरहेका छौँ।

सङ्क्रमण व्यापक रूपमा फैलिन नदिन विस्काजात्रा, गाईजात्रा, गुँला बाजा, पञ्चदानलगायतका महत्त्वपूर्ण चाडपर्वहरूलाई औपचारिकतामा मात्रै सीमित राख्नुपर्‍यो। समाजमा कुनै किसिमको भीडभाड हुन नदिन र जनताको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर यो अप्रिय निर्णय नगरपालिकाले गर्नु परेको यथार्थ यहाँहरू सबैले बुझ्नु भएको छ।

नेपालीहरूको महत्त्वपूर्ण पर्व दशैं हाम्रो सामु आइपुगेको छ। कार्तिक १ गते घटस्थापना छ। दशैंमा भक्तपुरमा विभिन्न जात्राहरू हुने गर्छन्। ती कुनै पनि जात्रामा भीडभाड हुन नदिन सरोकारवाला नगरवासीहरूसँग विभिन्न चरणमा छलफल अगाडि बढाएका छौँ। तलेजुमा हुने विशेष पूजालाई औपचारिकतामा मात्रै सीमित गर्ने, कुनै किसिमको बलि नदिने निर्णय सरोकारवालाहरूको बैठकले गरिसकेको जानकारी गराउन चाहन्छौँ।

दशैंलाई व्यवस्थित र अनुशासित रूपमा सम्पन्न गर्न भक्तपुर नगरपालिकाले जिल्ला प्रशासन, गुठी संस्थान, महानगरीय प्रहरी परिसर, उद्योग वाणिज्य सङ्घ, साना तथा घरेलु उद्योग व्यवसायी सङ्घ, तलेजुका पुजारीहरूसँग सल्लाह गरी काम गरिरहेका छौँ।

यसवर्ष सर्वसाधारणलाई तलेजु प्रवेश नगराइ पुजारीहरूलाई मात्रै प्रवेशको लागि छुट्टै अनुमति पत्रको व्यवस्था गरेको पनि सम्पूर्ण नागरिकहरूलाई जानकारी दिन चाहन्छौँ। त्यसै गरी दशैंमा कुमारीलाई पनि सामान्य औपचारिकतामा सीमित गर्ने भएको छ भने नवदुर्गा जात्रालाई व्यवस्थित गर्न सरोकारवालाहरूसँग छलफल भइरहेको छ।

धेरै मानिसहरू भीड हुने गरी नवरातमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म नगरवासीहरू शक्ति पीठहरूमा नगई दिन नगरपालिकाको तर्फबाट हार्दिक अनुरोध गर्दछौँ।

अहिले रोगको लक्षण देखिएमा अस्पतालमा भर्ना गर्न कुनै पनि अस्पतालमा आइसियु र भेन्टिलेटर खाली नभएको समाचारहरू आइरहेका छन्। रोग लागेमा गरिबहरू अकालमै मृत्यु हुनुपर्ने अवस्था आउँदैछ। यो गम्भीर परिस्थितिलाई ध्यानमा राखी दशैंको बेला भीडभाडमा आ–आफ्नो घरमै बसेर दशैं मनाउनु हुन सबैमा हार्दिक अपिल गर्दछौँ। विजया दशमी २०७७ सालको शुभकामना !

*असोज ३० गते*

# पीसीआर परीक्षण नि:शुल्क गर्न सर्वोच्चको परमादेश

सर्वोच्च अदालतले कोरोनाको परीक्षणलाई आधारभूत स्वास्थ्य सेवाको रूपमा व्याख्या गर्दै पीसीआर परीक्षणलाई नि:शुल्क गर्न सरकारका नाममा परमादेश जारी गरेको छ ।

न्यायाधीशहरू आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्तानको इजलासले सरकारका नाममा उक्त आदेश जारी गरेको हो ।

फैसलाको पूर्णपाठमा सरकारी निकायमा कोरोना उपचारसम्बन्धी सम्पूर्ण सेवाहरू नि:शुल्क रूपमा उपलब्ध गराउन समेत सरकारलाई निर्देशन दिइएको छ ।

त्यसैगरी सरकारी अस्पताल वा निकायमा पीसीआर परीक्षण गर्दा शुल्क लिन नपाइने भनी फैसला गरेको छ ।

आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हक भएको तर सरकारले कोरोना परीक्षणमा शुल्क लिँदा नागरिकलाई दिएको स्वास्थ्यसम्बन्धी हक उल्लङ्घन गरेको भन्दै भदौ २८ गते अधिवक्ताहरु केशरजंग केसी र लोकेन्द्र ओलीले पीसीआर परीक्षण नि:शुल्क गर्न परमादेशको माग गरी रिट दायर गरेका थिए । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदलाई नि:शुल्क परीक्षण हुने तर सर्वसाधारणका लागि दुई हजार रुपैयाँ तोकिनु गैरकानुनी भएको जिकिर निवेदनमा गरिएको थियो ।

उक्त निवेदनमाथि फैसला सुनाउँदै सर्वोच्च अदालतले कोरोनासँग सम्बन्धित सम्पूर्ण सेवा सरकारी अस्पतालमा नि:शुल्क हुनुपर्ने र लक्षण नभएकाहरुले पनि परीक्षण गर्न चाहेमा दिनुपर्ने भनिएको छ ।

निजी अस्पतालले सरकारले तोकेको शुल्कभन्दा बढी लिन नपाउने जनाउँदै परीक्षणका लागि सरकारी निकायमा गएका नागरिकको अनिवार्य कोरोना परीक्षण गर्नुपर्ने फैसलामा भनिएको छ ।

# प्रदेश नं. ५ को नाम अब लुम्बिनी

प्रदेश नं. ५ को प्रदेशसभाको असोज २० गते बसेको बैठकले दुईतिहाइ बढी मतले प्रदेशको नाम **लुम्बिनी** र **राजधानी** 'दाङ जिल्लाको राप्ती गाउँपालिका, गढवा गाउँपालिका तथा अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकाले ओगटेको (चर्चेको) राप्ती नदी किनारको मैदानी भाग राप्ती उपत्यका देउखुरी' राख्ने निर्णय गरेको छ । तर प्रदेश राजपत्रमा प्रदेशको नाम भालुवाङ नराखी अर्कै प्रकाशित गरेर छक्याएको भनी सत्ताधारी सांसदहरूले नै विरोध गरेका छन् ।



प्रदेश सभामा तोडफोड

लुम्बिनी नाम राख्ने पक्षमा ७९ मत र विपक्षमा ४ मत परेको थियो ।

त्यस्तै स्थायी राजधानी दाङको देउखुरी राख्ने पक्षमा ६९ र विपक्षमा कांग्रेसका १३ जनाले मत दिएका थिए ।

उक्त मतदानमा कांग्रेसका सांसदहरूले पार्टीको ह्वीप विपरीत फ्लोर क्रस गरेका थिए । कुल ८७ सदस्यमा कांग्रेसका १९ सांसद छन् ।

स्मरणीय छ असोज १९ गते बसेको बैठकमा प्रदेशको नाम र राजधानीका विषयमा विपक्षीहरूले तोडफोडसमेत गरेका थिए ।

## 'कोरोना महामारी केन्द्र' को स्थिति

देशको राजधानी काठमाडौं उपत्यकाका तीन जिल्ला अहिले 'कोरोना महामारी केन्द्र' (Corona Hotspot) बनेको छ । स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार कार्तिक १५ गतेको स्थिति यस्तो रहेको छ –

| जिल्ला | सङ्क्रमित | सक्रिय | निको | मृत्यु | एकान्तबास |
|---|---|---|---|---|---|
| काठमाडौं– | ६१,८५५ | १६,८९० | ४४,७४६ | २१९ | १०,५०१ |
| ललितपुर– | ८,७९४ | २,३०३ | ६,४३१ | ६० | २,२५७ |
| भक्तपुर– | ५,६९९ | १,१५१ | ४,४८२ | ६६ | १,७१९ |

# कोभिड १९ को 'सहर केन्द्रित असर र रोकथाम' विषयक अन्तरसंवाद

मानव अधिकार एलायन्सको आयोजनामा कोभिड १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक उपप्रधानमन्त्री इश्वर पोखरेलको प्रमुख आतिथ्यतामा कोभिड १९ को 'सहर केन्द्रित असर र रोकथाम' विषयक अन्तरसंवाद कार्यक्रम जुममार्फत कार्तिक ३ गते सम्पन्न भयो।

कार्यक्रममा उपप्रधानमन्त्री पोखरेलले नेपालको संविधानमा भएको व्यवस्था कार्यान्वयन गर्नु सरकारको दायित्व भएको उल्लेख गर्नुहुँदै कोभिड १९ विरुद्ध लड्न सबै सङ्घ–संस्था र जननिर्वाचित प्रतिनिधिहरू क्रियाशील हुनुपर्ने र कोभिड १९ बारे जनतालाई सचेत बनाउन आवश्यक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

नजिकिँदै गरेको दशैंमा सीमित परिवारका सदस्य बसेर सुरक्षित ढङ्गले चाडपर्व मनाउन आग्रह गर्नुहुँदै उपप्रधानमन्त्री पोखरेलले कोभिड १९ का सङ्क्रमितहरूको उपचारमा निजी अस्पतालहरूलाई डेडिकेटेड अस्पतालको रूपमा परिचालित गर्ने सरकारको तयारी रहेको बताउनुभयो।

भारतबाट विभिन्न नाका भई नेपाल प्रवेश गरेकाहरूबाट कोरोना भाइरसको सङ्ख्या नेपालमा बढ्दै गएको बताउनुहुँदै उहाँले नेपालमा अहिले दिनहुँ हजारौंको सङ्ख्यामा सङ्क्रमण देखिए पनि निको हुनेको सङ्ख्या पनि बढेको छ भन्नुभयो। गरिब, विपन्न, अशक्त र ज्येष्ठ नागरिकहरूको उपचारको जिम्मेवारीबाट सरकार पछि नहटेको भन्नुहुँदै उहाँले स्वास्थ्य जनताको मौलिक अधिकार हो र यसको सुनिश्चितता नेपाल सरकारले गर्नेछ भन्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको तर सरकारले कोभिडको क्षेत्रमा काम गर्ने चिकित्सक र सुरक्षाकर्मीहरूबाहेक अरुको उपचार खर्च अबदेखि सरकारले नव्यहोर्ने निर्णय गरी नागरिकको बाँच्न पाउने अधिकार हनन् भएको छ भन्नुभयो।

नेपाल सरकारले तोकेको रकमभन्दा बढी रकम लिएर परीक्षण गर्ने अस्पतालहरूको दर्ता खारेज गर्ने भनिए पनि निजी अस्पताल सञ्चालकहरूले त्यसको अवज्ञा गरिरहेको बताउनुहुँदै निजी अस्पतालका सञ्चालकहरूले पीसीआर परीक्षणको नाउँमा हजारौं रूपैयाँ असुलिरहेको बताउनुभयो।

उहाँले घना बस्ती भएको काठमाडौं उपत्यकामा व्यापक रूपमा कोरोना सङ्क्रमण बढ्न थालेकोमा चिन्ता व्यक्त गर्नुहुँदै स्थानीय तहको अधिकारमाथि हस्तक्षेप हुने काम भइरहेको बताउनुभयो।

सङ्घ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासले मात्रै कोरोना सङ्क्रमणबाट समाजलाई बचाउन सकिने विचार राख्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले कोरोना सङ्क्रमितहरूको लागि ७५ शय्याको आइसोलेसन तयार गरी घरमा आइसोलेसन बस्नेहरूको लागि आवश्यक स्वास्थ्य, सरसफाइ र अन्य बन्दोबस्तको लागि निश्चित कर्मचारीहरूको व्यवस्था गरी कुनै पनि बेला सेवा पाउन सक्ने सुविधा मिलाउँदै आएको बताउनुभयो।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले आफू कोभिड सङ्क्रमित हुँदाको अनुभव सुनाउनुहुँदै कोभिडका कारण देशको कृषि, उद्योग, व्यापार, रोजगारीलगायत विभिन्न क्षेत्रमा नराम्रो असर पुगेको बताउनुभयो।

वीरगञ्ज महानगरपालिकाले विकास निर्माणका रकम कोभिड नियन्त्रण तथा रोकथामको लागि खर्च गरिरहेको प्रष्ट पार्नुहुँदै सरकारले गरिबी रेखामुनी भएका जनताको पहिचान गरी निःशुल्क परीक्षण र उपचार गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

धरान उपमहानगरपालिकाका उपप्रमुख मन्जु भण्डारीले कोभिड महामारी भयावह बन्नुमा नेपालमा यसको रोकथामबारे पूर्वतयारी नरहेको बताउनुहुँदै धरानमा सक्रिय सङ्क्रमितहरूको सङ्ख्या २ हजारभन्दा बढी भइसकेको र क्वारेनटाइन व्यवस्थापनमा धरान उपमहागरपलिलिकाले धेरै बजेट लगानी गरिसकेको बताउनुभयो।

वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख मोहनमाया भण्डारीले कोरोना नियन्त्रणमा स्थानीय तहको भूमिकाबारे प्रष्ट पार्नुभयो। वीरेन्द्रनगर नगरपालिकाले विदेशबाट फर्केकाहरूको लागि अनिवार्य पीसीआर र आरडीटी परीक्षण गरेर मात्र घर पठाउने गरेको, एकद्वार प्रणालीबाट राहत वितरण गरेको बताउनुहुँदै उहाँले बेरोजगार रहेको दक्ष जनशक्तिले समाजमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा लक्षित गरी केन्द्र सरकार, प्रदेश र स्थानीय सरकारको लक्ष्य प्रष्ट हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र बिष्ट, फलेबास नगरपालिकाका प्रमुख पदमपाणी शर्मा, राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाही, नेपाल रेडक्रसका अध्यक्ष नेत्र तिम्सिना, जनस्वास्थ्यविद् शरद् वन्त, नेपाल नगरपालिका सङ्घका अध्यक्ष अशोक ब्यान्जुलगायतले लकडाउन र निषेधाज्ञाले मात्रै कोभिड १९ सङ्क्रमण रोकथाम नगर्ने, कोभिड १९ ले बाक्लो बस्ती भएको ठाउँमा बढी प्रभावित पारेको, सरकारले कोभिड केन्द्रित अस्पताल निर्माणमा चासो नदेखाएको, सहरी गरिबीहरूको पहिचान चुनौतीको रूपमा खडा भएकोलगायतका धारणा व्यक्त गर्नुभयो।

# कोरियाली मजदुर पार्टीको स्थापना दिवसमा नेमकिपाको शुभकामना





नेपाल मजदुर किसान पार्टीले मित्र पार्टी कोरियाली मजदुर पार्टीको ७५ औँ स्थापना दिवसको अवसरमा असोज २३ गते शुभकामना सन्देश पठायो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को निर्देशानुसार पार्टी सचिव प्रेम सुवालले कोरियाली मजदुर पार्टीको ७५ औँ स्थापना दिवसको अवसरमा कोरियाली मजदुर पार्टीका अध्यक्ष तथा प्रजग कोरियाको सशस्त्र सेनाका सर्वोच्च सेनापति महामहिम किम जङ उनलाई शुभकामना पठाउनुभयो । शुभकामनामा कोरियाले साम्राज्यवाद र उपनिवेशवादविरुद्ध लगातार एक शताब्दीदेखि लड्दै आएको एवम् प्रजग कोरियालाई आत्मनिर्भर, स्वाधीन र स्वतन्त्र बनाउन तथा कोरियाली शैलीको समाजवाद निर्माण गर्न कोरियाली मजदुर पार्टी र यसको नेतृत्व किम जङ उनलाई थप सफलता प्राप्त हुने उल्लेख छ ।

कोरियाली मजदुर पार्टीको बुद्धिमत्तापूर्ण नेतृत्व र कोरियाली जनताको एकमनको एकताको कारण जापानी उपनिवेशवाद र संरा अमेरिकी साम्राज्यवादमाथि विजय हासिल गरिएको उल्लेख भएको शुभकामनामा बिनाबाहिरी हस्तक्षेप कोरियाको पुनः एकीकरण सफलतापूर्वक प्राप्त हुने अपेक्षा गरिएको छ ।

जुछे विचारधारा, सोन्गुन नीति र समाजवादप्रतिको दरिलो आस्थाले कोरियाली मजदुर पार्टीलाई जनताको सच्चा क्रान्तिकारी पार्टी र संसारभरका साम्राज्यवादविरोधी आन्दोलनको प्रेरक बनाएको शुभकामनामा उल्लेख छ ।

कोरियाली मजदुर पार्टी र कोरियाली शैलीको समाजवाद सबै समस्या समाधान गर्न सक्षम भएको तथ्य कोभिड–१९ महामारी रोकथाममा प्रजग कोरियामा हासिल भएको सफलताबाट संसारले अनुभव गरेको शुभकामनामा उल्लेख छ ।

तथाकथित शक्तिशाली पूँजीवादी देशहरू महामारीको महासङ्कटको पीडामा रहेको अवस्थामा जनस्वास्थ्यप्रति निकै जिम्मेवार नेतृत्व र राज्यको तदारूक एवम् प्रभावकारी कदमसँगै प्रजग कोरियामा भाइरसको रोकथाम तथा नियन्त्रण सम्भव भएको र समाजवादी व्यवस्थाको सफलता पुष्टि भएको उल्लेख गर्दै शुभकामनामा आउँदा दिनमा पनि सबै क्षेत्रमा विजय हासिल गर्न प्रजग कोरियाको नेतृत्व सक्षम हुने विश्वास गरिएको छ ।

प्रजग कोरियालगायत विश्वका साम्रज्यवादविरोधी देशहरू विरुद्ध संरा अमेरिका अझै शीतयुद्धकालीन मानसिकताबाट मुक्त हुन नसकेको, प्रजग कोरियालगायत सार्वभौम देशविरुद्ध संरा अमेरिकी क्रुर नाकाबन्दी अझै कायम भएको उल्लेख गर्दै शुभकामनामा भनिएको छ, 'कोरिया प्रायःद्वीपमा अझै पनि युद्धको अवस्था कायम छ । यस्ता सबै चुनौती र अवरोधबीच महामहिमको विवेकपूर्ण नेतृत्वमा अघि बढेको कोरियाली मजदुर पार्टीले प्रजग कोरिया लगातार समाजवादको बाटोमा लम्किरहने र संरा अमेरिकी साम्राज्यवादविरुद्धको लडाइँमा सफलता प्राप्त हुनेछ । अन्तर्राष्ट्रवादको उच्च भावनाका साथ दृढतापूर्वक आफ्नो देशको सार्वभौमिकता रक्षा गरिरहेका कोरियाली मजदुर पार्टी, नेतृत्व र कोरियाली जनताप्रति हामी ऐक्यबद्धता व्यक्त गर्दछौँ ।'

नेपाल मजदुर किसान पार्टी र कोरियाली मजदुर पार्टीबीचको मैत्रीपूर्ण सम्बन्ध आगामी दिनमा अझ प्रगाढ बन्दै जाने विश्वास व्यक्त गरिएको शुभकामनामा नेमकिपाले कोरिया प्रायःद्वीप, एसिया महादेश र सम्पूर्ण संसारमा शान्ति स्थापना गर्न साम्राज्यवाद र नवउपनिवेशवादविरुद्ध हरेक सङ्घर्षमा एकैसाथ रहने प्रतिबद्धता जनाएको छ ।

शुभकामनामा उल्लेख छ, 'हाम्रो निकट सम्बन्ध, साझा सङ्घर्ष र समाजवादको लागि बलियो एकता सधैँ रहिरहनेछ ।'

# "एक क्षेत्र - एक मार्ग" बारे नेपाल - चीन राजनीतिक दलबीच प्रथम सम्मेलन

चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय सम्बन्ध विभागले कार्तिक ४ 'एक क्षेत्र-एक मार्ग' (वन बेल्ट वन रोड) बारे नेपालका राजनीतिक दलहरूसँग संयुक्तरूपमा सम्मेलन आयोजना गऱ्यो । नेपाल-चीनबीच दौत्य सम्बन्ध स्थापनाको ६५ औं वर्ष र चिनियाँ राष्ट्रपति सी चिनफिङद्वारा नेपाल भ्रमण गर्नुभएको एक वर्ष पूरा भएको अवसरमा आयोजित प्रथम सम्मेलनमा चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेता र नेपालका राजनीतिक दलका नेताहरूको सहभागिता थियो ।




सम्मेलनबाट पाँच बुँदे प्रस्ताव पारित गरिएको छ ।

सम्मेलनले हिमाल शृङ्खलाले जोडेको नेपाल-चीनबीचको मैत्रीपूर्ण सम्बन्ध आपसी हितका निम्ति अनिवार्य भएकोमा जोड दियो । कठीन भूगोलमा पनि विकास निर्माण पुऱ्याउने र त्यहाँका नागरिकलाई स्तरीय जीवन दिने उद्देश्यका साथ 'एक क्षेत्र-एक मार्ग' को अवधारणा आएको प्रस्ट धारणा चिनियाँ अधिकारीहरूले राखे । नेपाली नेताहरूले नेपाल-चीनबीचको सम्बन्ध 'आधुनिक रेशममार्ग' को विकाससँगै प्रगाढ, विकसित र उदाहरणीय बन्ने विश्वास व्यक्त गरे ।

चिनियाँ कम्युनिस्ट पार्टीका विदेशमन्त्री सोङ ताओले नेपाल र चीन इतिहासदेखि नै असल मित्र तथा छिमेकी भएको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'एक क्षेत्र-एक मार्ग सफल बनाउन दुवै देशका राजनीतिक दलहरू र विभिन्न समुदायबीच आपसी समन्वय, सम्बन्ध तथा सहमति आवश्यक छ । दुई देश र दुई देशका जनताको हित हुने गरी हामी अगाडि बढ्छौं । हामी अत्यन्त व्यवहारिक ढङ्गमा जान्छौं र सबैको फाइदा हुने गरी सफलीभूत पार्छौं । राजनीतिक दल र तिनका शीर्ष नेताहरूका सुझाव एवम् मार्गनिर्देशनबाट बीआरआई (बेल्ट एन्ड रोड इनिसिएटिभ) लाभदायक बनाउन सम्भव हुनेछ ।'

मन्त्री ताओले अगाडि भन्नुभयो, 'अति कम विकसित तथा कम विकसित भूभागका जनतासम्म विकास पुऱ्याउने बीआरआईको उद्देश्य हो । क्षेत्रीय स्थायित्व, शान्ति तथा समुन्नतिको लागि यसको विकल्प छैन ।'

चीनले कोभिड-१९ विरुद्ध लड्न सघाइरहेको स्पष्ट पार्दै उहाँले त्यही लडाइँको क्रममा चीनलाई ऐक्यबद्धता तथा सहानुभूति प्रदान गर्ने सबैप्रति कृतज्ञता ज्ञापन गर्नुभयो । उहाँले शीतयुद्धको मानसिकताविरुद्ध एकजुट भई साझा हितको मार्गमा अग्रसर हुन आवश्यक भएको स्पष्ट विचार राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट पार्टी केन्द्रीय सदस्य तथा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले इतिहासको एक युगमा चिनियाँ जनताले अन्य महादेशका देश र छिमेकी देशहरूसँग सम्पर्क, मित्रता, आवत-जावत र व्यापारको आदान-प्रदान गर्नमा ठूलो कष्टसाध्य कार्य गरेको एउटा नमुना 'रेशममार्ग' भएको बताउनुभयो ।

उहाँले 'नयाँ रेशममार्ग' ले नयाँ युगको सेवा गर्ने विश्वास व्यक्त गर्दै नेपाल-चीनजस्ता छिमेकी देशहरूमा मात्रै होइन अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूसम्म चीनको सडक तथा समुद्री मार्गको विस्तारले यो कुरा प्रस्ट पारेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'बीचमा कुनै राजनीतिक र प्राकृतिक बाधा-व्यवधान आएन भने सारा संसारका जनताको व्यापक दृष्टिकोणले कार्यान्वयन हुँदै गएमा रूसको भ्लादिभोस्तोकदेखि पूर्वी र उत्तरदेखि बेइरिङ स्ट्रीट अर्थात् अलास्का पुग्दै त्यो नयाँ रेशममार्ग र रक्की पहाडको श्रृङ्खलाहरूबाट क्यालिफोर्निया, मेक्सिको हुँदै पानामाबाट दक्षिण अमेरिका पुग्नेछ ।'

उहाँले चीनको 'रेशममार्ग' ले आधुनिकता प्राप्त गरेसँगै मानव जातिले नयाँ युगमा पदार्पण गर्ने जहाँ आर्थिक र व्यापारिक आदान-प्रदानको विकासको साथै कोरोना भाइरस र इबोलाजस्ता पछि आउने अनेक रोग, भोकमरी र बेरोजगारीमा विश्व एक भई कम समयमै मानवजातिमा देखापर्ने अनेक नयाँ नयाँ समस्याहरूलाई समाधान गर्ने बताउनुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी ओलीको शुभकामना सन्देश प्रस्तुत गरिएको कार्यक्रममा नेकपाका पुष्पकमल दाहाल, नेपाली काग्रेसका प्रकाशशरण महत, राप्रपाका गीताभक्त जोशी, जसपाका बाबुराम भट्टराई, मालेका सीपी मैनालीलगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# सूर्यविनायक वीरदल गणका प्रमुख सेनानीको स्वागत र बिदाइ



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सूर्यविनायक वीरदल गणका नवनियुक्त प्रमुख सेनानी राजन दाहाललाई स्वागत र भक्तपुरबाट भद्रकाली जङ्गी अड्डामा सरुवा भई जानुहुने प्रमुख सेनानी शिवप्रसाद पौडेललाई कार्तिक ५ गते भक्तपुरको भादगाउँले टोपी र खाडा ओढाई बिदाइ गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले उहाँहरूसँग शिष्टाचार भेट गरी कोभिड नियन्त्रण तथा रोकथामको लागि गरिरहेको प्रयास र दशैंलाई सामान्य औपचारिकतामा सीमित गर्न नगरपालिकाले गरिरहेको गतिविधिहरूबारे जानकारी गराउनुभयो । आफ्नो कार्यकालमा भक्तपुरका जनताको लागि गर्नुभएको सहयोगको लागि प्रमुख सेनानी शिव पौडेललाई धन्यवाद दिनुभयो ।

प्रमुख सेनानी पौडेलले सांस्कृतिक नगरको संरक्षणको लागि नगरपालिकाले गरिरहेको सम्पदा संरक्षणको कामको प्रशंसा गर्नुहुँदै २ वर्षभन्दा बढी समय नगरपालिका सँगसँगै काम गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

उक्त अवसरमा प्रमुख प्रजापतिबाट उहाँहरूलाई भक्तपुर नपाका केही प्रकाशनहरू उपहार प्रदान गर्नुभयो ।

# १० वडामा बाजा टोलीहरूको भेला

भक्तपुर नगरपालिका १० नं वडा समितिको आयोजनामा असोज २७ गते बाजागाजा टोलीहरूको भेला भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुरमा पन्ध्र दिनको एउटा एउटा जात्रा हुने भक्तपुर नगरमा कोभिड १९ को महामारीले विस्केट जात्रा, आमाको मुख हेर्ने, गाईजात्रालाई औपचारिकतामा मात्र सीमित गरेकोमा अहिले नजिकिन्दै गरेको दशैंमा नवरातमा बाजागाजा नलान, बलि प्रथा र खम्ये जात्रा, तलेजु पायोन्ह्याकेगु जात्रासमेत औपचारिकता सीमित गरी आस्थाअनुसार घर घरमा मात्र सीमित गर्न अनुरोध गर्नुभयो । उहाँले लकडाउन खुकुलो भएपछि सङ्क्रमित दिन दुई गुणा रात चौगुणा समुदाय स्तरमा फैलिएर बढेको, आधाभन्दा बढीमा लक्षणसमेत देखिएको साथै अस्पतालहरूमा बेडसमेत खाली नभएकोले सतर्क हुनु पर्ने बताउनुभयो । साथै एकजना सङ्क्रमितलाई आइसोलेशनमा राखेपछि सत्तरी हजार रूपैयाँ खर्च हुने, आइसियुमा सिटसमेत नभएको, प्लाज्मा थेरापि गर्न खर्च बढी हुने गरेको बताउनुभयो ।

कार्यक्रममा १० नं वडाध्यक्ष लक्ष्मीप्रसाद हयौमिखाले तेश्रो विश्व युद्ध आणविकभन्दा जीवाणु युद्ध हुने र यो कोभिड १९ अमेरिकाले गरेको जीवाणु युद्ध भएको बताउनुहुँदै अमेरिकी सेनाले चीनमा भएको खेलकुद प्रतियोगितामा सहभागी भई फैलाएको आरोप लगाउनु भयो । उहाँले चीनले कोभिड १९ मा व्यवस्थित गरी जित हासिल गरेको तर नेपालमा जनताका आधारभूत आवश्यकता सरकारले पूर्ति गर्न नसक्दा सबै बाहिर आए र कोभिड १९ महामारी फैलिएको बताउनु भयो । भारततर्फको खुल्ला सीमाले नेपाल सुरक्षित नभएकोले सीमा नियन्त्रण गरी आवाज जावत रोक्नु पर्ने बताउनु भयो । नगरबासीहरूको सहयोगमा विस्केट जात्रालगायत औपचारिकतामा सिमित राख्न सफल भएको बताउनु हुँदै दशैंमा पनि सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा भूतपूर्व वडाध्यक्ष चन्द्रबहादुर उलकले पहिलो र दोश्रो विश्वयुद्ध पछि यो कोभिड १९ अमेरिका र चीन बीचको नयाँ विश्व युद्ध हो भन्नुहुँदै आफै सजग भई भिडभाडबाट बच्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य जितेन्द्र मुनंकर्मी र ज्ञानकुमार मगजुले पनि बोल्नु भएको थियो ।

# पुनः निषेधाज्ञा गर्न नेपाल सरकारसमक्ष आग्रह

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्र (Crisis Management Center) को बैठक असोज २५ गते बस्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिले काठमाडौं उपत्यकामा एकै दिनमा २६०० भन्दा बढी सङ्क्रमण पुष्टि हुनुले सङ्क्रमणको खतरा झन् बढाएको बताउनुहुँदै काठमाडौं उपत्यका कोरोनाको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो ।



दशैंको अवधिमा भक्तपुर दरबार क्षेत्रस्थित तलेजु परिसरमा हुने विभिन्न जात्रा र जात्रासँग सम्बन्धित सरोकारवालाहरूसँग दशैंलाई औपचारिकतामा सीमित गर्ने विषयमा छलफल गरिसकेको जानकारी दिनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरको तलेजु मन्दिर परिसरभित्र हुने सबै प्रकारका पूजामा बलि नदिने र तलेजु भवानीको पूजालाई स्वास्थ्य सुरक्षा मापदण्ड र सामाजिक दूरी कायम गरी विधिपूर्वक सामान्य पूजामा मात्र सीमित गर्ने निर्णय नगरपालिकाले गरिसकेको उहाँले बताउनुभयो । दशैंको समयमा हुन सक्ने सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी नगरपालिकाले वडा–वडामा स्वयम्सेवक परिचालन गरी कोभिड १९ बारे सर्वसाधारण जनतालाई निरन्तर सचेत गरिरहने उहाँले बताउनुभयो ।

बैठकमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले निषेधाज्ञा खुकुलो बनाएसँगै उपत्यकामा कोरोनाको जोखिम निकै बढेकोमा चिन्ता व्यक्त गर्नुहुँदै नजिकिँदै गरेको दशैंमा भीडभाड रोक्न जिल्ला प्रशासन कार्यालय तदारुकताका साथ अगाडि बढिरहेको बताउनुभयो ।

बैठकले दशैंको समयमा भीडभाड बढेर कोभिड १९ को सङ्क्रमण फैलिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै नेपाल सरकारलाई विगतमा जस्तै अतिआवश्यक सेवाबाहेकका अन्य सेवाहरू बन्द हुने गरी पुनःनिषेधाज्ञा गर्न अनुरोध गर्ने निर्णय गऱ्यो ।

बैठकले कोभिड १९ रोकथाम र नियन्त्रणको लागि नजिकिँदै गरेको विजया दशमी २०७७ मा हुने सबै प्रकारका जात्रा र पूजाआजाहरूलाई औपचारिकतामा सीमित गरी भीडभाड हुन नदिन भक्तपुर नगरपालिकाबाट नगरबासीहरूमा आह्वान गर्ने र सोको लागि आवश्यक सुरक्षा व्यवस्था सुरक्षा निकायहरूबाट मिलाउने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, नेपाली सेना वीरदल गणका प्रमुख शिवप्रसाद पौडेल, महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक तारादेवी थापा, सशस्त्र प्रहरी बल स.प्र.नि. मुकुन्द चापागाइँ, राष्ट्रिय अनुसन्धान विभाग भक्तपुरका अनुसन्धान अधिकृत पवनराज पाण्डे, भक्तपुर अस्पतालका तर्फबाट राजेन्द्रप्रसाद नेपाल, जनस्वास्थ्य केन्द्रका प्रमुख रत्नसुन्दर लासिवा, भक्तपुर नपाका जनप्रतिनिधि, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष वीरेन्द्र जति, भक्तपुर उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूलगायतको उपस्थिति रहेको थियो ।

बैठकमा नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्रका सदस्यहरूले दैनिक हजारौंको सङ्ख्यामा सङ्क्रमितहरूको बढिरहेको अवस्थामा भक्तपुर नगरपालिका क्षेत्रमा हालसम्मको सङ्क्रमणको अवस्था र यसको रोकथाम तथा नियन्त्रणको लागि भक्तपुर नगरपालिका र अन्य सरोकारवाला निकायहरूबाट भए गरेका सबै प्रकारका प्रयासहरूबारे बैठकमा जानकारी गराउनुभयो ।

# वडा सदस्य शिल्पकारको राजीनामा स्वीकृत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. १ का वडा सदस्य विश्वराज शिल्पकारले मिति २०७७ असोज १५ गते दिनुभएको राजीनामा सोही मितिबाटै लागू हुने गरी स्वीकृत भएको जानकारी दिनुभयो । प्रमुख प्रजापतिले असोज २३ गते बसेको कार्यपालिका बैठकमा उक्त जानकारी दिनुभएको हो ।

यसअघि नेपाल मजदुर किसान पार्टीको विधान तथा कार्यक्रमविपरीत क्रियाकलापमा संलग्न भएको भन्दै वडा नं १ कार्य समितिका अध्यक्ष लक्ष्मीनारायण राजलवटको अध्यक्षतामा बसेको पार्टीको बैठकले नेमकिपा भक्तपुर नगरपालिका वडा नं. १ कार्य समितिका सदस्य तथा भनपा वडा नं. १ का निर्वाचित सदस्य विश्वराज शिल्पकारलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरेको थियो ।

# दशैंमा तलेजुभित्र बलि नदिने र विधिपूर्वक सामान्य पूजामा सीमित गर्ने निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसरका प्रतिनिधि, गुठी संस्थान भक्तपुरका प्रमुख र तलेजुका पुजारीहरूको उपस्थितिमा नजिकिँदै गरेको विजया दशमी (दशैं) को अवधिमा भक्तपुर दरबार क्षेत्रस्थित तलेजु परिसरमा हुने विभिन्न जात्रासँग सम्बन्धित सरोकारवालाहरूको बैठक असोज २० गते बस्यो ।



बैठकमा नगर प्रमुख प्रजापतिले कोरोना सङ्क्रमणको जोखिमका कारण भक्तपुरमा मनाइने सम्पूर्ण जात्रा र पर्वहरूलाई औपचारिकतामा सीमित गरी मनाउने निर्णयमा जनताको साथ र सहयोग रहँदै आएको स्मरण गर्नुहुँदै नजिकिँदै गरेको दशैंलाई पनि सुरक्षित ढङ्गले मनाउनु सबैको कर्तव्य भएको बताउनुभयो ।

नगरपालिकाले व्यक्तिगत हितभन्दा पनि सामूहिक हितलाई ध्यानमा राखी जात्रासँग सम्बन्धित सरोकारवालाहरूको राय–सुझाव लिएर मात्र आवश्यक निर्णय गरिरहेको छ । नगर प्रमुख प्रजापतिले भन्नुभयो– यस वर्षको दशैं पनि धेरै हुल जम्मा नहुने गरी सहज वातावरणमा सुरक्षित ढङ्गले सम्पन्न गर्नुपर्ने अवधारणाका साथ अगाडि बढिरहेका छौं ।

बैठकले विजया दशमीको अवसरमा यस वर्ष भक्तपुरको तलेजु मन्दिर परिसरभित्र हुने सबै प्रकारका पूजामा बलि नदिने र तलेजु भवानीको पूजालाई स्वास्थ्य सुरक्षा मापदण्ड र सामाजिक दूरी कायम गरी विधिपूर्वक सामान्य पूजामा मात्र सीमित गर्ने निर्णय गऱ्यो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड–१९) को विषम अवस्थामा यस वर्षको विजया दशमी २०७७ को अवधि घटस्थापनादेखि कोजाग्रत पूर्णिमाको दिनसम्म भीडभाड नगरी औपचारिकतामा मात्र सीमित गर्न नगरवासीहरूलाई आव्हान गर्ने निर्णय गऱ्यो ।

साथै उक्त बैठकले विजया दशमी २०७७ को घटस्थापनाको दिनदेखि विजया दशमीको दिनसम्म नगरका विभिन्न शक्ति पीठहरूमा हुने मेला, पुजा र नवरातको समयमा बाजा लिई वा नलिई कुनै किसिमले भीड हुने गरी मन्दिरहरूमा नजानको लागि जनतालाई आह्वान गर्ने पनि निर्णय गऱ्यो ।

बैठकले दशैं अवधिभर तलेजु परिसरमा पूजासँग सम्बन्धितबाहेक अन्य नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गऱ्यो ।

गुठी संस्थानले तलेजु पूजाको लागि दशैं अवधिमा ६० ओटा बोका, ३१ ओटा राँगा, ३० ओटा हाँस दिने प्रचलनलाई यस वर्ष नदिने भएको छ ।

बैठकमा भक्तपुर जिल्ला प्रशासन कार्यालयका प्र.अ. यज्ञराज जोशी, गुठी संस्थान भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्य, महानगरी प्रहरी परिसरका प्र.ना.उ. केशवकुमार थेवे, भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, तलेजुमा हुने जात्रासँग सम्बन्धित सरोकारवाला सिद्धिवीर कर्माचार्य, प्रज्ञेशराज राजोपाध्याय, पदम कर्माचार्य र महेश कर्माचार्यले कोरोनाको विषम् परिस्थितिमा यस वर्षको दशैंलाई सामान्य औपचारिकतामा सीमित गरी सुरक्षित रूपमा चाडपर्व मनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

# कोरोना नियन्त्रण गर्न विभिन्न संस्थाबाट आर्थिक सहयोग

## सिद्धि गणेश साकोसद्वारा रू. २० लाख सहयोग

भक्तपुरमा कोरोना भाइरस (कोभिड १९) रोकथाम र नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले गर्दै आएको काममा सहयोगस्वरूप सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाले प्रकोप व्यवस्थापन कोषमा १९ लाख ९८ हजार ५ सय ४९ रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। नगर प्रमुख सुनिल प्रजापतिलाई सिद्धि गणेश सहकारी संस्थाका अध्यक्ष राजन लाखाले असोज १९ गते एक समारोहबीच सहयोग रकमको चेक हस्तान्तरण गर्नुभयो।




नगर प्रमुख प्रजापतिले नगरपालिकाको आह्वानलाई स्वीकार्दै यसअघि पनि सिद्धि गणेश सहकारी तथा अन्य सङ्घ-संस्थाहरूबाट अमूल्य साथ र आर्थिक सहयोग प्राप्त भएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै कोरोना रोकथाम तथा नियन्त्रणको लागि नगरपालिकाले खडा गरेको प्रकोप व्यवस्थापन कोषको आम्दानी तथा खर्चलाई पारदर्शी ढङ्गले नगरपालिकाको वेभसाइट 'भक्तपुर खबर डटकम' र नपाको प्रकाशन 'भक्तपुर मासिक' मार्फत् सार्वजनिकीकरण गर्दै आइरहेको बताउनुभयो।

कोषमा जम्मा भएको रकमबाट सङ्क्रमितहरूको लागि आइसोलेसन केन्द्रका साथै नगरबासीहरूको सेवा कार्यमा सहयोग पुगेको बताउनुहुँदै उहाँले भक्तपुरको विकास निर्माणमा केही ढिलाइ भए तापनि कोरोना नियन्त्रण र रोकथामको लागि भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखी आवश्यक व्यवस्थापनमा जोड दिइरहेको बताउनुभयो।

प्रमुख प्रजापतिले दशैंको अवधिमा जात्रामा हुल नगरी सामान्य रूपमा सम्पन्न गर्न नगरपालिकाले दशैंसँग सम्बन्धित विभिन्न जात्राका सरोकारवालाहरूसँग चरणबद्ध रूपमा छलफल कार्यलाई अगाडि बढाइरहेको जानकारी दिनुभयो। उहाँले आफू मातहतका सहकारी संस्थाका सदस्यहरूलाई यस वर्षको दशैंमा भीड नगरी सामान्य रूपमा मनाउन आ-आफ्नो क्षेत्रबाट सहयोगको लागि आग्रह गर्नुभयो।

संस्थाका अध्यक्ष राजन लाखाले चेक हस्तान्तरण गर्ने क्रममा सिद्धि गणेश सहकारी संस्था समुदायमा आधारित सहकारी संस्था भएको बताउनुहुँदै संस्थाको 'समुदाय विकास कोष' को रकम नगरपालिकाले सञ्चालनमा ल्याएको आइसोलेसन व्यवस्थापनको लागि सहयोगस्वरूप प्रदान गर्ने सञ्चालक समितिले निर्णय गरेको बताउनुभयो। उहाँले कोरोना रोकथाम तथा नियन्त्रणको लागि सहकारी संस्थाहरूको भूमिकाबारे प्रष्ट पार्नुहुँदै आगामी दिनमा यो रोग सङ्क्रमण रोकथामको लागि नगरपालिकासँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले हालै प्रकाशनमा ल्याएको २०७२ सालको भूकम्पबाट भत्केका र क्षति पुगेका सम्पदाहरूको सङ्क्षिप्त विवरणसहित नगरपालिकाले हालसम्म सम्पन्न गरेका र निर्माणाधीन केही सम्पदाहरूको विवरण समेटिएको **'सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार'** नामक फोटो पुस्तक र नगरपालिकाका केही प्रकाशनहरू अध्यक्ष लाखालाई प्रदान गर्नुभयो।



सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

प.सं. ०७७/७८

च.नं. १०५

मिति : २०७७/६/१९ गते।

श्रीमान नगरप्रमुखज्यू
भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर

विषय : सहयोग रकम बुझाएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको रोकथाम र नियन्त्रणका लागि त्यस नगरपालिकाले छुट्टै आइशोलेसन केन्द्र निर्माण गरी जनस्वास्थ्यलाई प्राथमिकता दिएको र यस संस्थाका अधिकांश सदस्यहरु रहेको समुदायको स्वास्थ्य सुरक्षाको त्यस कार्यमा यस संस्थाले पनि सहकार्य गर्ने आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण पश्चात नाफाबाट सामुदायिक विकास कोषमा जम्मा हुन आएको रकम रु.१९,९८,५४९।-(उनाइस लाख अन्ठानब्बे हजार पाँच सय उन्नानपचास रुपैया) त्यस नगरपालिकालाई सहयोग गर्ने यस संस्थाको संचालक समितिको मिति २०७७/६/१९ गतेको निर्णय अनुसार सो रकम नेपाल बैंक लि. कमलविनायक भक्तपुर शाखा चे.नं.००९९७७२६५२ बाट बुझाएको व्यहोरा श्रीमान समक्ष अनुरोध गर्दछु।

(राजन लाखाजु)
अध्यक्ष

Siddhi Ganesh Saving & Credit Co-operative Society Ltd.
Chorcha, Bhaktapur Municipality-7, Bhaktapur, Nepal, Phone: 6621201, 6613201, 6621203, 6621204
Service Center (Yatu Ganesh-6619540, Tekhapukhu-6621200), Health Clinic-6621205
Website : www.sgsaccos.com.np, E-mail: sgsaccos@hotmail.com

## भक्तपुर साकोसको रू. १० लाख सहयोग

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष बलराम प्रजापतिको नेतृत्वमा आएको कार्यकारी समिति टोलीले असोज ३० गते रु. १० लाखको आर्थिक सहयोग रकमको चेक हस्तान्तरण गऱ्यो ।



## श्री बाराही साकोसको रु २ लाख ५१ हजार सहयोग

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.ले कोरोना नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा रु. दुई लाख एकाउन्न हजार तीन सय चौरासी (२,५१,३८४।–) रूपैयाँ आर्थिक सहयोग रकम हस्तान्तरण गऱ्यो ।



## संगम साकोसको रू. १ लाख सहयोग

संगम बचत तथा ऋण सहकारी संस्था लि. द्वारा



भक्तपुरमा कोरोना नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा रु. एक लाख (रु. १,००,०००।–) रुपैयाँ सहयोग रकम कार्तिक ५ गते हस्तान्तरण गऱ्यो ।

## भक्तपुरपोष्टडटकम अनलाइन पत्रिका

भक्तपुर पोष्ट डट कम अनलाइन पत्रिकाबाट भक्तपुरमा कोरोना नियन्त्रण तथा रोकथामको लागि कार्तिक ६ गते भक्तपुर नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा रु. १० हजार रुपैयाँ सहयोग रकम प्राप्त भएको छ ।



नगर प्रमुख प्रजापतिले कोभिड १९ रोकथाम र नियन्त्रणको लागि भक्तपुर नपालाई प्राप्त सहयोगको लागि नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

**नगरपालिका नगरवासीहरूको संस्था हो । करदाताहरूले समयमै कर बुझाऔं नगरको विकासमा सघाऔं ।**

# दशैंलाई मध्य नजर गरी बजार अनुगमन

भक्तपुर नपाले दशैंलाई दृष्टिगत गरी नगरका विभिन्न स्थानमा बजार अनुगमन गरेको छ। भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा विभिन्न मितिमा बजार अनुगमन गर्दा सम्बन्धितलाई आवश्यक सल्लाह, निर्देशन दिनुका साथै सामान जफतसमेत गरेको छ।

अनुगमनमा म्याद नाघेका विभिन्न सामानहरू धेरैजसो पसलमा भेटिएकोले सामान किन्दा ग्राहकले म्याद हेर्नै पर्ने देखिएको छ।



## लाञ्चाफल्चा र कमलविनायक

असोज २० गते लाञ्चाफल्चा र कमलविनायक क्षेत्रका बाह्र ओटा खाद्य पसलहरूमा बजार अनुगमन भयो।

अनुगमनमा भूकम्प लगत्तै राखेको पसल अहिलेसम्म दर्ता नभएकोले तराजू एक थान जफत गरी कार्यालयमा उपस्थित हुन, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, उत्पादक र म्याद नखुलेको, लेवल नभएको, खाद्य विभागबाट अनुज्ञापत्र लिई लेबल राखेको नदेखिएको सामान जफत गरियो।

त्यस्तै प्याकेजिङ्ग सामानमा खाद्य विभागको अनुज्ञापत्र लिई लेवल राखेरमात्र बिक्री वितरण गर्न, साइनबोर्ड राख्न, मूल्यसूची राख्न निर्देशन दिंदै म्याद नाघेको सामान जफत गरी नष्ट गरियो।

साथै विभिन्न पसललाई पसल नवीकरण गर्न, नियमित सरसफाइ गर्न, खरिद बिल र बिक्री बिलको व्यवस्था गर्न, म्याद नाघेको वस्तु नियमित रेखदेख गरी छुट्टै स्टोर गर्न निर्देशन दियो।

## च्याम्हासिंह

असोज २१ गते च्याम्हासिंह क्षेत्रका बाह्र ओटा खाद्य र मिठाई पसलहरूमा अनुगमन भयो।

अनुगमनको क्रममा म्याद नाघेको सामानहरू जफत गरी नष्ट गरियो भने पसल सरसफाइ गर्न र व्यवस्थित गर्न निर्देशन दियो। पसल दर्ता प्रमाणपत्र नदेखाएकोले तराजु एक थान जफत गरेकोमा रसिद देखाएपछि फिर्ता दियो।

पसल दर्ता नवीकरण गर्न, फोहोर कुहिने र नकुहिने छुट्याएर अलग अलग राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, खरिद बिक्री प्यान बिलको नक्कल राख्न, निर्देशन दियो। त्यस्तै पसल दर्ता नभएको एक पसल त्यही दर्ता गराइयो, तराजु डिजिटल प्रयोग गर्न सुझाब दियो।

त्यस्तै पसल दर्ता नवीकरण गर्न, मूल्यसूची राख्न, प्याकेजिङ्ग सामानमा खाद्य विभागको अनुज्ञापत्र लिई लेवल राखेर मात्र बिक्री वितरण गर्न र ढक तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो। त्यस्तै मिठाईमा रंग मापदण्ड अनुसारमात्र राख्न, मिठाई जालीले छोप्न, सरसफाइ नियमित गर्न प्याकेजिङ्ग सामानमा खाद्य विभागको अनुज्ञापत्र लिई लेवल राखेर मात्र बिक्री वितरण गर्न, तेल थपिथपि धेरै पटक पकाए रेनएसिड बढ्ने भएकोले धेरै पटक नपकाउन र साइनबोर्ड राख्न, मूल्यसूची राख्न निर्देशन दियो।

## सुकुलढोका

असोज २१ गते नै सुकलढोकामा तेऱ्ह ओटा खाद्य, फलफुल, तरकारी, मिठाई, माछा पसलहरूमा अनुगमन भयो।

अनुगमनमा पसल दर्ता नवीकरण गर्न, म्याद नाघेको सामानहरू पप, म:म: मसला, मिट मसला, चाना मसला, करी मसला, गरम मसला , चिकेन मसला आदि जफत गरी नष्ट गरियो भने म्याद नाघेको सामानहरू छुट्टै स्टोरमा राख्न तथा मूल्यसूची राख्न, साइनबोर्ड राख्न, पसल दर्ता नवीकरण गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो। त्यस्तै मिठाई झिँगाले नभन्किने गरी जालीले छोप्न, मिठाईमा रंग बढी प्रयोग भएको देखिएकोले ५ किलो मैदामा १ ग्राममात्र खाद्य रंग प्रयोग गर्न, प्याकेजिङ्ग खाद्य विभागको अनुज्ञापत्र लिई लेवल राखेर मात्र बिक्री वितरण गर्न, कामदारलाई माक्स, पञ्जा, हेयरनेट, एप्रोन प्रयोग गराई कार्य गराउन निर्देशन दियो। त्यस्तै ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, फोहोर पसल बाहिर बाटोमा फोहर हुने गरी नराख्न, गुटखा खैनीलगायतका सामानहरूमा लेवलमा उत्पादन मिति र म्याद नाघेको मिति नभएकोले त्यस्ता सामान बिक्री वितरण नगर्न निर्देशन दियो।

त्यस्तै पसलमा सामान व्यवस्थित गर्न, नियमित सरसफाइ गर्न, म्याद नाघेको सामान अलग स्टोर गर्न र म्याद नाघेको सामान जुस, माछालगायत जफत गरी कार्यालयमा हाजिर हुन निर्देशन दियो।

## सूर्यविनायक

सोही दिन सूर्यविनायकमा पाँच ओटा खाद्य र मासु पसलहरूमा अनुगमन भयो ।

अनुगमनमा एक तरकारी पसलको दर्ता प्रमाणपत्र र खाद्य विभागबाट अनुज्ञापत्र लिई प्याकेजिङ सामानहरूमा लेबल राखेरमात्र बिक्री वितरण गर्नुपर्नेमा सो प्रमाणपत्र नदेखाएकोले उक्त प्रमाणपत्र लिई कार्यालयमा हाजिर हुन र तराजु नवीकरण गर्न साथै म्याद नाघेको सामानहरू घिउ, भुजिया, मसला चिया, पिठो, रेड चिली, ड्राई फ्रुटस, चिकेन सुप, फुरन दाना, पास्ता, काजु, दालमोठ, डाबर च्यवनप्रास, बोर्नभिटा, पापड, मरिच, बेसार, खुर्सानी आदि जफत गरी नष्ट गरियो । साथै म्याद नाघेको सामानहरू समय समयमा चेक जाँच गरी छुट्टै राख्ने व्यवस्था गर्न र तराजु नापतौल विभागमा नवीकरण गर्न र एक पसलको ढक जफत गरी तथा अर्को पसल दर्ता प्रमाण पत्र लिई कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## महालक्ष्मी र व्यासी

असोज २४ गते महालक्ष्मी र व्यासीमा सात ओटा खाद्य र मासु पसलहरूमा बजार अनुगमन भयो ।

अनुगमनमा किराना पसल मिनिमार्टमा दर्ता गर्न, जुस सेन्टर तीन दिन भित्र दर्ता गर्न, प्याकेजिङ सामानमा खाद्य विभागको अनुज्ञापत्र लिई लेवल राखेर मात्र बिक्री वितरण गर्न, पसल सरसफाइ गरी व्यवस्थित गर्न, तराजू नापतौल विभागमा नवीकरण गर्न, म्याद नाघेको सामानहरू ताजा ब्रोकन नुडल्स, बिरयानी मसला, ट्रोपिक्यान स्लास, सिक्स भिला पापड, रियो जुस, डाइजेस्टिभ बिस्कुट, फर्मलाइट ओट, डेटक्राउन, स्विट टमारिण्ड इम्लि, कुकिज बिस्कुट, मिरिण्डा र पेप्सी, विभिन्न नामका चकलेट, कफि एण्ड टि, नेष्टकफि गोल्डेन ब्लेण्ड, गोल्ड चेरी, जाइफल, चिकेन सुप आदि जफत गरी नष्ट गरियो । साथै तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

एक नयाँ स्टोरलाई लेवलमा उत्पादन र म्याद नाघेको मिति नभएको सामान बिक्री वितरण नगर्न, मूल्य सूची राख्न निर्देशन दियो ।

त्यस्तै मासु पसल दर्ता तीन दिन भित्र गर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, एप्रोन प्रयोग नगरी मासुको काम गरी राखेकोले सेतो एप्रोन प्रयोग गरी काम गर्न, मासु झिँगाले नभन्किने गरी जालीले छोपेर राख्न निर्देशन दियो । त्यस्तै अर्को कोल्ड स्टोरमा वधस्थलमा कुखुराको टाउको र खुट्टा छरपष्ट गरी भुइँमा फालिराखेको व्यवस्थित र सरसफाइ गर्न, दर्ता नवीकरण गर्न, मूल्यसूची राख्न निर्देशन दियो ।

विभिन्न मितिमा भएको उपरोक्त अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्यान्जू र अर्जुन खाईतु,, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक सानु श्रेष्ठ, प्रियंका बस्नेत र जयराम दुलाल, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, उद्योग वाणिज्य सङ्घका पंचकृष्ण श्रेष्ठ र विश्वराम दुवाल, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका प्रेमकृष्ण खर्बुजा र कमलश्वरी खर्बुजा, घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना सहभागी थिए ।

## मासु पसलमा अनुगमन

असोज २९ गते भक्तपुर नगरपालिकाका मासु पसल तथा वधस्थलहरूको अनुगमन गरियो ।

अनुगमनको क्रममा मासु पसल दर्ता र नवीकरण गर्न र प्रमाण पत्रहरू सबैले देख्ने गरी राख्न सबैजसोलाई निर्देशन दियो । साथै ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, एप्रोन प्रयोग नगरी मासुको काम गरी राखेकोले सेतो एप्रोन प्रयोग गरी काम गर्न, मासु झिँगाले नभन्किने गरी जालीले छोपेर राख्न र मासु काट्न प्रयोग गरिने औजारहरू, भाँडावर्तन सफा राख्न, मूल्य सूची राख्न निर्देशन दियो ।



त्यस्तै पसलहरू व्यवस्थित गरी भुइँ भित्ता सफा गर्न मिल्ने गरी मार्बल वा टायल राख्न र पेटी बाहिर पसल नराख्न, डीफ्रिज र रेफ्रिजेटर प्रयोग गर्न र सफा राख्न, ससेज्को लेबलमा उत्पादन मिति र म्याद नाघ्ने मिति स्पष्ट देखिने गरी राख्न निर्देशन दियो ।

मासु पसलका साथै वधस्थलहुनेले वधस्थलमा दर्ता गर्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी मार्बल वा टायल राख्न, वधस्थलमा ढल निकास व्यवस्थित गर्न र भुँडी, बोसोलगायत काम नलाग्ने मासुका फोहोर ढलमा नफाल्न, वधस्थल निर राँगो राख्ने स्थान पनि सफा राख्न निर्देशन दिइयो ।

अनुगमनमा फेला परेका बिग्रेका र कुहिएका झन्डै ३० केजी मासु जफत गरी नष्ट गरिएको थियो । ➲

# कोभिड-१९ बारे अन्तर्राष्ट्रिय सम्मेलन

चिनियाँ कम्युनिस्ट पार्टी, अन्तर्राष्ट्रिय विभागको सहसंयोजनमा असोज १४ गते अनलाइन अन्तर्राष्ट्रिय सम्मेलन भयो ।

कोभिड-१९ ले विश्वमा पारेको प्रभाव, निम्त्याएको सङ्कट र त्यसमा समाजवादी देश तथा पार्टीहरूले निर्वाह गरिरहेको भूमिकामा केन्द्रित रहेको सो सम्मेलनका प्रमुख अतिथि चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागका प्रमुख सोङ ताओ हुनुहुन्थ्यो ।

उहाँले कार्यक्रममा महामारीविरुद्ध लड्दाको चीनको अनुभवबारे चर्चा गर्नुहुँदै समाजवादी विचारले सिङ्गो चिनियाँ जनतालाई एकताबद्ध बनाएको र अनुशासित भएर मानव जीवन रक्षाका निम्ति एक भएर लाग्न उत्साहित गरेको बताउनुभयो ।

उहाँले मार्क्सवादी विचारको सान्दर्भिकता र समाजवादको अपरिहार्यता महामारीमा विश्वका जनताले झनै अनुभव गरेको प्रस्ट पार्नुहुँदै साम्राज्यवादीहरूले निरन्तर चीनविरुद्ध शीतयुद्ध चालु राखेको तर अन्य युद्धमा झैँ यसमा पनि ती सफल नहुने बताउनुभयो । विश्व शान्ति र समृद्धिको पक्षमा स्वाधीन देश, न्यायप्रेमी जनता तथा सम्पूर्ण वामपन्थीहरू उभिनुपर्ने चर्चा गर्नुहुँदै चीनले महामारीविरुद्धको लडाइँमा विश्वका विभिन्न देश र पीडित जनतालाई निरन्तर सहयोग र साथ दिइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'चीनले कोभिड-१९ विरुद्धको भ्याक्सीन पनि विश्वका जनताको पहुँचसम्म पुऱ्याउनेछ ।'

'कोभिड १९ महामारीविरुद्धको लडाइँको क्रममा समाजवादको विकासः सिद्धान्त, संस्थाहरूको निर्माण र अभ्यासबारे' को अनलाइन सम्मेलनमा चीन, नेपाल, बङ्गलादेश, श्रीलङ्का र भारतका वामपन्थी नेता तथा बुद्धिजीवीहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले कोभिड-१९ को महामारीको रोकथाम र नियन्त्रणमा चीन, क्युवा, भियतनाम, प्रजग कोरिया र भारतको केराला प्रान्तका नेतृत्वले गरेको साहस, योग्यता र बुद्धिमत्ताको प्रदर्शनले नाफामा चल्ने पूँजीवादभन्दा 'जनतामा केन्द्रित', 'जनतालाई प्राथमिकता' एवम् 'निःस्वार्थरूपले जनताको सेवा गर्ने' भावनाको विजय भएको स्पष्ट भएको बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले नवनाजीवादी ट्रम्प, बोल्सोनारो र मोदीको कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रणमा देखिएको बेवास्ता (गैरजिम्मेवारी) र जनताको दुःखको बेलामा समेत नाफाको व्यापारको दृष्टिकोण एवम् व्यवहारले पूँजीवादलाई २१ औँ शताब्दीमा झन् उदाङ्ग्याएको उल्लेख गर्नुभयो ।

## हाकुफोहितिदेखि सल्लाघारीसम्म

असोज ३० गते हाकुफोहितिदेखि सल्लाघारीसम्मको मासु पसल तथा वधस्थलहरू सात वटामा बजार अनुगमन गरियो ।

अनुगमनमा धेरै पसलहरूमा मासुको मुल्य फरक फरक देखिएको छ ।

अनगमनमा पसल दर्ता प्रमाण पत्र नदेखाउनेलाई कार्यालयमा उपस्थित हुन तथा अन्यलाई तीन दिन भित्र दर्ता गर्न निर्देशन दिइयो । साथै ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, मासुको काम गर्दा सेतो एप्रोन प्रयोगगर्न, मासु झिँगाले नभन्किने गरी जालीले छोपेर राख्न, मासु काट्न प्रयोग गरिने औजारहरू, भाँडावर्तन सफा राख्न, मूल्य सूची राख्न निर्देशन दियो ।

त्यस्तै मासु पसल व्यवस्थित गरी भुइँ भित्ता सफा गर्न मिल्ने गरी मार्वल वा टायल राख्न, फ्रिज सफा राख्न निर्देशन दियो ।

अनुगमनको क्रममा विभिन्न पसलबाट बिग्रेको झन्दै १० केजी मासु जफत गरी नष्ट गरियो ।

विभिन्न मितिमा भएको उपरोक्त अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्यान्जू र अर्जून खाईतु,, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक सानु श्रेष्ठ, प्रियंका बस्नेत, जयराम दुलाल र लव कस्पाल, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, उद्योग वाणिज्य सङ्घका पंचकृष्ण श्रेष्ठ, विश्वराम दुवाल, राजेश त्वानावासु र पृथ्वीभक्त प्रजापति, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका प्रेमकृष्ण खर्बुजा र कमलश्वरी खर्बुजा, घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना, स्वास्थ्य कार्यालय भक्तपुरका दिलबहादुर बस्नेत सहभागी थिए ।

# भारतमा दैनिक सरदर २८ जना किसानद्वारा आत्महत्या

'धर्तीपुत्र' कहलिएका किसानहरूको आत्महत्या भारतको एक गम्भीर सम्मस्या बन्दै आएको छ । 'विश्वको सबैभन्दा ठूलो प्रजातन्त्र' भनिएको भारतमा बितेको साढे दुई दसकमा लाखौं किसानहरूले आत्महत्या गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ । स्मरणीय छ 'गरिबी हटाओ' भारतीय शासकवर्गको प्रिय नारा हो ।



द इकोमिक टाइम्सले जनाएअनुसार सन् २०१९ मा मात्र किसान र ज्यालादारी गरी जीविका चलाउनेहरूमध्ये ४२,४८० जनाले आत्महत्या गरेका छन् जुन अघिल्लो वर्षको भन्दा ६ प्रतिशतले बढी हो ।

त्यस्तै द वायरले दिएको समाचारमा भारतको गृहमन्त्रालयअन्तर्गतको राष्ट्रिय अपराध रिकर्ड ब्यूरो ( एनसीआरबी) को सार्वजनिक प्रतिवेदनअनुसार भारतमा सन् २०१९ मा मात्र १०,२८१ भारतीय किसानहरूले आत्महत्या गरेका छन् । सन् २०१७ मा महाराष्ट्रलगायत विभिन्न राज्यमा घोषित ऋण मिनाहालगायत अन्य कयौं कृषक कल्याणकारी योजनाहरूको घोषणा भए पनि किसानहरूको आत्महत्या रोकिएको छैन । भारतीय राज्यहरूमा सबैभन्दा अधिक महाराष्ट्रमा मात्र



३,९२७ जना किसानले आत्महत्या गरेका छन् । महाराष्ट्रमा खेतीका लागि ऋण, खेतीमा घाटा र ऋण तिर्नुपर्ने बोझ सहन नसकेर हरेक वर्ष ३५०० भन्दा बढी किसानहरूले आत्महत्या गर्दै आएका छन् ।


सन् २०१६ मा भारतभर ११,३७९ किसानहरूले आत्महत्या गरेका थिए भने त्यसमा ३६६१ जना महाराष्ट्रका थिए । महाराष्ट्रमा २०१४ मा ४,००० र २०१५ मा ४२९१ जना किसानले आत्महत्या गरेको अभिलेख छ । खडेरी, बाढी, बाली नोक्सानी, ऋणमा वृद्धिजस्ता कारणले आजित भएका किसानले बाध्य भएर आत्महत्या गर्ने गरेको बताइन्छ ।

एनसीआरबीका अनुसार २०१९ मा आत्महत्या गरेका १९,२८१ किसानमध्ये ५,९५७ जना जग्गावाल किसान थिए भने ४,३२४ जना भूमिहीन किसान वा कृषि मजदुर थिए । भारतको कूल आत्महत्याको ७.४ प्रतिशत किसानहरू रहेको एनसीआरबीले जनाएको छ । किसानहरूको आत्महत्याको तथ्याङ्कले जुनसुकै नामको कृषक कल्याणकारी योजनाहरू घोषणा भए पनि ती कार्यान्वयन नै नभएको र भएका स्थानमा पनि लक्षित वर्गसम्म नपुगेको देखाउँछ ।

सरकारले कृषि उपजको न्यूनत्तम मूल्य निर्धारण गर्छ तर लागतभन्दा मुस्किलले एक–दुई सय बढी हुँदा किसानहरूले आफू र परिवार पाल्न सक्दैन ।




त्यस्तै ऋण मिनाहाको योजना देखिएको छ । ऋण मिनाहाबाट वास्तविक किसानभन्दा अन्य धेरै लाभान्वित भइरहेका छन् । त्यसैले सन् २०१४ मा भन्दा सन् २०१५ मा आत्महत्या गर्ने किसानहरूको सङ्ख्या बढ्यो । सरकारले कृषिमा अनुदान पनि दिने गरेको छ । त्यो अनुदान सन् १९९३ देखि २०१८ सम्म बीउ र मल उत्पादकहरूलाई त गएको छ परन्तु किसानहरूसम्म पुगेको छैन । यसैको परिणाम भारतमा दैनिक सरदर २८ जना किसानहरूले आत्महत्या गर्ने गरेको तथ्याङ्क प्रकाशनमा आएको छ ।




# aftfkf]xFgdf{f syf -*_

- डा. जनकलाल वैद्य



## समीक्षात्मक टिप्पणी

**१.** प्रस्तुत अभिलेख ग्रन्थमा हिसाब टिपेर राख्ने, धरोत तयार गर्ने र चिताइदारहरूले बनाएका सूची सङ्कलित र लिपिबद्ध गरी राखेका बुझिन्छ। त्यसैले गर्दा अभिलेख ग्रन्थमा प्रायः एकरूपता देखिंदैन। त्यसो भनेर यो ग्रन्थ खेस्रा नकल लिखतहरूका सङ्कलन भने होइन।

**२.** प्रस्तुत अभिलेख ग्रन्थमा अस्पष्ट र दुर्बोध्य पाठ ठाउँ ठाउँमा छन् (पत्राङ्क ४३ क, ७६ ख, २५९ क, १९२ ख, १९८ ख)। लिपिकारहरूले आ–आफूले लेखेका 'साङ्केतिक अक्षर' र अभिव्यक्तिका अर्थ ब्याख्या कतै नलेखिएकाले ती साङ्केतिक अक्षर शब्दका अर्थ बुझ्न कठिनाइ भइराखेको छ।

३. यस अभिलेख ग्रन्थमा शीर्षक–उपशीर्षक हाली विषय वस्तु क्रम मिलाएर स्थान दिने नगरी जे जति सूची लिखत जम्मा हुन आए ती जहाँ पायो त्यहाँ प्रविष्ट गर्ने गरेको बुझिन्छ (पत्राङ्क १६० ख, पत्राङ्क २५३ क, ख, २४६ क, ख इत्यादि)। खर्च हिसाब र सूची राजदरबारबाट र अन्य स्रोतबाट प्राप्त भएका नगद जिन्सीका हर हिसाब, कुनै निर्माण कार्य विशेषका र अनुष्ठान कृत्यका लागि आवश्यक पर्ने सार्जम सूची पनि यस ग्रन्थमा यत्रतत्र छरपस्त रहेका छन्। त्यस्ता सूची मध्ये कुनै कुनै त पट्टाइ लाग्ने गरी ठाउँ ठाउँमा दोहरिएका पनि छन् (पत्राङ्क ८१ क–८२ ख, ८४ ख–९० ख)। कुनै कुनै वर्णन विवरणमा विभिन्न खर्च विवरण मिसिएका छन् (पत्राङ्क ७२–७४)।

**४.** यस ग्रन्थमा प्रविष्ट भएका कालिगड ज्यामीहरूका बय ज्यालाका कुनै जोड हिसाब त्रुटिपूर्ण पनि देखिन्छन्। अध्ययन क्रममा रुजु गरी हेर्दा फेला परेका त्यस्ता त्रुटिपूर्ण योगफललाई यस प्रतिवेदनमा समाविष्ट परिशिष्टमा कोष्ठकभित्र (अभिलेख पाठमा) भनी देखाइएका छन् (पत्राङ्कहरू १५७ ख, १५८ क, १८८ क, २३४ ख)।

**५.** प्रस्तुत अभिलेख ग्रन्थमा तत्कालीन भक्तपुर (नेपालमा नै) प्रचलनमा रहेका मुद्रा सिक्काका इकाई र तौल परिमाण इकाईका सङ्केतचिन्हहरू मात्र प्रयुक्त भएका देखिन्छन् ती इकाईलाई शब्दसः लिपिबद्ध गरिएका छैनन्।

**६.** भिन्नाभिन्नै ठाउँका निवासी ज्यामी कालिगड अथवा एकै ठाउँका कालिगडका ज्यालादर फरक किन गरिएका हुन् कारण उल्लिखित छैन।

**७.** बितमि, बाला, गाथा, निवा, तातालि, एघाट, कर्मी, अवालेहरूले खास के के काम गरेका थिए कतै प्रष्ट वर्णन गरिएका छैनन्। कलि अर्थात् फलामको काम गर्ने कालिगडका बारेमा विस्तृत वर्णन विवरण दिइए झैं अन्य तावत (टमोट), लुँज्या याक (सुनको काम गर्ने), अवालेहरूका कामका बारेमा पर्याप्त वर्णन विवरण उल्लिखित भएका देखिंदैन।

**८.** न्यातपोलल देवल/पाँचतले मन्दिर निर्माण कार्यहरू जग हाल्नुदेखि गजूर जडानसम्मका यावत कामका क्रमिक वर्णन पर्याप्त मात्रामा गरिएको छैन। त्यस्तै प्रतिष्ठा अनुष्ठान कृत्यहरूका पनि परिचयात्मक व्याख्या वर्णन पनि छैनन्। सामग्री सूची, नामावलि, पाठ सङ्ख्या, आहुति सङ्ख्या इत्यादि जस्ता तथ्य मात्र उल्लिखित छन्। त्यस्तै, पास्ताल, नृत्य (दैत्य प्याखन, कुम्हर प्याखन) भजन दाफा खलका पर्याप्त परिचयात्मक वर्णनका अभाव यस अभिलेख ग्रन्थमा खट्किन्छ। 'मुदि' विवरणको तथ्याङ्कमात्र छन्, 'मुदि' के हो कतै परिचय सङ्केत सुद्ध कतै छैन।

**९.** देवल छेँको (मन्दिर गृहको) निर्माण सम्बन्धी पनि केही तथ्य विवरण लेखिएका ज्यादै अपर्याप्त र अपूर्ण छन्।

**१०.** यस ग्रन्थमा अवाले, कर्मी, तावत, सिकर्मी, कलि, लुँज्या याक जस्ता कालिगडहरू मध्ये नाइके को को थिए ? ती कालिगड व्यापारीहरूका नाम सूचीमा सङ्केत गरिएको देखिँदैन । अधिकतम ज्याला पाउने र अधिकतम दिनसम्म काम गर्ने कालिगडहरू नै नाइके हुन् कि ठम्याउन सकिन्न । त्यस्ता कालिगडहरू धेरैजना भएकाले र उस्तै उस्तै नाम भएका कालिगड तावत (टमोट), अवाले, कर्मी, कलि/नकर्मीहरू मध्ये एकभन्दा बढी सङ्ख्यामा भएकाले पुरस्कार उपहार पाउने कालिगड नै नाइके हुन् कि यकिन गर्न गाह्रो छ । आधुनिक वास्तुविद् इन्जिनीयरहरूलाई पनि आश्चर्यचकित पार्ने यस्तो भव्य, आकर्षक र मजबूत न्यातपोलल देवल/पाँचतले मन्दिर निर्माण प्रविधिमा प्रवीण कालिगडहरूले अवश्यै वास्तुशास्त्रका सैद्धान्तिक ज्ञान र व्यावहारिक अभ्यास अनुभूति नित्य निरन्तर परम्परागत रूपमा पुस्तौं पुस्तादेखि प्राप्त गर्दै, पालना गर्दै रहेको हुनुपर्छ भन्ने लाग्छ । राजा भूपतीन्द्र मल्लको शासन कालमा मन्दिर, प्रासाद, ढुङ्गे धारा, पोखरी, वापि निर्माण गर्ने धेरै काम भएका थिए । अझ राजा जगज्ज्योति मल्ल, जगतप्रकाश मल्ल र सुमित जयजितामित्र मल्लका शासनकालमा पनि त्यस्ता निर्माण कार्यहरू सम्पन्न भएका तथ्य पुरातात्त्विक अभिलेख सामग्रीहरूद्वारा सूचित गरिरहेका हामी अध्ययन गर्न पाइरहेछौं । राजा भूपतीन्द्र मल्लको समयमा लेखिएको वास्तुशास्त्र सम्बन्धी एउटा अभिलेख ग्रन्थ गृह निर्माण विधि (ए ४४३/४१ प्रथम, नेपालभाषामा नेवाराक्षर लिपिबद्ध) राष्ट्रिय अभिलेखालयमा सुरक्षितै छ । तर सो अभिलेख ग्रन्थ सङ्क्षिप्त र अपर्याप्त लाग्छ– पाँचतले मन्दिरको निर्माण प्रविधिको सैद्धान्तिक आधार जान्नलाई र निर्माण प्रक्रियाको क्रमिक चरणका कार्यबारे जान्नका लागि । प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा अभिलेख ग्रन्थ**का लिपिकारहरूले खर्च र सामग्री सूचीमा मात्र आफ्ना ध्यान केन्द्रित गरिरहेका हुनाले र वास्तु शास्त्र सम्बद्ध कुरा उल्लेख गर्नु उनीहरूले आफ्नो कार्य क्षेत्रभन्दा बाहिरको विषय सम्झे होलान् । त्यसै हुँदा उनीहरूले थासि, मुसि, थाम, झ्याल, ढोका, ईँट, झिँगटी ईँट, दलिन इत्यादिका नापो र तिनीहरूका प्रयोजनका कुरा उल्लेख गरेका देखिँदैन । यस अभिलेख ग्रन्थमा समाविष्ट 'देवलया ख' (पत्राङ्क २४६ क, ख) ले केही अंशमात्र पाँचतले मन्दिरको निर्माणबारे तथ्य सूचित गरेको लाग्छ । सो भन्दा पश्चिम जर्मनीका विद्वान् प्रो.डा. कोल्भरको पुस्तकमा समाविष्ट पाँचतले मन्दिरको नक्सा चित्रको (रेखात्मक) छेउ छेउमा नेवाराक्षर लिपिबद्ध नेपालभाषामा उल्लिखित निर्देश कुराहरूले धेरै कुर बारे सूचित गरेका छन् जस्तो लाग्छ । उक्त नक्साबाट भक्तपुरमा न्यातपोलल देवल/पाँचतले मन्दिर निर्माण प्रक्रिया, वास्तुशास्त्रीय प्रविधिबारेमा विस्तृत परिचय ज्ञान सूचित गर्ने अभिलेख ग्रन्थको अस्तित्त्वमा रहेको इङ्गित गर्छ । ***त्यस्ता अभिलेख जोसित जहाँ भएपनि प्रकाशनको व्यवस्था भक्तपुर नगरपालिकाबाट अथवा श्री ५ को सरकारको पुरातत्त्व विभागबाट अथवा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट खोजी अनुसन्धान गराई सम्पादित गराई प्रकाशित गर्नु गराउनु पर्ने समयको माग हो ।***

**११.** प्रस्तुत अभिलेख ग्रन्थमा न्यातापोलल देवल/पाँचतले मन्दिरमा स्थापित मुख्य देवीका नाम नै २६४ पत्राङ्कहरू मध्ये कुनै पत्राङ्कमा कतै पनि उल्लेख नगरिकन गोप्य राख्न खोजिएको बुझिन्छ । प्रस्तुत अभिलेख ग्रन्थमा ती देवीका नाम उल्लेख नगरिए पनि राजा भूपतीन्द्र मल्लले सोही पाँचतले मन्दिरभित्रको ठूलो पुरानो जीर्ण घण्टा फेरेर ने.सं. ८३४ आषाढ शुक्ल ४ तिथि दिनमा नञा घण्ट चढाउँदा त्यसको प्रतिष्ठा कलशार्च्चन कृत्य सम्पन्न गराउनाका लागि लेखाइएको अभिलेख ग्रन्थ **कलशार्च्चन विधि** (ए २३२/२६, प्र १४९६) मा आदि वाक्यमै ती देवीको नाम सभक्ति यसरी उल्लिखित भएको पढ्न पाइएको छ–

*न्यातपोलल देवलस,* ***श्री ३ सिद्धि लक्ष्मी देवीस्के,*** *घण्टा दुतेयाता, कलशार्च्चन विधि ॥* (अर्थात् पाँचतले मन्दिरमा श्री ३ सिद्धिलक्ष्मी देवीलाई/देवी समक्ष घण्टा चढाउनालाई कलशार्चन विधि ॥)

उक्त कलशार्च्चन विधिको प्रारम्भिक अंशमा ती देवीका स्वरूप शोभा, आयुध, ती देवीका दायाँ बायाँ रहेका देवीहरूका पनि वर्णन छन् । त्यस्तै, अर्को नाम गोप्य राखिएको व्यक्तित्व हो तत्कालीन ललितपुरका राजा योगनरेन्द्र मल्ल । उनको उल्लेख प्रस्तुत अभिलेख ग्रन्थमा ठाउँ ठाउँमा सम्मानित अतिथि राजाको रूपमा पाँचतले मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्यहरू अग्नि स्थापन, मन्दिरमा गजूर चढाई देवी स्थापना गर्ने कृत्य र कोट्याहुति यज्ञ पूर्णाहुति कृत्यमा समुपस्थित हुँदा राजकीय सम्मानका साथ उनले आतिथ्य सत्कार पाएका थिए– भएका देखिन्छन् । तर उनको नाम उल्लेख भने कतै छैन । यसको कारण अज्ञात छ । त्यस्ता भव्य मन्दिर बनाउने काममा लागेका प्रतिभाशाली र वास्तुकला प्रवीण कालिगडहरूका पूरा र स्पष्ट परिचय विवरण तथा उनीहरू र उनीहरूजस्ता उल्लेखनीय काम गर्ने कामदार, नृत्य नाटक वाद्यमण्डल नाइके र यज्ञका पुरोहित वर्गलाई सममान पूर्वक पुरस्कार उपहार प्रदान गरेको सविस्तार वर्णन नहुनु पनि खट्किंदो छ । त्यत्रो विश्व प्रख्यात न्यातपोलल मन्दिर निर्माण गरेको बारेमा शिलापत्र, तामापत्र अथवा सुवर्णपत्र जस्ता पुरातात्त्विक अभिलेख पाँचतले मन्दिरमा अथवा त्यसको परिसरमा स्थापना गरिएको कतै

देखिंदैन । केही महिना अघि भक्तपुर राजदरबारको मूलचोकसँगैको सैनिक क्वार्टरमा जानको लागि बनाइएको ढुङ्गे सिंढी स्वरूप प्रयोग गरिराखेको एउटा ढुङ्गामा ने.सं. ८२२ आषाढ शुल्क १ मा न्यातपोलल प्रतिष्ठा भएको सूचना दिने खण्डित र अपुरो शिलालेख डा.पुरुषोत्तम लोचन श्रेष्ठले पत्ता लगाई **रोलम्ब** विशेषाङ्क मार्फत प्रकाशित गराउनु भएको छ । नेपाल उपत्यकामा ठूला साना मठ मन्दिर बिहार पाटी पौवा चैत्य दुङ्गेधारा स्थापना प्रतिष्ठा गर्दा शिलापत्रमा तामापत्रमा ती स्थापित स्मारकका दाताले तिनीहरूका संरक्षण सम्भार र वर्षबन्धन कृत्यका लागि गुठी जग्गा आयस्ता चढाई गुठीजन पनि मनोनित गरिएका पढ्न पाइन्छन् । तर डातापोलल देवल अर्थात् पाँचतले मन्दिरमा त्यस प्रकारको कुनै शिलापत्र तामापत्र केही नभेटिनु आश्चर्यजनक कुरा हो । जे, होस्, प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क १४७ ख (दोस्रो भाग पृ.२१४–२१५) मा डातापोललको था पूजाका निम्ति तल लेखिए अनुसारका संक्षिप्त विवरणका जग्गा आयस्ता चढाएको कुरा भने लिपिबद्ध भइराखेको देखिन्छ–

| | | |
|---|---|---|
| १. या थलि रो (पनि) | १० | मूल्य मोटं ९०० पर्ने |
| २. नकदोल रो (पनि) | ७ | मूल्य मोटं ४५० पर्ने |
| ३. द्वबिन रो (पनि) साढे चार | ४X | मूल्य मोटं ४०५ पर्ने |
| ४. रावल दोल रो (पनि) साढे तीन | ३X | मूल्य मोटं ३५० पर्ने |

**जग्गा रोपनी २५ (पच्चीस)**

यति जग्गा आयस्ता चढाइएको बाहेक अरु जग्गा आयस्ता बारेको केही कुरा प्रस्तुत अभिलेख ग्रन्थमा उल्लिखित भएको देखिंदैन । उपर्युक्त आयस्ता जग्गाहरूको अभिलेख खोज अनुसन्धान गर्नुपर्ने औ उपर्युक्त था पूजा अद्यापि चलिरहेको छ या छैन अनुसन्धान गर्नुपर्ने देखिन्छ । त्यस भव्य पाँचतले मन्दिरको संरक्षण सम्भार हेरचाह गर्ने कामको उत्तरदायित्वपूर्ण कर्तव्यको अभिभारा सबै नेपालीलाई सुम्पिराखेको हो कि ! भक्तपुर नगरपालिका र श्री ५ को सरकारको पुरातत्त्व विभागको संयुक्त लगानी एवं सत् प्रयासबाट वि.सं. २०५३–२०५४ मा त्यस मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भएबाट त्यस समयको उत्तरदायित्व भारा वहन गरिकन कर्तव्य पालना समयले गराएको भन्ने कि !

## न्यातपोल देवल अर्थात् पाँचतले मन्दिरको विशिष्ट लक्षण

भक्तपुर टौमढी टोल अवस्थित न्यातपोल देगः अर्थात् पाँचतले मन्दिरको नाम त्यस पाँचै तला र पाँचै तह भएको वास्तुकलात्मक स्वरूप लक्षणले गर्दा उक्त मन्दिरको सो नामले विश्व प्रख्यात भइरहन सकेको हो भन्ने कुरा सर्वविदित छ । उक्त मन्दिरको त्यस्तो नाम रहनाको अझ गहकिला अर्थ लाग्ने अरु पनि तथ्य कारण **भक्तपुर** मासिक पत्रिकामा (वर्ष १५ अङ्क ११, वि.सं. २०५४ असोज) प्रकाशित सत्यनारायण प्रजापतिको 'डातापोलल सम्झँदा' शीर्षकको लेख र उसै पत्रिकाको (अङ्क १२५) शुक्रसागर श्रेष्ठको लेख 'कन्स्ट्रक्सन अफ न्यातपोलल' बाट जानकारीमा आएका छन् । त्यसबारेमा केही स्मरणीय रोचक तथ्य यहाँ प्रस्तुत गरिन्छ–

**क)** पाँचतले मन्दिरभित्र स्थापित प्रमुख स्वेष्ट देवी सिद्धिलक्ष्मीको भव्य र सुन्दर मूर्ति एक विशाल शिलामा बनाइएको छ । त्यसमा

**१. सिद्धिलक्ष्मी देवीको नौमुख, अठाह्र हात भएको तीन तह संयुक्त मूर्ति,**
**२. सिद्धिलक्ष्मी देवीको दायाँपट्टि महाकाल भैरवको मूर्ति,**
**३. सिद्धिलक्ष्मी देवीको बायाँपट्टि स्मशान भैरवको मूर्ति,**
**४. वीर वेतालको मूर्ति आसन,**
**५. वीर वेतालको मूर्ति आसनमाथि महारुद्रको मूर्ति औ त्यसमाथि सिद्धिलक्ष्मीको भव्य सुन्दर मूर्ति खडा रहेको देखिन्छ ।**

**ख) न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**मा पाँच तला र पाँचै तह छाना छन् । यसका फले पेटी पनि पाँचै तह छन् । ललितपुरका कुम्भेश्वर अर्थात् सर्वेश्वर महादेवको मन्दिरमा भने एकै तहमात्र फले पेटी छ । ती दुई मन्दिरका स्वरूपका विशिष्ट भिन्नता यही हो । साथै, कुम्भेश्वर मन्दिरमा गर्भगृह र अन्तराल खण्ड छन् । यसका चारै ढोकाहरू भक्तजनहरूका लागि यथायथा समयमा खुला हुन्छन् । न्यातपोलल मन्दिरमा गर्भगृह खण्ड मात्र छ, अन्तराल खण्ड छैन । डातापोलल देवल/पाँचतले मन्दिरको दक्षिणाभिमुख प्रवेशद्वार दीक्षाधारी आचात पुजारीलाई मात्र प्रवेश भएको बुझिन्छ । सर्वसाधारण भक्तजनलाई विरलै अवसर विशेषमा पूजा गर्न प्रवेश गराइन्छ ।

**ग) न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को दक्षिण अभिमुख प्रवेशद्वार सामुन्ने रहेका ३६ ढुङ्गाका खुट्किलाका दायाँबायाँ दुवैपट्टि पाँचै 'तह फले पेटीका हाराहारीमा तलदेखि' माथि क्रमशः

१) एक जोडा जैमल प्रताप भनिने औ स्थानीय जन बोलीका कुथुवा भनिने मानव मूर्ति
२) एक जोडा हौडा कस्सिएका हात्तीहरूका मूर्ति
३) एक जोडा सिंहका मूर्तिहरू
४) अलौकिक देखिने गरुडका जस्ता मुखाकृति भएका एक जोडा शार्दूलका मूर्तिहरू

५) सिंहिनी व्याघ्रिनी देवीका एक जोर मूर्तिहरू स्थापित भएका देखिन्छन् ।

तर प्रस्तुत अभिलेख ग्रन्थमा ती मूर्तिबारे स्पष्टः केही लेखिएका देखिंदैन । चापागाउँका प्रजाहरूले तानेर ल्याइपुऱ्याएका दुई ओटा ढुङ्गाबाट 'कोटवाल देय्का' (कोटवाल मूर्ति बनाइयो) भन्ने उल्लेखसम्म देखिन्छ (पत्राङ्क २५३ क) । सामान्य मानवको भन्दा १० गुणा शक्ति जय प्रतामा, जय प्रताको भन्दा १० गुणा शक्ति हात्तीमा, हात्तीमा भन्दा १० गुणा शक्ति सिंहमा, सिंहको भन्दा १० गुणा शक्ति शार्दूलमा र शार्दूलको भन्दा १० गुणा शक्ति सिंहिनीव्याघ्रिनी देवीहरूमा हुन्छन् भन्ने स्थानीय जन विश्वास छ ।

**घ)** प्रत्येक तहका छानाका कुँपाहरूमा (ग्वंगः पा भनिने झिँगटी ईंट) एकेक बास्नै लागेको जस्तो आकर्षक र सजीव देखिने कलात्मक भाले कुखुराको शिर आकृति छ । त्यस कुँपा पछाडि मास्तिर कलात्मक हात्तीको आकृति भएको कुपुअपा, त्यसको पनि पछाडि फुर्तिला बाख्राको, त्यसको पनि पछाडि घोडाको आकृति भएका झिँगटी कुपुअपा र त्यसको पछाडि आकाशभैरव शिर आकृति जडान गरिएको छ । त्यस कलाकृतिलाई घामपानीले क्षति पुऱ्याउन नसकिने गरी कुपु अपा झिँगटीले ओढाए जस्तो गरी खप्ट्याएको छ । ती कोपु अपा र कुँपाहरूलाई आँधी-हुरीले उप्काउन नपाउने गरी एक प्रकारको फलामे कीला मजबूतसाथ ठोकेर जडान गरिएका छन् ।

**ङ) सालका काठका २० ओटा** कलापूर्ण बुट्टा र मूर्ति कुँदिएका मेठ सहितका थामहरूले आफूमाथि रहेका निनालहरू, निनालमाथिका त्यस मन्दिरको गर्भ गृह बाहिरका चारैतिरका चारै पाटा भुइँतलालाई ती २० ओटा खामाहरूले ५/५ कवल देखिने गरी विभाजित गरिराखेका झैँ गणितीय चमत्कार प्रदर्शन गरिरहेको जताबाट हेरे पनि देखिन्छ । उक्त मन्दिरको यो वास्तुकला पक्षीय विशिष्ट लक्षण हो ।

**च)** उक्त पाँचतले मन्दिरको गजूरमा पनि पाँचै तह देखिन्छन्-

| | |
|---|---|
| १. चुडामणि | २. कलश |
| ३. अम्बःसा | ४. घटाकार र |
| ५. भागिल/भानिचौका | |

**छ)** उक्त पाँचतले मन्दिरको तल चारै कुनामा ससाना मन्दिर छन् । ती ससाना मन्दिर प्रत्येकमा गणेशको मूर्ति स्थापित गरिएका छन् । दक्षिण-पश्चिमको अमूर्त गणेशलाई स्थानीय जन समाजले स्थान-गणेश औ जोर गणेश मानेर पूजा गर्थे, गर्दैछन् । अरु तीन साना मन्दिरमा मूर्त गणेश गणना गर्दा ती मन्दिरमा ५ पाँच गणेश भएको मानिन्छन् । पर्व पूजाहरूमा पाँचतले मन्दिर भित्रका प्रमुख देवदेवीहरूलाई विशेष पूजा गरिए सरह ती गणेशहरूलाई पनि पूजा गरिन्छन् । प्रस्तुत अभिलेख ग्रन्थमा पनि ती गणेशलाई पूजा गरिएका तथ्य उल्लिखित छन् ।

**ज)** उपर्युक्त पाँचतले मन्दिरमा सिद्धिलक्ष्मी, अष्ट मातृका, चौंसठी योगिनी देवीहरू र दक्षिण अभिमुख प्रवेशद्वार सामुन्नेको प्रस्तर निर्मित भरेङको सबभन्दा माथि दायाँ बायाँ सिंहिनी व्याघ्रिनी देवीका एक जोर प्रस्तर मूर्तिहरू तथा तोरण, झ्याल, टुनाल र द्वारहरूमा यत्रतत्र पनि शक्ति उपास्या देवीहरूका मूर्तिहरूका बाहुल्य देखिनाले उक्त पाँचतले मन्दिरमा शक्ति उपास्य देवीको प्रमुख स्थान रहेको प्रस्टै बुझिन्छ । मन्दिरभित्र सिद्धिलक्ष्मी देवीका दायाँ-बायाँ महाकाल भैरव, श्मशान भैरव, छानाका कुँपा क्वपु अपामा भैरवको शिर आकृति, मन्दिरका टुनालहरूमा (तेस्रो तलाका) लोकेश्वरका मूर्तिहरू बौद्ध उपास्य देवका प्रतिनिधित्व गर्नुका साथै समन्वय दर्शनको आभास दिन्छन् । पाँचौ तलाका टुनालमा रहेका शिव शक्तिका काष्ठ मूर्ति, मन्दिर भित्रैको महारुद्रको प्रस्तर मूर्तिले विविध धर्म सम्प्रदायको आस्था केन्द्र रूपमा उक्त पाँचतले मन्दिर खडा रहेको प्रतीत हुन्छ । त्यस्तै, मन्दिर निर्माणमा प्रत्यक्षतः संलग्न कालिगडहरू तथा सो मन्दिरको प्रतिष्ठाका अनुष्ठान कृत्य सम्पन्न गर्ने काममा लागेकाहरू पनि विविध धर्मावलम्बी जनहरू नै थिए । यस दृष्टिले हेर्दा उक्त मन्दिरले नेपालीहरू र विश्वबन्धुजन सारालाई धार्मिक सहिष्णुताको सन्देश-मन्त्र-दर्शनसित साक्षात्कार गराइरहे जस्तो लाग्छ ।

## उपसंहार

यसरी प्रस्तुत अभिलेख ग्रन्थ **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**ले एकातिर समग्र नेपाल राष्ट्रको गौरव प्रतिष्ठा प्रख्याति विश्व सामु प्रकाश पारी दिने **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को निर्माण कार्यजस्ता उत्कृष्ट एवं वृहत्तर काममा राजा श्री श्री भूपतीन्द्र मल्लका शासनकालीन भक्तपुर राज्य देशका स्थानीय टोल निवासीहरू, विभिन्न धर्म, संस्कृति, भाषाभाषी, पेशेवर जनसमुदाय एवं छिमेकी राज्य देश ललितपुरका पनि त्यस्तै जनसमुदाय जनशक्ति परिचालन भएको अनुकरणीय र प्रेरणादायी दृष्टान्त प्रस्तुत गरेको छ भने अर्कोतिर यस्ता निर्माण कार्यमा स्थानीय र छिमेकी शहर गाउँ ठाउँका जन समुदाय भित्रै दिलदेखि स्वेच्छापूर्वक परस्पर काँधमा काँध मिलाई सहयोग गर्ने प्रवृत्ति र व्यवहार, स्वेष्ट देवदेवीप्रति अगाढ भक्ति, गद्दीनशीन प्रजावत्सल राजाप्रति राजभक्तिपूर्ण आज्ञाकारीता, र आफ्नो मातृभूमि देश नेपालप्रति प्रेम र आस्था भावले पोख्त कर्तव्य धर्म परायणताको व्यावहारिक पाठ र

अभ्यासको अनुकरणीय दृष्टान्त प्रस्तुत गरेको छ । ती स्वतःस्फूर्त निर्माण सक्रियता अद्वितीय ऐतिहासिक दृष्टान्त हुन् ।

**न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को निर्माण कार्य र त्यसको स्थापना प्रतिष्ठाका निमित्त वैदिक शास्त्र विधिअनुसार सम्पन्न गराइएका सिद्धाग्नि कोट्याहुति यज्ञ तथा तान्त्रिक विधिअनुसार सम्पन्न गराइएका डाथान र स्वथान बलिपुजा अनुष्ठान कृत्यहरू निर्विघ्न सम्पन्न भएको उपलक्ष्यमा आयोजना गरिएका हर्षबढाइँका विविध कार्यक्रमहरूका धर्मचित्त उदारचित्तले सामूहिक श्रम–धन–मन लगानीको प्रतिफलद्वारा उक्त **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** विश्वको वास्तुकलाको अनुपम, उत्कृष्ट र सुन्दर सम्पदा हुन पाइरहेको छ । यस्तो पाँचतले मन्दिर र अरु पनि यस्तै सम्पदाको संरक्षण, समय समयमा मर्मत सम्भार र हेरचाह गर्ने कार्य सबैबाट भइरहनु वाञ्छनीय छ । नेपाली झिँगटी छाना भएका घरहरूका बीचमा अवस्थित भएर नेपाली वास्तुकलाको उच्चतम नमूना सम्पदा रुपमा यो मन्दिर आउँदा दिनहरूमा वर्षहरूमा झलमल्ल चम्किरहन सकून, दर्शक, पर्यटक र भक्तजनहरूका मन आल्हादित पार्न सक्षम भइरहून् ! 'एकका निमित्त अनेक, अनेकतामा एकताको' सन्देश मन्त्र यस मन्दिरका बलेंसीका घण्टीका सुमधुर स्वरले चारैतिर गुन्जाई रहून् !

## सन्दर्भ ग्रन्थहरू र पत्रपत्रिका


**कलशार्च्च विधि**, राष्ट्रिय अभिलेखालय प्र.१४९६ ए २३२/२६ ।

तिलक प्रकाश **'न्यातपोलल मन्दिरको निर्माण कला', मधुपर्क**, वि.सं. २०५५ मार्ग, गोरखापत्र संस्थान, काठमाडौं ।

**दुःखि भारो रामायण** (राष्ट्रिय अभिलेखालय, लगत नं. प्रथम ३०१ छवि चित्र न बी २९५/१, ने.सं. ८१९–८२४ वि.सं. १७५६ –१७६१ ) ।

धौभारी, ओम प्रसाद **'विश्व प्रख्यात ङातापोलल मन्दिर यसरी बन्यो', भक्तपुर** अङ्क १४१, पृष्ठ १–५ वि.सं. २०५६ साउन, भक्तपुर नगरपालिका, भक्तपुर ।

नील गुट्स्काउ, बर्नहार्ड **नेवार टाउन्स् एण्ड बिल्डिङ्स् ।**

कोल्भर र ईश्वरानन्द श्रेष्ठाचार्य **हिवजि एच् विस्सेनसाफ्स बर्लाग् संस्कृत**, अगस्टिन, सन् १९८७ ।

प्रजापति, सत्यनारायण **'न्यातपोलल सम्झँदा' भक्तपुर** अङ्क ११९, वि.सं. २०५४ ।

मुंनकर्मी, लीलाभक्त **'मूर्तिकला काष्ठ कलामा भूपतीन्द्र मल्लको देन' भक्तपुर** अङ्क १४९, पृ.५६

बर्नहार्ड, कोल्भर **कन्स्ट्रक्टिङ प्यागोडाज् अकर्डिङ टु ट्रेडिशनल नेपालीज ड्इङ्गस्** पृ.५४ सन् १९९६ ।

बज्राचार्य, गौतम बज्र **'मन्दिर' पासूका** भाद्र २०५५, सुथां, भक्तपुर ।

वैद्य, जनकलाल **'इतिहासको कुरा' रोलम्ब**, ३/८ सन् १९८८ पृष्ठ १० जोशी रिसर्च इन्स्टीच्यूट, मानभवन ललितपुर ।

ऐजन **'न्यातपोलल अर्थात् पाँचतले मन्दिर निर्माण प्रतिष्ठान कार्य', अभिलेख**, अङ्क १८, वि.सं. २०५३, राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं ।

ऐजन **'बनेपा सात गाउँ' बनेपा नगरपालिकाको स्मारिका**– ३ पृ. ७२ वि.सं. २०५३ ।

ऐजन **'राष्ट्रिय अभिलेखालय स्थित नेपालभाषा अभिलेख ग्रन्थ'**, प्रकाशकः राष्ट्रिय अभिलेखालय, काठमाडौं । (वि.सं. २०५८ आषाढ) ।

ऐजन **'हिस्टोरिक सिग्निफिक्यान्स् अफ सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा', अभिलेख**, अङ्क ८, वि.सं. २०४७, (अङ्ग्रेजी भाषामा), राष्ट्रिय अभिलेखालय, काठमाडौं ।

**गृह निर्माण विधि**, (रा.अ.) प्र.६५४, ऐ.४४३/४१ ।

**वही**, (रा.अ.), प्र. १६९६/७७०, बी ५१५/२६ ने.सं. ८७० जय प्रकाश मल्ल कालीन ।

श्रेष्ठ, पुरुषोत्तम लोचन **'इतिहासको कुरा' रोलम्ब**, भोल्यूम २० अङ्क १–२, सन् २००० जनवरी–जुन, पृ.१८५ ।

ऐजन **'ताम्रमुकुटको अप्रकाशित अभिलेख' रोलम्ब** २/४ सन् १९९१, पृ.१६–१८ ।

श्रेष्ठ, शुक्र सागर **'कन्स्ट्रक्सन् अफ् न्यातपोल टेम्पल' (अङ्ग्रेजी) द राइजिङ नेपाल**, जनवरी ९, सन् १९९८ ।

ऐजन ऐजन शीर्षक, **भक्तपुर**, अङ्क १२५, वि.सं. २०५४ ।

ऐजन **'न्यातपोलल देगः या दने ज्या', पासूका**, सुथां, भक्तपुर, २०५४ फागुन ।

ऐजन **'न्यातपोलल मर्मत कार्य ...', भक्तपुर**, अङ्क ११६, पृ.४४, वि.सं. २०५४ ।

रेग्मी, डिल्ली रमण **मिडियवल नेपाल**, भाग ४, पृ.२३८, पटना ।


- ♦ स्थान स्थानका कालिगडहरू मध्ये दक्ष, उत्कृष्ट र प्रतिभाशाली ती कर्मीहरू छानेर पुरस्कार उपहार प्रदान गरी त्यस बेलै कदर सममान गरेका थिए । बनेपा र ठिमीका कर्मीहरू पनि पुरस्कृत थिए कि ?
- ♦ राजा श्रीश्री भूपतीन्द्र मल्लबाट उपलब्ध ।

  भक्तपुर (अङ्क ११६, पृ. ४४ को गजूरको चित्र र सन् १९५४ को न्यातपोलल मन्दिरको चित्र) ।
- ♦ राष्ट्रिय अभिलेखालय काठमाडौंमा महाभारत शीर्षकका नेपालभाषा– मैथिली माध्यम प्रयुक्त नाटकहरू छन् । ए.३४९/१८, प्र १६९६ र बी २७५/१८। प्र १४७८ ।

**(समाप्त)**

# नेपालमा कोरोना सङ्क्रमण

**(कार्तिक १५ गते)**

परीक्षण प्रयोगशाला : ६६ (सरकारी-४२, निजी-२४)
परीक्षण सङ्ख्या (पीसीआर) : १४,४३,३४३
कूल सङ्क्रमित सङ्ख्या : १,७०,७४३
सक्रिय सङ्क्रमित सङ्ख्या : ३८,५८४
निको भएका सङ्ख्या : १,३१,२२२
मृत्यु भएको सङ्ख्या : ९३७

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | निको | मृत्यु |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुङ | ४८ | ३८ | ० |
| | २ | पाँचथर | ५४ | ४४ | ० |
| | ३ | तेहथुम | ७५ | ५६ | ३ |
| | ४ | इलाम | १९५ | १४४ | ० |
| | ५ | मोरङ | ९१६४ | ६२९६ | ४६ |
| | ६ | झापा | २३१६ | १३७० | ११ |
| | ७ | संखुवासभा | १७९ | १२३ | ० |
| | ८ | भोजपुर | ८२ | ६५ | ० |
| | ९ | खोटाङ | १३२ | ९९ | ० |
| | १० | धनकुटा | १३२ | ८६ | १ |
| | ११ | सुनसरी | ६३२६ | ४३१७ | ५२ |
| | १२ | उदयपुर | ४०३ | २५२ | १ |
| | १३ | सोलुखुम्बु | ४० | २१ | १ |
| | १४ | ओखलढुंगा | १७० | १३७ | १ |
| प्रदेश नं. २ | १५ | सप्तरी | १७६१ | १५३० | १३ |
| | १६ | सिरहा | १८३९ | १६८७ | १४ |
| | १७ | धनुषा | २४३५ | २२४७ | २२ |
| | १८ | महोत्तरी | १८३२ | १७४९ | १७ |
| | १९ | सर्लाही | २६३२ | २५५८ | १४ |
| | २० | रौतहट | २६०४ | २४६५ | ११ |
| | २१ | बारा | १८८८ | १७०८ | २० |
| | २२ | पर्सा | ३१९७ | ३०४३ | ४६ |
| बागमती | २३ | दोलखा | ३३६ | २०५ | ७ |
| | २४ | रामेछाप | ३५० | २९० | ३ |
| | २५ | सिन्धुली | ३७७ | ३१२ | १ |
| | २६ | सिन्धुपाल्चोक | ५४२ | ३५६ | १० |
| | २७ | काभ्रेपलाञ्चोक | १६८२ | ११३६ | १० |
| | २८ | काठमाडौं | ६१८५५ | ४४७४६ | २१९ |
| | २९ | भक्तपुर | ५६९९ | ४४८२ | ६६ |
| | ३० | ललितपुर | ८७९४ | ६४३१ | ६० |
| | ३१ | रसुवा | ९८ | ३० | १ |
| | ३२ | नुवाकोट | ६७४ | ३७९ | ६ |
| | ३३ | धादिङ | ११७९ | ८५२ | ११ |
| | ३४ | मकवानपुर | ३२३६ | २४४० | २० |
| | ३५ | चितवन | ४८०७ | ३४०१ | ४५ |
| गण्डकी | ३६ | गोरखा | ८१६ | ६३६ | ९ |
| | ३७ | तनहुँ | ९७९ | ७२६ | ७ |
| | ३८ | नवलपरासी पूर्व | १९८५ | १४५५ | ५ |
| | ३९ | मनाङ | ५ | ५ | ० |
| | ४० | लमजुङ | ६२९ | ५६६ | ० |
| | ४१ | कास्की | २५७४ | १५९४ | १९ |
| | ४२ | स्याङ्जा | ६६५ | ५३३ | ५ |
| | ४३ | पर्वत | २३६ | १७६ | ० |
| | ४४ | मुस्ताङ | ४ | २ | २ |
| | ४५ | म्याग्दी | ११२ | ८३ | २ |
| | ४६ | बागलुङ | ७८४ | ६५३ | १ |
| लुम्बिनी | ४७ | पाल्पा | १०७२ | ९७० | ४ |
| | ४८ | नवलपरासी पश्चिम | १००४ | ७९१ | १३ |
| | ४९ | रुपन्देही | ६१७१ | ४७८१ | ५२ |
| | ५० | गुल्मी | ७८७ | ६९४ | ६ |
| | ५१ | अर्घाखाँची | ६९७ | ५९१ | ५ |
| | ५२ | कपिलवस्तु | १७२० | १५०९ | ११ |
| | ५३ | प्युठान | ८४६ | ७४७ | ३ |
| | ५४ | रूकुम पूर्व | ९९ | ८६ | ० |
| | ५५ | रोल्पा | १७८ | १६९ | ० |
| | ५६ | दाङ | २३९३ | १७३३ | ४ |
| | ५७ | बाँके | ३२०४ | २७०६ | २२ |
| | ५८ | बर्दिया | १२१० | १०५४ | ७ |
| कर्णाली | ५९ | डोल्पा | २३ | १७ | १ |
| | ६० | रूकुम पश्चिम | १८० | १५८ | १ |
| | ६१ | सल्यान | ५७३ | ५१६ | ० |
| | ६२ | मुगु | २५ | १६ | ० |
| | ६३ | जुम्ला | ३७५ | ३१२ | ० |
| | ६४ | जाजरकोट | ९४ | ७७ | ० |
| | ६५ | सुर्खेत | २५९० | २३५१ | ७ |
| | ६६ | हुम्ला | २५ | १६ | ० |
| | ६७ | कालिकोट | २५७ | १९३ | १ |
| | ६८ | दैलेख | १४७२ | १३०८ | १ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ६३७ | ६३६ | १ |
| | ७० | अछाम | ११९० | ११३८ | ३ |
| | ७१ | कैलाली | ३६७० | ३१८३ | ९ |
| | ७२ | बझाङ | ७०५ | ६५३ | १ |
| | ७३ | डोटी | १२५० | ११८७ | ० |
| | ७४ | दार्चुला | ३०० | २२७ | १ |
| | ७५ | बैतडी | ५१७ | ४८० | ० |
| | ७६ | डडेलधुरा | ४५४ | ४०८ | ० |
| | ७७ | कञ्चनपुर | ११०३ | ९९१ | २ |
| | | **जम्मा** | १७०७४३ | १३१२२२ | ९३७ |

स्रोत : स्वास्थ्य मन्त्रालय/कान्तिपुर (इन्टरनेट)

## विश्वमा कोभिड–१९ को स्थिति (कार्तिक १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | असोज १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ४,५९,२१,७९४ | ३,३२,५२,२८४ | ११,९३,९१२ | |
| १ | संरा अमेरिका | ९,३१६,२९७ | ६,०२४,५१२ | २३५,१५९ | १ |
| २ | भारत | ८,१३७,११९ | ७,४३२,८२९ | १२१,६८१ | २ |
| ३ | ब्राजील | ५,५१९,५२८ | ४,९६६,२६४ | १५९,५६२ | ३ |
| ४ | रूस | १,५९९,९७६ | १,२००,५६० | २७,६५६ | ४ |
| ५ | फ्रान्स | १,३३१,९८४ | ११६,५३३ | ३६,५६५ | ११ |
| ६ | स्पेन | १,२६४,५१७ | अप्राप्त | ३५,८७८ | ७ |
| ७ | अर्जेन्टिना | १,१५७,१७९ | ९६१,१०१ | ३०,७९२ | ८ |
| ८ | कोलम्बिया | १,०६३,१५१ | ९५९,४३३ | ३१,१३५ | ५ |
| ९ | संयुक्त अधिराज्य | ९८९,७४५ | अप्राप्त | ४६,२२९ | १४ |
| १० | मेक्सिको | ९१८,८११ | ६७३,४५७ | ९१,२८९ | ९ |
| ११ | पेरू | ९००,१८० | ८२२,३१६ | ३४,४११ | ६ |
| १२ | दक्षिण अफ्रिका | ७२३,६८२ | ६५३,०५२ | १९,२३० | १० |
| १३ | इटाली | ६४७,६७४ | २८३,५६७ | ३८,३२१ | १९ |
| १४ | इरान | ६०४,९५२ | ४७७,३०० | ३४,४७८ | १३ |
| १५ | जर्मनी | ५१७,७२० | ३४५,७०० | १०,५२३ | २२ |
| १६ | चिली | ५०८,५७१ | ४८५,१५२ | १४,१५८ | १२ |
| १७ | इराक | ४७०,६३३ | ३९७,२४१ | १०,८६२ | १६ |
| १८ | बेल्जीयम | ४१२,३१४ | २४,९०६ | ११,४५२ | ३३ |
| १९ | इन्डोनेसिया | ४०६,९४५ | ३३४,२९५ | १३,७८२ | २३ |
| २० | बंगलादेश | ४०६,३६४ | ३२२,७०३ | ५,९०५ | १५ |
| २१ | फिलिपिन्स | ३७८,९३३ | ३३०,४५७ | ७,१८५ | २१ |
| २२ | युक्रेन | ३७८,७२९ | १५५,०२६ | ७,०४१ | २५ |
| २३ | टर्की | ३७३,१५४ | ३२२,४६५ | १०,१७७ | १८ |
| २४ | साउदी अरेबिया | ३४६,८८० | ३३३,४०९ | ५,३८३ | १७ |
| २५ | नेडरलान्ड | ३४१,३७४ | अप्राप्त | ७,३४५ | ३२ |
| २६ | पोलान्ड | ३४०,८३४ | १३४,७२४ | ५,३५१ | ४३ |
| २७ | पाकिस्तान | ३३२,९९३ | ३१४,०६६ | ६,८०६ | २० |
| २८ | चेक गणतन्त्र | ३२३,६७३ | १३७,५७५ | ३,०७८ | ५४ |
| २९ | इजरायल | ३१३,७०१ | २९९,८२२ | २,५१४ | २४ |
| ३० | रोमानिया | २३५,५८६ | १६७,८९७ | ६,८६७ | २९ |
| ३१ | क्यानाडा | २३१,९९९ | १९३,९३७ | १०,११० | २६ |
| ३२ | मोरोक्को | २१५,२९४ | १७७,९२५ | ३,६२५ | ३१ |
| ३३ | नेपाल | १६८,२३५ | १२८,९५८ | ९२० | ४७ |
| ३४ | इक्वेडर | १६७,१४७ | १४१,७५९ | १२,६३२ | २७ |
| ३५ | स्वित्जरलान्ड | १५४,२५१ | ६५,२०० | २,२७७ | ५८ |
| ३६ | बोलिभिया | १४१,६३१ | १११,१७८ | ८,७१५ | २८ |
| ३७ | पोर्तुगल | १३७,२७२ | ७७,४४९ | २,४६८ | ५० |
| ३८ | पनामा | १३२,८६७ | १०९,३६९ | २,६८८ | ३४ |
| ३९ | कतार | १३२,३४३ | १२९,३४९ | २३२ | ३० |
| ४० | संयुक्तअरब इमिरेटस | १३१,५०८ | १२७,६०७ | ४९० | ४० |
| ४१ | डोमिनिकन गणतन्त्र | १२६,३३२ | १०४,४८६ | २,२३६ | ३५ |
| ४२ | कुवेत | १२५,३३७ | ११६,२०२ | ७७३ | ३७ |
| ४३ | स्वीडेन | १२४,३५५ | अप्राप्त | ५,९३८ | ४१ |
| ४४ | ओमान | ११४,४३४ | १०३,०६० | १,२०८ | ३९ |
| ४५ | कजाख्स्तान | १११,९५३ | १०६,३१० | १,८२५ | ३६ |
| ४६ | कोस्टा रिका | १०८,८६६ | ६६,२०२ | १,३७१ | ४९ |
| ४७ | मीश्र | १०७,३७६ | ९९,३५३ | ६,२५८ | ३८ |
| ४८ | ग्वाटेमाला | १०७,३३९ | ९६,७५२ | ३,७१४ | ४२ |
| ४९ | जापान | ९९,६२२ | ९१,८९० | १,७४४ | ४५ |
| ५० | अस्ट्रिया | ९९,५७६ | ६४,९८७ | १,०८२ | ६४ |
| ५१ | बेलारूस | ९७,४९९ | ८५,९८२ | ९७७ | ४६ |
| ५२ | होन्डुरस | ९६,८८८ | ४०,१२९ | २,६६९ | ४८ |
| ५३ | इथियोपिया | ९५,७८९ | ५१,७१३ | १,४६४ | ५१ |
| ५४ | भेनेजुयला | ९१,५८९ | ८६,३३५ | ७९३ | ५२ |
| ५५ | आर्मेनिया | ८७,४३२ | ५४,३१६ | १,३०० | ६१ |
| ५६ | चीन | ८५,९७३ | ८०,९८४ | ४,६३४ | ४४ |
| ५७ | बहराइन | ८१,४६६ | ७८,३६५ | ३१९ | ५३ |
| ५८ | लेबनान | ७९,५२९ | ४०,३५२ | ६२५ | ६८ |
| ५९ | मोल्डोभा | ७५,२०१ | ५५,१९० | १,७६६ | ५९ |
| ६० | हङ्गेरी | ७१,४१३ | १७,९५३ | १,६९९ | ७८ |
| ६१ | जोर्डान | ६९,३०६ | ७,६०० | ७७२ | ९४ |
| ६२ | उज्बेकिस्तान | ६६,६२८ | ६३,८६४ | ५६३ | ५७ |
| ६३ | नाइजेरिया | ६२,६९१ | ५८,४३० | १,१४४ | ५५ |
| ६४ | पारागुए | ६२,५९६ | ४२,३३७ | १,३८७ | ६५ |
| ६५ | आयरलान्ड | ६१,०५९ | २३,३६४ | १,९०८ | ७१ |
| ६६ | लिबिया | ६०,६२८ | ३४,३६९ | ८४७ | ७२ |
| ६७ | कीर्गीज्स्तान | ५८,३९४ | ४९,५२२ | १,१४२ | ६२ |
| ६८ | ट्युनिसिया | ५८,०२९ | ५,०३२ | १,२५३ | ८४ |
| ६९ | सिंगापुर | ५८,००३ | ५७,९०९ | २८ | ५६ |
| ७० | अल्जेरिया | ५७,६५१ | ४०,०१४ | १,९५६ | ६० |
| ७१ | स्लोभाकिया | ५५,०९१ | १२,५०८ | २१२ | १०१ |
| ७२ | अजरबैजान | ५४,१७४ | ४२,९९६ | ७१८ | ६६ |
| ७३ | केन्या | ५३,७९७ | ३५,८७६ | ९८१ | ७० |
| ७४ | प्यालेस्टिन | ५३,०७५ | ४५,८९६ | ४८१ | ६७ |
| ७५ | म्यानमार | ५१,४९६ | ३१,३३० | १,२१९ | ९३ |
| ७६ | बुल्गेरिया | ५१,०४१ | १९,८७७ | १,२५४ | ८१ |
| ७७ | बोस्निया हर्जगोभिना | ४८,१३७ | २७,८७० | १,२१२ | ७६ |
| ७८ | घाना | ४८,०५५ | ४७,१६९ | ३२० | ६३ |
| ७९ | क्रोएसिया | ४६,५४७ | ३०,९१० | ५३१ | ८६ |
| ८० | डेनमार्क | ४५,२२५ | ३४,०५२ | ७१९ | ७५ |
| ८१ | सर्बिया | ४५,१३७ | ३१,५३६ | ८१४ | ७३ |
| ८२ | अफगानिस्तान | ४१,४२५ | ३४,३२१ | १,५३६ | ६९ |
| ८३ | जर्जीया | ३७,२६३ | १९,८१० | २८५ | ११३ |
| ८४ | ग्रीस | ३७,१९६ | ९,९८९ | ६२० | ८३ |
| ८५ | एल साल्भाडोर | ३३,४४५ | २९,१८६ | ९७१ | ७४ |
| ८६ | स्लोभेनिया | ३२,५०३ | ११,२०८ | ३१५ | ११६ |
| ८७ | मलेसिया | ३०,८८९ | २०,२४८ | २४९ | ९६ |
| ८८ | उत्तर मेसेडोनिया | ३०,४८८ | २०,४४८ | ९८२ | ८५ |
| ८९ | अस्ट्रेलिया | २७,५९० | २५,३२४ | ९०७ | ७७ |
| ९० | दक्षिण कोरिया | २६,५११ | २४,३११ | ४६४ | ७९ |
| ९१ | क्यामरून | २१,७९३ | २०,११७ | ४२६ | ८० |
| ९२ | आइभोरि कोस्ट | २०,६९२ | २०,३४९ | १२४ | ८२ |
| ९३ | अल्बानिया | २०,६३४ | ११,०९७ | ५०२ | ९१ |
| ९४ | नर्वे | २०,०६२ | ११,८६३ | २८२ | ९० |
| ९५ | मोन्टेनेग्रो | १८,०६६ | १३,९४२ | २९४ | ९७ |
| ९६ | लक्जम्बर्ग | १७,१३४ | १०,०८१ | १५२ | १०८ |
| ९७ | मडागास्कर | १६,९६८ | १६,३०१ | २४४ | ८७ |
| ९८ | जाम्बिया | १६,४१५ | १५,६०० | ३४९ | ८९ |
| ९९ | फिन्लान्ड | १५,९१० | ११,३०० | ३५८ | १०२ |
| १०० | सेनेगल | १५,६०५ | १४,७३२ | ३२३ | ८८ |
| १०१ | लिथुआनिया | १३,८२३ | ४,६९१ | १५७ | १२९ |
| १०२ | सुडान | १३,८०४ | ६,७६४ | ८३७ | ९२ |
| १०३ | नामिबिया | १२,९०७ | ११,००० | १३३ | ९५ |
| १०४ | मोजाम्बिक | १२,७७७ | १०,४३७ | ९१ | १०७ |
| १०५ | उगान्डा | १२,४१० | ७,५०३ | ११० | १०९ |
| १०६ | गिनी | १२,०७२ | १०,५५० | ७२ | ९९ |
| १०७ | माल्दिभ्स | ११,६४३ | १०,७७९ | ३७ | १०० |
| १०८ | प्रजातान्त्रिकगणतन्त्रकंगो | ११,३०६ | १०,५८५ | ३०७ | ९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | ताजिकिस्तान | १०,९७७ | १०,१८२ | ८२ | १०४ |
| ११० | अंगोला | १०,५५८ | ४,१०७ | २७९ | १२५ |
| १११ | फ्रेन्च गीयाना | १०,५१७ | ९,९९५ | ७० | १०३ |
| ११२ | श्री लंका | १०,४२४ | ४,२८२ | १९ | १३९ |
| ११३ | हैटी | ९,०५७ | ७,४२९ | २३२ | १०५ |
| ११४ | जमैका | ९,००५ | ४,४४२ | २०५ | ११२ |
| ११५ | ग्याबोन | ८,९६८ | ८,६९८ | ५५ | १०६ |
| ११६ | क्याबो भर्ड | ८,६९४ | ७,९१३ | ९५ | ११४ |
| ११७ | जिम्बाबे | ८,३६२ | ७,८८४ | २४२ | ११० |
| ११८ | मौरितानिया | ७,७०० | ७,४१६ | १६३ | १११ |
| ११९ | ग्वाडेलौप | ७,६०५ | २,२४२ | १२६ | ११८ |
| १२० | फ्रेन्च पोलीनेसिया | ७,२६२ | ४,८४२ | २९ | १७२ |
| १२१ | क्युबा | ६,८०१ | ६,१७८ | १२८ | ११७ |
| १२२ | बहामाज | ६,६४४ | ४,२५७ | १४२ | १३२ |
| १२३ | बोत्स्वाना | ६,६४२ | ४,६७६ | २४ | १४१ |
| १२४ | माल्टा | ५,९४२ | ३,९९० | ६१ | १४३ |
| १२५ | मलावी | ५,९२३ | ५,३२३ | १८४ | ११५ |
| १२६ | इस्वाटिनी | ५,९०९ | ५,५५७ | ११७ | ११९ |
| १२७ | सिरिया | ५,६८३ | १,९३७ | २८५ | १३१ |
| १२८ | लात्भिया | ५,६७९ | १,४०६ | ६९ | १५७ |
| १२९ | ट्रिनिडाडएन्डटोबागो | ५,६६८ | ४,४५५ | १०७ | १३० |
| १३० | रियुनियन | ५,६५९ | ४,८८४ | २४ | १३३ |
| १३१ | जिबौटी | ५,५५९ | ५,४३७ | ६१ | १२० |
| १३२ | निकारागुआ | ५,५१४ | ४,२२५ | १५६ | १२१ |
| १३३ | हङकङ | ५,३२१ | ५,०८२ | १०५ | १२३ |
| १३४ | कंगो | ५,२९० | ३,८८७ | ९२ | १२२ |
| १३५ | सुरिनाम | ५,२०१ | ५,०५७ | १११ | १२६ |
| १३६ | र्‍वान्डा | ५,१३४ | ४,८७८ | ३५ | १२७ |
| १३७ | इक्वेटोरियल गिनी | ५,०८३ | ४,९६४ | ८३ | १२४ |
| १३८ | केन्द्रीयअफ्रिकीगणतन्त्र | ४,८६६ | १,९२४ | ६२ | १२८ |
| १३९ | आइसलान्ड | ४,७९७ | ३,७८८ | १३ | १४५ |
| १४० | इस्टोनिया | ४,७७१ | ३,७४७ | ७३ | १४० |
| १४१ | अन्डोरा | ४,६६५ | ३,३७७ | ७५ | १४१ |
| १४२ | अरुबा | ४,४९४ | ४,२८६ | ३७ | १३४ |
| १४३ | मायोत्ते | ४,३६६ | २,९६४ | ४४ | १३५ |
| १४४ | साइप्रस | ४,२१७ | १,८८२ | २५ | १५९ |
| १४५ | गुयाना | ४,१४३ | ३,१९२ | १२४ | १४४ |
| १४६ | सोमालिया | ३,९४१ | ३,१८५ | १०४ | १३६ |
| १४७ | थाइलान्ड | ३,७८० | ३,५९० | ५९ | १३८ |
| १४८ | गाम्बिया | ३,६७० | २,८७६ | ११९ | १३७ |
| १४९ | मार्टिनक्यू | ३,५५२ | ९८ | ३० | १६१ |
| १५० | माली | ३,५४५ | २,७४६ | १३६ | १४२ |
| १५१ | बेलिज | ३,४६२ | २,१४८ | ५८ | १५४ |
| १५२ | उरूग्वे | ३,०८२ | २,५३२ | ५८ | १५२ |
| १५३ | दक्षिण सुडान | २,९०३ | १,२९० | ५८ | १४६ |
| १५४ | बेनिन | २,६४३ | २,३३० | ४१ | १४७ |
| १५५ | बुर्किना फासो | २,४७७ | २,२१८ | ६७ | १५० |
| १५६ | गिनी बिसाउ | २,४०३ | १,८१८ | ४१ | १४८ |
| १५७ | सिएरा लियोन | २,३६५ | १,७९८ | ७४ | १४९ |
| १५८ | टोगो | २,३१२ | १,६४० | ५५ | १५८ |
| १५९ | यमन | २,०६२ | १,३६६ | ५९९ | १५३ |
| १६० | न्यु जीलान्ड | १,९५७ | १,८५७ | २५ | १५५ |
| १६१ | लेसोथो | १,९५३ | ९७५ | ४४ | १६० |
| १६२ | चाड | १,४८३ | १,३१४ | ९८ | १६३ |
| १६३ | लाइबेरिया | १,४२६ | १,२७९ | ८२ | १६२ |
| १६४ | नाइजर | १,२२० | १,१३७ | ६९ | १६४ |
| १६५ | भियतनाम | १,१७७ | १,०६२ | ३५ | १६५ |
| १६६ | कुरासाओ | ९५८ | ६६० | १ | १८० |
| १६७ | साओटोमएन्डप्रिन्सिप | ९४५ | ९०४ | १६ | १६६ |
| १६८ | सान मारिनो | ९२८ | ७२१ | ४२ | १६७ |
| १६९ | च्यानल टापु | ८४१ | ७१३ | ४८ | १७१ |
| १७० | सिन्ट मार्टेन | ८२२ | ७५३ | २२ | १७० |
| १७१ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६५९ | १३ | १६८ |
| १७२ | टर्क्स एन्ड कैकोस | ७०३ | ६८९ | ६ | १६९ |
| १७३ | जिब्राल्टर | ६९३ | ५९० | | १७९ |
| १७४ | पपुआ न्यू गिनी | ५८९ | ५७५ | ७ | १७३ |
| १७५ | बुरुन्डि | ५८२ | ५११ | १ | १७६ |
| १७६ | सेन्ट मार्टिन | ५६६ | ४८८ | ९ | १८१ |
| १७७ | ताइवान | ५५४ | ५१४ | ७ | १७४ |
| १७८ | कोमोरोस | ५३७ | ४९८ | ७ | १७७ |
| १७९ | लिक्टेन्स्टाइन | ५१३ | ३४७ | २ | १९५ |
| १८० | तान्जानिया | ५०९ | १८३ | २१ | १७५ |
| १८१ | फैरोए टापु | ४९४ | ४८० | | १७८ |
| १८२ | इरिट्रिया | ४६३ | ४१२ | | १८३ |
| १८३ | मौरिसियस | ४४१ | ३९८ | १० | १८२ |
| १८४ | मोनाको | ३५५ | २७३ | २ | १८८ |
| १८५ | आइल अफ मान | ३५३ | ३२४ | २४ | १८४ |
| १८६ | भुटान | ३४८ | ३१९ | | १८६ |
| १८७ | मंगोलिया | ३४६ | ३१३ | | १८५ |
| १८८ | कम्बोडिया | २९१ | २८३ | | १८७ |
| १८९ | केमान आइलान्ड | २४० | २२१ | १ | १८९ |
| १९० | बार्बाडोस | २३६ | २१८ | ७ | १९० |
| १९१ | बर्मुडा | १९९ | १७६ | ९ | १९१ |
| १९२ | क्यारिबियननेडरलान्ड | १५३ | १४५ | ३ | १९४ |
| १९३ | सेशेल्स | १५३ | १४९ | | १९३ |
| १९४ | ब्रुनइ | १४८ | १४३ | ३ | १९२ |
| १९५ | एन्टिगुआएन्डबर्बुडा | १२७ | ११६ | ३ | १९६ |
| १९६ | सेन्ट बार्थ | ८३ | ६७ | | १९९ |
| १९७ | सेन्ट लुसिया | ७८ | २८ | | २०५ |
| १९८ | सेन्टभिन्सेन्टग्रेनाडिन्स | ७४ | ७० | | १९८ |
| १९९ | ब्रिटिस भर्जिन टापु | ७१ | ७० | १ | १९७ |
| २०० | मकाओ | ४६ | ४६ | | २०० |
| २०१ | डोमिनिका | ४२ | २९ | | २०२ |
| २०२ | फिजी | ३४ | ३१ | २ | २०१ |
| २०३ | टिमोर लेस्टे | ३० | २९ | | २०३ |
| २०४ | ग्रेनाडा | २८ | २४ | | २०६ |
| २०५ | न्यू क्यालेडोनिया | २८ | २८ | | २०४ |
| २०६ | भेटिकन सिटी | २७ | १५ | | २१३ |
| २०७ | लावस | २४ | २२ | | २०७ |
| २०८ | सेन्टकिट्सएन्डनेभिस | १९ | १९ | | २०८ |
| २०९ | ग्रीनलान्ड | १७ | १६ | | २१० |
| २१० | सेन्ट पीरे मिक्वेलोन | १६ | १२ | | २०९ |
| २११ | मोन्टसेराट | १३ | १२ | १ | २११ |
| २१२ | फकलान्ड टापु | १३ | १३ | | २१२ |
| २१३ | पश्चिमी सहारा | १० | ८ | १ | २१४ |
| २१४ | एमएस जान्डाम | ९ | | २ | २१५ |
| २१५ | सोलोमन टापु | ८ | ४ | | |
| २१६ | अन्विला | ३ | ३ | | २१६ |
| २१७ | मार्शल टापु | २ | | | |
| २१८ | वालिसएन्डफुटुना | १ | १ | | |
| | जम्मा | ४,५९,२१,७९४ | ३,३२,५२,२८४ | ११,९३,९१२ | |
| | असोज १५ सम्म जम्मा | ३,४१,६६,६३१ | २,५४,३७,०१२ | १०,१८,८७१ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७७।०७।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१२)

## परिच्छेद–४

### सभाको बैठक र कार्यप्रणाली

**१९. सभाको बैठक :** (१) सभाको बैठक सामान्यतया वर्षको दुईपटक बस्नेछ ।

(२) सभाको बैठक अध्यक्ष वा प्रमुखले बोलाउनेछ ।

(३) सभाका एक तिहाई सदस्यहरूले सभाको बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष वा प्रमुख समक्ष विषय वा कारण खुलाई लिखित अनुरोध गरेमा पन्ध्र दिनभित्र अध्यक्ष वा प्रमुखले सभाको विशेष बैठक बोलाउनु पर्नेछ ।

(४) सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूचीसहितको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष वा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले सभाका सबै सदस्यलाई पठाउनु पर्नेछ ।

(५) सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) सभाको बैठकको अध्यक्षता अध्यक्ष वा प्रमुखले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा उपप्रमुखले गर्नेछ ।

(७) सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बर बर भएमा सभाको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(९) प्रमुख प्रशासकीय अधिकृतले सभाको सचिव भई काम गर्नेछ ।

(१०) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) यस दफामा रहेको व्यवस्था प्रदेश कानूनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसमम्म मात्र लागू हुनेछ ।

## परिच्छेद–५

### सभाको व्यवस्थापन सम्बन्धी कार्यविधि

**२०. सभामा विधेयक प्रस्तुत गर्ने विधि :** (१) कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि 'विधेयक' भन्नाले सभामा पेश भएको ऐनको मस्यौदालाई जनाउँछ ।

(२) सभाको व्यवस्थापन सम्बन्धी विषयमा प्रदेश कानूनमा अन्यथा व्यवस्था नभएसम्मको लागि यस परिच्छेद बमोजिमको प्रकृया अवलम्बन गरिनेछ ।

**२१. विधेयक पारित र प्रमाणीकरण गर्ने विधि :** (१) दफा २० बमोजिम पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमतले पारित गरेमा पन्ध्र दिनभित्र सभाका अध्यक्षले त्यस्तो विधेयक प्रमाणीकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक ऐन बन्नेछ ।


**२२. समितिको गठन :** सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समितिलगायत आवश्यकताअनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्नेछ ।

**२३. कार्य सञ्चालन नियमावली बमोजिम हुने :** सभाको व्यवस्थापन कार्यविधि सम्बन्धी अन्य विषय सभाले बनाएको कार्य सञ्चालन नियमावली बमोजिम हुनेछ ।(क्रमशः)


**के गर्दै छ भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३०–८:३० र शुक्रबार साँझ ६:३०–७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 54

## CHAPTER XXI.

It appears that, on the night of the 17th, Martabar was suddenly called to the Palace, at 11 p.m., on pretence of an accident having occurred to the Queen. Suspecting nothing, he immediately obeyed the summons; and on entering the apartment in which the King and Queen were sitting together, and approaching to pay his usual respects, he was shot at from behind a trelliced screen,* one ball entering his head, and two or more, besides some small shot, entering his body. Staggering forward, he called for mercy for his mother and children; but as he spoke, he was struck to the ground from behind, and as in the agonies of death his hands were stretched out in supplication to his King, one of the attendants cut him with a sword across the wrists, and nearly severed them from his arms. His mangled remains were then let down into the street from a window, by a rope, and before daylight the corpse was dispatched, by a party of soldiers, to Pashpatinath to be burnt. The road leading to the temple, about two miles distant from the Palace, was sprinkled with the blood which trickled from the numerous wounds which had been inflicted on the body.

The day before the assassination several. of the Chautrias, who for some time had been absent from the Darbar, privately visited the King, and it is supposed that they were in the Rajah's confidence, and were aware of his intentions, though they had no share in the actual commission of the murder The man, who took the chief part in the murder was Kaji Gagan Singh, the confidential attendant and reputed paramour of the Queen, and notoriously an enemy to Martabar.

A month after the murder the King sent a letter to the Governor-General, informing him of the tragedy which had occurred, and giving his reasons for its commission. After charging Martabar with treason, &c., the King said, "Therefore 1 put the said traitor Thappa to death with my own hands, killing him with gun and sword." On which Sir Henry Lawrence (then Resident) remarks, "Gagan Singh and four or five others killed the Minister. The Maharajah, may have mangled the corpse; but I much doubt His Highness having courage to fire a gun, much more to face his late Minister."

**DOUBTS ABOUT JANG BAHADUR.**

About the same time some people accused Jang Bahadur of having been concerned in the murder of his uncle; but at that time Jang always most positively denied the truth of the report, and it was not generally believed. Colonel Lawrence says at the time, "Poor as is my opinion of Jang's moral character, I do believe him guiltless of £his murder." This view is confirmed by the fact that, immediately on hearing of their father's murder, Colonel Ranujal Thappa, Martabar' s legitimate son, and Captain Ranjor Thappa, his natural son, took refuge with Jang Bahadur, which they would hardly have done had they even suspected him of being privy to their father's death. Jang assisted them'in securing their father's jewels and treasure, and started them off, with some of their personal attendants, privately, under the charge of one of his brothers, to Sigauli, where they arrived safely.

Since his return from England, Jang has openly- avowed that he was the person who fired the first shot
at Martabar, and says that he did so, after remonstrating in vain, in consequence of the King and Queen's urgent orders. He has, on three or four occasions, shown me the identical gun which he used on the occasion.

In a letter addressed by the King (15th of August 1847), after his deposition, to the Governor-General, he says, "On General Martabar Singh's misbehaving himself, I sent for Jang Bahadur, and ordered him to kill Martabar Singh, threatening him with death if he refused to obey."

With Jang were associated in the murder Gagan Singh and Kaji Kulman Singh Thappa, though it is impossible to say exactly what part each performed. This Kulman Singh Thappa was badly wounded in the massacre at the Kot by a cut on the head; he fell to the ground, and, with great

* The murder is said to have been seen, in all its details, through the crevices of the trap-door above the staircase leading into the room in which it occurred.

presence of mind, remained motionless in the corner where he lay, and as his head and body were covered with blood, he passed for dead, and escaped with his life. He was, and is, an adherent of the Thappa party.

Immediately after the murder, parties of soldiers, with guns, were stationed around the Darbar and at all the city outlets, the King being apprehensive that the troops might become dangerously excited on hearing of the death of their favourite leader. Every- thing, however, remained tranquil; and on this occasion, as on a similar one, when Bhim Sen and his friends were treated with every indignity and cruelty in 1839, and again when the Pandis were executed in 1843, not a finger or a voice was raised by the soldiery in favour of the sufferers.

**PROMOTION OF JANG BAHADUR**

The Nipalese soldiers are at all times, and under all circumstances, most singularly obedient to the "powers that be"; and they obey the constituted authority - be it Rajah, Rani, Prince, or Minister - most unhesitatingly, and without any reference to the duty required or its consequences.

Finding that there was no danger of any insurrectionary movement on the part of the army, the King assembled the troops on the Tandakhel the next day, and told them that in future he intended to take upon himself alone the entire direction of the affairs of the State. Urgent orders were sent to the plains 4o the exiled or absent Chautrias and Pandis to return at once to Nipal, as he intended to make, Fateh Jang, Chautria, Minister.

A company of soldiers was sent to seize Thil Bikram Thappa, Governor of Palpa, and nephew to Martabar Singh, but he succeeded in escaping to the plains.

Until Fateh Jang could return, and as a temporary arrangement, Jang Bahadur was appointed to officiate as Premier. He was about the same time made a general, and given the command of three regiments.

The King found considerable difficulty in forming a Cabinet, owing to the conflicting interests and rivalries of the different candidates for office. Fateh Jang had returned to Nipal, but for some time remained in retirement, and refused to be Premier unless he should receive such full powers, and under such special guarantees, as the King was either unable or unwilling to give him. Of the other leading men, Abhiman Rana, who had returned 'with Path Jang was one candidate; Jang Bahadur another - he appeared to have succeeded his uncle as the special supporter of the interests of the Heir- Apparent, and was therefore not much in favour either with the King or Queen. The most powerful candidate, however, was Kaji Gagan Singh, who was the special favourite of the Rani.

Several months passed in party squabbling; the King and Queen became reconciled, and carried on the government together, issuing orders in military mattes through Jang Bahadur, and in all civil cases through Gagan Singh, who had become the most influential mac now in the Darbar, and was the avowed head of the numerous party who supported the Rani's interests.

In September 1845 Fateh Jang's scruples as to accepting office were overcome by the King, and he accepted the appointment of President or Premier of a kind of "coalition" Cabinet consisting of himself, Gagan Singh, Abhiman Rana, and Dalbanjan Pandi. Gagan Singh, by the Queen's interest, was made a General and Commander-in-Chief with the command of the seven regiments employed about the capital, and the charge of all the magazines and army supplies. He also superintended all the local affairs of the Darbar. He* had got, by this arrangement, all real power into his own hands as head of the now dominant party of the Queen, and was the actual Premier in all except the name. Path Jang's duty was to conduct the civil government of Gorkha, Palpa, and Western Nipal, and to have the management of foreign (i.e. British and Chinese) affairs. Abhiman Bana had charge of Eastern Nipal. While Dalbanjan Pandi, a respectable old man, had no special duty; he was merely placed in the Cabinet as a means of satisfying the Pandi party that their interests would be protected by the new Government. Jang Bahadur had no office in the Government. He was generally looked upon as a fifth or military member of the Ministry, but he was not actually in the Cabinet.

* The elevation of Gagan Sing gave great offence and caused great jealousy among the Sirdars generally, as but a few years back Gagan Sing had been but a common Darbar menial. He was originally a Chobdar, or Khuwassia, in the Queen's service; a name here given to male menial servants permitted to enter the female apartments in care of young princes, &c. Though discontented, the Sirdars could not openly oppose the favourite of the day.)

**(To be continued)**

सम्पादकको पृष्ठ

# सरकारको ज्यानमारा नीति

आपत्-विपत्मा सहयोग गर्ने, दुःखमा साथ-सहयोग गर्नेमात्र आफ्नो हुन्छ । शत्रुले समस्या परेको बेलामा तमासा हेर्छ, पीडा थप्ने काम गर्छ । शत्रु र मित्र मानिसले यसरी नै चिन्दै आएका छन् ।

अहिले देशमा कोरोना महामारीले जनतालाई निक्कै समस्यामा पारेको छ, रोजगार-व्यवसाय चौपट छ, गाँसको समेत समस्याले मर्नु न बाँच्नुको दोसाँधमा पुऱ्याएको छ । यस्तो बेला सबैले सरकारको मुख ताक्नु स्वाभाविकमात्र होइन बाध्यता पनि हो ।

देशलाई प्रजातन्त्र हुँदै गणतन्त्रमा पुऱ्याउन जनताको सङ्घर्ष, आन्दोलन र बलिदानको योगदानलाई सबैले सराहना, प्रशंसा र सम्मान गर्दै आएका छन् । अहिले त झन् गणतान्त्रिक नेपालको सबभन्दा बलियो दुईतिहाइको सरकार छ । त्यसैले जनताले आफ्नो दुःख कष्ट हटाउन सरकारले केही गर्ने ठूलो आशा-अपेक्षा गरेका छन् । यो जनताको हक हो भने सरकारको कर्तव्य पनि हो ।

तर दुईतिहाइको बलियो सरकारले जनताको अपेक्षा विपरीत, सरकारको कर्तव्य प्रतिकुल काम गर्दै आएको छ । कोरोना महामारी फैलाउन प्रत्यक्ष-परोक्ष भूमिका खेल्दै, कोरोनाको परीक्षणलाई सर्वसाधारणको पहुँच बाहिर पुऱ्याउँदै, अस्पताल र उपचार महँगो पार्दै नियोजित रूपमा जनतालाई कालको मुखमा धकेल्दै छ । दुई चारसय सङ्क्रमित हुँदा सेवा दिने तर हजारौंहजारमा फैलिएपछि परीक्षण र उपचार सशुल्क बनाउनु भनेको धनीहरू बाँच गरिबहरूलाई मर भन्नु नै हो । यो गरिबमारा मात्र होइन ज्यानमारा नीति हो । सत्तामा बस्नेहरू गरिब जनताको करबाट देश र विदेशमा गई उपचार गर्ने तर तिनै करदातालाई महामारीको बेला दिइआएको सेवा पनि बन्द गर्नु कुनै दृष्टिले पनि मानवीय चरित्र र संस्कार होइन । यसले दुईतिहाइको सरकार देश र जनताको लागि थप अभिशाप सावित भएको छ ।

महाभूकम्पको बेला तानाशाही राणा शासनले समेत देशको ढुकुटी खोलेर उद्धारको कार्य गरेको थियो । तर 'रङ्गीन श्याल' को गणतान्त्रिक सरकारले दिइराखेको सेवासमेत बन्द गरेको छ । सांसद विकास कोष कोरोना उपचारमा लगाउनभन्दा पनि सुनेको छैन उल्टो दशैं खर्च वितरण गर्छ ।

'अति गर्नु अतिसार नगर्नु' भन्ने कथन सत्तामा बस्नेहरूले निश्चय पनि सुने-पढेका होलान् । त्यसको अर्थ पनि समयमै बुझेर महामारीको बेला सरकार सचेतता र इमानदारीकासाथ आफ्नो दायित्व र कर्तव्य हृदयंगम गरोस् । जनतालाई भड्किन र उत्तेजित हुन बाध्य नपार्नु सबैको हितमा हुने छ ।



लोकेश्वर मन्दिरमा छाना छाउने कार्य सम्पन्न



च्यासिंमण्डप (वडा नं. ५) को पुनः निर्माण कार्य अन्तिम चरणमा



ब्यासी उकालोमा ढुङ्गा छपाई कार्य सम्पन्न



बाराही पुलको जीर्णोद्धार कार्य जारी




भक्तपुर लायकुस्थित तलेजुमा दशैंमा भीड हुन नदिन सर्वसाधारणलाई प्रवेश निषेध गरियो